१८ महापुराण प्रकाशन श्रृङ्खलाको बीसौँ पुष्प

# श्रीस्कन्द महापुराण

तेस्रो भाग

## हिमवत्खण्ड

(नेपाली भाषामा अध्यायगत सारांश)

# Shree-Skanda Mahapuran

*A brief Summary of Indivisual Chapters in Nepali*


लेखक

डा. बद्री पोखेल

सम्पादक

पं. वेदप्रसाद पन्थ



प्रकाशक

कृति : श्रीस्कन्द महापुराण (तेस्रो भाग)
हिमवत्खण्ड
लेखक : डा. बद्री पोखेल
सम्पादक : पं.वेदप्रसाद पन्थ
प्रकाशक :
सर्वाधिकार : लेखकमा
संस्करण : प्रथम
प्रति : ११०८
प्रकाशन मिति : २०८१ बुद्ध पूर्णिमा
डिजाइन : हिमालय गौतम
मुद्रण : उषा एजुकेसन हाउस
मूल्य : रू. ५००/–
क्ष्क्यल :

वितरक : उद्धवकुमार घिमिरे
विश्व स्वतन्त्र सञ्चार
नयाँ वानेश्वर, काठमाडौँ, नेपाल
website : www.ushaeduhouse.com
email : uddhavkghimire@gmail.com

नोट : विश्व सव्तन्त्र सञ्चारबाट प्रकाशन तथा वितरण भएका विभिन्न विधाका पुस्तकहरू विश्वको कुनै पनि ठाउँबाट इन्टरनेटमा पढ्न चाहनहुने पाठकहरूका लागि :


**www.ushaeduhouse.com**

हिमवत्खण्ड (स्कन्द महापुरण) का अध्येताहरू एवं
स्वर्गीय मातापितामा सश्रद्ध

# समर्पण

बस्छौ उच्च हिमालमा गणपति गंगा वहाई शिव !
गर्द्यौ विघ्न विनाश यो जगतमा कल्याण छर्द्यौ शिव !
देऊ मुक्ति सबै मुमुक्षुहरूका आधार बन्द्यौ शिव !
अर्पन्छु कृति यो पिता-जननीमा सम्मानले हे शिव !





पिता : पं.दोहनाथ पोखेल
जन्म : वि.सं. १९६५ भाद्र
मृत्यु : २०४० श्रावण

माता : खोदकुमारी पोखेल
जन्म : वि.सं. १९९१ माघ
मृत्यु : २०७२ फाल्गुन

# आह्वान

वातावरण र परिवेशलाई मानवीय मूल्यअनुसार अनुकूल बनाउने काम व्यक्तिको हो । समाज व्यक्तिहरूकै समष्टि हो; अतः न्याय, नीति जस्ता सुन्दर सामाजिक पक्षहरूले सिंगार्ने व्यक्तिले नै हो । यसैले समाज र व्यक्तिको सम्बन्ध अन्योन्याश्रित छ ।

व्यक्ति र समाजलाई सदाचार, मर्यादा, सामाजिक आदर्शका पाठ सिकाउने ग्रन्थ पूर्वीय दर्शनका वेद, उपनिषद्, पुराण, महाभारत, रामायण आदि नै हुन् । यी ग्रन्थहरू संस्कृतमा लेखिएकाले सर्वसाधारणलाई बुझ्न कठिन हुने भएकोले ग्रन्थमा भएका महत्त्वपूर्ण विषयहरू ओझेलमा पर्दै गएको अवस्था छ । यो समस्याको समाधान गर्न प्रारम्भमा धार्मिक पुस्तक तथा प्रकाशन समिति गठन भई अठारओटा महापुराणलाई नेपालीमा अध्यायगत सारांश तयार गरी प्रकाशन समेत गरिसकेको सन्दर्भमा यो कार्यलाई अझै बृहत्‌रूपमा अघि बढाउन विश्व विराट ज्ञान आश्रम स्थापना गरी वेद, पुराण जस्ता आध्यात्मिक पूर्वीय चिन्तन धारा भएका ग्रन्थहरूको अनुवाद, खोज, अनुसन्धान, गुरूकुल स्थापना आदि गरेर सर्वसाधारणको पहूँचमा ल्याउने कार्य सम्पन्न गर्दैछ । यसै सन्दर्भमा पूर्व प्रकाशित पुराणहरूको नेपाली भाषा संशोधनसहित पुनः प्रकाशन गर्ने लगायत एककरोड गीता दान महाअभियानलाई निरन्तरता दिँदै आएको हुँदा ती ग्रन्थहरूको अध्ययन गरी आचार-विचार शुद्ध बनाउँदै समाजमा सद्भाव र बन्धुत्व कायम गर्दै अध्यात्मको चरम लक्ष्य प्राप्त गर्न आश्रम आह्वान गर्दछ ।

यस शुभकार्यमा संलग्न भई विभिन्न संस्करणहरू प्रकाशनका लागि सहयोग गर्न चाहनुहुने स्वदेश तथा विदेशमा रहनुभएका अध्यात्मप्रेमी दाता र शुभ चिन्तकहरूमा आश्रम विशेष अनुरोध गर्दछ ।

वानेश्वर, काठमाडौँ, नेपाल
सम्पर्क नं : ९८५१००२९९५/९८४७०५७४९६/९८५१०३०९७२

# विषय सूची


पुराण प्रारम्भ १

**प्रकरण १-हिमालयदिक्पाल** १

१. मधुकैटभको जन्म र वध १

२. वराहरूपी विष्णुबाट पृथ्वीको उद्धार २

३. द्वीप, पर्वत र समुन्द्रहरूको वर्णन ३

४. सृष्टि वर्णन ५

५. पाताल वर्णन ६

६. लोक वर्णन ९

७. हिमालयको विवाह प्रसङ्ग ११

८. हिमालय महिमा १३

९.बदरीकाश्रम महिमा, धीवर मुक्ति १४

१०. गृहस्थ धर्म १६

११. विभूति र रुद्राक्षको महिमा १७

१२. स्वर्गका राजा र मेरुपूर्व दिशाको पालकमा इन्द्र नियुक्त हुनु १९

१३.अग्निले आग्नेय दिशाको अधिपति हुने वरदान पाउनु २०

१४. यमराजले दक्षिणदिशाको अधिपति हुने वरदान पाउनु २१

१५. मानसरोवरको उत्पत्ति र महिमा, २२
१६. वरुणले दिक्पालतत्त्व प्राप्त गर्नु २४
१७. वायुको जन्म २४
१८. वायुले वायव्य दिशाको दिक्पालत्व प्राप्त गर्नु २५
१९. कुवेरले दिक्पालतत्त्व प्राप्त गर्नु २६
२०. शिवले तपस्या गरेको स्थानमा देवताहरू जानु २७
२१. शिवले ईशानलाई ईशानतर्फको
दिक्पालमा अभिषेक गर्नु २८
२२. ध्रुवले ध्रुवलोक प्राप्त गर्नु २९

**प्रकरण २- देवासुर संग्राम** ३०
२३. स्वर्गमा आक्रमण गर्न दैत्यहरूको गुप्त मन्त्रणा ३०
२४. मयले विशिष्ट रथहरू बनाएर दिनु ३१
२५. विश्वकर्माले विशिष्ट रथहरू बनाएर दिनु,
देवताहरु युद्ध गर्न निष्कनु ३१
२६. देवासुर युद्ध, अग्नि र जयन्त पराजित ३२
२७. देवासुर युद्धमा निर्ऋति र कालको पराजय ३३
२८. देवासुर युद्धमा वायुको पलायन ३४
२९. देवासुर युद्धमा कुवेर र विश्वकर्माको पलायन ३५
३०. युद्धमा देवताहरूको पराजय ३६
३१. दधीचिको सहयोगले देवतालाई स्वर्गप्राप्ति एवं
हिरण्याक्ष-वध ३६

**प्रकरण ३-कामाख्या, कौशिकी, गण्डकी** ३८
३२. सुन्दरपर्वत महिमा ३८
३३. कामाख्याको महात्म्य ३९
३४. वराह तीर्थमहिमा ४०
३५. वराह महिमा एवं कोकाख्यान ४२
३६. पार्वतीले कठोर तपस्यासहित शिवको आराधना गर्नु ४३
३७. पार्वतीले गर्नुभएको शिवभक्ति र व्रत ४४
३८. पार्वतीको कठोर तपस्या ४५
३९. पार्वतीले गर्नुभएको स्त्री-धर्म (व्रत) महिमा ४६
४०. कौशिकी (सप्तकोशी) आविर्भावको इतिहास ४९
४१. कौशिकी महिमा, शुम्भ–निशुम्भ देवीसँग युद्ध गर्न जानु ५१
४२. शुम्भ–निशुम्भ वध ५२
४३. सप्तकोशी महिमा ५३
४४. गण्डकी नदी र देवघाट धामको महिमा ५४
४५. हलाहल विष ५७
४६. नीलकण्ठ (गोसाइकुण्ड), भैरवकुण्ड, विष्णुकुण्ड, ब्रह्मकुण्ड महिमा ५८
४७. नीलकण्ठ तलाउ (गोसाईकुण्ड) महिमा ५९
४८. गोसाइकुण्ड (नीलकण्ठ तलाउ) यात्राका विधिहरू ६०

४९. त्रिपुर विजय ६०
५०. विश्वधारा महिमा एवं हिरण्यकशिपु वध ६२
५१. शितप्रभा नदी, विश्वामित्रको तपस्या
एवं ब्राह्मणको महिमा ६३
५२. रत्नधारा एवं सात अप्सराको तपसिद्धि महिमा ६४
५३. दुग्धप्रभा महिमा, तारक बध गर्न
कुमारलाई सेनापति बनाउनु ६५
५४. दुग्धप्रभा महिमा एवं तारकवध ६६
५५. कालीगण्डकी एवं शालिग्राम महिमा ६७
५६. मुक्तिनाथ तीर्थ वर्णन ७१
५७. बदरीकाश्रम महात्म्य र अलकनन्दा उत्पत्ति ७१
५८. पार्वतीबाट विष्णु ठगिनु ७२
५९. पार्वतीले शिवको तपस्या गरेर विवाह
गर्ने वरदान लिनु ७३
६०. शिव- पार्वती विवाह ७४
६१. दैत्यराज वलि पाताल जानु ७५
६२. विभिन्न तीर्थका नाम र महिमा ७६

**प्रकरण - ४ नेपाल महात्म्य** ७७
६३. देवता र दैत्यलाई दुर्वासाको श्राप ७७
६४. भगवान्को बुद्धावतार कथा ७८
६५. जातिस्मरण तीर्थ ७९

६६. ब्रह्मतीर्थ महिमा ८०
६७. लिङ्गतीर्थ महिमा, शिव-विष्णुदूत संवाद ८१
६८. नेपालस्थित धर्मतीर्थ महिमा ८२
६९. हिमालय मुनिको तपस्या एवं नेपाल महिमा ८४
७०. नेपाल महिमा ८५
७१. पाशुपतक्षेत्र महिमा ८६
७२. पाशुपतक्षेत्र महिमा निरन्तर ८७
७३. नेपाल-महिमा ८८
७४. ज्योतिर्लिङ्ग उत्पत्ति-कथा ८९
७५. कामधेनु, केतकी र जपापुष्पलाई श्राप ८९
७६. पशुपतिको उत्पत्ति ९०
७७. पशुपति स्थावरलिङ्ग आविर्भाव ९१
७८. नन्दीश्वरलाई शिवको वरदान ९२
७९. श्लेष्मान्तकलाई वरदान ९३
८०. श्लेष्मान्तकमा मृगरूपी भगवान्को क्रीडा ९४
८१. ब्रह्मादि देवता शिवलाई खोज्दै श्लेष्मान्तक जानु ९४
८२. ब्रह्मा, विष्णु र इन्द्रले शिव-मृगको सिङमा समात्नु ९५
८३. शिव सहस्र नाम ९५
८४. मृगरूप शिवका निर्देशनहरू १०३

८५. गोकर्णमा रावणको तपस्या र सिद्धि १०४
८६. दक्षिण गोकर्णेश्वर महात्म्य १०५
८७. वाग्वती (वागमती) को उत्पत्ति कथा १०६
८८. शंखमूल तीर्थ महिमा १०७
८९. वाग्मती महिमा, शंखमूल स्नान फल १०९

**प्रकरण ५-चौसट्ठी लिङ्ग** १११
९०. विरूपाक्षको तीर्थ यात्रा, दुर्गातीर्थ महिमा १११
९१. भीमेश्वर महिमा ११२
९२. काफीश्वर महिमा ११३
९३. कश्यपेश्वर लिङ्ग महिमा ११३
९४. स्फटिकेश्वर (गोपदेश्वर) र कान्तितीर्थ महिमा ११४
९५. उग्रतीर्थ र चण्डेश्वर महिमा ११५
९६. धनेश्वर महिमा ११५
९७. विकटेश्वर एवं पुष्पतीर्थ महिमा ११६
९८. शचीतीर्थ एवं इन्द्रेश्वर शिवलिङ्ग महिमा ११६
९९. भालेश्वर महिमा ११७
१००. सिद्धतीर्थ र गुप्तेश्वर महिमा ११८
१०१. मातातीर्थ, गुप्तेश्वर, तिलेश्वर
आदि तीर्थमहिमा ११९
१०२. चम्पकेश्वर महिमा १२०

१०३. प्रभातीर्थ एवं रामेश्वर महिमा १२१
१०४. कालेश्वर महिमा १२२
१०५. नटेश्वर महिमा १२३
१०६. उद्दालकेश्वर महिमा १२४
१०७. गोपालेश्वर एवं व्याघ्रतीर्थ महिमा १२४
१०८. ब्रह्मतीर्थ एवं चम्पेश्वर महिमा १२५
१०९. उन्मत्तेश्वर महिमा १२६
११०. नन्दीतीर्थ एवं नन्दीकेश्वर महिमा १२७
१११.गोखुरेश्वर शिवलिङ्ग महिमा १२७
११२. पाण्डुकेश्वर महिमा १२८
११३. गालवतीर्थ एवं चित्रकूटेश्वरलिङ्ग महिमा १२९
११४. असितेश्वर महिमा ज्ञघण
११५. भैरवेश्वर महिमा ज्ञघण
११६. ब्रह्मेश्वर महिमा १३१
११७. स्कन्द तीर्थ र स्कन्देश्वर महिमा १३२
११८. नृसिंह तीर्थ र रुद्रेश्वर शिवलिङ्ग महिमा १३३
११९. काकेश्वर महिमा १३३
१२०. मणिचूडेश्वर र वज्रयोगिनीको महिमा १३४
१२१. योगगङ्गा योगेश्वरी महिमा १३५
१२२. नारायणतीर्थ एवं नारायणलिङ्ग महिमा १३६
१२३. योगतीर्थ एवं ज्योतिरूप शिव महिमा १३७
१३७

१२४. रत्नसरोवर एवं रत्नचूडेश्वर महिमा १३८
१२५. वीरा नदी एवं वागीश्वर शिवमहिमा १३९
१२६. कीलेश्वर लिङ्ग दर्शन एवं मुर राक्षस बध १४०
१२७. कीलेश्वर महिमा १४१
१२८. वीरभद्रतीर्थ र वाल्मीकीश्वर लिङ्ग महिमा १४२
१२९. मङ्गलेश्वर महिमा १४२
१३०. विमलेश्वर महिमा १४३
१३१. अनन्तेश्वर लिङ्ग महिमा १४३
१३२. वृद्धगङ्गा एवं विश्वरूपेश्वरलिङ्ग महिमा १४५
१३३. सोमलिङ्ग महिमा १४६
१३४. गोश्रृङ्गतीर्थ एवं गोभराटेश्वर लिङ्ग महिमा १४६
१३५. भृङ्गेश्वर महिमा १४८
१३६.त्रिलिङ्गेश्वर महिमा १४९
१३७. कुपितेश्वर महिमा १५०
१३८. सर्वेश्वरलिङ्ग महिमा १५१
१३९. रुद्रतीर्थ एवं गोलोकेश्वर महिमा १५२
१४०. मीनतीर्थ (मातातीर्थ) महिमा १५३
१४१. भष्मतीर्थ एवं चन्दन भराटेश्वर महिमा १५४
१४२. यक्षतीर्थ एवं यक्षेश्वर लिङ्ग महिमा १५४
१४३. चण्डिकेश्वर लिङ्ग महिमा १५५
१४४. धर्मेश्वर महिमा १५६
१५७

१४५. पितामहतीर्थ एवं गोकर्णेश्वर महिमा १५८
१४६. हनुमानतीर्थ महिमा ज्ञटण
१४७. रुद्रधारा, शंखमूल, वाग्मती, ज्ञटण
कोटीश्वर आदि महिमा १६१
१४८. वाणेश्वरलिङ्ग महिमा १६१
१४९. मयूरतीर्थ एवं ज्ञानेश्वर/चरणेश्वर महिमा १६२
१५०. ज्ञानकूप एवं पर्वतेश्वर महिमा १७२
१५१. जलेश्वर शिवलिङ्ग महिमा १७३
१५२. गुह्यकाली सहस्रनाम १७४
१५३. गुह्येश्वर र गुह्येश्वरी महिमा १७५
१५४. मृगस्थली एवं वरपरका तीर्थहरू १७६
१५५. किरातेश्वर शिवलिङ्ग महिमा १७७
१५६. किरातेश्वर महिमा, अर्जुनलाई वरदान १७८
१५७. भष्मेश्वर महिमा १७९
१५८. भुवनेश्वर महिमा १८०
१५९. रुद्रगारेश्वर लिङ्ग महिमा १८२
१६०. पशुपति नजिकका लिङ्ग र वासुकिलाई १८३
शिवको वरदान १८५
१६१. पशुपति लिङ्ग महिमा १८५
१६२. वाग्मती किनारमा रहेका अन्य तीर्थ र फल १८६
१६३. वाग्मती किनारका तीर्थहरू १८९

**प्रकरण ६ - पाशुपत क्षेत्र वर्णन** १९१


१६४. वाग्मती नदी महिमा १९४

१६५. देवताहरू सत्यवतीपुरी (नेपाल) आएर फर्कनु १९५

१६६. धर्मदत्तको शिवलोक यात्रा १९५

१६७. मृगरूप शिवको आख्यान, पशुपतिपुरी महिमा १९६

१६८. बज्रनाभलाई ब्रह्माको वरदान १९६

१६९. इन्द्रदमनको विजय १९७

१७०.वाग्मतीमा बांध बांध्नु १९८

१७१. प्रभावतीलाई प्रद्युम्नसँग विवाह
हुने पार्वतीको वरदान १९९

१७२. कृष्णले छोराहरूलाई नेपालका
तीर्थयात्रा गराउनु २००

१७३. स्कन्द अगस्त्य संवाद निरन्तर २००

१७४. प्रभावतीको सपना र प्रद्युम्नको नररूप २०१

१७५. प्रभावती - हरण २०२

१७६. इन्द्रदमन (शक्रताप) ले कृष्ण र
प्रद्युम्नलाई मार्ने कुरा गर्नु २०३

१७७. कौस्तुभ मणि हरणगरी प्रभावती फिर्ता लैजानु २०४

१७८. प्रद्युम्नलाई वाग्मती देवीको वरदान २०४

१७९. शंखासुर वध २०५

१८०. दानासुर वध २१७

१८१. कुम्भोदर र निकुम्भ लगायत
इन्द्रदमनका सेनाको वध द्गज्ञढ
१८२. इन्द्रदमन वध द्गज्ञढ
१८३. वाग्मती सहस्रनाम द्गद्गण
१८५. नेपालका तीर्थहरू २२४
१८६. प्रद्युम्न-प्रभावती विवाह, दैत्यले
लुटेका सम्पत्ति देखाइदिनु
१८७. भगवान्ले सबैलाई सम्पत्ति फिर्ता
दिनु, इन्द्र स्वर्ग जानु
१८८. भगवान्कृष्ण सहित यादवहरू द्वारका जानु
पुराणको सान्दर्भिकता
पुराणको प्राचीनता

# प्रकाशकीय

# स्कन्दमहापुराण हिमवत्खण्ड तेस्रो भाग

## संपादकीय



वेदप्रसाद पन्थ

धार्मिकग्रन्थमा उल्लेख भएअनुसार पुख्यौंली परम्परादेखि धर्ममा आस्था राख्ने सभ्य र सुसंस्कृत परिवारमा मात्र असल सन्ततिको जन्म हुन्छ । यस्तै बद्री पोखेल पनि आध्यात्मिक एवं वैदिक संस्कृति र सनातन धर्ममा आस्था र विश्वास गर्ने परिवारका सुयोग्य सदस्य हुनुहुन्छ। यस संसारमा जिउँदै मरेका मानिसहरू अरबौं छन् भने मरेर पनि बाँचिरहेका के ही पनि छन् । यस्तै बद्री पोखेल पनि भोली मरेर पनि बाँचिरहने मानिसहरूको पंक्तिमा गणना गर्न सकिने एक विशिष्ट व्यक्ति हुनुहुन्छ । बौद्धिकता साधारण मानिसको भन्दा अलि विशेष प्रकारको भएकोले उहाँको अध्ययन गर्ने शैली र आफूले प्राप्त गरेको ज्ञानलाई अरूको कल्याणको निमित्त गरिने प्रयोग पनि विशेष प्रकारकै छ। उहाँ आफूले जानेको र गर्न सकिने काम अरूको कल्याणको लागि गरिनुपर्छ भन्ने विचार बोकेर हिड्नुहुन्छ । उहाँले सरकारी सेवाबाट अवकाश लिएपछि गहिरो चिन्तन मनन गरी वर्तमान अवस्थामा ह्रास हुँदै गएको सनातन वैदिक धर्मको उन्नयनका लागि पौराणिक ग्रन्थहरूको अध्ययनको आवश्यकता महशुस गरेर संस्कृत शिक्षाबाट वञ्चित भएका विद्वत्वर्ग र नेपाली भाषा राम्रोसँग लेख्न पढ्न जान्ने साधारण मानिसका लागि पुस्तक तयार गर्नुभयो । पुराणहरू पढेर सनातन वैदिक धर्मको मार्गमा लागेर आफू र आफ्नो समाजको

कल्याणको लागि काम गर्ने विचार बोक्न सक्ने बनून् भन्ने उद्देश्य लिएर करीब १० वर्षसम्म निरन्तर खटी १८ ओटै पुराणहरूको सरल नेपाली भाषामा अध्यायगत सारांश लेखेर प्रकाशन गर्नुभएको छ ।

समय नै सबभन्दा मूल्यवान् हुन्छ भन्ने कुरा बुझेका उहाँले यथा समयमै स्वर्णपदकसहित पि.एच.डी. गरी सरकारी सेवाबाट अवकाश पश्चात् अन्य थुप्रै सामाजिक संघसंस्थामा संलग्न भएर काम गर्दै आउनु भएको छ। विभिन्न विषयमा कलम चलाई निजी पुस्तकहरू प्रकाशन गर्ने काम पनि गरिरहेकै अवस्थामा १८ ओटै पुराणको अध्यायगत सारांश सरल नेपाली भाषामा प्रकाशन गर्ने सङ्कल्प गर्नुभयो । केही पुराणका सारांश लेखेपछि प्रकाशनको लागि सहयोगको अपेक्षा राख्नुभएअनुसार सनातन धर्म प्रेमी उद्धवकुमार घिमिरे र म वेदप्रसाद पन्थले सम्पादन र प्रकाशनको जिम्मा लिएर आर्थिक सहयोग समेत जुटाई विगत ४ वर्षदेखि यो पूनित कार्यमा सहभागी भएर काम गरिरहेको छ । हालसम्म १७ ओटा पुराणका एक एक ग्रन्थ र स्कन्दमहापुराणका दुईओटा ग्रन्थसमेत गरी १९ ओटा ग्रन्थ प्रकाशित भइसकेका छन् भने यो तेस्रो हिमवत्खण्ड प्रकाशनको तयारीमा छौँ । यस स्कन्दमहापुराणका अन्तिम रेवा खण्ड र सरयु खण्डसमेत पुस्तक प्राप्त हुन सकेमा चौथो खण्ड पनि प्रकाशन गर्ने सोचका साथ हाम्रो प्रयास जारी छ ।

बद्रीजी वास्तवमा कर्मयोगी हुनुहुन्छ त्यसैले -

श्रीमद्भगवद्गीता अध्याय २/४७ मा भगवान् कृष्णले भन्नुभएको -

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥**

अर्थात् भगवान् कृष्णले अर्जुनलाई तिमीलाई आफ्नो निर्धारित कर्म गर्ने मात्र अधिकार छ तर फल पाउने वा नपाउने कुरा तिम्रो अधीनमा छैन । तिमीले आफूलाई कर्मफलको कारणी पनि कहिल्यै नसोच र कर्तव्य गर्नबाट विमुख पनि कहिल्यै नहोऊ भन्नुभए जस्तै बद्रीजीले सरकारी सेवामा

रहँदा र सेवा निवृत्त भएपछि पनि कर्तव्यनिष्ठ भई आफूले गर्नुपर्ने काम पूरा गरेमात्र जीवन सफल हुन्छ भन्ने सोच राखेर कर्म गरिरहनुभएको छ। त्यसैले उहाँलाई कर्मयोगी भनिएको हो ।

पुराण प्रसङ्ग – परापूर्व कालमा घटित सत्यतथ्य घटना वा इतिहासलाई पुराण भनिन्छ । पुराणहरू पनि प्राचीन ज्ञान, विज्ञानले भरिपूर्ण वेदादि ग्रन्थहरू जस्तै हुन् । पुराणकै अध्ययनबाट प्रचीन अवस्थामा देशको आर्थिक, सामाजिक, भौगोलिक अवस्था तथा धार्मिक संस्कार र संस्कृति के कस्तो थियो भन्ने विषयमा पनि जान्न सकिन्छ। पुराणबाटै धर्म, अर्थ, काम र मोक्ष गरी चार पुरुषार्थ प्राप्त गरेर सार्थक जीवन जीउन सकिन्छ। ईश्वरको सगुण र निर्गुण रूपका विषयमा पनि हामी स्पष्ट हुन सक्छौं । अत: वैदिक सनातनधर्मीहरूले सदा सर्वदा पुराणको अध्ययन मनन् गर्ने गर्थे भने वर्तमान समयमा यसको अरू आवश्यकता महशुस भएको छ। पुराणहरूमा यस स्कन्द महापुराणको हिमवत्खण्ड अर्वाचीन ग्रन्थको रूपमा मानिन्छ। हिमवत् खण्डमा अरू पुराणहरूमा जस्तै सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर र वंशाानुचरित गरी पाँच लक्षणहरूको विस्तृत वर्णन गरिएको पाइन्छ । यद्यपि पुराणहरूमा राम्रोसँग अध्ययन गर्दा अन्य पाँच लक्षण सहित १० दशओटै लक्षणको वर्णन भएको पनि पाइन्छ।

नैमिषारण्य क्षेत्रमा शौनकादि महर्षिहरूले सूत पौराणिकबाट सम्पूर्ण पुराणहरू सुनिसकेपछि स्कन्दमहापुराण अन्तर्गत हिमालयमा तपस्या गरी बस्ने महर्षिहरू, हिमालयका तीर्थहरू र हिमशिखरहरूको पनि वर्णन सुन्ने इच्छा प्रकट गरेपछि सूत पौराणिकले कुलपर्वतमा स्कन्दकुमार (स्वामी कार्तिकेय) र अगस्त्य मुनिको बीचमा भएको प्रसङ्ग उद्धृत गरेर बताउनु भएको अंश नै हिमवत्खण्ड हो ।

यसमा छ प्रकरण उल्लेख भएको छ । जस्मा प्रथम सृष्टिखण्ड १-२२ अध्यायमा, द्वितीय देवासुर संग्राम खण्ड २३-३१ अध्यायमा, तृतीय खण्डमा कामाख्या, कौशिकी र गण्डकी वर्णन ३२-६२ अध्यायमा, चतुर्थ खण्ड

नेपाल महात्म्य ६३-८९ अध्यायमा, पञ्चम खण्ड चौसट्ठी लिङ्ग वर्णन ९०-१६३ अध्यायमा र छैटौंमा पाशुपत क्षेत्र वर्णन १६४- १८८ अध्यायमा गरी पूरा गरिएको छ । यी प्रकरणहरू मध्ये पाँचौं प्रकरणमा नेमुनि र विरूपाक्षको संवाद उल्लेख गरिएको प्रसङ्ग अगस्त्यलाई स्कन्दकुमारले बताउनुभएको छ भने अरू प्रकरणहरूमा स्कन्दकुमार र अगस्त्यमुनिको संवाद नै विशेष रूपमा रहेको छ ।

यस हिमवत् खण्डमा उल्लेख भएका विषयवस्तु र कथानक चरित्रहरू निम्नानुसार रहेका छन् -सर्वप्रथम ईश्वर प्रार्थनाबाट शुरू गरी भगवान् विष्णुको बराह अवतार, पृथ्वीको उद्धार, सृष्टि वर्णन, हिमालय विवाह, पाताल वर्णन, गृहस्थ धर्म, विभूति र रुद्राक्षको महिमा, स्वर्गका राजा र अग्नि आदि विभिन्न देवताले दिक्पालत्त्वको वरदान पाउनु, मेरु पर्वत र मानसरोवरको उत्पत्ति र महिमा वर्णन, देवताहरू शिव तपस्थलमा जानु आदि वर्णन गरेर प्रथम प्रकरण समाप्त गरिएको छ ।

दोस्रो प्रकरणमा देवासुर युद्धका विषय समेटिएका छन् जस्तै- मयले राक्षसहरूलाई विशिष्ट रथ बनाएर दिनु, विश्वकर्माले देवताहरूलाई विशिष्ट रथादि बनाएर दिनु, युद्धको शुरूमा देवताहरूको पराजय भएपनि दधीचि महर्षिले प्राणदान गरेर उहाँको हड्डी प्राप्त गरेपछि त्यही हड्डीबाट बनेका शस्त्रास्त्र प्रयोग गरी हिरण्याक्ष बध पछि देवताको विजय भएर यो प्रकरण पूरा भएको छ ।

प्रकरण तीनमा कामाख्या, कौशिकी र गण्डकी वर्णन - यसमा कामाख्या, सरस्वती र वराह महिमा, पार्वतीले तपस्या गरी शिव साधना गर्नु, पार्वतीले गर्नुभएको स्त्री धर्म र महिनैपिच्छेका स्नान र व्रतफल, सप्तकोशी आविर्भावको इतिहास र महिमा, कौशिकी महिमा, देवीद्वारा शुम्भ र निशुम्भ दैत्यहरू पराजित, गण्डकी नदी र देवघाट धामको महिमा, हलाहल विष र नीलकण्ठ तलाउ र शिवकुण्ड महिमा, त्रिपूर विजय, हिरण्यकशिपू वध, शितप्रभा नदी र विश्वामित्रको तपस्या, सात अप्सराको

तपसिद्धि, तारक वधको लागि स्कन्दकुमार सेनापति बन्नु, तारक वध, काली गण्डकी र सम्पूर्ण शालिग्राम महिमा, मुक्तिनाथ तीर्थको महत्त्व, बदरीकाश्रम र अलकनन्दा उत्पत्ति, पार्वतीबाट विष्णु ठगिनु, पार्वतीले तपस्या गरी शिवसँग विवाह गर्ने वरदान प्राप्त गर्नु आदि विषय उल्लेख गरेर यो प्रकरण पूरा गरिएको छ ।

प्रकरण चारमा - देवता र दैत्यलाई दुर्वासा ऋषिको श्रापसँगै भगवान्को ब्रह्मावतार, जाति स्मरण तीर्थ, लिङ्गतीर्थ महिमा, शिव र विष्णुदूत संवाद, नेपाल महिमा, ज्योतिर्लिङ्ग उत्पत्ति, कामधेनु, केतकी र जपापुष्पलाई श्राप, पशुपति स्थावर लिङ्ग अविर्भाव, नन्दीश्वरलाई शिवको वरदान, श्लेष्मान्तक पर्वतलाई वरदान, ब्रह्मादि देवता शिवलाई खोज्दै श्लेष्मान्तक जानु, ब्रह्मा विष्णु र इन्द्रले शिव मृगको सिङ् समाउनु, शिवसहस्रनाम, श्लेष्मान्तकमा मृगरूपी भगवान्को क्रीडा, मृगरूप शिवका निर्देशनहरू, गोकर्णमा रावणको तप र सिद्धि, वाग्वती (बागमती) उत्पत्ति र महिमा, शंखमूल तीर्थ महिमा आदि उल्लेख गरेर यो प्रकरण पूरा गरिएको छ ।

पाचौँ प्रकरणमा विरूपाक्षले तीर्थ यात्रा गर्ने क्रममा विरूपाक्ष र ने मुनिको संवादको रूपमा ६४ लिङ्गहरू र तीर्थहरूको वर्णन उल्लेख छ जस्तै - लिङ्गेश्वर महिमा, दुर्गा तीर्थ, भीमेश्वर तीर्थ, स्फटिकेश्वर तीर्थ, शची तीर्थ, भालेश्वर तीर्थ, उद्दालकेश्वर महिमा, गालवतीर्थ एवं कोटेश्वर लिङ्ग, रुद्रेश्वर तीर्थ महिमा, स्कन्द तीर्थ र स्कन्देश्वर महिमा, वीरा नदी एवं वागीश्वर शिव महिमा, सोम लिङ्ग, हनुमान तीर्थ, रुद्रधारा, वाग्मती, कोटीश्वर महिमा, जलेश्वर एवं किरातेश्वर, देवताहरू सत्यवतीपुरी नेपाल आएर फर्कनु, किरातेश्वर शिवले अर्जुनलाई वरदान दिनु, वाग्मतीमा बाँध र प्रभावतीलाई पार्वतीले प्रद्युम्नसँग विवाह हुने वरदान दिनु आदि वर्णन गरिएको छ ।

यस्तै छैटौँ प्रकरणमा पाशुपत क्षेत्रको  वर्णन छ - कृष्ण भगवान्ले छोराहरूलाइ नेपालका तीर्थहरू भ्रमण गर्ने सल्लाह दिनु, प्रभावतीको

सपना र प्रद्युम्नको नररूप, प्रभावती हरण, इन्द्रदमन (शक्रताप) ले कृष्ण र प्रद्युम्नलाई मार्ने कुरा गर्नु, कौस्तुभमणि हरण गरी प्रभावती फिर्ता ल्याउनु, प्रद्युम्नलाई वाग्मती देवीको वरदान, शंखासुर र दानासुर बध, सेनाको वधसँगै इन्द्रदमनवध, वाग्मती सहस्रनाम, वाग्मति शुद्ध भएर बग्नु, नेपालका तीर्थहरू, प्रद्युम्न प्रभावती विवाह र लुटिएको सम्पत्ति देवताले फिर्ता पाउनु, इन्द्रदमन स्वर्ग जानु, कृष्णसहित यादवहरू द्वारका जानु आदि जस्ता विषय वस्तु समेटेर यो खण्ड समाप्त गरिएको छ ।

अन्तमा त्यही मानिसको जीवन सार्थक हुन्छ, जसले आफू जन्मेको मातृभूमिको मायासँगै आफ्नो संस्कार र संस्कृतिको अनुशरण गर्दै परोपकारी भावनाले अभिप्रेरित भई अरूको सुखदुःखमा समभाव राखेर सहयोग गर्छ । त्यस्तै आफ्नो जन्मभूमि र आफू रहेको समाजको उत्थानको लागि निःस्वार्थभावले निरन्तर प्रयास गरिरहन्छ, त्यही व्यक्तिले आफू अमर हुने अवसर प्राप्त गर्दछ ।

यस्तै विचारले अभिप्रेरित भएका काठमाडौँ चावहिल निवासी अर्थ र सुशासनमा विशेष दखल भएका, आध्यात्मिक चिन्तन र समाजसेवासँगै हमेसा शुभकर्ममा रम्ने डा.बद्री पोखेल एकजना कर्मठ व्यक्ति हुनुहुन्छ । उहाँले जीवनमा थुप्रै काम गरेर सफलता प्राप्त गर्दै आउनुभएको छ तापनि उहाँको आत्मा सन्तुष्ट न भई अरू सुकर्महरू गर्दै जाने अठोटका साथ अघि बढिरहनुभएको छ । उहाँको जीवनमा विघ्नबाधा नभएर थप सफलता प्राप्त हुँदै जाउन्, यही शुभेच्छा राख्दछु । अस्तु

# शुभाशंसा



१००८ डा. स्वामी केशवानन्द गिरि

हिमवत् भनेको हिउँ भएको स्थान वा हिमालय हो । हिउँ वा हिमालयबाट अभिषिक्त भूमि नै हिमवत्खण्ड हो । हिमालय मानव सभ्यताको आदिम भूमि हो । ज्ञान र चेतनाको प्रथम बीजारोपण भएको स्थान हो । सृष्टि र सभ्यताको मूल स्रोत हो । संसारमा सूर्यको प्रथम किरणले हिमालयकै स्पर्श गर्दछ । संसारको सर्वोच्च उचाइ हिमालय हो । अनन्त वनौषधि र अजस्र जलको भण्डार हिमालय हो ।

हिमवत्खण्ड देवालय हो । देवाधिदेव महादेवको वास हिमालयमा छ । अग्रपूज्य श्रीगणेश हिमालमा बस्नुहुन्छ । हिमालयनन्दिनी पार्वती हिमाली हुनुहुन्छ । हामी गौरीशङ्कर हिमालको पूजा गर्छौं । हामी हाम्रो समयको मापन गौरीशङ्कर हिमालयबाट गर्छौं । गणेश, अन्नपूर्ण आदि हिमालयमा हामी देवताको पूजा गर्छौं । हिमालयमा देवताको वास छ । यो हाम्रो आस्था हो, विश्वास हो । त्यसैले त महाकवि कालिदास लेख्दछन् -

**अस्त्युत्तरस्यां दिशि देवतात्मा**

**हिमालयो नाम नगाधिराजः**

**पूर्वापरौ तोयनिधी वगाह्य**

**स्थितः पृथिव्या इव मानदण्डः ॥** (कुमारसम्भवम्)

अर्थात् उत्तर दिशामा अवस्थित देवताका रूपमा रहेका नगाधिराज हिमालय पूर्व र पश्चिमका समुद्रलाई स्पर्श गरेर पृथिवीलाई नाप्ने मानदण्डका रूपमा रहेका छन् ।

हिमालय प्राचीन सभ्यताको केन्द्र हो । विभिन्न सभ्यताहरूको मूल स्रोत हिमालय हो । हिमालयबाट नै विभिन्न नदीहरू निःसृत छन् । औषधि एवं जडीबुटीका मूलस्रोत हिमालय हो । साधना, तपस्या र ज्ञानको आदि स्रोत हिमालय नै हो । हजारौँ ऋषि–महर्षिहरूले यही हिमालयको गुफा कन्दरामा तपस्या गरी विश्वको सर्वोच्च ज्ञानराशि वेदलाई प्राप्त गरे । गायत्री मन्त्रका मन्त्रद्रष्टा ऋषि विश्वामित्र हिमालयबाट निस्किएकी कौशिकी नदीको तटमा तपस्या गर्दथे । हिमालयका जलले अभिषिञ्चित भूभागहरूमा महर्षि वसिष्ठ, वाल्मीकि, याज्ञवल्क्य, अष्टावक्र आदि ऋषिहरू एवं गार्गी, मैत्रेयी, घोषा आदि ऋषिकाहरूले ज्ञानको ज्योतिःपुञ्जको दर्शन गरे । त्यसैले हिमालय हाम्रो सभ्यता, संस्कृति, परम्परा र ज्ञानको प्रत्यक्ष साक्षी हो । हिमालयको सम्पूर्ण अधिकारी हामी नेपालीहरू हौँ । त्यसैले नेपाल हिमवत्खण्डको ज्येष्ठ उत्तराधिकारी हो ।

हिमवत्खण्डको महत्त्व, इतिहास र परम्परा वर्णन गर्ने पुराणहरूमध्ये स्कन्दपुराण महत्त्वपूर्ण छ । स्कन्दपुराणका विभिन्न खण्डहरूमध्ये हिमवत्खण्ड सर्वोपरि छ । हिमवत्खण्डमा नेपालका नदीहरू, देवस्थलहरू, तीर्थहरू र अन्य पवित्र स्थलहरूको अक्षरशः वर्णन गरिएको पाइन्छ । नेपालका स्थानीय तीर्थस्थल एवं देवीदेवताहरूको स्तुति, उपासना, ध्यान, वन्दना आदि पनि हिमवत्खण्डमा पाइन्छ । त्यसैगरी ऋषि, ऋषिका, भक्त एवं विभिन्न राजाहरूले भगवान्का उपासना गरी प्राप्त गरेका वैभवको वर्णन पनि हिमवत्खण्डमा पाइन्छ । हिमवत्खण्ड नेपालको पौराणिक एवं ऐतिहासिक ज्ञानकोष हो । अठार पुराणमध्येको विशाल स्कन्दपुराणमा करिब ८१ हजार श्लोक रहेको वर्णन पाइन्छ । यस पुराणको महत्त्वपूर्ण खण्ड हिमवत्खण्ड हो ।

विशालकाय स्कन्दपुराणको एक भागमा रहेको हिमवत्खण्डको प्रकाशन धेरै समयसम्म भएन । वि.सं. २०१३ सालमा योगी नरहरि नाथले यसको पाण्डुलिपि प्राप्त गरी सम्पादन गर्नुभयो । सम्पादनका क्रममा एउटा पाण्डुलिपिलाई मात्र अनुसरण गर्नुभएको र विभिन्न विद्वान्हरूको सहयोगमा सोको अनुवादसमेत गर्नुभएकाले सो कार्य वन्दनीय छ । यति हुँदाहुँदै पनि सो सम्पादनमा विभिन्न अशुद्धि देखिनु स्वाभाविक नै हो । सीमित स्रोत-साधनमा र दुर्लभ रहेको हिमवत्खण्डको प्रकाशन गरी नेपाल र नेपालीलाई आफ्नो मौलिक स्थान र सभ्यताको जानकारी दिलाउन योगीजीको योगदान अतुलनीय छ । हिमवत्खण्डको सम्पादन र प्रकाशनको कार्य धेरै समयपछि प्रा. दामोदर चालिसेले गर्नुभएको छ । सम्पादनका क्रममा मूलपाठको रूपमा योगीजीकै पाठ लिई सो पाठमा देखिएका अशुद्धिहरूलाई आफूले निराकरण गरी कतै नयाँ श्लोक त कतै श्लोकहरूलाई मिलाउने काम वहाँले गर्नुभएको छ । हिमवत्खण्ड प्रकाशन गर्ने काम उत्तम भएता पनि वहाँले राष्ट्रिय अभिलेखालय आदिमा रहेका प्राचीन प्रतिहरूको अध्ययन विना एक प्रकाशित प्रतिलाई मात्र आधार बनाएर ग्रन्थ-प्रकाशन गर्नु प्रामाणिक देखिँदैन । त्यसैले वहाँको कार्य सर्वमान्य र उचित हुन सकेन । त्यसैगरी प्रा. डा. वेणीमाधव ढकालले हिमवत्खण्डको योगीजीकै पाठलाई सम्पादन एवं नेपालीमा अनुवाद गरी प्रकाशन गर्नुभएको छ । सो कार्य चालिसेको भन्दा फरक देखिँदैन । वहाँले पनि योगीजीको मूलपाठमा देखिएका अशुद्धिहरूलाई सम्पादन गरी नेपालीमा अनुवाद गर्नुभएको छ । तर वहाँ-जत्तिको विद्वान्ले राष्ट्रिय अभिलेखालय आदिमा रहेका पाण्डुलिपिहरूको अध्ययन गरी सोका आधारमा मूल पाठ निर्धारण गरी सो अनुकूल पाठ निश्चित गर्नुपर्ने हो । त्यसैले वहाँले गर्नुभएको कार्य पनि अपूर्ण नै देखिन्छ । त्यसैले हिमवत्खण्डका सम्पूर्ण पाण्डुलिपिहरू एकत्रित गरी सोको मूलपाठ निर्धारण गरेर सम्पादन तथा अनुवाद गर्नुपर्ने देखिन्छ । तथापि वहाँहरूले गर्नुभएको कार्यले हिमवत्खण्डको प्रसार-प्रचार र सो प्रति मानिसहरूको रूचि बढाउने कार्य गरेको देखिन्छ ।

हिमवत्खण्डको महत्त्व बढाउन विभिन्न विद्वान्हरूले आफूले सकेको कार्य गर्दै आएका छन् । हिमवत्खण्ड विशाल ग्रन्थ हो । यो ग्रन्थ संस्कृतभाषामा लेखिएको छ । सबैका लागि संस्कृत भाषा बोध्य छैन । नेपाली भाषामा हिमवत्खण्डको अनुवाद भएपनि ती अनुवादहरू संस्कृतसँग सँगै भएकाले विशालकाय छ । नेपाली भाषीहरूका लागि संक्षेपमा हिमवत्खण्डको विषयमा जानकारी आवश्यक थियो । सो कार्य पूरा गर्न अठारै पुराणहरूको संक्षिप्त नेपालीमा अनुवाद गरिसक्नुभएका विद्वान् डा. बद्री पोखेलज्यूले यो गुरूभार उठाउनुभएको छ । वहाँले स्कन्दपुराणअन्तर्गत अन्य विभिन्न खण्डहरूको पनि अनुवाद गरी प्रकाशन गरिसक्नुभएको छ । यस हिमवत्खण्डको प्रकाशनले नेपालका मठ, मन्दिर, तीर्थ, सभ्यता, संस्कृति र परम्पराको बोध गर्न पक्कै पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यहाँको लेखन-यात्राले नेपालको आध्यात्मिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । विशेषगरी संस्कृत भाषाप्रति अनभिज्ञ पाठकहरूलाई संक्षिप्त रूपमा संस्कृतका अनेक ग्रन्थहरूको अनुवाद गरी ठूलो गुन लगाउनुभएको छ । यस प्रकाशनबाट सम्पूर्ण नेपालीहरू लाभान्वित हुने विश्वासका साथ यस ग्रन्थले आशातीत सफलता प्राप्त गरोस्, भगवान् पशुपतिनाथको वन्दना गर्दछु ।

शं करोतु शङ्करः ।

## हिमालयको इतिहास/महिमा खोतलेको ग्रन्थ हिमवत्खण्ड

-प्रा. डा. वीणा पौड्याल

वैदिक वाङ्मय अथाह ज्ञानको भण्डार हो भन्ने विश्वविदित छ । यस्तो रत्नखानीमा प्रवेश गर्ने साहस जोसुकैमा हुँदैन । अतः सर्वप्रथम म डा. बद्री पोखे्रलज्यूलाई पूर्वीय दर्शनको गहन खजाना खोजेर समाजका सामु ल्याउन भएकोमा धन्यवाद भन्न चाहन्छु । यस कर्ममा रहेको उहाँको भक्तिभाव अर्को प्रशंसनीय पक्ष हो । वैदिक वाङ्मयको गोडमेल सहित त्यसलाई नेपाली भाषामा लेखन र प्रकाशन गर्न लाग्नुभएकोमा उहाँलाई पुनः बधाई अर्पण गर्छु ।

हाम्रा वैदिक, पौराणिक शास्त्र, स्मृति, पुराण, र महाकाव्य (रामायण, महाभारत) मा यति धेरै खजाना (गाढधन) छन् कि जति खन्यो त्यति नै पत्र पत्र भएर थुप्रो लाग्छ। परापूर्व कालदेखि यसको अन्वेषण हुँदै आएको छ तर त्यसको एक छेउ पनि संसारले अध्ययन गर्न सकेको छ जस्तो लाग्दैन । वैदिक वाङ्मयको अध्ययन गर्न विश्वका कति विद्वानहरूलाई अझै कति समयसम्म लाग्ने हो थाहा छैन ।

वेदका मन्त्रहरू, उपनिषद्, रामायण, महाभारत एवं पुराणका विभिन्न पात्रहरूका जीवनीबाट हामीहरूले सिक्नुपर्ने/अनुकरण गर्ने थुप्रै अमूल्य कुराहरु छन् । यी कुरा न केवल हिजो वा आजका लागि मात्रै उपयोगी छन् अपितु आगामी युगौं युगसम्म नै उस्तै अर्थपूर्ण र सान्दर्भिक हुनेछन् । त्यसैले त संस्कृत भाषा देवभाषा हो, अमर भाषा हो । देवताको एउटा नाम अमर हो । देवताको भूमि नेपालको प्राचीन निधि संस्कृत भाषा नै अमरवाणी भएकोले यहाँको भूमि पवित्र मानिन्छ, त्यसमा लेखिएका ग्रन्थ अमूल्य खजाना मानिन्छन् । यस्ता अनन्त महत्त्व बोकेको भाषा, तिनमा लेखिएका ग्रन्थको अध्ययन गर्न गहिरो लगनशीलता र उस्तै धैर्य पनि चाहिन्छ ।

सृष्टिकालदेखि नै वा भनौँ अत्यन्त प्राचीन समयमा संस्कृत भाषामा लेखिएका थुप्रै ग्रन्थहरूमध्ये स्कन्द महापुराण र त्यसको हिमवत्खण्ड पनि हो । यसैले, अर्को शब्दमा हिमवत्खण्ड प्रत्येक कण कणमा विभिन्न रूपमा देवताले निवास गरेको भूमिको विवरणले भरिएको एउटा अमूल्य ग्रन्थ हो । स्कन्द पुराण अन्तर्गत केदारखण्ड, मानसखण्ड, पाशुपत् खण्ड, वैष्णव खण्ड, ब्राह्म खण्ड, काशी खण्ड आदि धेरै छन् । ती मध्येमा हिमवत्खण्ड नै यस ग्रन्थभित्र वर्णन भएका भूमिमा रहेको खण्ड हो । यसैले यो सन्दर्भ हिमवत्खण्डसँग जोडिएको छ ।

१८८ अध्याय भएको संस्कृत भाषामा रचना गरिएको हिमवत्खण्ड ग्रन्थको नेपालीमा अनुवाद अरु नेपाली विद्वान्हरूले पनि विभिन्न समयमा गरिसक्नु भएको छ । योगी नरहरिनाथले लगभग अज्ञात जस्तो भैसकेको हिमवत्खण्डलाई खोजी गरेर प्रकाशन गरेपछि यस खण्ड उजगार भएको हो । संस्कृत विद्याशिरोमणि डा. वेणिमाधब ढकालले सम्पूर्ण हिमवत्खण्डको अनुवाद गरेर प्रकाशित गर्नुभएको ग्रन्थबाट हिमालय पर्वत र यसका वरिपरि फैलिएका भूभाग विशेषतः नेपालका पवित्र स्थलहरूको अर्थात् हिमवत्खण्डको धेरै जानकारी प्राप्त भएको छ । यसै क्रममा डा. बद्री पोखेलज्यूले विशाल हिमवत्खण्डको नेपालीमा सरल र संक्षेप आकारमा अनुवाद गरेर ग्रन्थबारे सजिलोसँग विशेष जानकारी हुने उपाय समेतको सामग्री उपलब्ध गराउनु भएको छ । यसमा संस्कृतका श्लोकै पिच्छेको अनुवाद नभएर अध्याय पिच्छेको सारांश मात्र छ । त्यसैले पूर्ववर्ती विद्वानहरूको कामभन्दा फरक रूपमा संस्कृत नपढेकाहरूलाई पनि ग्रन्थ बोध गर्न सजिलो भएको छ ।

विसं. २०४३ मा संस्कृत अध्ययन संस्थानबाट सर्वदर्शनमा आचार्य गरेका पोखेलले त्रि.वि.बाटै अर्थशास्त्रमा एम.ए. गरेर लामो समयसम्म अर्थ

मन्त्रालयमा काम गर्नुभयो । उहाँले नेपालको ७७ जिल्ला, विश्वका ४० ओटा देशहरू, सातैओटा महादेश, अन्टार्टिका समेत पुगेर यात्रा संस्मरण समेत प्रकाशित गरिसक्नुभएका छ । डा.पोख्रेलको लेखनीमा पढाइ र भोगाइ दुबैको सुन्दर सम्मिश्रणको प्रतिबिम्ब पाइन्छ ।

वहाँका केही कृतिहरू एमेजनमा पनि बिक्रीको लागि राखिएको छ। धार्मिक पुस्तक, यात्रा विवरण र अर्थशास्त्रका पुस्तक लेखन र प्रकाशनसँगै पोख्रेलजीले गीत रचना गरेर आरोग्य सीडी पनि निकाल्नु भएको छ । निजामती सेवामा रहेर २०७१ मा सेवानिवृत्त हुनुभएका पोखरेलले १८ ओटै पुराणको अध्यायगत साराशं सहित नेपाली भाषामा उल्था गरेर संस्कृत भाषामा ज्ञान नभएका पाठकहरुलाई ठूलो गुन लगाउनु भएको छ । भारतबाट प्रकाशन भएको स्कन्द पुराणमा हिमवत्खण्ड नै छुटाएर प्रकाशन गरिएको तथ्य थाहा पाएपछि डा. पोख्रेलको सत्यतथ्य उजागर गर्ने प्रयत्नलाई नै यो ग्रन्थ प्रमाण मान्न सकिन्छ ।

जम्मा १८८ अध्याय भएको हिमवत्खण्डमा विशाल नेपालको सिमाना सहितको वर्णन, नेपाल माहात्म्य, विशाल पाशुपत क्षेत्र र वरपरका शिवलिङ्गहरू सहित ब्रह्मेश्वर शिवलिङ्ग, शुक्रेश्वर शिवलिङ्ग र ज्योतिर्लिङ्गेश्वर शिवलिङ्ग आदि महालिङ्गको वर्णन रोचक ढङ्गले गरिएको छ । विभिन्न स्थानका शिवलिङ्ग र तिनको महिमा, पूजनविधि सँगै भगवान पशुपतिले वासुकीलाई तपस्याबाट प्रसन्न भएर दिएको वरदानको उल्लेख पनि यसमा परेको छ ।

विरुपाक्षको शची तीर्थयात्रा, इन्द्रेश्वर शिवलिङ्गको पूजा, मिथिला निवासी गौतम नामक तपस्वी, उनकी पत्नी अहल्याको प्रसङ्ग, देवराज इन्द्रद्वारा छलपश्चात ऋषि गौतमद्वारा दिइएको श्रापको वर्णन पनि हिमवत्खण्डमा विस्तृत रुपमा पाइन्छ ।

यी वर्णनबाट तत् तत् शिवलिङ्गको उत्पत्ति पूजाविधि, प्रथम पूजा कसरी कोबाट थालनी भयो भन्ने जानकारी त छँदै छ साथमा तत्कालीन अवस्थामा हिमवत्खण्डको वा भनौं समग्र नेपालको नै भौगोलिक विस्तार कस्तो थियो र कुन रूपमा रहेको थियो भन्ने जानकारी गर्न पनि मनग्गे आधार प्राप्त भएको छ ।

हिमवत्खण्डले नेपालको इतिहास लेख्न आवश्यक पर्ने श्रोतहरू पनि जुटाएको छ । नेपालको उत्तरमा स्थित हिमाल, तिनको महिमासँगै त्यहाँबाट बग्ने नदीहरू, तीर्थस्थल र धार्मिक पीठहरूको बारेमा पनि यस दिव्य ग्रन्थमा बर्णन गरिएको छ । पाटन शंखमूल, अनन्तलिङ्ग महात्म्य, सोमलिङ्ग महात्म्य, भृङ्गेश्वर महात्म्य, सर्वेश्वर महात्म्य, भस्मतीर्थ महात्म्य सँगै वाग्मति सहश्रनाम समेतको उल्लेख हिमवत्खण्डमा छ ।

नेमुनिले विरुपाक्षलाई बताएको चन्दनभराटेश्वरको महात्म्य हिमबत्खण्डमा विस्तृत रुपमा पढ्न सकिन्छ । शिव र पार्वती दुबैजना विमानबाट आएर भराटेश्वरमा ओर्लेको वर्णन छ । त्यस ठाउँमा ओर्लेर शिवजीले लिङ्गलाई देखाउँदै ब्रह्मा, विष्णु र इन्द्रादि देवताहरू पनि आफूलाइ चाहेको कुरा प्राप्त गर्नका लागि भराटेश्वरलाई पूजा गर्ने रहस्य बताउनु भएको थियो । हिमवत्खण्डको १४० औँ अध्यायमा भस्मतीर्थ चन्दनभराटेश्वर महात्म्य शीर्षकमा चन्द्रागिरीमा उत्पन्न भएको शिवलिङ्गलाई भगवती उमाले नवधार ाबाट उत्पन्न भएको पाषाणमा चन्दन लेपन गरेर पूजा गरेको वर्णन छ। त्यसैबे लादेखि सम्पूर्ण लोकहरुमा चन्दनपर्वत र भराटेश्वर शिवलिंग प्रसिद्ध भयो । पार्वती माताले चन्दन घोटेकोले चन्दन पर्वत भन्ने नामाकरण गरिएको लोकोक्ति पनि प्रचलित छ ।

स्वयम्भू लिङ्ग पूजनको विशेष महत्व छ । नेपाल र भारतको विभिन्न ६४ ओटा स्थानमा स्वयम्भू लिङ्गको वर्णन विभिन्न शैव ग्रन्थहरुमा छन् । हाल चन्द्रागिरि क्षेत्रको चन्दन भराटेश्वरको महिमा ओझेलमा परेको छ ।

यसको प्रचार प्रसार आवश्यक छ । रूपमण्डनमा सबै प्रकारको व्रत, तप, दान, तीर्थाटन र देवपूजनबाट जुन फल प्राप्त हुन्छ त्यसको हजारौँ गुना फल स्वयम्भू लिङ्गमा चढाएको जलबाट प्राप्त हुने कुरा पनि पुराणमा उल्लेख गरिएको छ । यसबाट स्वयम्भू लिङ्गको महत्व राम्ररी बुझ्न सकिन्छ ।

हिमवत्खण्डको यसै अध्यायमा  सुप्रभा नामको शहरमा बस्ने ब्रह्मानन्द नामक कुनै योगि र प्रख्यात ब्राह्मणको पुत्रमोह र शोक सम्बन्धी कुरा उल्लेख गरिएको छ। यो कुरा सत्ययुगको अन्त्यमा घटित भएको बताइएको छ। घटनानुसार ब्राह्मणका पुत्रको अकस्मात् मृत्यु भयो । पुत्र शोकमा डुबेका ती ब्राह्मण चन्दनभराटेश्वर शिवलिङ्ग भएको स्थानमा आइपुगे र विलाप गर्न लागे । उनले पुत्र शोकमा आफूले प्राण त्याग्ने निर्णय सुनाए ।

पुत्र शोकमा डुबेका ती ब्राह्मणले शिव र काल दुबैलाई गाली गरे। यस्तो महालिङ्गको नजिक एक कुनामा  रहेको आफ्नो छोराको मृत्यु भएकोमा उनले आफू छोरा बिना बाँच्न असमर्थ भएको भन्दै प्राण त्याग्ने कुरा  बताए। शिव भगवानले आफ्नै कुकर्मले छोराको मृत्यु भएको सत्य कुरा बताउँदै तीर्थमा स्नान, दान र पूजा गरेर पाप मोचन हुने सल्लाह दिनु भयो । ती ब्राह्मणले पनि भगवानको संपूर्ण कुरा मानेर दान, धर्म गरेपछि छोराले पुनःजन्म पाए । यसरी हिमवत्खण्डमा ती ब्राह्मणले आफ्नो अन्तिम अवस्थासम्म सोहि स्थानमा बसेर शिवलिङ्गको सेवा गरेको उल्लेख छ।

यस्ता अदभूत विषयहरू हिमवत्खण्डमा उल्लेख छ । डा. पोखेलज्यूले लामो समयसम्म गहन अध्ययन गरेर हिमवत्खण्डका विभिन्न महत्वपूर्ण विषयलाई उजागर गर्नु भएको छ । डा. पोखेलज्यूले विशाल नेपालको प्रसङ्गसँगै यी अन्य धेरै विषयमा पनि प्रकाश पार्नुभएको छ। हिमवत्खण्डको आन्तरिक सौन्दर्य, प्रकृतिको वर्णन, शब्द सौजन्य, चौरासी लाख जुनीसँगै सपनाको फल बारे प्रसङ्ग उठाइएको छ ।

स्कन्दपुराण अन्तर्गतको हिमवत्खण्डलाई हिमाली दर्शन, आर्यहरूको मार्ग निर्देशन गर्ने ग्रन्थका रुपमा पनि परिभाषित गरिएको छ। डा. पोखेलज्यूले यस विषयलाई सारै सरल र रोचक ढङ्गले प्रस्तुत गर्नुभएको छ ।

डा. पोखेलले नेपालको प्रसिद्ध चार धार्मिक क्षेत्र, मुक्तिनाथ क्षेत्र, मिथिला क्षेत्र, पाशुपत क्षेत्र र वराह क्षेत्रको उल्लेख सँगै हिमवत्खण्ड पूर्वीय दर्शनको मौलिक, रैथाने स्थलको वर्णन पनि मुक्तकण्ठले गर्नुभएको छ । सनातन धर्मावलम्बी र बौद्धहरु दुबैको आस्थाको केन्द्र मानसरोवर कैलाश पर्वतबारे श्रद्धासँग आफ्नो भाव व्यक्त गर्न उहाँ सफल हुनुभएको छ । सनातन धर्मावलम्बीहरुको सम्पूर्ण पुराण धर्मग्रन्थ अध्ययन गरेर खारिनु भएका पोखेलज्यूको अनुभव, अनुभूति र प्रस्तुति यस ग्रन्थको अक्षर अक्षरमा भेटिन्छ। राष्ट्रप्रतिको माया र राष्ट्रप्रेम यसमा जताततै पोखिएको छ ।

डा. पोखेलज्यूले म प्रति दर्शाउनुभएको सदाशयको लागि आभार व्यक्त गर्दै वहाँको कलमबाट यस्ता अमूल्य ग्रन्थहरु निस्किराखुन् भन्ने परमात्मासँग प्रार्थना गरेर उहाँको यस कार्यमा सफलताको शुभकामना दिन्छु साथै, पोखेलज्यूको सुस्वाथ्यको कामना गर्दै यस्ता कालजयी ग्रन्थ फेरि फेरि पढ्न पाइयोस् भन्ने कामना गर्दै विषयको बिट मार्ने अनुमति चाहन्छु ।

# हिमवत्खण्डसारको महत्त्व र उपलब्धि

प्रा. डा. प्रियंवदा काफ्ले

**अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः ।**
**पूर्वापरौ तोयनिधी वगाह्य स्थितः पृथिव्या इव मानदण्डः ॥**
**(कुमारसम्भव, १.१)**

महाकवि कालिदासले कुमारसम्भवमा पूर्व र पश्चिममा बगिरहेको नदीतुल्य पृथ्वीको मानदण्डझैँ उत्तर दिशामा सुस्थिर रहेको हिमालयको गरिमाको चर्चा गर्दै यसलाई देवताको आत्माका रूपमा वर्णन गरी हिमवत्खण्डको महिमागान गर्नुभएको छ ।

हिमवत्खण्डलाई हिमालय निःसृत कौशिकी, गण्डकी, महाकाली इत्यादि अजस्र जलप्रवाह भएका नदी, तिनैद्वारा सिञ्चित उर्वर भूमि, नेपाली भूमि, यसैमा अवस्थित नानाथरि देवधाम, तीर्थस्थल, नेपालबाट उत्तरतिर र दक्षिणतिर रहेका पुण्यधामहरूको समेत वर्णन पाइने एउटा प्रामाणिक पौराणिक अभिलेखसहितको ठूलो ग्रन्थ मानिएको छ । हाम्रा कतिपय पुराणहरूमा हिमालयको वर्णन गरेको पाइन्छ। यस्तै धेरै खण्डमा विभाजित स्कन्दमहापुराणको एक खण्ड (तेस्रो भाग) हिमवत्खण्डको (**सारसंक्षेप)** नेपाली भाषामा अनुवाद गर्नु आफैँमा एक गहन कार्य हो। स्कन्दमहापुराण तेस्रो भाग : हिमवत्खण्ड, जसको मूलमा ६ प्रकरण, १८८ अध्याय र लगभग १३००० ( १२९६५) श्लोकसंख्या रहेको छ। स्कन्दमहापुराणमा ८१ हजार श्लोकसंख्या रहेको बताइएको छ । यसका विभिन्न खण्डमध्ये हिमवत्खण्डको छुट्टै सम्पादन गरी नेपाली भाषामा अनुवाद सहित सर्वप्रथम वि.सं. २०१३ सालमा भएको र वनारसबाट प्रकाशन गरेको देखिन्छ। त्यसपछि यसलाई पुनः परिमार्जन गरी नेपालमाहात्म्य, पशुपतिपुराण र गण्डकी माहात्म्यसहित बृहत् आकारको ग्रन्थ प्रा.डा.वेणीमाधव ढकालको सम्पादनमा दुइ संस्करण प्रकाशित भएको छ। यसैगरी डा.बद्री

पोखेलबाट यो सारसंक्षेप स्वरूपको **हिमवत्खण्ड** पुस्तक तयार भएको हो । पुस्तकले संक्षेपमा हिमवत्खण्डका समग्र परिचयलाई पस्कने प्रयासमा सफलता प्राप्त गर्ने देखिन्छ ।

हाम्रा पुराणादि शास्त्रीय ग्रन्थहरू संस्कृत भाषामा शास्त्रीय छन्दमा श्लोकबद्ध रूपमा लेखिएका छन् । संस्कृत श्लोकबद्ध विषयको सरल भाषा (नेपाली) मा मूलभावलाई यथासम्भव नछुटाई सललल बगाएर सारसंक्षेप लेख्नु पुराण प्रति अत्यन्त श्रद्धा, विषयप्रति गंभीर अभिरूचि, कर्मप्रति र उद्देश्यप्रति उच्च धीरता र उत्साह भएको व्यक्तित्वको साक्ष्य हो ।

यसको नेपाली भाषानुवादस्वरूप सारसंक्षेपमा बद्री पोखेलले पुराणको सम्बद्ध खण्डका मुख्य विषयवस्तुलाई नछुटाई प्रस्तुत गर्ने प्रयास गरेको पाइन्छ । ग्रन्थका विषयहरू छ प्रकरणमा उल्लेख भएका छन् -

प्रकरण एकमा : मधुकैटभको जन्म र वधको वर्णन छ । यसको थालनीमा सर्वप्रथम पशुपतिको आराधना गरिएको पाइन्छ :

यस्यात्मा हिमशैलजा गणपतिः सूर्यो हि विष्णुर्हरः ।
पञ्चास्यै सुविभूषितः पशुपतिस्तेषां च पञ्चात्मकैः ॥
त्रैलोक्यं सचराचरं त्रिगुणजं पञ्चात्मभिः सन्दधे ।
योऽजस्रं हि रसादिभिश्च भगवाँस्तस्मै नमः शम्भवे ॥१॥

जसको आत्माको रूपमा पार्वती, गणेश, सूर्य, विष्णु रुद्र रहनुभएको छ, जो पाँच मुख (तत्पुरुष, सद्योजात, अघोर, वामदेव, ईशान) बाट सुशोभित छ, जसले पृथिवी, जल, तेज, वायु, आकाश बनेर निरन्तर, गन्ध, रस, रूप, स्पर्श, श्रोत्रका रूप लिनु भै चराचर युक्त तीन लोकको सृष्टि गर्नुभएको छ, त्यस्ता कल्याणमय पशुपतिस्वरूप शिवलाई प्रणाम गर्दछु ।

यस्तै यस प्रकरणमा आएका विषयहरूमा मुख्यतः वराहरूपी विष्णुबाट पृथ्वीको उद्धार, विष्णुले वराह रूप लिई दारामा पृथ्वीलाई राखेर पानीबाट बाहिर निकाल्नुभएको, त्यसपछि ब्रह्माले पृथ्वी जल तेज वायु आकाश पञ्चतत्त्वको माध्यमबाट सृष्टि गर्न थाल्नुभएको चर्चा छ । यहाँ द्वीप,

पर्वत र समद्रहरूको वर्णन, बराहरूपी भगवान् विष्णुले उद्धार गरेकी पृथ्वीमा ब्रह्माले सप्तद्वीपहरू (जम्वु, प्लक्ष, शाल्मली, कुश, क्रौञ्च, शाक र पुष्कर) को सृष्टि गर्नुभएको, जम्वूद्वीपलाई मध्यवर्ती बनाएर क्रमशः अरू द्वीपहरूको व्यवस्थापन गर्नुभएको, सृष्टि वर्णन, पाताल वर्णन - पाताल, रसातल, सुतल, तलातल, वितल, तल, महातल, लोकवर्णन - आवह, प्रवह, उद्‌वह, संवह, वायुस्कन्ध, परावह, परिबद्ध, ध्रुवलोक, महलोक, जनलोक, तपोलोक, सत्यलोक, विष्णुलोक स्कन्धलोक, उमालोक, शिवलोक वा शिवपुरको उल्लेख गरी त्यहाँ योगमार्गी गुणहरू पाइने हुँदा हिमालयमा बस्नुहुने शिवको प्रसादले शिवलोक बस्न पाउनेहरू मुक्त हुन्छन् भनिएको छ। यसले नेपाल र हिमवत्खण्डको महिमालाई विशेष प्रबर्धन गरेको छ र यसको ज्ञान पाएकाहरू यहाँ आई बस्न चाहना गर्ने हुनसक्छन्। यसलाई आत्मसाथ गर्नसकेमा व्यक्तिको जीवन सुखद हुनसक्ने र मोक्षसाधनामा यसबाट लाभ लिन सकिने देखिन्छ।

यसै प्रकरणमा  हिमालयको विवाह प्रसङ्ग रहेको छ। हिमालयको महिमा, बदरीकाश्रम महिमा, श्रीवर मुक्ति यसैमा छ। बदरीकाश्रम महिमा, गृहस्थ धर्म, विभूति र रुद्राक्षको महिमा (एकमुखेदेखि १५ मुखेसम्मका) भएको बताएइको छ। नित्य रुद्राक्ष र भष्म धारण गर्नेहरू साक्षात् शिवबाट वरदान पाएर दिक्पाल समेत बन्न पाउँछन् भन्ने उल्लेख पाइन्छ। इन्द्र स्वर्गका राजा र मेरु पूर्व दिशाको पालक नियुक्त भएको, अग्निले आग्नेय दिशाको अधिपति हुने वरदान पाएको, यमराजले दक्षिण दिशाको अधिपति हुने वरदान पाएको, मानसरोवरको उत्पत्ति, महिमा, वरुणले दिक्पालत्त्व प्राप्त गरेको, वायुको जन्म भएको, वायुले वायव्य दिशाको दिक्पालत्त्व प्राप्त गरेको, कुवेरले दिक्पालत्त्व प्राप्त गरेको, शिवले तपस्या गरेको स्थानमा देवताहरू गएको, शिवले ईशानलाई ईशानतर्फको दिक्पालमा अभिषेक गरिदिएको र धुव्रले धुव्रलोक प्राप्त गरेसम्मका कुराहरू सरल भाषामा प्रस्तुत गरिएका छन्। सरसर्ती यो पुस्तक पढ्दै गर्दा नेपालका त्यस्ता स्थान, पौराणिक विषय, आध्यात्मिक महत्त्वका आस्था केन्द्रले मनलाई पुलकित पार्दै तिनै देवालय दर्शनार्थ पुगौँ, तीर्थधामको यात्रा गरी आनन्द र शान्ति प्राप्त गरौँ जस्तो लाग्छ।

यसको दोस्रो प्रकरणमा देवासुर संग्रामको चर्चा छ । यसमा मयले दै त्यहरूलाई विशिष्ट रथहरू बनाएर दिएको, विश्वकर्माले देवताहरूलाई विशिष्ट रथहरू बनाएर दिएको, इन्द्रपदबाट देवता युद्ध गर्न निस्किएको, देवासुर युद्ध, अग्नि र जयन्तको साथै निऋति र कालको पराजय भएको, वायुको, कुवेर र विश्वकर्माको युद्ध, देवताहरूको पलायन, दधीचिको सहयो गले देवतालाई स्वर्ग प्राप्ति एवं हिरण्याक्ष-वध, भएसम्मको चर्चा गरिएको छ । यी कुराहरूले पनि पाठक र श्रद्धावनत व्यक्तित्त्वमा सकारात्मकता र नकारात्मकताको विषय विश्लेषणमा एक प्रकारको उर्जा थपिदिन्छ । प्रस्तुत ग्रन्थले नकारात्मकताबाट जोगिन र सकारात्मक सोच, चिन्तन र व्यवहारमा प्रवृत्त हुन प्रेरित गर्छ ।

यसको तेस्रो प्रकरणमा कामाख्या, कौशिकी, गण्डकीको महिमाको उल्लेख छ । यसमा कामरूप, सुन्दरपर्वत र वराहपर्वतको महिमा बताइएको छ । कामाख्या, वराहको महिमा र कोकाख्यान, कामाख्याको वर्णन, पार्वतीले कठोर तपस्याद्वारा शिवसाधना गरेको, पार्वतीले गर्नुभएको शिवभक्ति र व्रत, पार्वतीको कठोर तपस्याको निरन्तरता, पार्वतीले गर्नुभएको स्त्री-धर्म (व्रत) महिमा, महिना पिच्छेका स्त्री धर्मव्रतको फल, कौशिकी (सप्तकोशी) आविर्भावको इतिहास छ । पार्वती प्रकट भएर आफ्नै सात थरी १. शुभसेवा (दुर्गारूप), २. पापघ्नी (चण्डी रूप), ३. भद्रावली (शिवदूती रूप), ४. महाप्रभा (कपर्दिनी रूप), ५. वरदा (वाराही रूप), ६. दुःखघ्नी (शची रूप) र ७. सत्यवाहिनी (गौरी स्वरूप) को उत्पत्ति भएको उल्लेख छ । यिनै देवीले नदीको तिरमा हिम स्वरूप भएर आदिलिङ्ग रहने बताउनुभयो । त्यति भनेर देवी अन्तर्ध्यान भएको, कुशिक पनि आदिलिङ्ग भएतिर गएको, तिनै सप्तकोशीमा स्नान र आदिलिङ्गको दर्शनले शक्तिशाली बनी देवतालाई पनि जित्न सकेको, चण्डमुण्ड, शुम्भ निशुम्भ आदिलाई वध गर्नुभएको उल्लेख छ । यस ग्रन्थमा सप्तकोशीको महिमा र विशेष दिनमा स्नानको फल बताइएको छ । यस्तै गण्डकी नदी र देवघाट धामको महिमा, हलाहल विषको प्रसङ्ग, नीलकण्ठ (गोसाइकुण्ड), भैरवकुण्ड, विष्णुकुण्ड, ब्रह्मकुण्ड महिमा, त्रिपुर विजय, विश्वधारा महिमा र हिरण्यकशिपु वध, सतप्रभा

नदी, विश्वामित्रको तपस्या एवं ब्राह्मण महिमा, रत्नधामसँगै ७ अप्सराको तपस्सिद्धि, दुग्धप्रभा महिमा, तारक वध गर्न कुमारलाई सेनापति बनाएको, कालीगण्डकी एवं शालिग्राम महिमा (२४ भन्दा बढी चिह्न, रङ, चक्रअनुसार) शालिग्रामको महत्त्व बताइएको छ । मुक्तितीर्थको बयान, वदरीकाश्रम महात्म्य र अलकनन्दाको उत्पत्ति, पार्वतीबाट विष्णु ठगिनु, पार्वतीले शिवको तपस्या गरेर विवाह गर्ने वरदान लिनु, शिव-पार्वती विवाह, दैत्यराज बलि पाताल जानु, विभिन्न तीर्थका नाम र महिमाको जानकरी पाइन्छ ।

यस्तै प्रकरण चारमा मुख्य रूपमा नेपाल महात्म्यको परिचर्चा छ । यसमा देवता र दैत्यलाई दुर्वासाको श्राप, भगवान्को ब्रह्मावतारको कथा, जातिस्मरणतीर्थ, ब्रह्मतीर्थ महिमा, लिङ्गतीर्थ महिमा, शिव-विष्णुदूत संवाद, नेपालस्थित धर्मतीर्थ महिमा, हिमालय मुनिको तपस्या एवं नेपाल महिमा, पाशुपतक्षेत्र महिमा, ज्योतिर्लिङ्ग उत्पत्ति-कथा, कामधेनु, केतकी र जपापुष्पलाई श्राप, पशुपति स्थावरलिङ्ग आविर्भाव, नन्दीकेश्वरलाई शिवको वरदान, श्लेष्मान्तकमा मृगरूपी शिवको क्रीडा, ब्रह्मादि देवता शिवलाई खोज्दै श्लेष्मान्तक जानु, ब्रह्मा, विष्णु र इन्द्रले शिव-मृगको सिङमा समात्नु, शिवसहस्र नाम, मृगरूप शिवका निर्देशनहरू, गोकर्णमा र ावणको तपस्या र सिद्धि, दक्षिण गोकर्णेश्वर महात्म्य, वाग्वती (वाग्मती) को उत्पत्ति कथा , शंखमूल तीर्थ महिमा, वाग्मती महिमा र शंखमूल स्नानफलको चर्चा गरिएको छ ।

प्रकरण पाँचमा चौसट्ठी लिङ्गको उल्लेख छ । यसमा विरूपाक्षको तीर्थ यात्रा, दुर्गातीर्थ महिमा, भीमेश्वर महिमा, काफीश्वर महिमा, कश्यपे श्वरलिङ्ग महिमा, स्फटिकेश्वर (गोपदेश्वर) कान्तितीर्थ महिमा, उग्रतीर्थ एवं चण्डेश्वर महिमा, धनेश्वर महिमा, विकटेश्वर एवं पुष्पतीर्थ महिमा, शचीतीर्थ एवं इन्द्रेश्वर शिवलिङ्ग महिमा, भालेश्वर महिमा, सिद्धतीर्थ र गुप्तेश्वर महिमा, मातातीर्थ, गुप्तेश्वर, तिलेश्वर आदि तीर्थमहिमा, चम्पके श्वर महिमा, प्रभातीर्थ एवं रामेश्वर महिमा, कालेश्वर महिमा, नटेश्वर

महिमा, उद्दालकेश्वर महिमा, गोपालेश्वर एवं व्याघ्रतीर्थ महिमा, ब्रह्मतीर्थ एंव चम्पकेश्वर महिमा, उन्मत्तेश्वर महिमा, नन्दीतीर्थ एंव नन्दीकेश्वर महिमा, गोखुरेश्वर शिवलिङ्ग महिमा, पाण्डुकेश्वर महिमा, गालवतीर्थ एवं चित्रकूटेश्वरलिङ्ग महिमा, असितेश्वर महिमा, भैरवेश्वर महिमा, ब्रह्मेश्वर महिमा, स्कन्द तीर्थ र स्कन्देश्वर महिमा, नृसिंह तीर्थ र रुद्रेश्वर शिवलिङ्महिमा, मणिचूडेश्वर र वज्रयोगिनीको महिमा, योगगङ्गा योगेश्वरी महिमा, नारायणतीर्थ एवं नारायणलिङ्ग महिमा, योगतीर्थ एवं ज्योतिरूप शिव महिमा, वीरानदी एवं वागीश्वर शिवमहिमा, कीलेश्वर लिङ्ग दर्शन एवं मुर राक्षस वध, कीलेश्वर महिमा, वीरभद्रतीर्थ र वाल्मीकीश्वर लिङ्ग महिमा, मङ्गलेश्वर महिमा, विमलेश्वर महिमा, अनन्तेश्वर लिङ्ग महिमा, वृद्धगङ्गा एवं विश्वरूपेश्वरलिङ्ग महिमा, सोमलिङ्ग महिमा, गोश्रृङ्गतीर्थ एवं गोभराटेश्वर लिङ्ग महिमा, भृङ्गेश्वर महिमा, त्रिलिङ्गेश्वर महिमा, सर्वेश्वरलिङ्ग महिमा, रुद्रतीर्थ एवं गोलोकेश्वर महिमा, मीनतीर्थ (मातातीर्थ) महिमा, यक्षतीर्थ एवं यक्षेश्वर लिङ्ग महिमा, पिण्डारक तीर्थ एवं चण्डिकेश्वर लिङ्ग महिमा, धर्मेश्वर महिमा, पितामहतीर्थ एवं गोकर्णेश्वर महिमा, हनुमानतीर्थ महिमा, रुद्रधारा, शंखमूल, वाग्मती, कोटेश्वर आदि महिमा, वाणेश्वर लिङ्ग महिमा, मयूरतीर्थ एवं ज्ञानेश्वर/चरणेश्वर महिमा, ज्ञानकूप एवं पर्वतेश्वर महिमा, जलेश्वर शिवलिङ्ग महिमा, गुह्यकाली सहस्रनाम, गुह्येश्वर र गुह्येश्वरी महिमा, मृगस्थली एवं त्यस वरपरका तीर्थहरू, किरातेश्वर शिवलिङ्ग महिमा, अर्जुनलाई वरदान, भष्मेश्वर महिमा, भुवनेश्वर महिमा, रुद्रगारेश्वरलिङ्ग महिमा, पशुपति नजिकका विभिन्न लिङ्ग र वासुकिलाई वरदान, पशुपति लिङ्ग महिमा (माथिल्लो ईशान मुखमा - सूर्य र चन्द्रमा, पूर्वको तत्पुरुष मुखमा - ब्रह्मा, दक्षिणको अघोर मुखमा - विष्णु र वायु, पश्चिमको सद्योजात मुखमा- गणेश, उत्तरको वामदेव मुखमा- पार्वती) गाइएको छ ।

वाग्मती किनारमा रहेका अन्य तीर्थ र फल, वाग्मती किनारका तीर्थहरू उल्लेख गरिएको छ ।

प्रकरण ६ पाशुपत क्षेत्रवर्णनः वाग्मती नदी महिमा, देवताहरू सत्यवतीपुरी (नेपाल) आएर फर्कनु, धर्मदत्तको शिवलोक यात्रा, मृगरूप शिवको आख्यान, पशुपतिपुरी महिमा, बज्रनाभलाई ब्रह्माको वरदान, इन्द्रदमनको विजय, वाग्मतीमा बाँध बाँध्नु, प्रभावतीलाई प्रद्युम्नसँग विवाह हुँने पार्वतीको वरदान, कृष्णले छोराहरूलाई नेपालका तीर्थयात्रा गराउनु, स्कन्द अगस्त्य संवाद, प्रभावतीको सपना र प्रद्युम्नको नररूप, प्रभावती हरण, इन्द्रदमन (शक्रताप) ले कृष्ण र प्रद्युम्नलाई मार्ने कुरा गर्नु, कौस्तुभमणि हरण गरी प्रभावती फिर्ता लैजानु, प्रद्युम्नलाई वाग्मती देवीको वरदान, शङ्खासुर वध, दानासुर वध, कुम्भोदर, निकुम्भ लगायत इन्द्रदमनका सेनाको वध, इन्द्रदमन वध, वाग्मती सहस्रनाममा १०४२ सम्म क्रम रहेको र थप ८ नामको पनि उल्लेख गरेको पाइन्छ) । यसैगरी कच्छपासुर वधको वर्णन र वाग्मती शुद्ध भएर बग्ने कुराको पनि चर्चा गरिएको छ ।

नेपालका तीर्थहरूको यहाँ विस्तृत विवरण गरेको पाइन्छ । यसैगरी यहाँ प्रद्युम्न - प्रभावती विवाह, दैत्यले लुटेका सम्पत्ति हेर्नु, भगवान्ले सबै लाई सम्पत्ति फिर्तादिनु, इन्द्र स्वर्ग जानु, भगवान्सहित यादवहरू द्वारका जानु, भगवान शिवका १०८ नाम (११६ नाम) दिइएको छ। यस्तै शिवका थप नाम पनि यस महापुराणमा समाविष्ट भएको कुरा स्पष्ट पारिएको छ ।

प्रकरणगत केही विषयको सामान्य उल्लेख गरी यसमा नेपालसम्बद्ध महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्त्वका स्थान, तीर्थ, नदी, देवताका विभिन्न रूपको उत्पत्तिस्थल मानिएका पुण्यधामको र महिमाको जानकारी दिइएको छ ।

वस्तुतः हिमालय नै मूल केन्द्रमा रहेको र त्यसका वरिपरि नै महिमामण्डित पुण्यधाम रहेको कुरा हिमवत्खण्डको मुख्य विषय बनेको छ। यो देवताहरूको आलय, शिवको विश्रामस्थल, तपस्वीहरूको तपस्यालय, अनन्द प्राप्तिको अगणित महिमालय हो भन्ने मानिएको छ । यसको अटलताको पक्ष हेर्ने हो भने हजारौँ वर्षदेखि अहिलेसम्म कुनै परिवर्तन वा विकार छैन, सदा उस्ता उस्तै । जीवनको चञ्चलतामा मान्छेले शान्तिको खोजी गर्दै

अविचल आस्थाको आधार हिमालयमा पाउँछ । यो साधकहरूको आश्रयस्थल हो, मुक्ति चाहनेहरूले पनि यहीँ आश्रय लिन चाहन्छन् । हिमालय जीवनका रहस्यहरूले भरिएको छ । कठोरता बाहिरी स्वरूपमा देखिए पनि भित्रभित्रै उत्तिकै कोमल देखिन्छ । वास्तवमा हिमाल मानवको मात्र नभएर चराचर सबैको नै आस्था, श्रद्धा र आधारको केन्द्र मानिन्छ ।

यस अतिरिक्त यो हिमवत्खण्डको सारसंक्षेपका माध्यमले यसका लेखकले संस्कृत भाषामा सहज गति नहुने, ठूलो ग्रन्थ स्वयं किनेर वा कतैबाट उपलब्ध गरी पढि सिध्याउन पनि विविध किसिमका बाधा हुने अवस्थाका सामान्य श्रद्धालु, जिज्ञासु व्यक्तिहरूका लागि सहज र सुलभ होओस्, धेरै कुराको जानकारी थोरैमा होओस् र छोटो समयमा नै महत्त्वपूर्ण ज्ञान प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले यो प्रयास गर्नुभएको देखिन्छ । हुन पनि यो पुस्तक हिमवत्खण्डबारे जान्न चाहने विद्यार्थी, शिक्षक, प्राध्यापक, शोधकर्ता, सर्वसाधारण अध्येता जोकोहीका लागि पनि उपयोगी छ ।

यस किसिमको कृति तयार गरी सर्वसुलभ बनाउने चाहना र पौराणिक विषयलाई सरल नेपाली भाषाका मध्यमले सर्वसाधारणको पहुँचमा पुऱ्याउने सदिच्छामा यसका लेखक डा.बद्री पोखेललाई सफलता मिलोस् र आगामी दिनमा पनि यस्तै कार्य गर्न थप उत्साह र प्रेरणा प्राप्त भइर होस्, हार्दिक शुभकामना ।

# हिमवत्खण्ड संक्षेप र कृतज्ञता

समस्त पुराण साहित्यमा स्कन्द महापुराणको मेरूखण्ड अन्तर्गत मानिने हिमवत्खण्ड आर्यावर्तका समस्त हिमालय क्षेत्रको विशिष्ट सम्पत्ति हो । झण्डै लोप हुन लागेको दुर्लभ यसको पाण्डुलिपी खोजेर वर्तमान आकार दिने महामना योगी नरहरिनाथ (वि.सं. १९७२-२०५९) नभएको भए अठार महापुराण श्रृङ्खलाको स्कन्द महापुराणबाट यो खण्ड हराउन पनि सक्थ्यो होला । धेरैतिर खोजेर भेटिएसम्मका पाण्डुलिपिबाट ग्रन्थ तयार भएकाले यो नै पूर्ण हो भन्न सकिँदैन । भविष्यमा पनि यसका अरू पाण्डुलिपि भेटिन र ग्रन्थको आकार परिवर्तन हुनसक्ने सम्भावना सजीव छ । जम्मा एकसय अठासी अध्याय भएको अहिलेसम्म प्राप्त यो दुर्लभ ग्रन्थको श्लोकैपिछेको नेपाली अनुवाद यसअघि नै विभिन्न विद्वान्हरूबाट भइसकेको छ । तर यो विशाल संस्कृतमा लेखिएको ग्रन्थ भाषागत दुरूहतालाई हटाएर पढ्न समय दिन कठिन हुने भएकाले अरू बाँकी पुराण जस्तै यसको पनि अध्यायपिछेको नेपाली सारांश तयार गरी प्रकाशन गरिएको हो ।

आधुनिक नेपालको प्राचीन नक्सा र हिमवत्खण्डको सम्पूर्ण इतिहास अध्ययन गर्दा यस ग्रन्थमा उल्लेख भएका सबैजसो भूक्षेत्र नेपालको सीमाभित्रै भएको पाइन्छ । राजनीतिक विभाजन र विभिन्न कालखण्डमा भएका युद्ध र सन्धिपछि नेपालको सीमाना संकुचित भएको स्पष्ट हुन्छ । यस ग्रन्थले भूगोलको मात्र वर्णन नगरेर संस्कृत, कला, जनजीवन, तीर्थ, नदी, पहरा, शिखरहरूको समेत सूक्ष्म तबरले वर्णन गरेकाले इतिहास, भूगोल, मानवशास्त्र, कलाकौशल, वनस्पति, जीव, चराचुरूङ्गीहरूका समेत थप अध्ययन गर्न सजिलो बनाइ दिएको स्पष्ट हुन्छ ।

भारतीय विद्वानहरूले बेलाबेलामा थपेर प्रकाशन गरेका पुराण ग्रन्थहरूमा स्कन्द महापुराण अन्तर्गतका मानसखण्ड, हिमवत्खण्ड, अम्बिकाखण्ड

जस्ता अत्यन्त महनीय ऐतिहासिक, आधिकारीक खण्डहरू नपर्नुले हिमालय र नेपालसँगको नातालाई छुट्याउन खोजेको हो कि भन्ने पनि लाग्न सक्छ । विद्वान्हरूको सोच त्यति संकुचित नहुनुपर्ने हुँदा पछि भेटिएका खण्डहरू साँच्चिकै दुर्लभ नै भएका र त्यस्ता दुर्लभ ग्रन्थहरू नेपाली अनुसन्धाता विद्वान्हरूको खोजीबाट पत्ता लागेको पनि हुन सक्छ । जेहोस् विद्वान्हरूको सत्प्रयासबाट स्कन्द महापुराण अझ पूर्ण हुँदै आएको देख्न पाउँदा पुराण प्रेमीहरूमा अत्यन्त प्रसन्नता जागेको छ । यसमा थप अनुसन्धान हुनुपर्छ ।

स्कन्द महापुराणको मानसखण्ड, केदारखण्डले पनि प्राचीन नेपालको झलक राम्रोसँग दिएको छ भने यो खण्डमा वर्णन भएका विषयले कालान्तरमा नेपाली वीरहरूको प्रयास र जनचाहना उम्लिएमा र उर्लिएमा आफ्नो ऐतिहासिक सीमाना खोजि गर्न पनि सहज हुनेछ ।

स्कन्द महापुराणको यो हिमवत्खण्डमा प्रथम देवता देवादिदेव महादेवको चर्चा पाइन्छ । यसमा पार्वतीको जन्म, शिवसँगको विवाह, देवासुर संग्राम, मानसरोवर, कौशिकी महिमा, विश्वधारा महिमा, दुग्घप्रभा, कृष्णप्रभा, कालीगण्डकी, मुक्तिक्षेत्र, ब्रह्मतीर्थ आदिको वर्णन छ । यस्तै शिवका लिङ्ग तीर्थको महिमा र शिवले लिनुभएका विभिन्न रूप पनि यस खण्डमा वर्णन गरिएका छन् । यसबाहेक विष्णुले बराह रूप लिनुभएको प्रसङ्ग, शिव, गुह्यकाली र बाग्मतीका सहस्रनाम, गंगा महिमा, नेमुनिको साधना र सिद्धि, इन्द्रको स्वर्ग गमन, यादवहरूको द्वारका आगमनसम्मका प्रसङ्गहरू पनि हिमवत्खण्डमा समेटिएका छन् ।

महापुराणहरूको अध्यायपिछे सारांश खिच्ने शिलशिलामा स्कन्द महापुराणका शैव, वैष्णव, ब्राह्म, काशी, मानस, केदार, अम्बिका खण्डहरूको नेपाली सारांशहरू यसअघि नै प्रकाशित भइसकेका छन् । बाह्र हजार नौसय तीन श्लोकको यो हिमवत्खण्ड समेत गण्ना गर्दा स्कन्द पुराणमा भएका एकासी हजार श्लोक सङ्ख्याको अनुवाद लगभग पूरा भइसकेको छ ।

स्कन्द महापुराणका प्रभाष, अवन्तिका, नागर, उत्कल, रेवा, ब्रह्मोत्तर आदि खण्डहरूसमेत जोड्दा पुराण परम्परामा उल्लेख भएको एकासी हजार एकसयको सङ्ख्या नाघ्ने स्पष्ट छ । जेहोस् अहिलेसम्मको अनुवाद उल्लिखित सङ्ख्याभन्दा कम नहुने भएकाले शास्त्रीय र लौकिक दुबै दोषबाट मुक्त हुन पाइने विश्वास गरेको छु । अनुवादको क्रममा निरन्तर दश वर्षसम्म लागिरहँदा स्वास्थ्यमा समेत प्रतिकूलता देखिएर जटिल शल्यचिकित्सकीय पद्धति बेहोर्नु परेको तथ्यलाई मनन् गर्दा आगामी दिनमा शरीरले साथ दिएमा उल्लिखित बाँकी खण्डहरूको अनुवाद पूरा गर्ने तथ्य पनि प्रिय पाठक समक्ष प्रस्तुत गरेको छु ।

प्रस्तुत स्कन्द महापुरणको हिमवत्खण्डको भूमिका लेखेर ग्रन्थको गरिमा र महिमालाई उजागर गरिदिनु भएकोमा १००८ स्वामी डा.केश्वानन्द रिरिलाई हृदयतः साधुवाद टक्र्याउँछु । यसैगरी ग्रन्थका विषय, महिमा र नेपाली अनुवादको महत्त्व प्रतिपादन गरी आम नेपाली पाठकहरूमा उत्सुकता जगाउँदै भूमिका लेखि दिनुहुने विदुषीहरू प्रा.डा. वीणा पौड्याल र प्रा. डा. प्रियंवदा काफ्लेलाई पनि हृदयतः कृतज्ञता र धन्यवाद अर्पण गर्दछु । यति लामो समय लगाएर सबै महापुराणहरूको प्रकाशन गर्न घचघच्याइ रहने सज्जनहरू प्रा.डा. ऋषिराम पोखरेल, हरिहर प्रदिप घिमिरे, ग्रन्थ सम्पादन गर्ने विद्वान् पं. वेदप्रसाद पन्थ, प्रकाशन तर्फको अविभार वहन गर्ने अध्यात्मप्रेमी उद्धवकुमार घिमिरे, अमृतमणि निरौलालाई मुरी मुरी धन्यवाद दिन्छु ।

अहिलेसम्म प्रकाशन भइसकेका सबै महापुराणका प्रकाशक, सम्पादक र भूमिकाकारहरूलाई पनि अभिनन्दपूर्वक धन्यवाद दिन चाहन्छु ।

प्रकाशित महापुराणहरूका :

| प्रकाशन | सम्पादक | भूमिका लेखक | प्रकाशक |
|---|---|---|---|
| अग्नि महापुराण | प्रा.डा. ऋषिराम पोखरेल सह सं. पं.वेदप्रसाद पन्थ | प्रा.डा. ऋषिराम पोखरेल डा. बद्री पोख्रेल | गगनप्रसाद पन्थ, वुटवल |
| मार्कण्डेय महापुराण | डा. बद्री पोख्रेल | प्रा.डा. ऋषिराम पोखरेल | नारायण पन्थ, वुटवल |
| कूर्म महापुराण | डा. बद्री पोख्रेल | डा. हरिहरप्रदिप घिमिरे | तोयनारायण पन्थ, रूपन्देही |
| विष्णु महापुराण | डा. बद्री पोख्रेल | प्रा.डा. वेदमणि भट्टराई | रामलाल पन्थ, गुल्मी |
| वराह महापुराण | डा. बद्री पोख्रेल | प्रा.डा. माधवप्रसाद पोखरेल डा. तुलसी भट्टराई | सालिकराम उपाध्याय घिमिरे, सीतापाइला |
| ब्रह्मवैवर्त महापुराण | डा. बद्री पोख्रेल | प्रा. डा. माधवराज गौतम | सरलादेवी धमला, सीताराम घिमिरे |
| लिङ्ग महापुराण | डा. बद्री पोख्रेल | श्री १००८ स्वामी रूद्रानन्द (ध्रुवश्री) | डा. भुपेश, उमेश, गीता पोखरेल |
| गरूड महापुराण | डा. बद्री पोख्रेल | प्रा. डा. माधवराज गौतम प्रा.डा. ऋषिराम पोखरेल | टीकारम पन्थ, गुल्मी |
| ब्रह्म महापुराण | डा. बद्री पोख्रेल | प्रा. डा. नुरापति पोखरेल | राजेन्द्रकुमार गौतम, रूपन्देही |
| शिव महापुराण | डा. बद्री पोख्रेल | प्रा. डा. विद्यानाथ कोइराला | बाबुराम पन्थ, रूपन्देही |
| श्रीमद्भागवद् महापुराण | डा. बद्री पोख्रेल | श्री १००८ स्वामी रमणानन्द ज्ञानचन्द्र आचार्य | गोपाल (भविश्वर) शर्मा पन्थ, रूपन्देही |
| नारद महापुराण | प्रा.डा. ऋषिराम पोखरेल | प्रा.डा. दीर्घराज घिमिरे | रामकृष्ण भण्डारी, काठमाडौँ |
| पद्म महापुराण | डा. बद्री पोख्रेल | प्रा.डा. ऋषिराम पोखरेल | मन्दाकिनी आचार्य, ललितपुर |

| | | | |
|---|---|---|---|
| स्कन्द महापुराण (१) | डा. बद्री पोख्रेल | श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती | माधवप्रसाद सापकोटा, काठमाडौँ |
| स्कन्द महापुराण (२) | डा. बद्री पोख्रेल | प्रा.डा. माधवप्रसाद भट्टराई | केशवप्रसाद नेपाल, सीता अधिकारी |
| स्कन्द महापुराण (३) | डा. बद्री पोख्रेल | श्री १००८ डा. स्वामी केशवानन्द गिरि<br>प्रा.डा. वीणा पौड्याल<br>प्रा.डा. प्रियंवदा काफ्ले | भगवान्को हात |
| ब्रह्माण्ड महापुराण | डा. बद्री पोख्रेल | प्रा. डा. विष्णुप्रसाद देवकोटा<br>डा. निर्मलमणि अधिकारी<br>डा. नवराज कट्टेल | जयतु संस्कृतम्, अनामनगर, काठमाडौँ |
| भविष्य महापुराण | डा. बद्री पोख्रेल | कमल रिजाल | भुवानीप्रसाद बराल, पोखरा-७ |
| मत्स्य महापुराण | डा. बद्री पोख्रेल | डा. गुरुप्रसाद सुवेदी | श्यामकृष्ण श्रेष्ठ |
| वामन महापुराण | डा. बद्री पोख्रेल | डा. नवराज कट्टेल | केशवराज पन्त |
| Shree Shiva Mahapuran | डा. बद्री पोख्रेल<br>Translator Prof. Dr. Bidyanath Koirala | Mary Bimala Hicks (USA) | शिवप्रसाद अर्याल, मधु अर्याल |

प्रस्तुत ग्रन्थ प्रकाशनको समयमा साजसज्जा र टङ्कन हिमालय गौतमलाई हृदयतः धन्यवाद दिन्छु । यसैगरी सबै घर व्यवहारको जिम्मा लिने श्रीमती उर्मिला, प्रेरणा र साथ दिने छोराहरू भूपेश र उमेश, छोरी गीता, नातिनातिनीहरू सुगत, तरन, वरदान, इरा, तारा, साम्या सबैलाई धन्यवाद दिन्छु । यसैगरी ग्रन्थ प्रकाशन गर्न आर्थिक र वौद्धिक सहयोग गर्ने ..................लाई भगवान्को आशीर्वाद प्राप्त होस् भनी शुभेक्षा व्यक्त गर्दछु ।

प्रिय पाठकहरूले यसअघि प्रकाशित अनुवाद ग्रन्थ जस्तै यसलाई पनि पढि नेपालको प्राचीन भूगोलसहित सम्पूर्ण हिमालय क्षेत्रको बहुआयामिक महत्त्व बुझेर प्रतिक्रिया र सुझाव दिनु भएमा आगामी अङ्कमा सुधार गर्ने नै छु भन्ने वाचासहित विश्राम लिन्छु । अस्तुः

# पुराण प्रारम्भ
# प्रकरण १-हिमालयदिक्पाल

## १. मधुकैटभको जन्म र वध

जसको आत्मा बनेर पार्वती, गणेश, सूर्य, विष्णु र रुद्र रहनुभएको छ, जो पाँच मुख (तत्पुरुष, सद्योजात, अघोर, वामदेव, ईशान) बाट सुशोभित छ, जसले पृथिवी, जल, तेज, वायु, आकाश बनेर निरन्तर, गन्ध, रस, रूप, स्पर्श, श्रोत्रका रूप लिनु भै चराचर युक्त तीन लोकको सृष्टि गर्नुभएको छ, त्यस्ता कल्याणमय पशुपति स्वरूप शिवलाई प्रणाम गर्दछु -

**यस्यात्मा हिमशैलजा गणपतिः सूर्यो हि विष्णुर्हरः ।**<br>
**पञ्चास्यै सुविभूषितः पशुपति तेषां च पञ्चात्मकैः ॥**<br>
**त्रैलोक्यं सचराचरं त्रिगुणजं पञ्चात्मभिः सन्दधे ।**<br>
**योऽजस्रं हि रसादिभिश्च भगवान् तस्मै नमः शम्भवे ॥१॥**

मुनिहरू सूत पौराणिकसँग सोध्छन्- हजुरबाट हामीले धेरै पुराणका कथाहरू सुन्यौँ । अब हामीलाई हिमालयमा तपस्या गर्ने ऋषिहरू, तीर्थहरू र हिमशिखरहरूबारे सुनाइदिनुहोस् । मुनिहरूको प्रश्न सुनेपछि सूत पौराणिक उनीहरूको इच्छाअनुसार कुलपर्वतमा अगस्त्यले स्कन्दसँग जिज्ञासा राखेको प्रसंग सुनाउन थाल्नुभयो –

सर्वप्रथम अगस्त्यको हिमालयको महिमा विषयक जिज्ञासा सुनेपछि स्कन्दले भन्नुभएको थियो- प्रलयकालमा सर्वत्र पानी भएको अवस्थामा भगवान् विष्णु पानीमाथि शेषशैयामा सुतिरहनुभएको थियो । त्यसबेला भगवान्को नाइटोबाट उत्पन्न भएको कमलमा ब्रह्माजी उत्पत्ति भएर शिवको आराधना गरिरहनुभएको थियो । त्यसबेला विष्णुले कान्छी औँलाबाट दुबैकानका कानेगुजी निकाल्नुभयो र समुद्रमा फाल्नुभयो । कानेगुजीबाट मधु र कैटभ नामका दुइजना बलिया डरलाग्दा दैत्य पैदा भए । १० हजार हात्तीको बल भएका, श्यामवर्णका ती दैत्यले वरिपरि को

छ भनेर हेर्दा ध्यान गरिरहनुभएका ब्रह्मालाई देखेर युद्ध गर्न बोलाए । ब्रह्मा डराउनुभयो र ध्यान गरिरहेको छु, व्यवधान नगर भन्नुभयो । ती दैत्यहरूले ब्रह्माको कुरा सुनेपछि भने- हाम्रा हात चिलाएका छन्, हामीसँग युद्ध गर्नुहोस् । नभए कमल सहित तपाईंलाई समाप्त पारिदिन्छौँ । दैत्यदेखि ब्रह्मा डराएर भगवती महामायाको स्तुति गर्नुभयो । महामाया प्रसन्न भएर विष्णुलाई जगाउनुभयो, त्यसपछि दैत्यहरू विष्णुतिर खनिए । विष्णु र दैत्यहरूका बीच लामो युद्ध भयो । दैत्यहरूको युद्ध कुशलता देखेर विष्णु प्रसन्न भएर वरदान माग भन्नुभयो । दैत्यहरूले भने- हामी वीर छौँ, त्यसैले हामीसँग तिमीले वरदान माग । त्यो सुनेर भगवान् विष्णुले मेरा हातबाट मर भन्ने वरदान माग्नुभयो । जतातत्तै पानी मात्र देखेका दैत्यहरूले हामीलाई पानी नभएको ठाउँमा मार भने । विष्णुले उनीहरूलाई आफ्नो काँखमा राखेर सुर्दशन चक्रले वध गर्नुभयो ।

यसरी मधु र कैटभलाई वध गरेपछि उनीहरूको हाड र मासुले पृथ्वी बन्यो । त्यो पृथ्वी दिव्य १० हजार वर्ष बितेपछि गरुङ्गो भयो र पानी भित्र डुब्यो । पृथ्वी बोसो (मेद) बाट बनेकाले मेदिनी नामले प्रसिद्ध भइन् ।

*ब्रह्मा र महामायाले गरेको विष्णुस्तुति पाठ गरेमा सबैको कल्याण हुन्छ ।*

## २. वराहरूपी विष्णुबाट पृथ्वीको उद्धार

समुद्रमा डुवेकी पृथ्वी कसरी बाहिर आइन् भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ- भगवान् विष्णुले आफ्नो नाभीकमलबाट उत्पन्न भएका ब्रह्मालाई सृष्टि गर्न अराउनुभयो । ब्रह्माले पनि जतातत्तै पानीमात्र देखेकाले कहाँ कसरी सृष्टि गरूँ भन्ने चिन्ता लिई शिवको स्तुति गर्नुभयो । स्तुतिबाट प्रसन्न हुनुभएका शिवले तेजपुञ्जको रूपमा दर्शन दिई वरदान माग भन्नुभयो । ब्रह्माले 'सुन्दर सृष्टि रचना गर्नसकूँ' भनेपछि शिवले सबै किसिमका प्राणी सृष्टि गर्नसक्छौ भन्नुभयो । विष्णुलाई पनि पालन गर्न अराउनुभयो र आफूले कालको रूपमा संहार गर्नेछु भन्नुभयो । शिवको

आदेश (वरदान) पाएपछि ब्रह्माले जताततै पानी देखेर रसमय अण्डको सिर्जना गरेर त्यो अण्डलाई आफैँ धारण गर्नुभयो। एकहजार युग बितेपछि ब्रह्माले अण्डलाई ८ भाग हुने गरी फुटाउनुभयो । त्यसरी फुटाएका अण्डलाई पुनः टुक्रा टुक्रा बनाउनुभयो । त्यसरी फुटाएको अण्डको माथिल्लो भागलाई आकाश र तल्लो भागलाई रसातल बनाउनुभयो । पहिले फुटाएको अण्डमा स्वर्ग बनाउनुभयो। त्यसपछि विभिन्न अण्डका टुक्राहरूबाट दिशा, विदिशा, सुन, रत्न, वादल आदि बनाउनुभयो। पहिले फुटाएको उही अण्डरसबाट समुद्रको भेल बग्यो। समुद्रले पृथ्वीलाई चारै तिरबाट ढाक्दै ल्यायो, धेरै भागमा पानी पानी भयो । अण्डको माथिल्लो भागबाट पुरिएको रसबाट सुमेरु पर्वत बन्यो। त्यसबेला डुबेकी पृथ्वीले उद्धारको कामना गरी (नारायण) को स्तुति गरिन् । विष्णुले पृथ्वीको आकांक्षा बुझेर के वरदान चाहियो भन्नुभएपछि पृथ्वीले पति बनिदिनुहोस् **(दातव्यमिति मे देव पतित्वं च वरोत्तमम् - ६६)** भनिन्। विष्णुले तथास्तु भन्दै तिमीले गरेको स्तुति पाठ गर्ने मानिसका शत्रुहरू नाशिने छन् पनि भन्नुभयो।

पृथ्वीलाई त्यस्तो वरदान दिएपछि विष्णुले वराह रूप लिनुभयो र दारामा पृथ्वीलाई राखेर पानीबाट बाहिर निकाल्नुभयो। त्यसपछि ब्रह्माले पृथ्वी जल तेज वायु आकाश पञ्चतत्त्वको उपयोग गरी सृष्टि गर्न थाल्नुभयो।

## ३. द्वीप, पर्वत र समुन्द्रहरूको वर्णन

वराहरूपी भगवान् विष्णुले उद्धार गरेको पृथ्वीमा ब्रह्माले सप्तद्वीपहरू (जम्वु, प्लक्ष, शाल्मली, कुश, क्रौञ्च, शाक र पुष्कर) को सृष्टि गर्नुभयो। जम्वूद्वीपलाई मध्यवर्ती बनाएर क्रमशः अरू द्वीपहरूको व्यवस्थापन गर्नुभयो। जम्वूद्वीप ५० करोड योजन चौडाइ र ९ योजन उचाइको छ। यो द्वीप क्षारोदधि समुद्रले बेरिएको छ। जम्वूद्वीपभन्दा दुईगुना ठूलो प्लक्ष द्वीप छ । यस द्वीपलाई इक्षुरसोद समुद्रले बेरेको छ । त्यसको दुईगुना ठूलो शाल्मली द्वीप छ। यस द्वीपलाई सुरोद समुद्रले बेरेको छ। शाल्मली

द्वीपभन्दा दुईगुना ठूलो कुशद्वीप छ। यस द्वीपलाई घृतोद समुद्रले बेरेको छ। कुशद्वीपभन्दा २ गुना ठूलो क्रौञ्च द्वीप छ। यस द्वीपलाई क्षीरोद समुद्रले घेरेको छ। क्रौञ्च द्वीपभन्दा दुईगुना ठूलो शाक द्वीप छ। शाक द्वीपलाई दधिमण्डोद समुद्रले घेरेको छ। शाक द्वीपभन्दा दुईगुना ठूलो पुष्कर दीप छ। यस द्वीपलाई स्वादूदक समुद्रले घेरेको छ। यसरी सात द्वीप र सात समुद्रले युक्त भएको पृथ्वी (लोक) को उत्पत्ति भयो। सबै द्वीपको मध्यभागमा रहेको जम्बुद्वीप सुवर्णमय तेज, नाना किसिमका धातुहरू, लता, पुष्प वृक्षहरूले र १० हजार सूर्यको तेज समान वृक्षहरूले सुशोभित एवं १० हजार सूर्यको तेज समान प्रकाशमान् छ। जम्बुद्वीपको माझमा चौरासीलाख योजनमा फैलिएको सुमेरु पर्वत छ। सुमेरुपछि ब्रह्माले १६ लाख योजन फराकिला ४ वटा शिखर बनाउनुभयो। पूर्वमा सुनको, दक्षिणमा फलामको, पश्चिममा चाँदीको र उत्तरमा तामाको शिखर बनाएर क्रमशः रत्न र सुनहरूले सजाउनुभयो। सुमेरु पर्वतका शिला, गुफा, फूल, कुञ्ज, तलाउ, नदी पनि अत्यन्त सुन्दर छन्।

यसैगरी पूर्वमा अरुण, महेन्द्र, मलय, रत्नकूट आदि पर्वत र पहाड सिर्जना भएर पूर्वतिरको चित्रसानु पर्वतमा भगवती आफ्ना ६४ गण र एक करोड योगिनीका साथमा बस्न थाल्नुभयो। चित्रसानुको उत्तरमा भएको अत्यन्त सुन्दर कैलाश पर्वतमा भगवान् शिव आफ्ना ६४ गणका साथमा बस्न थाल्नुभयो। हिमालयको दक्षिण भागमा अवस्थित बदरीकाश्रम शिखरमा विष्णु बस्न थाल्नुभयो। ब्रह्माले सृष्टि गरेको यसै हिमालय क्षेत्रबाट ब्रह्मपुत्र, हैमवती, अलकनन्दा, रेवा, सरयु, गण्डकी, कोशी, वाग्मती आदि नदीहरू बगेर सबै क्षेत्रलाई सुन्दर बनाउन थाले।

त्यसपछि इन्द्रले उड्ने गरेका पर्वतहरूको पखेटा काटेर सधैंको लागि स्थिर बनाइदिनुभयो। त्यसभन्दा अगाडि पर्वतहरू पनि उड्न सक्तथे।

## ४. सृष्टि वर्णन

सृष्टिलाई कसरी अगाडि बढाऊँ भन्ने चिन्तन गरी ब्रह्माले शिवको स्तुति गर्नभयो । ब्रह्माको स्तुतिबाट प्रसन्न भएर शिवले ज्योतिरूप धारण गरी दर्शन दिएर वरदान 'माग्न' भन्नुभयो । ब्रह्माले भन्नुभयो- जताततै अन्धकार छ, म कसरी सृष्टि गरौँ ? मैले सृष्टि गरेका वस्तु/प्राणीहरू कसरी अन्धकारमा बस्छन् ? त्यसैले उज्यालो बनाइदिनुहोस् । ब्रह्माको आग्रह सुनेर शिवले सूर्यको सिर्जना गर्नुभयो । त्यसैबीच भगवान्ले एक्काईस आँखा र चारहात भएका पुरूष सृष्टि गरी ब्रह्मालाई भन्नुभयो- हे ब्रह्मा ! मेरो रूप तपाईं हो र तपाईंको रूप विष्णु हो; यसैगरी मेरो रूप तपाईं हो र तपाईंको रूप मेरो हो। हामीमा कुनै भेद छैन **(तेन तस्य न भेतव्यं सत्यं सत्यं वदाम्यहम्)** बुझ्नुहोस् । त्यसपछि ब्रह्माले विष्णु रूपी शिव, शिव रूपी विष्णु भनी ज्योतिरूप विष्णुको स्तुति गर्नुभयो । ब्रह्माको स्तुतिबाट प्रसन्न भएपछि विष्णुले पनि वरदान माग्न भन्नुभयो । साथै अव रसातल गएर इच्छानुसार सृष्टि गर्न निर्देश गरी आफू पनि सँगै सृष्टिमा लाग्नेछु भन्नुभयो ।

त्यसपछि ब्रह्माले सृष्टि गर्न थाल्नुभयो । पहिले ॐ सृष्टि गर्नुभयो । त्यसपछि स्वर, मात्रा, वर्ण र २४ अक्षरले युक्त महादेवी सावित्री (गायत्री) को सृष्टि गर्नुभयो । सृष्टिकै क्रममा ब्रह्माले ४ पाउयुक्त तत्पद, नाद, छन्द सहित ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेदको सृष्टि गर्नुभयो । त्यसैबेला भगवान्ले सनक, सनातन, सनन्दन र सनतकुमारको सृष्टि गर्नुभयो । ब्रह्माले कपिलमुनिको, सुप्रसिद्ध सप्तऋषि (मरीचि, अत्रि, पुलस्त्य, पुलह, क्रतु, भृगु, अंगिरा), जैगिषव्य, मनु, असित, देवल, पितृ, मानिस, देवता, असुर, राक्षस आदिको सृष्टि गर्नुभयो । सप्तऋषिहरूले चराचर जगतको सृष्टि गर्नुभयो ।

यसैबीच अगस्त्यले शिवशक्तिले जगत पूर्ण, छ भनिएकोमा शक्तिविना कसरी सृष्टि सम्भव भयो, भनेर सोधेपछि स्कन्दले भन्नुभयो- सृष्टि, स्थिति

र प्रलयमा तीन देवताको मुख्य चरित्र हुन्छ। विष्णुले संसारको सृष्टि गर्न शिवको ध्यान गर्नुभयो। त्यसबेला शिव विष्णुको मुखबाट पुरुषको रूपमा निस्केर सोध्नुभयो- किन ध्यान गर्नुभयो। विष्णुले आत्माको सृष्टि गर्न निर्देश गर्नुभयो। ती पुरुषले आत्माको सृष्टिबारे विचार गर्दा पानी सृष्टिभयो। पानीबाट पृथ्वी र पहाड, पडाडबाट औषधीहरू, मनबाट चन्द्रमा आँखाबाट सूर्य, कानबाट वायु, मुखबाट अग्नि, नाकबाट आकाश, शिर बाट स्वर्ग सृष्टि भए। ब्रह्माजीको दाहिने औंठाबाट दशदिशा र गोडाको अग्रभागबाट दक्षप्रजापति पैदा भए। हातको वाँया औंठाबाट दाक्षायणी (दक्षपत्नी) पैदा भइन्। तिनै पुरुषका मुखबाट ब्राह्मण, हातबाट क्षत्रिय, तिघ्राबाट वैश्य र गोडाबाट शूद्र पैदा भए। दाक्षायणीले ६० वटी कन्या पैदा गरिन्। तिनीहरूबाट इन्द्रादि देवता, हिरण्यकशिपु आदि दैत्य र अरू प्राणीहरूको सृष्टि भयो।

## ५. पाताल वर्णन

अगस्त्य सोध्नुहन्छ- पातालको क्षेत्रफल कति हो, सुमेरुपर्वत र सात लोकलाई धारण गर्ने को को हुन्, सबै बताइदिनुहोस्। स्वामी कार्तिक (स्कन्द) भन्नुहुन्छ- भगवान् विष्णुले कूर्म (कछुवा) को रूप धारण गर्नुभयो र त्यस कछुवा माथि चौध भुवनको व्यवस्था गर्न महाकालेश्वर बन्नुभयो। यसैबीच ब्रह्माले सुमेरुपर्वत सृष्टि गरेर चौध भुवनलाई धारण गर्ने बनाउनुभयो। त्यसको बीचमा जम्वुद्वीप छ, जसको बारेमा चर्चा भइसकेको छ। द्वीपको अन्त्यमा शेषावतारको गहना भएर रहेको पाताल भवन छ। त्यो सबैभन्दा तल छ। पाताल भवनसहित अन्य भवनहरूको वर्णन निम्नप्रकार रहेको छ :

### १. पाताल भुवन

पातालको क्षेत्रफल ५० करोड योजन विस्तृत र १७ लाख योजन

उचाइ भएको छ। त्यहाँ नागराज वासुकि शिवपूजा गरेर बस्नुहुन्छ। त्यहीँ दैत्यराज वलि बस्तछन्। ब्राह्मणहरूले अशुद्ध वाक्य उच्चारण गरेर दिएको दोषी अन्न तिनै वासुकिले खान्छन्।

## २. रसातल भुवन

पाताल पछि रसातल छ। ढुङ्गै ढुङ्गाको खातले बनेको अत्यन्त उज्यालो रसातलमा महापद्म नाग छन्। महापद्मले फणामा पृथ्वीलाई धारण गरेका छन्। नागले सधैँ शिवको पूजा गर्छन्। पृथ्वीमा मानिसहरूले धर्म, उपवास नगरेका अवस्थामा पृथ्वी पापको भारले थिचिन्छ। त्यसबेला नागराज महापद्म लामो सास फेर्छन् र भूकम्प जान्छ भनिन्छ। त्यसै भुवनमा सुलोमा नामका दैत्य पूजा गरेर बस्छन्। ती दैत्य कपालका रौंले दूषित भएको अन्न, समय बितेपछि खाएको भोजन र अश्रद्धाले दिएको वस्तु खान्छन्। शिवको पूजाले उनी वरदान पाउँछन्।

## ३. सुतल भुवन

रसातल भन्दा तल नागहरू बसेको दिव्य आभरणयुक्त सुतल लोक छ। सुतल ५० करोड योजन चौडाइ र १० लाख योजन उचाइको छ। त्यहाँ तक्षकनाग अन्य नागहरूका साथमा शिवको आराधना गरेर बसेका छन्। पृथ्वीमा दान नगरेका पापले पृथ्वी भाराक्रान्त हुँदा तक्षक थिचिएर सास फेर्छन्। त्यसबाट भूकुम्प जान्छ, मानिसहरू दरिद्र बन्छन्। त्यहाँ कालनेमि दैत्य सुवर्णमय भवनमा बस्छन्। उनी हातगोडा नधोइ भोजन गर्दाको पाप ग्रहण गर्छन्। ती दैत्यले दिव्य हजार वर्ष शिवको तपस्या गरेर वरदान पाउँछन्।

## ४. तलातल भुवन

सुतलभन्दा मुनि तलातल भवन छ। ५० करोड योजन फैलावट र १० लाख योजन उचाइ भएको तलातलमा कर्कोटक नाग शिवपूजा

गरेर बस्छन् । स्नान, दान नगरेको पापले पृथ्वी आक्रान्त हुन्छिन् । त्यसले छिचेपछि कर्कोटकले फेरेको लामो सासले पृथ्वी हल्लिन्छ । त्यो कम्पले अनिकाल, सहकाल आदिको सूचना दिन्छ । त्यहाँ हिरण्याक्ष्य दैत्य शिवपूजा गरेर बसी र वरदान प्राप्त गर्दछन् ।

## ५. वितल भुवन

तलातलभन्दा तल वितल भवन छ। ५० योजन फैलिएर १० योजन उचाइ भएको वितल रातदिन चम्किलो देखिन्छ। त्यहाँ शंखपाल नाग शिवपूजा गरेर बस्छन् । जब मानिसहरू देवता, राजा र ब्राह्मणलाई अनादर गर्छन्, त्यसको पापले पृथ्वी भार युक्त हुन्छिन् । त्यो भार थाम्न कठिन भएको बेलामा शंखपालले लामो सास फेर्छन् र भुइँचालो जान्छ । त्यसबेला उत्पात हुने, अन्न उत्पादन घट्ने जस्ता लक्षण देखिन्छन् । त्यसै भवनमा अनुह्लाद दैत्य बस्छन् र उनी देवता, ब्राह्मण गाईलाई अर्पण नगरिकन खाएको पाप खाई शिवको तपस्या गरेर वरदान पाउँछन् ।

## ६. तल भुवन

वितलभन्दा तल सेतो भूभाग भएको उज्यालो तल भुवन छ । त्यो भुवन ५० करोड योजन फैलावट र १० लाख योजन उचाइ भएको छ । त्यहाँ पद्मनाग शिव पूजा गरेर बस्छन् । जब र ाजाहरूले ब्राह्मणको सम्पत्ति लिइदिन्छन्, त्यसबेला ब्राह्मण रुन्छन् । त्यसैबेला झरेका आँसुको भारले गर्दा पृथ्वी आक्रान्त हुन्छिन् र पद्मनागले सुस्केरा हाल्छन्, पृथ्वी कम्पन हुन्छ । तलमा प्रह्लाद दैत्य राजा हुन्छन्। अरूले संकल्प नगरी धर्म गर्न खोजेको पाप प्रह्लादले खान्छन् । प्रह्लादले शिवको आराधना गर्छन् र वरदान पाउँछन् ।

## ७. महातल

तल भुवनभन्दा मुनी अर्थात् (सबैभन्दा तल) कमलाकारको महातल (भुवन/पाताल) छ । यो भुवन ५० करोड योजन फैलिएको र १० लाख योजन उचाइ भएको छ । त्यहाँ सर्पराज अनन्त शिवको आराधना गरेर बस्छन् । दानधर्म नगर्ने झुटो बोल्ने, परस्त्रीहरण गर्ने गरेको पापले पृथ्वी बोझिलो हुन्छ । त्यसैले अनन्तले विचित्रको लामो सास फेर्छन् । त्यसले महामारी र महाभयको संकेत गर्दछ । त्यसबेला महामूर्ति संवर्तले जगतलाई खान थाल्छ । त्यहाँ हयग्रीव दैत्य राजा हुन्छन् । उनी शिवको तपस्या गर्छन् । नराम्रो वृत्तिले धन कमाउने, दान धर्म नगर्ने जस्ता पापहरू हयग्रीवले खान्छन्, उनी शिवको तपस्या गरेर वरदान पाउँछन् ।

सातै पातालको अध्यारो तल्लो भागमा पापीलाई राख्ने २८ वटा निम्न नरककुण्ड छन्- घोरा, सुघोरा, अतिघोरा, महाघोरा, घोररूपा, तरलतारा, भयानक, कालरात्री, भयोत्कटा, चण्डा, महाचण्डा, चण्डकोलाहला, चण्डा, प्रचण्डा, नवनायिका, पद्मा, पद्मावती, भीमा, भीषभीषणनायिका, कराला, विकराला, वज्रा, त्रिकोणा, पञ्चकोणा, सुदीर्घा, परिवर्तुला, सप्तभौमा, भौमा, दीप्ता र माया (मूल ग्रन्थमा दुई नाम थप उल्लेख भएको) । यी नरककुण्डहरूका साथ त्यहाँ छुट्टाछुट्टै ५-५ वटा नरक पनि छन् । ती कुण्डहरूमा विभिन्न किसिमका पाप गर्ने पापीहरूलाई पापकर्मअनुसार नारकीय यातना दिइन्छ ।

## ६. लोक वर्णन

स्कन्द भन्नुहुन्छ - हे अगस्त्य ! पातालका सातलोकभन्दा माथि पृथ्वी (भुलोक) छ । चारैतिर करोडौं योजन फैलिएको र १० हजार योजन उचाइ भएको भुलोकमा यक्ष, गन्धर्व, राक्षस, पिशाच, मनुष्य, पशुपक्षी, सर्प आदि र स्थावर (पर्वत, वृक्ष) आदि बस्छन् । भूलोकको बीचमा जम्वुद्वीप छ । हिमालयको शिखरको जामुन (जम्वु) को नामबाट यो द्वीप प्रसिद्ध छ । हिमालयमा त्यस फलको रसले नदी नै बनेको छ । त्यहाँ सूर्यपुत्री यमुना

डुल्दै पुगेको बेलामा दुर्वासाको श्रापले नदी बनेर मिसिन्छिन् र यमुना नामले प्रसिद्ध हुन्छिन् । ब्रह्मादि देवताहरूले स्नान गरेकाले यमुना पवित्र बनेको छ । जम्वुद्वीप ५० करोड योजनमा फैलिएको द्वीपहरूको बीचमा पर्ने कर्म भूमि र पुण्यभूमि पनि हो । जम्वुद्वीपको माझमा पर्वतराज हिमाल विराजित छ ।

सुमेरुको दक्षिणमा मेरुनामको पाँखरको रूखबाट प्लक्ष, सिमल वृक्षबाट शाल्मली, कुश वृक्षबाट कुश, क्रौञ्च पर्वतले क्रौञ्च, शाक पर्वतबाट शाक र पुष्कर (कमल) ले सुशोभित पुष्कर द्वीप छन् । भूलोकदेखि माथि भौगोलिक लोक छ र भौगोलिक लोकमाथि सूर्यलोक र रूद्रलोक छन् । सूर्यमण्डलदेखि माथि ध्रुवलोकसम्मका भाग स्वर्लोक हुन् । स्वर्लोकमा २८ करोड विमान छन् । स्वर्लोकका विमानहरूको बीचमा सियो जस्तै भएर धुव्रलोक बसेको छ । धुव्रलोक पृथ्वीभन्दा १५ योजन माथि छ । पृथ्वीभन्दा माथि सात वायुस्कन्ध (समुह) छन् -

१. आवह वायु- पृथ्वीदेखि मेघ मण्डलसम्म, विमान चलाउन मद्दत गर्दछ ।

२. प्रवह वायु - सूर्यमण्डलसँग बाँधिएको

३. उद्वह वायु - चन्द्रमण्डलमा बाँधिएको

४. संवह वायु - नक्षत्र मण्डलमा बाँधिएको

५. वायुस्कन्ध - ग्रहमण्डलमा बाँधिएको

६. परावह वायु - सप्तर्षि मण्डलमा बाँधिएको

७. परिवद्ध वायु - धुव्रलोकमा बाँधिएको

- धुव्रलोकभन्दा माथि महलोक छ
- महलोकको २ करोड योजनमाथि जनलोक छ
- जनलोकको ४ करोड योजनमाथि तपोलोक छ

– तपोलोकको ६ करोड योजनमाथि सत्यलोक छ
– विष्णुलोक माथि स्कन्ध लोक, त्यो माथि उमालोक र त्योभन्दा माथि शिवलोक छ ।
- विष्णुलोकभन्दा पर शिवपुर छ, त्यहाँ योगमार्गी गुणीहरू बस्छन् । हिमालयमा बस्नुहुने शिवको प्रसादले शिवलोक वस्न पाउनेहरू मुक्त हुन्छन् ।

## ७. हिमालयको विवाह प्रसङ्ग

देवता, पितृ, नदी, पर्वत आदिको सृष्टि गरिसकेपछि ब्रह्माजीलाई हिमालयको विवाह गरिदिने इच्छा भयो । त्यसवेला ब्रह्माले पितृलाई छोरी जन्माएर हिमालय र सुमेरुलाई दिनू भनेर ब्रह्मलोक जानुभयो । कालान्तरमा पितृले दिव्या र मेनका २ छोरी जन्माए । छोरी विवाह योग्य पनि भए । त्यसवेला ब्रह्माले नारदलाई पितृका छोरी हिमालयलाई दिन सम्झाउन पठाउनुभयो । नारदले पितृसमक्ष गएर ब्रह्माको निर्देशन स्मरण गराउनुभयो । तर पितृहरूले लुला, लङ्गडा, स्थावर, स्वजाति विजातीहरू बैगुनी भएकाले कसरी दिनू भनी छोरी नदिने निर्णय नारदलाई सुनाए । नारदले ब्रह्मालाई त्यही खबर दिनुभयो । ब्रह्मा रिसाउनुभयो र हिमालय समक्ष आएर पखेटा सृष्टि गरी जडान गरिदिनुभयो । साथै ब्रह्माले सुमेरुका लागि पनि पखेटा सृष्टि गर्न लाग्नुभयो । त्यसैबेला दे वताहरू आएर पहाडहरूलाई पखेटा दिँदा हजुरले सृष्टि गरेको पृथ्वी जलमग्न हुनेछ, नदिनुहोस् भनेर सम्झाए । देवताका कुराले ब्रह्मा खुशी हुनुभयो र पखेटा सृष्टि गर्न रोक्नुभयो । त्यसबेला सुमेरु आएर ब्रह्मासँग पखेटा मागे र नदिए देवताहरूलाई दुःख दिनेछु भनी डर देखाए । ब्रह्माले त्यसो नगर पखेटा नभए पनि तिमीलाई सूक्ष्म शक्ति दिने छु भन्नुभयो । साथै मन लागेको ठाउँमा जान पाउँनेछौ भन्ने वरदान दिनुको साथै म र तिमीमा भेद हुने छैन, भेद गर्ने ब्रह्मघाती हुनेछन् पनि भन्नुभयो । त्यसपछि सुमेरु मानव शरीर धारण गरेर पितृकी कन्या विवाह गर्न गए ।

सुमेरुले वरदान पाएको थाहा पाएपछि हिमालय पनि सूक्ष्म शरीर पाउने आशाले ब्रह्माको शरणमा गए । ब्रह्माले हिमालयलाई पनि सूक्ष्म शरीर लिनसक्ने वरदान दिनुभयो र छोरी मेनकाको विवाह गर्ने निश्चित गरिदिनु भए अनुसार पितृले माघशुक्ल एकादशीका दिन सुमेरूलाई दिव्या र बैशाख शुक्ल एकदशीका दिन हिमालयलाई मेनका छोरी विवाह गरिदिए । दुवैजना कन्या पाएर खुशी भई रमाएर बस्न थाले ।

यसैबीच एकदिन मेनका माइती गइन् र बाबुलाई आफ्ना धेरै सौता (दासी) भएका र पतिले एकान्तमा बस्न नमानेकोले पितृघरमै बस्छु भन्न गइन् । त्यो सुनेर पिता दुखित भई दोषीगर्भबाट जन्मिएको छोरा स्थावर हुने र छोरी पानी भएर बग्ने श्राप दिँदै तिमीबाट जन्मिएका छोराछोरी कीर्तिमान हुनेछन् भन्ने वरदान दिई जीवन सपार्न पतिकै घरमा बसेर पतिको सेवा गर्नुपर्छ भन्ने उपदेश समेत दिई पठाए ।

कालान्तरमा मेनकाबाट मैनाक छोरा र अपर्णा, एकपर्णा र एकपाटला नामका छोरी जन्मिए । छोरीहरूमध्ये पनि एउटीले पात पनि नखाएर तपस्या गरेकाले अपर्णा, एउटीले पातमात्र खाएर तपस्या गरेकाले एकपर्णा र एउटीले पाटला मात्र खाएर तपस्या गरेकाले एकपाटला नामले प्रसिद्ध भए ।

तिनीहरूको विवाह क्रमशः शिव, असित र जैगिषव्यसँग भयो । तिनीहरूबाट धेरै सन्तान जन्मिए । पितृको श्रापले हिमालयका दासी पत्नीहरूबाट जन्मिएका छोराहरू पर्वत (स्थावर) भए भने छोरीहरू नदी बने ।

एकपटक देवता र दैत्यका बीच युद्ध हुँदा कशिपु नामको दैत्यको बुद्धिमा लागेर हिमालयले पखेटाले-देवसैन्यलाई निस्तेज बनाइदिए । देवताहरू दुखित हुँदै विष्णुसमक्ष गए र यर्थाथ बताए । विष्णुले सुदर्शन चक्र प्रहार गरेर हिमालयको पखेटा काटिदिई दुष्टको संहार र साधुको रक्षा गर्न म विभिन्न रूपमा आउँनेछु भनी देवताहरूलाई सान्त्वना दिनुभयो ।

**दुष्टानामं शासनायाहं साधूनां रक्षणायच**
**पृथक् पृथक् च देहेन ह्यवितारं करोम्यहम् - ९५**

पखेटा काटिएपछि हिमालयले ब्रह्मासमक्ष गएर पुनः जडान गरिदिन आग्रह गरे । ब्रह्माले विष्णुसमक्ष जानु भन्नुभयो । विष्णुसमक्ष जाँदा विष्णुले तिम्रो स्थूल शरीर स्थावर भएर बस्नेछौ, सूक्ष्म शरीर दिन्छु, त्यसले इच्छा लागेको ठाउँमा जान सक्छौ, तिमी पवित्र हुनेछौ, म ब्रह्मा, शिव, साधुसज्जन तिमीसँगै बस्नेछौँ भनी वरदान र सान्त्वना दिएर पठाइदिनुभयो ।

## ८. हिमालय महिमा

विष्णुबाट वरदान पाएका हिमालयले पुनः शिवबाट के वरदान पाए भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ - शिवले हिमालयलाई चिरञ्जीवी भई ब्रह्माजी रहेसम्म रहने र हिमालयमा गएर तपस्या गर्नेहरू पाप मुक्त हुने, शिवगण हिमालयमै बस्ने, हिमालयबाट निस्किएका नदीमा स्नान गरेमा र हिमालयमा चढेमा जन्म भरको पाप नाश भएर स्वर्ग जान पाइने वरदान दिनुभयो । हिमालयमा वसोवास गर्नेहरूले पनि मुक्ति पाउने छन् भन्नुभयो ।

एकपटक खानीमा काम गर्ने करङ्ग नाम गरेको वैश्य रत्नहरू खोज्दै यशोधारा (गण्डकी) निस्किएको हेमकूट पर्वतमा पुगेका थिए । त्यहाँ पुग्दा तिर्खाएको वैश्यले यशोधारामा नुहाएर पानी पिए । श्रावण शुक्लपक्षको चतुदर्शीको दिन त्यहाँ पुगेका ती वैश्यले सुवर्णमय पर्वतदेखि मोहित भएर आफ्नी पत्नी र नोकरचाकरलाई पर्वतको सुन्दरता, त्यहाँका अनेकौँ रत्नहरू देख्दा आफूले जीवनभर खोजेको कुरा पाएको भन्दै भाग्यमानी भएको बताए । तर उनका नोकरचाकरले त्यहाँ सुनको पर्वत देखेनन् । तब उनले त्यहाँको जलमा स्नान र सेचन गर्न लगाए; त्यसपछि उनीहरूले पनि सुवर्णमय पर्वत देखे । त्यतिखेर करङ्गले यहाँको सुन लगेर सबै राजाहरू माथि विजय गरी चक्रवर्ती बन्छु भनेर पत्नी र भृत्यगणलाई छोडेर स्वर्णपर्वतमा चढे । त्यहाँ उनले गन्धर्वले नाचगान गरेको अवस्थामा गणेश र शिवलाई पनि देखे साथै शिवगण विमानबाट आएको पनि देखे । त्यसैबेला ती शिवगणले वैश्यलाई पनि विमानमा राखेर स्वर्ग लगे । स्वर्गीय भोग सकेर अन्तमा उनी पृथ्वीमा पृथु नामको राजा भए र हिमालयमा स्नान गरेको प्रभावले चक्रवर्ती बने ।

करङ्ग र उनका परिवार हिँडेपछि त्यहाँ भएकी शिलानदी रुन थालिन् । एकलव्य ऋषि आएर पूर्वपापले गर्दा पापिनी हुन पुगेकी शिलालाई पूर्व जन्म बताउँदै भने- तिमी अघिल्लो जन्ममा किसानकी पत्नी थियौ । त्यसबेला तिमीले कुनै दान धर्म गरिनौ । त्यसैले अहिले पति पुत्रबाट परित्यक्त भएर एक्लै दुख पाएर बस्न परेको हो । जैगीषव्यले पूर्व इतिहास बताउँदै भने- पूर्व जन्ममा तिमी वगैँचाको रक्षक भएर बस्दा कागले एउटा फल टिप्दा तिमीले विष्टाले भरियोस् भनेर श्राप दियौ । कागले त्यो फल चित्रगुप्तलाई राख्न दियो । चित्रगुप्तले तिमी मरेर नरक आएपछि तिमीले नै पाउने छौ भन्नुभयो । अब तिमी यस पर्वतका तीर्थहरूमा जाऊ । ऋषिको उपदेशअनुसार पापिनी शिलाले हिमालय चढिन् र मुक्त भइन् । यहाँको गण्डतीर्थ स्नान गर्ने अरू पनि कैयौँ मनुष्य, कीट, पतङ्गहरूले मुक्ति पाएका छन् ।

कर्णप्रयाग, विष्णुप्रयाग, वाग्मती, कोशी, गण्डकी स्नान गर्नेहरूले अग्निलोक , यमलोक, शिवलोक आदि देवलोकहरू पाएपछि पाँच देवताहरूले विष्णुलाई उजुर गरे । ब्रह्माले देवताहरूलाई लिएर शिवसमक्ष गएर स्वर्ग र देवलोकहरू भरिएको गुनासो सुनाउनुभयो । शिवले भन्नुभयो- दुःख नमान्नुहोस् हिमालयमा पुग्ने र बस्नेहरू मुक्त हुनेछन् । हिमालयमा पुगेर तपस्या गर्नेहरूको गति झन उच्च हुनेछ । शिवका कुरा सुनेपछि सबैजना आ-आफ्ना आश्रमतिर फर्किए ।

## ९.बदरीकाश्रम महिमा, धीवर मुक्ति

स्कन्द भन्नुहुन्छ- कुनैबेला म्लेच्छका सन्तानले पनि बद्री र केदारको अनुग्रहले लोकमा हलचल मच्चाएका थिए । त्यो कसरी सम्भव भयो भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ- च्यवन ऋषि आफ्नो आश्रममा तपस्या गरेर बसेकोमा रोक्न खोज्दा पनि नसुनेकाले बँदेल हुने श्राप दिए । श्राप पाएपछि त्यो बँदेल देवघाटदेखि उत्तरपट्टिको ताम्रकुट पर्वतमा बस्न

थाल्यो । संयोगवस त्यो बँदेलले भाद्र शुक्ल पूर्णिमाका दिन तलाउ देख्यो र त्यसको पानी पियो । त्यसपछि अकस्मात् बँदेलको जुनी त्यागेर म्लेच्छ भएर परिवारसहित बस्न थाल्यो । उसले त्यसबेला एकजना बदरीकाश्रमबाट आएका भिखारीको चरण स्पर्श गऱ्यो । म्लेच्छलाई सद्बुद्धि आयो र छोरा छोरीलाई सम्झाएर तपस्या गर्न हिँड्यो । ऊ बदरीकाश्रम पुग्यो, तपकुण्डमा स्नान गऱ्यो र बद्रीनारायण भगवान्को स्तुति गऱ्यो । त्यसबेला उसका छोराहरू उसलाई खोज्दै आएर साथै बस्नथाले । त्यहाँको पावन अवस्था देखेर छोराहरूले पनि घर फर्कने विचार छोडे । बद्रीनारायणको दर्शनपछि उनीहरू सबैजना केदार गए र शिवको आराधना गरे । तिनीहरूको आराधनाबाट शिव प्रसन्न हुनुभयो र स्वर्गमा अधिपति भएर बस्न पाउने वरदान दिनुभयो । तत्काल दिव्यविमानमा बसेर म्लेच्छ परिवार स्वर्ग गयो । स्वर्गमा उनले इन्द्रलाई पनि हटाएर आफैं अधिपति बने ।

कुनैबेला नारद मुनिलाई पृथ्वीमा घुमिरहेको देखेर वङ्ग नामको म्लेच्छले सोध्यो- हामी स्वर्गमा कहिलेसम्म बस्न पाउछौं ? नारदले तिमीहरू पुनः आफ्नो काम गर्न पृथ्वीमा फर्कनु पर्छ, स्वर्गमा बसेर जति पुण्य गरेपनि वा जति तपस्या गरेपनि पुण्य आर्जन हुँदैन भन्नुभयो ।

**मैवं मर्त्ये हि वक्तव्यं मनसापि कदा बुधः ।**
**अत्रोद्भूत तपोवृक्षः फलति न फलानि सः ॥ ६४**

त्यसैबेला बँगुरले हामी स्थीर रूपले यहाँ बस्न के गर्नुपर्छ भनी सोध्यो । नारदले उसलाई मर्त्यलोक गएर अलकनन्दामा स्नान गरी पञ्चाक्षर मन्त्र जपेर शिवको आराधना गऱ्यौ भने स्वर्गभन्दा माथिल्लो अविनाशी मुक्तिको अवस्थामा पुग्नेछौ भन्नुभयो । उनीहरूले पनि आपसमा सल्लाह गरेर हिमालयमा गएर तपस्या गर्ने निर्णय गरे ।

हिमालयमा म्लेच्छले लोमस ऋषिलाई भेटे र उनीसँग पनि मुक्तिको

उपाय सोधे। लोमसले पनि शिवको आराधना गर्ने उपदेश गरे। त्यसैबेला म्लेच्छहरूले लोमसको उमेर सोधे । लोमसले छातीभरीको रौं देखाउँदै १ मन्वन्तरमा एउटा रौं झर्दै जाँदापनि आधाभन्दा बढी बाँकी भएको बताउनुभयो । ती कुरा सुनेर म्लेच्छहरू आफैलाई धिक्कारेर रातोदिन शिवपूजामा तल्लीन हुनथाले। अन्तमा उनीहरू ज्योतिरूप शिवमा लीन भए।

## १०. गृहस्थ धर्म

स्कन्द भन्नुहुन्छ- ब्रह्मकर्म गर्ने गृहस्थले ब्रह्म मुर्हूतमा उठेर ईश्वरको स्मरण गर्नू। नाकको जुन प्वाल खुलेको छ, त्यतैपट्टिको गोडा टेकेर उठ्ने वित्तिकै विष्णुपत्नी रूप पृथ्वीलाई ढोग्नू। कानमा जनै राखेर दिशापिशाप गर्नू। मलमुत्र त्याग गर्दा रातमा भए दक्षिण, साँझमा उत्तर फर्कनू। दिशा गरेपछि जननेन्द्रियमा १ पटक, गुदद्वारमा ३ पटक देब्रेहातमा १० पटक, दुवै हातमा १० पटक, पुन दुवै हातमा ७ पटक माटो लगाएर सफा गर्नु र आचमन गर्नू। त्यसपछि सूर्य, गाई र ब्राह्मणको दर्शन गर्नू। दतिवन लगाएर कुल्ला गरी मन्त्र पढेर स्नान गर्नू, शिखा बाध्नू, सूर्यलाई जलदिनू, देवता ऋषि र पितृलाई तर्पण गर्नू। यसो गरेमा सिद्धि प्राप्त हुन्छ भने नगर्दा पाप लाग्छ **(तपर्णात् सिद्धिमाप्नोति प्रत्यवायो ह्यतर्पणात्- ४१)** तर्पण गर्दा घरमा भन्दा नदीमा, गाईगोठमा, अग्निशालामा, शिवक्षेत्र र मन्दिरको नजिकमा, पर्वतमा, हिमालयमा गर्दा क्रमशः बढी पुण्य प्राप्त हुन्छ। तपर्ण गर्ने आसन बाघको छाला भएमा ज्ञान, कपडा भए रोगहरण, वेतमा श्रीप्राप्ती, रेशम कपडामा पुष्टि, कम्बलमा वसेर गर्दा दुखमुक्ति जस्ता फल दिन्छ। तपर्ण गरेपछि पूरक, कुम्भक रेचक प्राणायाम गर्नू, प्राणायाम गर्दा निम्नानुसारका भगवान्का रूप सम्झनू –

पूरकमा - नाभिमा श्यामवर्ण

कुम्भकमा - हृदयमा रक्तवर्ण

रेचकमा - निधारमा स्वेतवर्ण

त्यसपछि छाति, निधार, शिर, काँध, आँखा, हातको अङ्गन्यास गर्नु, सूर्यलाई अर्घ्य दिनू । जप गर्दा माला लिएर संख्या गणना गरेर मात्र गर्नू, गणना नगरे को जप निस्फल हुन्छ (असंख्यातञ्च यज्जप्तं तत्सर्व निस्फलं भवेत्-६३) । जपमालाको पनि प्रकारअनुसारको फल पाइन्छ ।

| | | |
|---|---|---|
| रुद्राक्ष | - | सबै कामना पूर्ति |
| स्फटिक | - | सिद्धि |
| मोती | - | सौभाग्य र लक्ष्मी |
| पद्मराग | - | मन्त्रसिद्धि |
| सुन, चाँदी | - | कार्यसिद्धि |

सबै काम सकेपछि सूर्यलाई अर्घ्य दिएर स्नोत्र पाठ गर्नू । यो गृहस्थधर्म हो भने तीर्थ र पर्वतको शिखरमा रहेर गरिने पाठ आदि कार्य योगधर्म हो ।

## ११. विभूति र रुद्राक्षको महिमा

स्कन्द भन्नुहुन्छ- हे अगस्त्य ! ऋषि/योगीहरूले ब्रह्ममुहूर्तमा उठेर ईश्वररूप गुरुको ध्यान गर्नुपर्छ । उत्तर फर्केर एउटा गोडा अर्का तिघ्रा माथि र अर्को गोडा अर्को तिघ्रामाथि राखेर बस्नुपर्छ (यसैलाई योगासन भनिन्छ) । विभूति धारण गर्नुपर्छ ।

**एकं पादमथैकस्मिन् विन्यस्योर्वोश्च संस्थितम्**
**इतरस्मिँस्तथा चोर्वोयोगासनमुदाहृतम्- ३**

तीनपटक प्राणायाम गर्नू, इडा नाडीले सास भित्र तानेर पिङ्गला नाडीले भित्र भएको वायुलाई रोक्नू । सुषुम्ना नडीले भित्रको वायु बाहिर फाल्नू । ऋतुअनुसार पाइने फलफूल ईश्वरलाई मानसिक रूपले समर्पण गर्नू । यसो गर्ने योगीलाई जीवनमुक्त भनिन्छ । भष्म स्नान गर्नेहरू साक्षात् शिव सरह हुन्छन् । भष्म स्नान गर्नेलाई पापले छुन सक्तैन । यसबारे एउटा घटना सुन्नुहोस्-

विष्णुभक्त नामका वेद वेदाङ्ग पढेका सदाचारी असल ब्राह्मण थिए । तिनका विष्णुदास नामको छोरो थियो । विष्णुदास दुष्कर्मी, बाबु आमाले भनेको नमान्ने, हत्या, चोरी गर्ने, परस्त्रीगामी थियो । जति सम्झाए पनि नमानेपछि त्यसलाई बाबुले घरबाट निकालिदिए । ऊ चोरी गरेर वनमा बसी जीवन गुजार्न थाल्यो । एकदिन राती आएर गर्भिणी भएकी पत्नीसँग खानेकुरा माग्दा पत्नीले मीठो बोली गरेर किरिया हालेर खानेकुरा छैन, मैले पनि खाएकी छैन भनेपछि लात्तीले हानेर मार्‍यो । त्यसपछि ऊ त्यो वनलाई छोडेर अर्कै वनमा गयो । त्यहाँ पनि उसले बाबाहरूलाई लुट्ने मार्ने गर्न थाल्यो । समयमा नखाने र हिँडिरहने भएकाले ऊ दुब्लो पातलो थियो । यसैबीच उसलाई कुष्ठरोग लाग्यो । त्यो पापी एकदिन मन्दिरमा बस्न गयो । तामाकोशी किनारको कुशवर स्वयंभू शिवलिङ्गमा चढाएको नैवेद्य र धनसम्पत्ति चोर्‍यो, खायो र बाहिर आउन लाग्दा पूजारीलाई देखेर त्यहीँ भएको रुद्राक्षको माला लगाएर भष्म धारण र मणिबन्धनले सिँगारिएको शिवलिङ्गमा हात र शिरले प्रणाम गरी बस्यो । केही बेरमा नैवेद्य खाएर अघाए पछि त्यो पापी बाहिर आयो । बाहिर बसेका पञ्च पातकीहरूले ‘हाम्रो खाने कुरा खाऊ, हामी सहायता गर्छौं । त्यो रूद्राक्ष फालेर हामीसँग हिँड’ भन्दा पनि मानेन । रुद्राक्ष धारण गरी शिवलाई ढोगेको, भष्म लेपन गरेको र नैवेद्य खाएको पुण्यले ऊ निष्पापी भयो ।

चोरेर, हत्या गरेर जीवन गुजार्दै आएको त्यो पापी मर्‍यो । तत्काल यमदूत आएर बाधेर लैजान लागे । त्यसैबेला शिवदूत आएर रोके र दिव्यविमानमा राखेर शिवलोक लैजान लागे । त्यसबेला यमदूतले आश्चर्य मानेर यो पापीलाई लिन चित्रगुप्तले पठाएर आएका हौँ भने । तर शिवदूतले रुद्राक्ष र भष्म धारण गरेको अवस्थामा भएकाले शिवलोक लैजान्छौँ भनी स्वर्गीय आनन्द दिदैँ विमानमा हालेर लगे । शिवलोकको सुख भोग पुरा गरेपछि पनि ऊ पृथ्वीमा इन्द्र समान मान्य भएर अन्ततः मुक्ति पनि पायो ।

सबै दान धर्मभन्दा पनि रुद्राक्ष र त्रिपुण्ड धारणले पुण्य हुन्छ । देवताहरूले

पनि सम्मान गर्न योग्य हुन्छ। रुद्राक्षका मुखअनुसार फल हुन्छन् -

१ मुखे - साक्षात् रूद्र

२ मुखे - साक्षात् देवदेव हुने र गोहत्या पाप पनि नाशिने

३ मुखे - अग्नि रूप र स्त्रीहत्या पाप नाश हुने

४ मुखे - ब्रह्म रूप, नरहत्या पाप नाश हुने

५ मुखे - कालाग्नि रूप- अगम्यगमन आदि पाप नाश हुने

६ मुखे - शिवमूर्ति रूप- विजय प्राप्ति र संग्राममा मर्न नपर्ने

७ मुखे - अनन्त रूप - धनी, सुखी हुने र शत्रुनाश हुने

८ मुखे - शूलपाणि रूप - दीर्घायु हुने

९ मुखे - भैरव रूप - नवग्रहादि पीडा शान्त हुने

१० मुखे - जनार्दन रूप- ग्रह, पिशाच, ब्रह्मराक्षस पीडा नहुने

११ मुखे - ईश्वर रूप- अश्वमेध यज्ञफल पाइने

१२ मुखे - सूर्य रूप, रोग नलाग्ने, सूर्यसमान तेजस्वी हुने

१३ मुखे - कामदेवरूप- सर्वसौभाग्यशाली र स्त्रीप्रिय हुने

१४ मुखे - सर्वोत्तम, १४ भुवनको अधिपति भई सर्वसिद्धि पाइने

१५ मुखे र त्यसमाथिका - सामान्य माला लगाए बराबर पुण्य हुने

**पञ्चादशाननादीनां रूद्राक्षाणाञ्च धारणम्।**
**साधारण फलं ज्ञेयं मालोद्भवं यथोरसि ॥ १७२/९७३**

रुद्राक्ष र भष्म धारण गर्नेहरूले साक्षात् शिवबाट वरदान पाएर दिक्पाल समेत बन्न पाउँछन्।

## १२. स्वर्गका राजा र मेरुपूर्व दिशाको पालकमा इन्द्र नियुक्त हुनु

हिमालयमा बसेर क-कसले तपस्या गरे र के के फल पाए ? भन्ने अगस्त्यको प्रश्नमा स्कन्द भन्नुहुन्छ- कश्यपपुत्र इन्द्रले गंगा र यमुनाको मध्यभागमा

पर्ने पवित्र भूमिमा सयवटा अश्वमेध यज्ञ पुरा गरे । ब्राह्मणहरूलाई दक्षिणा दिए, सन्तुष्ट बनाए । त्यसबेला देवताहरूले इन्द्रलाई स्वर्गको राजा बनाउने प्रस्ताव गरे । वृहस्पति र देवलऋषिले स्वर्गमा आपत् आउने सम्भावना छ भनी, छिटो स्वर्ग जान प्रेरित गरे । इन्द्र स्वर्ग जान तयार भए । त्यसैबेलामा एउटा तेजपुञ्ज आयो र भन्यो- तपस्या नगरिकन स्वर्गको राजा बन्न पाइन्न । त्यसैले राजा बन्ने इच्छा भए हिमालयमा तपस्या गर्न जानू । ज्योतिपुञ्जको वचन पालन गरेर इन्द्र हिमालयमा गए र ब्रह्मपुत्र र आर्यनदीमा स्नान गरेर महादेवको तपस्या गरे । तपस्या गर्दा रुद्राक्ष, विभूति, भष्म लगाए पद्मरागमय शिवलिङ्ग स्थापना गरे । उनको कठोर तपस्याबाट शिव प्रसन्न भएर दर्शन दिनुभएपछि स्तुति पनि गरे । इन्द्रले गरेको शिवस्तुति पाठ गरेमा विघ्ननाश र कार्यसिद्ध हुन्छ । इन्द्रको स्तुतिबाट शिव झन बढी प्रसन्न हुनुभयो र वरदान स्वरूप स्वर्गको राजा बन्न योग्य छौ भन्नुभयो । त्यसपछि शिवले मेरुदेखि पूर्व क्षेत्रको पालन गर्ने जिम्मा दिई प्राचीनबर्ही नामको लोकमा बस्न पनि निश्चित गरिदिनुभयो ।

महादेवबाट वरदान पाएपछि इन्द्र स्वर्गको राजा बन्न गए । स्वर्गमा उनलाई अभिषेक गर्दा ब्रह्मा र वृहस्पतिले वेद पढ्नुभयो, गन्धर्वले गाए, विष्णु र सूर्यले अभिषेक दिए । शंख बज्यो, मृदङ्गहरूका आवाज घन्किए । पुलोमाले छोरी सचीलाई इन्द्रसँग विवाह गरिदिए । त्यसबेलादेखि आजपर्यन्त इन्द्रले राजा भएर काम गरिरहेका छन् ।

## १३.अग्निले आग्नेय दिशाको अधिपति हुने वरदान पाउनु

इन्द्रले शिवबाट स्वर्गको राजा र पूर्व दिशाको अधिपति हुने वरदान पाएको (अध्याय १२) सुनेर ब्रह्माका मानस पुत्र अङ्गिराका छोरालाई पनि शिवको तपस्या गरेर वरदान पाउने इच्छा भयो । उनले पिता अङ्गिरालाई कसरी कहाँ बसी तपस्या गरूँ भनी सोधे । पिताले ब्रह्मपुत्र र ब्रह्मज्वाला नदी संगम नजिकको तेज नामको पर्वतमा बसेर तपस्या गर्ने सुझाव दिए ।

बाबुको सुझावअनुसार अग्नि तेज पर्वतमा गए । रुद्राक्ष र भष्म धारण गरेर रत्नमाला पहिरी उच्चस्वरले शिवमन्त्र जप गरी हजार वर्ष तपस्या गरे । फलस्वरूप शिवलाई आफ्नो अगाडि देखेर उनले झन प्रसन्न भई स्तुति गरे । अग्निले गरेको शिवस्तुति पाठ गरेमा निष्पापी भई अग्निलोक बस्न पाइन्छ भन्दै अग्निलाई सबै बस्तु पचाउन सक्ने, तिमी नभै कार्यसिद्धि नहुने, आग्नेय दिशाको दिशापति हुने र सधैँ पवित्र हुने वरदान दिनुभयो ।

अग्निले शिवबाट यस्तो वरदान पाएपछि देवताहरूले उनलाई स्वाहा नामकी कन्या विवाह गरिदिए । वृहस्पतिले ब्रह्मज्वाला नदीको जलले अभिषेक गरी दिए । नाचगान र पुष्पवर्षा भयो ।

## १४. यमराजले दक्षिणदिशाको अधिपति हुने वरदान पाउनु

यमराजले कसरी वरदान पाए भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ- सूर्यका मनु, यम र राजेश्वर ३ छोरा थिए । तीमध्येका यमले एकदिन पितासँग भने- अग्निले शिवबाट वरदान पाएकाले म पनि तपस्या गर्छु, कहाँ गएर कसरी तपस्या गरूँ, हजुरको अनुमति विना तपस्या गर्नु हुँदैन । त्यो सुनेर सूर्य प्रसन्न भए र यमले तपस्या गरेको विधि र तरिका बताए । सूर्यले यमलाई शिवको षडक्षर मन्त्र जपेर लिङ्ग स्थापना गरी भष्म र रुद्राक्ष लगाएर कूर्मकुण्डबाट सिङ्गरसा नदी निस्किएको पवित्र दोभान नजिकै बसेर तपस्या गर्ने सुझाव पनि दिए । बाबुको सुझावअनुसार यमराज हिमालयको सिङ्गरसा गए । तपस्या गर्नु अघि संगममा स्नान गरे र पिताले भनेअनुसार लिङ्ग स्थापना गरी तपस्या गर्नथाले । तपस्या गर्दा सूर्यले शिवको दिव्यमूर्तिलाई नाकको टुप्पोमा हेर्दै एकमना भई तपस्या गर्न लागे । उनको तपस्याबाट शिव खुशी भई तपस्या गरेकै ठाँउमा जानुभयो र वरदान दिँदै भन्नुभयो- तपस्या रूपी डोरीले बाधेर ल्याइएकी, स्तुति रूपी बाछो भएकी, स्तनबाट दूध झारिएकी गाई रुपी मेरो वरदानबाट इच्छा लागेको वस्तु दोहन गर । यमराजले दण्डवत गरे र अग्निले जस्तै दिक्पाल बन्न पाउँ भन्ने वरदान मागे । भगवान्ले उनलाई दक्षिण दिशाका

दिक्पाल हुने वरदान दिँदै भन्नुभयो- आजदेखि दक्षिण दिशालाई नै याम्य दिशा भनिनेछ, तिमी त्यसैको अधिपति भयौ, आजदेखि तिमीले सबै मानिसहरूको धर्म र अधर्मको हिसाब गर्नू भन्दै तिमीलाई चित्रगुप्त नामले पनि बुझ्ने छन् भन्ने समेतको वरदान दिनुभयो। पुनः यमराजलाई वरदान स्वरूप भन्नुभयो भष्म, रुद्राक्ष लगाएका मेरा र विष्णुका भक्तलाई दण्ड नदिनू, तिमी आजदेखि देवता, यक्ष, मनुष्य पितृपति पनि हुनेछौँ भनी पाश र दण्ड पनि दिनुभयो ।

यस्तो वरदान पाएपछि ब्रह्मा आदि देवताहरू खुशी हुँदै यमराजलाई अभिषेक गरेर आ आफ्ना घरतिर हिँडे ।

## १५. मानसरोवरको उत्पत्ति र महिमा,

निऋति दिक्पाल कसरी भए भन्ने जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- निऋति कश्यपका छोरा हुन् । उनी वीर, पराक्रमी, नङ नै हतियार भएका रातीराती हिँड्ने माँसाहारी राक्षस हुन् । एकदिन उनले यमराजले दिक्पाल बन्न पाएको देखेर बाबुसँग कहाँ गएर के गरेमा उनीले जस्तै वरदान पाइन्छ, सोधे। बाबु कश्यपले भने- सूर्यपुत्र यमले हिमालमा गएर मानसरोवर किनारमा कष्टसँग शिवको तपस्या गरेर वरदान पाएका हुन् । तिमी पनि त्यहीँ गएर शिवको तपस्या गर । मानसरोवर अत्यन्त पवित्र तीर्थ हो । त्यो तीर्थको महत्त्व पनि सुन ।

ब्रह्माजीले हिमालको काखमा सृष्टि गर्नुभएको मानसरोवर हव्यकव्य (देवता र पितृ) कै लागि उत्तम स्थान हो । ३० योजन फराकिलो क्षेत्रमा फै लिएको त्यो सरोवरमा ब्रह्माले गंगालाई आह्वान गरेर भन्नुभयो- मोक्ष चाहनेहरूलाई मुक्ति दिनसक्ने गरी तिमी यसै सरोवरमा बस । त्यति भनेर निऋतिले यमराजले जस्तै त्यसै सरोवरको किनारा तपस्या गर्न लागे । सप्तर्षिहरूले गंगालाई सात धारा गराउन आह्वान गरे । आह्वानअनुसार गंगाले एउटी भएर आउँदा अर्काले श्राप देलान् भन्ने डरले सात धारा

भएर आइन् । सातैजना ऋषिहरूले गंगा प्राप्त गरेकोमा खुशी भएर वरदान दिँदै भने ब्रह्माले सृष्टि गरेर गंगालाई बग्न आग्रह गरेकोले मानसरोवरमा सातधारा भएर तिमी देखा परेकीले तिमी सधैँ धर्म, अर्थ, काम, मोक्ष, सौभाग्य, पराक्रम र राज्य ७ प्रकारको फल दिनसक्ने बन्नेछ्यौ । ७ जना ऋषिले तपस्या गरेकाले मानसरोवर नाम हुनेछ भन्नुभयो । त्यो तलाउमा जेष्ठ शुक्ल दशमीका दिन शिव राक्षसको रूप लिएर आउनुभयो । पुनः शिवले हाँसको रूप लिएकाले पार्वतीले पनि हंसिनीको रूप लिएर सँगै विहार गर्न थाल्नुभयो । शिवपार्वतीले हाँस बनेर सरोवरमा पसेको देखेर ब्रह्मा विष्णु र धर्म पनि हाँस बनेर क्रीडा गर्न थाले । क्रीडा गर्दागर्दै चुच्चाले हंसरूपका ब्रह्माले पूर्व पट्टिको थुम्को (धर्मावलम्वीहरू तिरको थुम्को), महादेवले पश्चिम तिरको र विष्णुले उत्तरतिरको थुम्को फोर्नुभयो । फोरेको ठाउँबाट तीव्र गतिका नदी बगाउनुभयो र भन्नुभयो- तिमीलाई स्पर्श गरेर स्नान गर्नेहरू पापमुक्त भई ८४ लाख जुनीको यातनाबाट मुक्त भएर परमगति पाउने छन् । त्यसपछि सबै देवताहरू पनि हाँसको रूपमा मानसरोबरमा क्रीडा गर्नथाले । त्यहाँ स्नान गर्दा जो कोहीलाई पनि शिवलोक प्राप्त हुन्छ । एउटा चरा मार्दै हिँड्ने व्याधाले चरा मार्न खोज्दा लडेर सरोवर स्पर्श गर्दा पनि मरेपछि शिवलोक जान पाएको थियो भन्दै स्कन्दकुमारले भन्नुभयो- हे निऋति ! तिमी पनि त्यहिँ गएर शिवको तपस्या गर ।

गुरुवाक्यको रूपमा पिताले भनेको वचनअनुसार निऋतिले मानसरोवर किनारमा सय दिव्य वर्ष शिवको तपस्या गरे । आश्विन शुक्ल प्रतिपदाका दिन शिव प्रसन्न भएर वरदान माग भन्नुभयो । निऋतिले पनि दिक्पाल बन्ने इच्छा बताए । शिवले तथास्तु भन्दै नैऋत्य दिशाको स्वामी हुने वरदान दिनुभयो । निऋतिले शिवको विशिष्ट स्तुति पनि गरे । निऋतिले दिक्पाल बनेको थाहा पाएर ब्रह्मा, सप्तर्षि र नारदले अभिषेक दिनुभयो । पुष्पवृष्टि भयो । दुन्दुभिहरू बजे । जय जयकारका शब्द गुञ्जिए । निऋतिले वरदान पाएको सुनेर वरुणले पनि तपस्या गर्न थाले ।

## १६. वरुणले दिक्पालत्त्व प्राप्त गर्नु

वरुणले कसरी कसको तपस्या गरे र दिक्पाल वने भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- वरुण विष्णुका भक्त थिए। एकदिन अन्तरिक्षबाट नारद वीणा बजाउँदै आउनुभयो । वरुणले प्रसन्न भएर नारदलाई के कामले आउनुभयो भनेर सोधे । नारदले भन्नुभयो- तपाईं म जस्तै विष्णुभक्त, दयालु हुनुहुन्छ । हिमालयमा बसेर निऋतिले तपस्या गरेर दिक्पाल हुने वरदान पाउनुभयो । तपाइँलाई त्यही खबर दिन आएको हूँ । त्यो सुनेर वरुणले भने- मलाई पनि तपस्या गर्ने इच्छा भयो । कहाँ कुन विधिले कसको तपस्या गरौँ ? नारदले भन्नुभयो- गंगा र सुधातरङ्गिणी नदीको मध्यभागस्थित त्रिकुट नामको हिमालय क्षेत्रमा भगवान् शिवको तपस्या गर्नुहोस्, इच्छाअनुसारको फल पाउनुहुन्छ ।

नारदको उपदेशअनुसार वरुणले हिमालयमा गएर तपस्या गरे । उनले स्फटिकको शिवलिङ्ग स्थापना गरी रुद्राक्ष धारण गरे र पूर्व फर्की रुद्र मन्त्र जपे । शिवजी प्रसन्न भएर वरदान दिन आउनुभयो । त्यसबेला वरुणले आफ्नो अगाडि शिवलाई देखेर स्तुति पनि गरे ।

**ॐ नमो रुद्राय देवाय रौद्राणां पतये नमः ।**
**शक्रोत्सव विधात्रे च कृपीट मूर्तये नमः ॥ ४८**

त्यसपछि शिवले वरदान माग भन्नुभयो । वरुणले निऋतिले जस्तै दिक्पाल हुने वरदान मागे । शिवले तथास्तु भन्दै पश्चिम दिशाको अधिपति हुने र जलको मालिक समेत हुने वरदान दिनुभयो । ब्रह्मा, सप्तऋषिहरूले वरुणलाई दिक्पालत्त्वको अभिषेक गरे । सर्वत्र खुशीयाली मनाइयो ।

## १७. वायुको जन्म

वायु को थिए, उनले के गरी कसको तपस्या गरे भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- कश्यपकी पत्नी दितिले देवासुर युद्ध

हुँदा आफ्ना छोराहरू मारिएपछि शोक गर्दै पतिसँग इन्द्रलाई मार्न सक्ने छोरा दिनुहोस् भनिन् । कश्यपले पनि तपस्याबाट नहुने कुरा क्यै छैन, तिमी विधिपूर्वक बस, तिमीले भने जस्तै छोरा हुनेछ भनी गर्भधारण गराएर तपस्या गर्न गए । दिति नियममा बसेर गर्भ रक्षा गर्न थालिन् ।

एकदिन नारद ऋषि इन्द्रसमक्ष जानुभयो । इन्द्रले स्वागत गरेर के कामले आउनुभयो भनेर सोधेपछि नारदले भने- दितिले गर्भधारण गरी तपाईंलाई मार्ने छोरा पैदा गर्न लागेकीले आत्मरक्षाको उपाय गर्नुहोस् भन्न आएको हूँ । त्यो सुनेर इन्द्र वज्र लिएर दितिसमक्ष गएर छद्मरूपले सेवक बनी उनको छिद्र पत्ता लगाउने प्रयास गर्न थाले । एक रात दितिले गोडा नधोइ कुल्ला नगरी सुतेको मौका पारेर पेटमा पसे र गर्भको बच्चालाई ७ टुक्रा पारे । पेटमा काटिएको गर्भ बेसरी रुन थाल्यो । किन रुन्छन् भन्दै पुनः सबैलाई सात सात टुक्रा पारे । त्यसबेला इन्द्रले भने- यदि तिमीहरू मेरो मित्र बन्छौ भने छोडिदिन्छु नभए मारिदिन्छु । ती टुक्राहरूले तपाईंले भने अनुसार गर्छौं भनेपछि इन्द्र अमरावती फर्किए । दितिको गर्भका ती ४९ नै ४९ वायु भई सारा प्राणीको हृदयमा बस्न थाले ।

## १८. वायुले वायव्य दिशाको दिक्पालत्व प्राप्त गर्नु

स्कन्द भन्नुहुन्छ- एकपटक वायुहरू सभामा बसिरहेको बेलामा वीणा बजाँउदै नारद पुग्नुभयो । नारदले उनीहरूको इच्छाअनुसार वायुले तपस्या गरेको वृन्तान्त सुनाउनुभयो । स्फटिक मणियुक्त पर्वतराज हिमालय भएकै नजिकमा ब्रह्मावती र रूद्रावती नदीको संगम छ । त्यहाँ पहिले ब्रह्माले शिवको तपस्या गरी शक्ति प्राप्त गरेर सृष्टि गर्न आरम्भ गर्नुभएको थियो । त्यहीँ बसेर तपाईंहरू पनि तपस्या गर्नुहोस् । नारदको उपदेश पाएपछि वायुहरू हिमालयमा गई संगममा स्नान गरेर हिमालयमै बसी शिवलाई पूजा गरेर शिवमन्त्र जप गर्दै तपस्या गर्न थाले । दिव्य १०० वर्षपछि शिव प्रसन्न भएर वरदान दिन आउनुभयो । वायुले साक्षात् शिवलाई आफ्नो अगाडि देखेर स्तुति गरेर भने- हामी अत्यन्त भाग्यमानी रहेछौं,

हजुरको दर्शन पायौँ । सधैँ हाम्रो मन हजुरको पूजामा लागोस् । शिवले तथास्तु भन्दै उनीहरूलाई कठोर तपस्या गर्न भन्नुभयो । तपस्याद्वारा रोपिएका रूखले जरा हालेर फलाएको फल रोप्नेलाई नै दिन्छन् । तिमीहरू पनि तपस्याको फलअनुसार जगतको प्राण भएर बस, तिमीहरू बिना लोक निर्जीव (शव) हुनेछ । पछि मैले तिमीहरूको संवर्तक रूप लिएर जगत नाश गर्नेछु । तिमीहरू वायव्य दिशाको अधिपति हुनेछौ भनेर शिव अन्तर्ध्यान हुनुभयो ।

वायुले दिक्पाल हुने वरदान पाएपछि देवताहरू खुशी भए; पुष्पवृष्टि भयो । ब्रह्मा र सप्तर्षिहरू लगायत देवताहरूले वायुलाई दिक्पाल पदमा अभिषेक गरे ।

## १९. कुवेरले दिक्पालतत्त्व प्राप्त गर्नु

कुवेरले कहाँ बसेर कसरी तपस्या गरे, बताइदिनुहोस् भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ- ब्रह्माका मानस छोरा पुलस्त्य र पुलस्त्यका छोरा विश्रवा थिए । उनै विश्रवा र गृत्यक कन्या विन्दुवतीबाट कुवेरको जन्म भएको थियो । कैला आँखा भएका कुवेर यज्ञको अधिपति थिए । उनी रुद्राक्ष र भष्म लगाँउथे र शिवमन्त्र जप्थे । एकदिन उनले पिता विश्रवासँग सर्वश्रेष्ठ कर्म के हो र परमपद कसरी पाइन्छ, सोधे । साथै उनले रावणबाट पराजित भएँ, अब म के गरूँ पनि सोधे । विश्रवाले भने- हे छोरा ! पुष्पक विमानमा चढेर आएको देखेर एकदिन रावणले आमासँग त्यो को हो, सोध्यो । आमाले भनिन् त्यो आउने तिम्रो जेठो दाजु कुवेर हो, उसले शिवलाई सन्तुष्ट बनाएर पुष्पक विमान पाएको थियो । तिमी पनि चाहन्छौ भने शिवकै आराधना गर । त्यो सुनेर रावणले शिवको आराधना गरेर सन्तुष्ट बनायो । शिवले वरदान माग भन्नुभयो । रावणले आफूले वरदान नमागेर दशओटा टाउकाहरूलाई अघि सार्‍यो । दश टाउकाहरू आपसमा म माग्छु, म माग्छु भन्दै झगडा गर्न लागे । त्यसैबेला शिवले रावणलाई नै वरदान माग्न भन्नुभयो । रावणले भने-

यदि हजुर प्रसन्न हुनुभएको हो भने म तेजस्वी भक्त बनूँ । म देवता, गन्धर्व, यक्ष, राक्षस विद्याधरबाट नमरूँ, अवध्य बनूँ । म पनि गरुडजस्तो अरू मानिस र प्राणीबाट पनि नरोकिने र नमर्ने बन्न सकूँ भन्ने वरदान दिनुहोस् (**नरक्षुद्रैरवध्यत्वं न याचेऽहं महाप्रभो-३१**) शिवले तथास्तु भन्नुभयो। त्यसबेलादेखि रावण अजेय जस्तो बनेको हो, बुझ्यौ ?

रावणको शक्ति आर्जनबारे सुनाइसकेपछि विश्रवाले कुवेरलाई पुनः भने- तिमी पनि शिवकृपा चाहन्छौ भने हिमालयमा गएर ब्रह्मपुत्र र स्वर्णसारको संगम, जहाँ पहिले ब्रह्माले पनि तपस्या गर्नुभएको थियो, जुन ठाउँलाई ज्ञानतीर्थ पनि भनिन्छ, त्यहीँ जाऊ र भष्म र रुद्राक्ष धारण गरी शिवलिङ्ग स्थापना गर । कुवेरले पनि शिवको आराधना गरी बाबुको उपदेशअनुसार इन्द्र, अग्नि, यम आदिलाई दिक्पालत्त्व दिने हे प्रभु ! भनी १०० दिव्य वर्षसम्म तपस्या गरे । शिव प्रसन्न भएर कुवेरलाई उत्तर दिशाको दिक्पाल हुने र आफ्नो साथी बन्ने वरदान दिएर दिक्पाल पदमा स्थापित गर्नुभयो । ऋृषि र शिवगणहरूले आशीर्वाद दिँदै अभिषेक गरे । शिव पनि कुनै बेला कठिन तपस्या गरेर आफैँ दिक्पाल बन्नुभएको थियो ।

## २०. शिवले तपस्या गरेको स्थानमा देवताहरू जानु

अगस्त्य सोध्छन्- हे स्कन्द ! शिवजी आफैँ भोक्ता, भोज्य, पुरोहित, यजमान, देह, लोकसाक्षी शरणदाता हुनुहुन्छ । त्यस्ता महापुरुषले कहाँ गएर कसको तपस्या गर्नुभयो ? उहाँलाई वरदान कसले दियो ? बताइदिनुहोस् । स्कन्द भन्नुहुन्छ- तेजस्वी देवताहरूको चरित्र अद्भूत हुन्छ । लोकरक्षा र धर्मरक्षा गर्न त्यस्ता महापुरूषहरू पनि तपस्या गर्नुहुन्छ । धर्मरक्षा भएमात्र मेघ वर्षन्छ, मानिस बाँच्न सक्छन्, धर्मरक्षा भएमात्र आयु, बल पाइन्छ । त्यसैले शिव पनि तपस्या गर्न जानुभएको हो ।

भगवान् शिव ११ रुद्रहरूको अंशमा रहनुभएमध्ये ईशान अंश श्रेष्ठ भनिन्छ। हिमालयको शिखरको तल्लापट्टि चित्रा र भष्म नदीको संगम छ । त्यसै संगममा स्नान गरेर ईशान रुद्रले हिमालयको ईशान कोणमा बसेर महामाया शिवाको १०० दिव्यवर्ष तपस्या गर्नुभएको हो । यसरी रुद्रशिवले तपस्या गरेपछि त्यसबेला देवताहरू वृहस्पति समेतको राय लिएर दानव र दैत्यहरूबाट डराई विष्णुसँग शिवलाई जगाइदिन भन्न गए । विष्णु पनि ब्रह्मासँग सल्लाह गरी सबैजनालाई लिएर शिवले तपस्या गरेको ठाउँमा जानुभयो । वृहस्पतिले शिवलाई जगाइदिन अनुरोध गर्नुभयो । तेजस्वी रूपका शिवलाई जागा गराउने हिम्मत कसैलाई भएन । त्यसबेला ब्रह्मा पनि भष्म हुने डरले शिवसमक्ष जानुअघि विष्णु र अरू देवताहरूसँग छलफल गर्न लाग्नुभयो ।

## २१. शिवले ईशानलाई ईशानतर्फको दिक्पालमा अभिषेक गर्नु

तपस्या गरिरहनुभएका शिवलाई जागा गराउन कसले सक्ला भन्ने बारे छलफल हुँदा वृहस्पति गुरु र केही देवताले सूर्यलाइ प्रस्ताव गरे । तर सूर्यले मसँग शिवको तेजको १ अंश पनि नभएको हुँदा शिवतेजबाट ध्वस्त हुन जान्न भने । त्यसपछि देवताहरूले चन्द्रमा इन्द्र, अग्नि, वरुण, समेतलाई क्रमशः छुट्टाछुट्टै बोलाएर शिवलाई जागा गराउन प्रस्ताव गरे । सबैले नसकिने जवाफ दिए ।

त्यसपछि ब्रह्माले विष्णुलाई नै उचित उपाय निकाल्न अनुरोध गर्नुभयो । विष्णुले सबै देवताहरूलाई बोलाएर सबैजना गएर शिवको स्तुति गर्न प्रस्ताव गर्नुभयो । देवताहरू खुशी भएर शिवले तपस्या गर्नुभएको ठाउँमा गएर **ॐनमो रुद्राय रौद्ररूपाय ते नमः- ४१** भनेर स्तुति गरे । देवताहरूले स्तुति गरेपछि प्रसन्न हुने महापुरुषको लक्षणअनुसार शिव प्रसन्न हुनुभयो र देवताहरूलाई स्तुति गर्नुको कारण सोध्नुभयो । विष्णुले ईशान कोणमा बसेर त्यहाँका प्राणीहरूको रक्षा गर्न लोकपाल बन्नुहोस् भन्नुभयो । शिवले

'हुन्छ' भन्नु भएपछि देवताहरू प्रसन्न भए ।

*ध्रुव्र र भगीरथले पनि त्यहीँ गएर तपस्या गरेका थिए ।*

## २२. ध्रुव्रले ध्रुव्रलोक प्राप्त गर्नु

ध्रुव को थिए, उनले कस्को र कसरी तपस्या गरे ? भन्ने अगस्त्यको प्रश्नमा स्कन्दकुमार भन्नुहुन्छ- कुनै समयमा सबै वर्णले सम्मान गर्ने उत्तानपाद राजा थिए । तिनका उत्तम र ध्रुव दुइ छोरा थिए । एकदिन ध्रुवले सौतिनी आमाका छोरा उत्तमलाई बाबुले काखमा राखेर सभामा बसेको देखे । उनले पनि काखमा बस्ने इच्छा राखे, तर बाबुले अनादर गरेकाले दुखित भएर आमा सुनीतिसँग उत्तम कसरी बाबुको प्यारो भएको हो भनेर सोधे । सुनीतिले भनिन्- पूर्वजन्मको कर्म र तपस्याले यस जन्ममा भाग्य बन्दछ । तिमी पनि भाग्यमानी बन्न चाहन्छौ भने तपस्या गर । आमाको कुरा सुने पछि ध्रुव तपस्या गर्न भनेर घनाजगंलमा पुगे । बाघ, हात्ती, जस्ता जनावरको डर भएको त्यो जंगलमा उनले सप्तर्षिहरूलाई भेटे । सप्तर्षिहरूले ध्रुवको परिचय र उद्देश्य सोधे । त्यसपछि सप्तर्षिले हिमालयको सर्वोच्च शिखरमा गएर एकचित्त गरी रुद्रमन्त्र जप गर्ने उपदेश दिए । ऋृषिहरूले नदी संगममा स्नान गरी हिमालयको टाकुरामा गएर विभूति र रुद्राक्ष लगाई शिवमन्त्र जप्ने पनि सुझाव दिए । ऋृषिहरूको सुझावअनुसार ध्रुवले ब्रह्मपुत्र नदीको संगम तीर्थमा स्नान गरी हिमालयमा बसेर तपस्या गरी शिवको स्तुति गरे । स्तुति गर्दै ध्रुव्रले भने- हे शिव ! हजुर, छाला रगत मासु वोसो रूपका हुनुहुन्छ, तपाईं पृथ्वी जल, तेज, वायु रूपको हुनुहुन्छ -

**मांसरूपाय जीवाय मेदो रूपाय वै नमः । -४२**
**पृथ्वी रूपाय भीमाय पानीयमूर्तये नमः ॥**
**तेजो रूपाय चोग्राय समीरमूर्तये नम : । -४५**

हजुर, मेरो रक्षा गर्नुहोस् । यसरी बालक ध्रुवले हजार मनुष्य वर्ष तपस्या

गर्दा पर्वतको उच्च स्थान, जसलाई धुव्रस्थान वा धुव्रपद भनिन्छ, मा बसे। शिव प्रसन्न भएर अरू चलायमान छन् तर धुव्रलोक अचल हुनेछ, भन्ने वरदान दिएर अन्तर्ध्यान हुनुभयो । वरदान पाएका ध्रुवलाई ब्रह्माले, अभिषेक गरेर धुव्रस्थानमा बसाउनुभयो ।

*यसै ध्रुवस्थानमा ब्रह्माले पनि तपस्या गर्नुभएको थियो भने त्यहीँ शिवपार्वती मात्र बस्नुभएको बेलामा गएकाले देवताहरूले श्राप पाएर वृक्ष बन्नुपरेको थियो ।*

## प्रकरण २- देवासुर संग्राम

### २३. स्वर्गमा आक्रमण गर्न दैत्यहरूको गुप्त मन्त्रणा

देवीले देवताहरूलाई श्राप दिनु र देवताहरू वृक्ष बन्नुको कारण बताइदिनुहोस्, त्यसो गर्ने देवी को हो र कहाँ बस्नुहुन्छ, पनि भनिदिनुहोस् भन्ने अगस्त्यको प्रश्नमा स्कन्द भन्नुहुन्छ- ब्रह्मपुत्र र कामधारा नदीको संगम नजिकै नील नामको विशाल पर्वत छ, त्यो क्षेत्रलाई कामक्षेत्र भनिन्छ, त्यहाँ कामाख्या देवी बस्नुहुन्छ। ब्रह्माजीले पनि स्नुति गरिएकी कामाख्या देवी समक्ष एकपटक शिव जानुभयो र आनन्द मानेर बस्न थाल्नुभयो। शिवजी मृत्युलोक गएकाले स्वर्गबासी देवताहरू दैत्यहरूको सम्भाव्य आक्रमणले पीडित देखिन्थे।

दुईपक्षको बीचमा द्वन्द्व र झगडा गराउन सिपालु नारद देवताहरूको अवस्था बुझेर हिरण्यकशिपुको सभामा जानुभयो। हिरण्यकशिपुले स्वागत गरिसकेपछि नारदले महादेव कामाख्या देवीसँग आनन्द मानिरहनुभएको र देवताहरू दैत्यको सम्भाव्य आक्रमणले छट्पटाइरहेका छन्, त्यही खबर दिन आएको भन्नुभयो ।

नारदको कुरा सुनेर हिरण्यकशिपुले धेरै दैत्य वीरहरूलाई बोलाएर देवतामाथि आक्रमण गर्न जाने सल्लाह लियो। सल्लाह दिन उपस्थित दैत्य वीरमध्ये अनुह्लाद, प्रह्लाद, निकुम्भ, वलि आदिले आफ्नो क्षमता र शत्रुहरूको

क्षमताको पूर्ण ज्ञान नभई, सन्धि, विग्रह, यान, आसन, आयुध र आश्रय जस्ता ६ वटा गुणबारे पूर्व विचार नगरी युद्ध गर्न जान नहुने सुझाव दिए। हिरण्याक्ष, विप्रचित्ति, मय आदि दैत्य वीरहरूले भने- शत्रूदेखि डराउनेले विजय हात पार्दैन, शिव छैनन् भने विष्णुसँग एक्लै लड्न सकिन्छ, युद्ध गर्नुपर्छ र अमरावती लिनुपर्छ।

दुवै पक्षको विचार सुनेपछि हिरण्यकशिपुले देवतासँग युद्ध गर्ने मौका यही हो भन्ने निर्णय गरी सैनिक तयार गरी मयलाई मनचिन्ते विशिष्ट रथ बनाउन लगायो।

## २४. मयले विशिष्ट रथहरू बनाएर दिनु

मयले कस्तो विशिष्ट रथ बनाए ? भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ– मयले बनाएको रथ मणिहरू जडिएको, १६ पाङ्ग्रा भएको, हिँड्दा मेघ गर्जे जस्तो आवाज आउने, सुवर्णमय थियो। हात्तीले तान्नुपर्ने त्यो रथ आधा योजन अग्लो थियो। सारथिको इच्छाअनुसार चल्ने, शस्त्रास्त्रले शत्रुलाई त्रास पैदा गर्ने त्यो रथ मयले हिरण्यकशिपुलाई दियो। त्यस्तो विशिष्ट रथ पाएपछि उनले चलाउन निर्देशन गरे। हिरण्यकशिपु ब्राहमणहरूलाई दान दिएर दिव्य रथमा चढ्यो। यसैगरी मयले प्रह्लाद, संह्लाद अनुह्लाद, निकुम्भ र वाणलाई पनि फरक फरक ढंगले बनाएका छुट्टाछुट्टै रथ दियो। त्यसपछि मय पनि विशिष्ट रथमा बसेर देवतासँग युद्ध गर्न निस्कियो।

## २५. विश्वकर्माले विशिष्ट रथहरू बनाएर दिनु, देवताहरु युद्ध गर्न निष्कनु

स्कन्द भन्नुहुन्छ- त्यसपछि नारदले स्वर्ग गएर इन्द्रलाई हिरण्यकशिपु आदि दैत्यहरू ३० करोड अक्षौहिणी सेना लिएर तपाईंसँग युद्ध गर्न आउँदै छन् भन्ने खवर दिनुभयो। दैत्यहरू युद्ध गर्न आएको खबरले इन्द्र केही डराए।

तर उनले वृहस्पति गुरु र अरू देव वीरहरूलाई बोलाएर दैत्यहरूसँग युद्ध गर्न तयार हुन निर्देश गरी विश्वकर्मालाई विशिष्ट रथ तयार गर्न अह्राए । इन्द्रको निर्देशनअनुसार काम गर्न सिपालु विश्वकर्माले विभिन्न किसिमका धातुहरू ल्याएर, फलामका पाङ्ग्रा र जुवा भएका रत्न जडित सुनको छाता भएको इच्छाअनुसार चल्ने दिव्यरथ बनाएर दिए । देख्दैमा प्रभाव पारिहाल्ने विशिष्ट रथ बनाएर दिएकोमा इन्द्र प्रसन्न भएर विश्वकर्मालाई आफ्नो घाँटीको हार उपहार दिए । त्यसपछि इन्द्रले दान, ब्राह्मण भोजन गराए, भयरहित भएर दिव्य रथमा चढे । विश्वकर्माले अरू पनि अनेकौं छुट्टाछुट्टै विशिष्ट रथहरू बनाएर जयन्त, सूर्य, चन्द्रमा, अग्नि, यमराज, निऋृति, वरुण, वायु, कुवेरलाई दिए भने आफू पनि विशिष्ट रथमा बसे । उनले दश दिशाका देवताहरूलाई अमरावतीको सुरक्षा गर्न अह्राए । गुरु वृहस्पतिले स्वस्तिवाचन गरेर सबै देवदेवीहरूलाई दैत्यसँग युद्ध गर्न जान प्रस्थान गराउनु भयो ।

## २६. देवासुर युद्ध, अग्नि र जयन्त पराजित

स्कन्द भन्नुहन्छ- हे अगस्त्य ! दैत्यसेना रथ, हात्ती, घोडा, उँट आदिमा बसेर देवताहरूसँग युद्ध गर्न भनेर स्वर्ग पुग्यो । त्यहाँ उनीहरूले पारिजातको शोभा, दिक्पालले रक्षा गरेका, स्वर्ण वृक्षहरूले सुसज्जित इन्द्रको नगरी देखे । हिरण्यकशिपुले देवसेनाहरूसँग आफ्ना सैन्य वीरहरूलाई निम्नानुसार लड्न निर्देश गऱ्यो -

पूर्वमा- प्रह्लादलाई जयन्तसँग

आग्नेयमा- अनुह्लादलाई अग्निसँग

दक्षिणमा- संह्लादलाई यमसँग

नैऋृत्यमा- निकुम्भलाई निऋृतिसँग

पश्चिममा- कालनेमिलाई वरूणसँग

वायव्यमा- वलिलाई वायुसँग

उत्तरमा- विप्रचित्तिलाई कुवेरसँग

यस्तै हिरण्याक्षलाई युद्ध हेरेर बसौँ भन्दै हिरण्यकशिपुले सैनिक थाकेमा हामी पालो दिउला, भन्यो ।

हिरण्यकशिपुको निर्देशनअनुसार उसलाई प्रणाम गरेर प्रसन्न मुद्रामा दैत्य वीरहरू युद्ध गर्न अग्रसर भए। यसैगरी देवताहरू पनि युद्ध गर्न अघि सरे। दुवै तर्फबाट ठूलो आवाज निस्कियो । दमाहा, कर्णाल, मादल, ढोलकहरू बजे । आपसमा लडाई हुँदै जादा दुवै तिरका सेनाहरू ढल्दै गए । जयन्तले सर्वप्रथम आफ्नो नाम अंकित धनुले वाण वर्षा गरे । उनले प्रल्हादको छातीमा ताकेर वाण हाने, १० वाण वाहनमा, ५ वाण पैदल सेनामा वर्षाए। प्रह्लादको सेना भाग्न थाल्यो । त्यसबेला प्रह्लादले दैत्य धर्म निर्वाह गरी युद्ध गर्न उक्साए । पुनः युद्ध गर्न अघि सरेका प्रह्लादका सेनाले अन्धाधुन्ध तरिकाले जयन्तको वाहन, सारथि र पदातिलाई वाण हाने । देवसेना शहर तिर पस्न थाले ।

यसैबीच अग्निले अनुह्लादको छातीमा वाण बर्साए । त्यति हुँदा पनि अनुह्लादले संयमित भएर भाग्न लागेका सैन्यलाई पुनः बोलाएर युद्ध गर्न लगायो । अनुह्लादले अग्निलाई वारुण यन्त्रले हिर्काए । उनले सेना र सार थिलाई पनि वाण हान्दै गर्जन गरे । अनुह्लादका वाणको पीडा सहन नसकेर भाग्न लाग्दा अग्नि र जयन्तका सारथिले अग्नि र जयन्तलाई सुरक्षित स्थान तिर लगे र इन्द्रलाई फर्किएको वृत्तान्त सुनाए ।

## २७. देवासुर युद्धमा निॠति र कालको पराजय

स्कन्द भन्नुहुन्छ- हे अगस्त्यमुनि ! अग्नि र जयन्त पलायन भएपछि निॠति र काल युद्ध गर्न अघि सरे । संह्राद र कालका बीचमा आङ जिरिङ्ग हुने किसिमको विशेष युद्ध भयो । दुवै वीरहरू जुनकिरीद्वारा निर्मित सुनका

टाकुरा जस्ता देखिन्थे (**हिरण्यशिखरा रात्रौ खद्योतैरिव संयुतौ- ५**) युद्धमा वीरता प्रदर्शन गर्ने विचारले कालले सारथिलाई संह्लादलाई मार्ने उद्देश्यले रथ अघि बढाउन निर्देश गरे । कालले संह्लादका छातीमा एकैपटक ३० वटा वाण हाने । उनका वाणले संह्लादका हातगोडा, सारथि र पैदल सैन्यलाई पनि मर्म पुऱ्याए । उनले १० हजार सैनिकको टाउका काटे । त्यो देखेर संह्लादले पनि रथ अगाडि बढाउन लगाएर आफूसँग युद्ध गर्न ललकारे । संह्लादका वाणले कालका सैन्य, रथारोही र ध्वजालाई ध्वस्त बनाएर देवसैन्यलाई समेत प्रहार गऱ्यो । दुवै वीरका वाणले आकाशै ढाकियो ।

यसैबीच निऋृति युद्ध गर्न अघि सरे । निऋृति र निकुम्भका बीचमा विशिष्ट युद्ध भयो । दुवै वीरले एक अर्कालाई परास्त गर्न अनेकौँ प्रयास गरे । राक्षसीका छोरा निकुम्भले म तलाईं मार्छु भन्यो र अमोध शस्त्रास्त्र चलायो । निऋृतिका सेना भाग्न थाले । भागेका सेनाले अमरावती पुगेर इन्द्रलाई सबै वर्णन सुनाए ।

## २८. देवासुर युद्धमा वायुको पलायन

देवता र दानवका बीचमा डरलाग्दो युद्ध भयो । वरुण र कालले एक अर्कामाथि भीषण आक्रमण गरे । बादल लागेझैं चारै दिशामा अन्धकार देखियो । यसैबीच वरुणले सारथिलाई युद्ध स्थलकै नजिक रथ लैजान निर्देशन गरी सुवर्णमय वाणहरू छोडे । वरुणले काललाई नै लक्ष्य गरेर वाण हाने । राक्षस सैन्यहरू भाग्न थाले । काल दैत्यले पनि रथ अघि बढाउन लगाएर वरुणको छातीमा हजारपटक वाण हान्यो । सारथि र रथलाई पनि ध्वस्त बनायो । वरुणको झण्डा पनि खसाल्यो । वरुणका सैन्य अमरावती तिर भाग्न थाले ।

त्यसपछि वलि र वायुका सैन्यहरू युद्धमा होमिए । वायुले सारथिलाई रथ अघि बढाउन निर्देशन दिई १० हजार वाण वलिमाथि प्रहार गरे । वलिका दैत्य चारैतिर भाग्न थाले । वलिले गर्जंदै भाग्न लागेका सैन्यलाई धिक्कार्दै

दैत्यधर्म पालन गरी हिरण्यकशिपुको निर्देशन पुरा गर्न उत्साहित बनाएर पुनः युद्ध गर्न उक्सायो । बलिको नीतिपूर्ण वचन सुनेर भागेका सैन्य युद्ध गर्न आए । वलि र वायुका बीच धमासान युद्ध भयो । बलिको चक्रले वायुको रथ ध्वस्त भयो । वायुका सारथिले पुनः रथ चलाएर युद्धस्थलबाट फर्काए, वायुलाई निकाले । युद्धस्थलबाट बाहिर गएको देखेर अरू देवसैन्यहरू पनि भागाभाग गरी स्वर्ग पुगे र इन्द्रलाई जस्ताको तस्तै युद्धको वर्णन सुनाए ।

## २९. देवासुर युद्धमा कुवेर र विश्वकर्माको पलायन

स्कन्द भन्नुहुन्छ- हे अगस्त्यमुनि ! देवासुरयुद्धमा विप्रचित्ति र कुवेरका बीच युद्ध भयो । दुवैतर्फ डरलाग्दो युद्ध भयो । उनीहरूका शस्त्र, अस्त्र, पदातिहरू पनि युद्धमा प्रयोग भए । वाणवर्षाले चारैतिर अन्धकार भयो । कुवेरले विप्रचित्तिलाई वाणवर्षा गर्ने वित्तिकै विप्रचित्तिले पनि वाणवर्षा गरे । रगतको खोलो बग्यो । कुवेरका सैन्यहरू युद्धमा घाइते भएका र रगतकै वमन गरेको देखेर कुवेरका सारथिले युद्ध स्थलबाट रथ फर्काए ।

त्यसपछि मय र विश्वकर्माबीच युद्ध भयो । दुवैजना एक अर्कालाई वध गरेर आफ्नो बहादुरी प्रदर्शन गर्न चाहन्थे । युद्धमा दुवै वीरहरूले ढुंगा, रूख, धुलोले पनि हिर्काए । त्यसपछि वाक्‌युद्ध गर्न थाले । उनीहरूको युद्धले पृथ्वी नै कम्पायमान भइन् । त्यसपछि दुवै वीरले मायायुद्ध गर्न आकाशमा गए । उनीहरूलाई सैनिकहरूले पनि देखेनन् । आकाशबाट मायायुद्ध गर्दागर्दै दुवैजना पृथ्वीमा आपसमा अंकमाल गर्दै पछारिए । एकछिनपछि उठेर मयले माया प्रर्दशन गर्दा विश्वकर्मा नाच्न गाउँन थाले । विश्वकर्माले नाचगान गरेको देखेर चन्द्रमाले अमृतवर्षा गर्नुभयो । मयको मायाले विश्वकर्मा लट्ठ भएको खबर देवसेनाले इन्द्रलाई दिए ।

## ३०. युद्धमा देवताहरूको पराजय

देवासुर युद्धबाट कुवेर, विश्वकर्मा लगायतका वीरहरू भागेको सुनी इन्द्र क्रोधित भए र सबै देवतालाई बोलाएर भने- धिक्कार छ । हामी यति वीर हुँदा पनि युद्धबाट भाग्न हुन्छ ? लौ आऊ, पुनः युद्ध गरेर दैत्यहरूलाई हर ाऔँ । यसरी देवताहरूलाई सम्झाएर युद्ध गर्न उत्साहित बनाई इन्द्र सबै देवसेनाका साथमा दैत्यहरूसँग युद्ध गर्न गए । अग्निले अग्न्यास्त्र, वरुणले पाश, कुवेरले चाप, विश्वकर्माले माया युद्ध, चन्द्रमाले तुषरबर्षा, सूर्यले ताप दिएर हजारौँ दैत्यसेनालाई यमलोक पठाइदिए । यसरी देवसैन्यले दैत्यसेनालाई आहत पारेको देखी हिरण्यकशिपुले गुरु शुक्राचार्यलाई मरेका दैत्यलाई पुनः जीवित बनाउन आग्रह गऱ्यो । आग्रहअनुसार शुक्राचार्यले मन्त्र पढेर मरेका दैत्यहरूलाई पुनः जीवित बनाए । त्यसपछि राहु, भौमासुर, वज्र, शूल, प्रहार, निकुम्भ, अनुह्लाद, भीम आदि वीरको साथ हिरण्याक्ष र हिरयकशिपु नै युद्ध गर्नथाले । एकैपटक जागरुक भएर वाणवर्षा गर्दा देवसेनाले प्रतिकार गर्न खोज्दा पनि सकेनन् । त्यो देखेर इन्द्रले वृहस्पतिसँग अब के गरौँ भनेर सोधे ! वृहस्पतिले भन्नुभयो- यसबेला गरेको युद्धबाट देवसेनालाई विजयलाभ हुँदैन । त्यसपछि इन्द्रले अब के गरौँ भनी राय मागेपछि वृहस्पतिले शिवसमक्ष गएर उपाय सोध्नुपर्ने बताउनुभयो ।

वृहस्पतिको सुझावअनुसार इन्द्र र देवताहरू श्रीमहादेव बस्नुभएको ठाउँ कामाख्यापीठमा गए । देवताहरू युद्धबाट पलायन भएपछि हिरण्यकशिपुले आफैँ अग्नि, आफैँ सूर्य, आफैँ चन्द्रमा बनेर लामो समयसम्म स्वर्गको भोग गऱ्यो ।

## ३१. दधीचिको सहयोगले देवतालाई स्वर्गप्राप्ति एवं हिरण्याक्ष-वध

स्कन्द भन्नुहुन्छ- हे अगस्त्यमुनि, युद्धबाट पलायन भएका इन्द्रादि देवताहरू महादेवलाई भेट्न कामाख्या पीठमा गएर खोज्दै गुफामा प्रवेश गरे । एकान्तमा बसेको बेलामा बिना आज्ञा गुफामा पसेकोमा कामाख्या देवी क्रोधित बन्नुभयो र अविवेकी देवताहरूलाई रूख बन्नुपर्ने श्राप दिनुभयो ।

देवताहरूले श्राप पाएको सुनेर इन्द्रायणी दुखित हुनुभयो र देवीको स्तुतिगरी पीडित देवताहरूलाई दिएको श्राप फिर्ता लिन अनुरोध गर्नुभयो। त्यसपछि देवीले देवताहरू एक एक वृक्षको रूपमा रहने र इन्द्रायणी (शची) ले इन्द्रसँग सुखभोग गर्न पाउनेछयौ भन्नुभयो। देवीको श्रापअनुसार देवताहरू यसरी ब्रह्मा- वर, विष्णु- पिपल, इन्द्र डुम्री, शिव- वेल, सूर्य- कदमरुख भएर बस्न थाले ।

यसैगरी अरू देवताको अंश पनि एउटा एउटा रूखमा बस्न थाल्यो । देवताहरूले शिवलाई प्रणाम र स्तुति गरी दैत्यको कारणले स्वर्ग छोड्न परेको हुँदा पुनः स्वर्ग जान पाउने शक्ति प्रदान गर्न अनुरोध गरे । शिवले भन्नुभयो- हिरण्यकशिपुले तपस्याको फल पाएको हो, फल सकिएपछि विष्णुले उसलाई मार्नु हुनेछ । दैत्यहरू फलामको हतियारले मर्दैनन् । हाडबाट बनेको अस्त्रले मात्र मर्छन् । यसैले तिमीहरू तपस्वी दधीचिलाई भेट र आफ्नो पीडा र इच्छा बताऊ । शिवको उपदेशअनुसार देवताहरू तपस्या गरेर बसेका दधीचि ऋषिसमक्ष गए र दैत्यलाई पराजित गर्न उनको हड्डी मागे । दधीचिले भने- म एउटाको शरीरले धेरैजनाको उद्धार हुन्छ भने म शरीर दिन्छु –

**एकस्यार्थे बहून् हत्वा लभते बहुपातकम् ।**
**बह्वर्थे लभते हत्वा चैकं न पातकं जनः ॥**
**शरीरं भौतिकञ्चैतत् क्षणिकं श्रूयतां सुराः ।**
**दास्याम्यहमिदं नूनं युष्मदुद्धरणाय च ॥ ३२,३३**

यति भनेर दधीचिले तीर्थमा गएर योगद्वारा शरीर छोडिदिए। विश्वकर्माले उनको हाडबाट गदा, पाशो, शक्ति, वाण, मुग्रो, ब्रह्मास्त्र, पाशुपतास्त्र वैष्णवास्त्र आदि बनाएर देवताहरूलाई दिए ।

शस्त्रास्त्रहरू प्राप्त गरेपछि देवताहरूले सुन्दर तीर्थमा स्नान गरे, सुन्दरीदेवीको स्तुति गरी स्वर्गप्राप्तिको वरदान मागे । देवीबाट वरदान पाएपछि देवताहरू स्वर्ग गए ।

यी सबै घटना थाहापाएका शुक्राचार्यले हिरण्यकशिपुलाई अब हाम्रो बलले देवतालाई जित्न सकिँदैन भने र पनि देवता र दानवको बीचमा युद्ध भयो । दैत्यहरू क्रमशः पराजित भएर भाग्न थाले । त्यसबेला हिरण्यकशिपुले विष्णुलाई नमारी नजाने बतायो । कौशिकी तटमा वराह रूपले बस्नुभएका विष्णुसमक्ष गएर भन्यो– मदेखि डराएर वराह रूप लिएका तिमीलाई आज मार्छु । दैत्यको कुरा सुनेर विष्णुले जथाभावी नवोल्न भन्दै सुदर्शनचक्रले उसको शिरच्छेदन गरिदिनुभयो । त्यसपछि इन्द्रादि देवताहरू स्वर्गमा बस्न थाले ।

देवासुर संग्राम प्रकरण २ समाप्त

## प्रकरण ३–कामाख्या, कौशिकी, गण्डकी

### ३२. सुन्दरपर्वत महिमा

कामरूप, सुन्दरपर्वत र वराहपर्वतको महिमा बताईदिनुहोस् भन्ने अगस्त्यलाई स्कन्दकुमार भन्नुहुन्छ- ब्रह्माजीद्वारा निर्मित कामपर्वत अनेकौं रत्नहरूद्वारा बनेको छ भने लता, वृक्ष, चराचुरुङ्गी फलफूलले सुसजिल्जत र सुन्दर पनि छ । पर्वतको सुन्दरतालाई देखेर आदिशक्ति सुन्दरी भवानी योगिनी गण एवं देवता ऋषि गन्धर्व आदिको सेवा लिएर बस्नुभएको थियो । उनै देवीको पाउमा चढाइएको अर्घ्यबाट त्यसै पर्वतमा उत्पन्न भएकी अर्की देवीको नाम सुरसुन्दरी हो । त्यसै सुन्दरपर्वतको तलाउबाट गोमती नदी बग्दछिन् । त्यहीँ बग्ने अर्की नदी पनि छन् । ती दुई नदीको संगम नै सुन्दर तीर्थ हो । त्यहाँ दर्शन गरी पर्वत चढेमा ब्रह्महत्यादि पाप नाश भएर परमगति प्राप्त हुन्छ ।

कण्डु नामको एकजना म्लेच्छ शिकार गरी बस्थ्यो । एकदिन ऊ शिकार नपाएर रिसाएको बेलामा त्यसै पर्वतमा पुग्यो । त्यहाँ उसले सुन्दरी देवीलाई देख्यो । उसलाई अकस्मात् सद्बुद्धि आयो र देवीलाई प्रणाम गऱ्यो । देवीले योगिनी पठाएर वरदानका रूपमा स्वर्ग वा पृथ्वीको भोग के चाहन्छ सोध्न

लगाउनु भयो। म्लेच्छले वरदान पाएअनुसार पहिले पृथ्वीको भोग गऱ्यो। त्यसपछि मंगला नामकी योगिनी आएर म्लेच्छलाई मोहित बनाइदिनुभयो र देवी अन्तर्ध्यान हुनुभयो। त्यो म्लेच्छले राजा भएर पृथ्वीको ऐश्वर्य भोगेपछि पर्वतमा चढ्न लाग्दा दिव्य विमान आयो र त्यसैमा बसी स्वर्ग गयो।

पर्वतको पूर्वोत्तर भागमा कल्कीको रूपमा हयग्रीव (विष्णु) बस्नुभएको छ। उनै हयग्रीवले कलियुगको अन्तमा सबै प्राणीको हरण गर्नुहुन्छ। त्यहाँ विष्णु धारा नदी पनि बगेको छ। पवित्र ती नदीको स्नानले म्लेच्छले पनि भौतिक सुख पाएर अन्त्यमा परमगति प्राप्त गर्दछ।

## ३३. कामाख्याको महात्म्य

अगस्त्य मुनिलाई कामाख्यादेवीको महात्म्य बताउँदै स्कन्दकुमार भन्नुहुन्छ- स्वयं ब्रह्माजीले रचना गर्नुभएको नाना धातुहरू भएको कामाचल पर्वत देवीलाई मन पऱ्यो र त्यही बसेर राजसुख भोग गर्नुभयो। त्यहाँ निवास गर्ने मानिसले पनि ऐश्वर्य भोग गर्दै मरेपछि पितृ उद्धारका साथ शिवलोक जान पाउँछ। त्यहाँ योगधारा र ब्रह्मपुत्र नदीको संगम छ र स्वयं शिवले विभूति स्नान गरेर लिङ्ग स्थापना गर्नुभएको थियो। त्यस संगममा स्नान गरेमा अक्षय पुण्य र शिवलोक प्राप्त हुन्छ। साथै मारण, मर्दन, वशीकरण, उच्चाटण, स्तम्भन, आकर्षण समेतका सिद्धि प्राप्त हुन्छन्। त्यहाँ मय दानवले देवीको सेवा गरेर आसुरी माया प्राप्त गरेको थियो। शम्वरासुरले देवीको माया प्राप्त गरी भगवान् हरिलाई पनि मोहित बनाएको थियो। ब्रह्मा-विष्णु-महेश्वरले पनि देवीबाट उत्तम वरदान पाउनु भएको थियो। त्यहाँको योगकुण्डमा स्नान गरेर देवी मन्त्र जप गरेमा अज्ञानी पनि योगेश्वर प्रभु बराबर बन्दछ।

सुकेशी नामकी वैश्यपुत्री मीठो गीत गाउँथी। उसले काशीको महात्म्य सुनी र घरपरिवार छोडेर जाग्राम बसी। देवीको आराधना गरी प्रसन्न बनाएपछि संसारलाई मोहित बनाउन सक्ने सुन्दरता र मरेपछि स्वर्ग गएर

देवताहरूसँग भोग गर्न पाऊँ भन्ने २ वटा बरदान मागी। देवीको प्रभावले अत्यन्त सुन्दरी बनेकी सुकेशीले रसिक केटाहरूसँग क्रीडा गरेर सुखभोग गर्दै उसँग भोग गर्नेलाई दास जस्तो बनाउन सकी। मरेपछि ऊ इन्द्रपुरी पुगी र देवताहरूसँग भोग गर्न थाली। एकदिन इन्द्रको सुधर्मामा गएर इन्द्रसँग क्रीडा गर्न खोजी तर इन्द्र रिसाएर उसलाई पृथ्वीमा खसालिदिए। त्यसबेला त्यो सुकेशीले कामाख्या देवीको महात्म्य सुनी र देवीसमक्ष गएर स्तुति गरी इन्द्रलाई दास बनाउने वरदान मागी। तत्काल सशरीर स्वर्ग गई। त्यसैबेला इन्द्रले सभाबाट पृथ्वीमा खसालिएकी त्यो सुन्दरी (सुकेशी) लाई सम्झिए र कामातुर बने। इन्द्रले वृहस्पति गुरुलाई आफ्नो पीडा बताए। वृहस्पतिले नील (काम) पर्वत गएर देवीको आराधना गर्ने सल्लाह दिनुभयो। देवीको आराधना गरेपछि इन्द्रले सुकेशीलाई देखेर सधैँ तिम्रो सेवक सरह भएर रहने छु भनेपछि इन्द्रसँग क्रीडा गर्ने भई।

*कामाख्या देवीको महिमा सुनेमात्र पनि अनेकौँ तीर्थ गरेको पुण्य मिल्दछ। यो अध्याय पढेमात्र पनि आयु, विद्या र अक्षय पुण्य मिल्छ।*

## ३४. वराह तीर्थमहिमा

स्कन्द भन्नुहुन्छ- हे आगस्त्य मुनि ! ब्रह्माजीले अत्यन्त सुन्दर पर्वत बनाउनुभएको थियो। धातुहरूले विराजित त्यो पर्वतमा नाना किसिमका वृक्ष, वनस्पति, मृग, चरा फलफूल पनि थिए। त्यो पर्वतमा पृथ्वीको उद्धार गर्न वराह रूप लिनुभएका विष्णु बस्नुहुन्थ्यो। त्यसको नजिकै कोक पर्वतबाट कोका नदी र त्यहीँको वराह पर्वतमा पार्वतीका पसिनाबाट उत्पन्न सप्तकोशी नदी पनि छ। त्यसको संगम नै वराहतीर्थ हो। हे अगस्त्य ! वराहतीर्थमा स्नान, पूजा, पिण्डदान आदि गरेमा इच्छासिद्धि हुन्छ, पितृमुक्त हन्छन्।

वराहक्षेत्र ३ योजनमा विस्तारित छ। वराह पर्वतमा ब्रह्माले बनाउनुभएको ब्रह्म तलाउ छ, त्यहाँ स्नान गरेर वराहको दर्शन गरेमा मोहरूपी काँचुली

फेरेर ज्ञानरूपी वस्त्र पहिरी दश अघिका र १० पछिका पितृवंश र मातृवंशको उद्धार हुन्छ। स्नान गर्नेहरू विष्णुलोक जान पाउँछन्। त्यसैको उत्तरपट्टिको शिखरमा विष्णुले आराधना गर्नुभएको वराह शिवलिङ्ग छ। त्यसै लिङ्गको आराधना गरेर विष्णुले पृथ्वीको उद्धार गर्नुभएको थियो । यस्तो पुण्यमय वराहक्षेत्रको प्रचार ब्रह्मपुरीमा बस्ने विष्णु शर्माले गरेका थिए ।

ब्रह्मकर्म गर्ने शास्त्र पढेका विष्णु शर्मा एकपटक घर गृहस्थीबाट विरक्तिएर काशी पुग्दा उनले कौशिकीको प्रशंसा सुने। त्यो सुनेर उनी कौशिकी क्षेत्रमा पुगे। त्यहाँ उनलाई एक्लै देखेर मांसाहारी म्लेच्छले मार्न आट्यो। त्यसबेला भिल्लु नामको म्लेच्छ आएर उसलाई मार्नबाट रोक्यो । भिल्लुले भन्यो- यो दुब्लो गरीब ब्राह्मणलाई मारेर तिमीहरूलाई के हुन्छ। बरू म यसलाई मेरी छोरी सुवदनालाई दिन्छु, मेरो घरमा आएर भोजन गर । भिल्लुले विष्णुलाई छोरी दियो। व्वाँसाहरूको माझमा परेको मृग झैँ भएका विष्णु शर्मा केही बोलेनन्, भिल्लुको छोरी विवाह गरी बिर्सिएर सन्तान जन्माए, शिकार खेलेर जीवन निर्वाह गर्न थाले । एकपटक कात्तिक पूर्णिमाको रातमा उनले विभिन्न बाजाको साथमा नृत्य गरेको ठूलो आवाज सुने । भोलिपल्ट आश्रममा गएर पत्नी सुवदनासँग सोधे। सुवदनाले भनी- हरेक महिनाको द्वादशीका दिन वराह पर्वतमा नाच गान हुन्छ। त्यहाँ जानुहुँदैन, जानेहरू विलाउँछन् । त्यो सुनेपछि विष्णु शर्मालाई त्यहाँ जान एक्कासी मन जाग्यो र उनी ब्रह्म तलाउमा स्नान गरेर ॐ नमस्ते वराहाय' मन्त्र जपेर वराह पर्वत चढ्न लागे। उनले वराह भगवान्को दर्शन पाए र पूजा गरे । वराहको वरदान पाएपछि विष्णु शर्माले अनेकौं सुखभोग गरी ७१ युगसम्म इन्द्र बनेर बसे ।

ब्राह्मण पत्नी सुवदना पनि विष्णु शर्मा पर्वततिर गएकोमा क्रोधित् भइन् र वराह मन्दिरमा दर्शन गरेर स्नानार्थ कौशिकी किनारतिर गइन् ।

## ३५. वराह महिमा एवं कोकाख्यान

अगस्त्य सोध्नुहुन्छ- भगवान् विष्णुले वराहरूप लिएर पृथ्वीमा बस्न थाले पछि स्वर्गमा देवताहरूले के गरे ? स्कन्दकुमार भन्नुहुन्छ- हिरण्याक्षको वध गरेपछि देवताहरू विष्णुलाई भेट गर्न वराह पर्वतमै आए र स्तुति गरे । देवताहरूले स्तुति गर्दै भने- नीलमेघको रूपजस्तो आकार भएका हे वराह स्वरूप प्रभु, हजुरलाई नमस्कार छ, हामी रातोदिन नमन गर्दछौँ -

**ॐ नीलमेघाभदेहाय वाराहाय नमो नमः ।**
**तडिद्विलेखकाङ्गाय नमस्तेऽहर्निशं हरे ॥ १३**

सबै देवताहरूले यसरी स्तुति गरिसकेपछि ब्रह्माले हजुर नभएको स्वर्ग साढ़े विनाको गाई जस्तो भयो । छिटो स्वर्गमा जानुहोस् । विष्णुले भन्नुभयो- तपाईंहरूले नै रचना गर्नुभएको यो पर्वतमा बसेर पृथ्वीको उद्धार गरेको थिएँ। त्यसैले मेरो नाम धरणीघर पनि भएको छ। शिवाराधना गरेर मैले आदि वराहको रूप लिएको यो पर्वत मेरो लागि प्यारो छ, म छोडेर जान्न । लक्ष्मी पनि यहीँ बसेकी छिन्, पर्वतबाट निस्किएकी पवित्र नदी पनि यहीँ बग्छिन् । मलाई वरदान दिने शिवको रूप पनि यहीँ हेर्न पाइन्छ । कोकानदी र आदिगंगा कौशिकीको संगममा भएको मेरो आश्रम छोडेर म जान्न । यो पापनाशक क्षेत्रमा पूर्णिमाका दिन स्नान गरेमा वाजपेय र अश्वमेध यज्ञ गरेको पुण्य मिल्छ । यहाँ हव्यकव्य (देवता र पितृ) को आराधना गरेमा करौडौं कुललाई तार्न र अक्षय पुण्य प्राप्त गर्न सकिन्छ। यसै पवित्र स्थानमा गौरीपर्वत, पार्वती र मेरो पूजा गर्नु, ब्रह्मकुण्डमा स्नान गर्ने पामर र मूर्खहरू पनि निष्पापी हुन्छन् । कलियुगमा म्लेच्छहरूलाई नाश नगरून्जेल म यो प्यारो पर्वत छोडेर जान्न ।

वराह भगवान्को कुरा सुनेर ब्रह्मा र अरू देवताहरू पनि वराहरूपी विष्णुको सेवागरेर वस्न थाले ।

एकदिन इन्द्रले कौशिकी स्नान गरेर फर्कंदा एउटी सुन्दरीलाई देखेर मोहित भई नारदलाई ‘ती सुन्दरी को हुन् भनेर ? सोधे। नारदले भने- माइत हिँडेकी

ती सुन्दरी हिमालयका छोरा कोककी छोरी कोका हुन् । यिनी घरबाट दक्षिण दिशातर्फ जान लागेकी छिन् भन्नुभयो ।

नारदसँगको संवाद पछि इन्द्र झन् मोहित भए र सुन्दरीको पछिपछि लागे । एकान्त ठाउँमा पुगेपछि इन्द्रले आफ्नो कामपीडा र कामेच्छा सुनाए । सुन्दरी कोका पनि इन्द्र देखेर मोहित भइन् र तत्काल कामेच्छा पूरा गरिदिन आग्रह गरिन् । इन्द्रले भने- नजिकै ऋषिको आश्रम छ, उनले श्राप दिन्छन् । अलिकति पर कङ्का गुफा छ, गुफाको एकान्तमा यौनक्रीडा गरौँला । सुन्दरीले भनिन्- कामेच्छाले म अति पीडित भएकी छु, ध्यान गरेर बस्ने ऋषिले दैख्तैनन्, यहीँ क्रीडा गरौँ ।

दुवैजना रतिक्रीडा गर्न थाले । ऋषिले थाहा पाए, देखे र क्रोधित बनी सुन्दरीलाई ‘पतिलाई अनास्था गरेर पर पुरूषसँग संसर्ग गर्ने पापिनी भनी तत्काल नदी हुने श्राप दिए । इन्द्र डराएर क्षमा माग्दै भाग्न लागे । ऋषिको श्रापले ती सुन्दरी कोका नदी भएर बग्न लागिन् । नदी भएपछि ऋषिलाई दया आयो र देवताहरूले पनि स्नान गर्ने पवित्र नदी हुनेछ्यौ भनी आशीर्वाद दिए ।

*जसले वराह भगवान् कोका नदी, कौशिकी, ब्रह्मकुण्डको महात्म्य सुन्छ, उसले जहाँ बसे पनि कोकास्नानको फल पाउँछ ।*

## ३६. पार्वतीले कठोर तपस्यासहित शिवको आराधना गर्नु

अगस्त्य सोध्नुहुन्छ- पार्वतीको पसिनाबाट कसरी कौशिकीको उत्पत्ति भएको थियो ? स्कन्द भन्नुहुन्छ- यसबारे मैले शिवको मुखबाट सुनेको कुरा बताइदिन्छु । दक्षको क्रोधले गर्दा शरीर त्याग गरेपछि सतीदेवी हिमालय र मेनकाबाट पार्वती भएर जन्मिनुभयो । पार्वतीको जन्म हुँदा हिमालय प्रसन्न भएर ब्राह्मणहरूलाई गाई, धनसम्पत्ति आदि दान दिनुभयो र ती ब्राह्मणहरूलाई पार्वतीको संस्कार गरिदिन अनुरोध गर्नुभयो ।

पार्वती क्रमशः बढेर पाँच वर्षकी भएपछि वावुआमाको समेत सम्मतिले

महादेवको ध्यान गर्न थाल्नुभयो । त्यसबेला पार्वतीले आफ्नै अगाडि कामदेव भष्म भएको देख्नुभयो र शिवदेखि निराश बन्नुभयो । त्यसपछि पार्वतीले शिवलाई सन्तुष्ट नगरी नछोड्ने दृढता लिएर तपस्या विना कार्यसिद्धि नहुने ठानी बाबु आमासँग तपस्या गर्न जाने अनुमति माग्नुभयो। भर्खर ५ वर्ष भएकी छोरीले तपस्या गर्ने अनुमति मागेकोमा आमा मेनकाको चित्त व्याकुल भयो र 'तिमी बालकै छौ, सक्तिनौ' भनेर नजान सम्झाउनु भयो । तर पार्वतीले पाञ्चभौतिक शरीरदेखि मोहित हुन नहुने बताई तपस्या गर्न थाल्नुभयो । नीलकण्ठपर्वतको आग्नेय तर्फको अग्लो पर्वतमा पहिले १ वर्ष फलफूलमात्र, त्यसपछि सुकेका पात मात्र, त्यसपछि दुवो मात्र, त्यसपछि जलमात्र, त्यसपछि हावा मात्र खाएर क्रमशः कृच्छ, अतिकृच्छ र चान्द्रायण व्रत गर्नुभयो । पार्वतीले शिवलाई सम्झिएर धूमपान मात्र गरेर पनि व्रत गर्नुभयो । पार्वतीलाई ५ वर्ष व्रत गर्दा पनि ५ दिनजस्तो मात्र लाग्यो । व्रत पुरा गरेर पार्वती पितामाता समक्ष फर्कनुभयो । माता पिताको आशीर्वाद पाएकी पार्वतीले घरमा पनि शिवकै भक्ति र आराधना गर्न थाल्नुभयो ।

## ३७. पार्वतीले गर्नुभएको शिवभक्ति र व्रत

स्कन्दकुमारको पार्वतीले कसरी शिवको तपस्या गर्नुभयो ? भन्ने प्रश्नमा अगस्त्य मुनिलाई यसप्रकार भन्नुहुन्छ-

**आषाढ-** आषाढ महिना लाग्ने वित्तिकै पार्वतीले पार्थिव लिङ्ग स्थापना गरी पूजा प्रारम्भ गर्नुभयो। गोमुत्र खाने, इन्द्रिय निग्रह गर्ने, पर्वका दिनमा निराहार बस्ने जस्ता नियममा बस्नुभयो । आषाढ पूर्णिमामा पीठाको घर बनाएर शिवलाई अर्पण गर्नुभयो । त्यसपछि गाई, वस्त्र आदि ब्राह्मणलाई दान गर्नुभयो ।

**श्रावण-** श्रावणमा सर्वप्रथम पार्थिव शिवलिङ्ग स्थापना गरी पूजा गर्नुभयो । तिलपर्वत, ध्वजापताका, गाई, यज्ञसूत्र, लड्डु आदि समर्पण गरी भक्तिपूर्वक शिवध्यान गर्नुभयो ।

**भाद्र -** शिवलिङ्ग स्थापना गरी पूजा गर्नुदेखि शिवलाई वेलपत्र चढाई आफूले रातमा वेलपत्रै खाएर बस्नुभयो । शिवभक्तिको लागि चामलको पर्वत बनाएर वृक्ष लता आदिले सुसज्जित बनाउनुभयो र शिवलाई अर्पण गर्नुभयो । दुईवटा गाई, वस्त्र, कमण्डलु, छाता, जुत्ता आदि दान गर्नुभयो ।

**असौज-** यस महिनामा लिङ्ग स्थापना र पूजा गरी रात परेपछि घ्यूमा पकाएको वस्तु भोजन गर्नुभयो । धान्यपर्वत बनाएर शिवलाई अर्पण गर्नुभयो । त्यसपछि दुईवटा गाई वस्त्र आदि दान गर्नुभयो ।

**कार्तिक-** कार्तिकमा रुद्रलिङ्ग स्थापना गरी विभिन्न पवित्र वस्तुले पूजा गरी खीर, दही र चामल आदि नैवेद्य चढाएर आफूले पनि अवशिष्ट भोजन गर्नुभयो ।

**मार्ग-** मार्गमा उमाकुण्डमा स्नान गरेर पार्थिवलिङ्ग स्थापना गरी पञ्चोपचारले पूजा गर्नुभयो । जौ, दूध सखर आदिको नैवेद लगाउनुभयो । रातमा पनि उठेर शिवकै ध्यान गर्नुभयो । कपिला गाईदान, ब्राह्मण पूजा, भोजन आदि गरेर शिवमै समर्पण भाव दर्शाई बस्नुभयो ।

## ३८. पार्वतीको कठोर तपस्या

**पौष-** पौषमा शम्भुनामका ईश्वर स्थापना गरेर पञ्चोपचारले पूजा गर्नुभयो । घरमा जौबाट बनेका वस्तु नैवेद्य लगाएर चामल र पीठाका परिकार समर्पण गरी आफूले पनि भोजन गर्नुभयो । पूजाक्रममा पीठाको त्रिशूल बनाएर अर्पण पनि गर्नुभयो । तिलपर्वत बनाएर दान गर्ने, जाडोले कठाङ्ग्रिएकालाई दाउरा दान गर्ने आदि कर्म पनि गर्नुभयो ।

**माघ-** माघमा पार्थिवलिङ्ग स्थापना गरी पूजा, तिल, घ्यू, जौ समर्पण, तिल धेनु र गुड धेनु बनाएर दान गर्ने, कम्बल, न्यानो कपडा वितरण गर्ने, सुवर्ण, दुईवटा गाई दान गर्ने, ब्राह्मण भोजन गराउने जस्ता विधिले शिवको तपस्या गर्नुभयो ।

**फागुन-** फागुनमा पार्थिवलिङ्ग निर्माण गरी पञ्चोपचारले पूजा गर्नुभयो । श्यामाक, नीवार, जस्ता पवित्र वस्तुहरू अर्पण गर्नुभयो । निराहार बसेर पूजागरी पूर्णिमाका दिनमा दीपमाला अर्पणगरी ब्राह्मण, गरिब र अशक्तहरूलाई दान, काली गाई दान आदि पनि गर्नुभयो ।

**चैत्र-** चैत्रमा पार्थिवलिङ्ग स्थापना गरी भुटेको जौ, पीठाको दूध आदि अर्पण गरी पञ्चोपचारले पूजा गर्नुभयो । निराहार बसेर जप ध्यानमा तल्लीन बन्नुभयो । पूर्णिमामा पीठाको लिङ्ग बनाएर पूजा गरी ब्राह्मणहरूको सेवा गर्नुभयो । गाई, सुन आदि दान पनि दिनुभयो ।

**बैशाख-** वैशाखमा पञ्चोपचारले लिङ्ग पूजा गरी चामल र पीठाको परिकार अर्पण गर्नुभयो । शुक्लपक्षको रोहिणी नक्षत्रमा पृथ्वीका ब्राह्मणहरूलाई दान दिनुभयो । पिठाको कैलाशपर्वत बनाएर शिवलाई अर्पण गर्नुभयो । त्यसपछि गाई दान, ब्राह्मण भोजन आदि गर्नुभयो ।

**जेठ-** जेठमा पार्थिवलिङ्ग स्थापना गरी पञ्चोपचारले पूजा गरी शालिधानको परिकार बनाई अर्पण गर्नुभयो । निराहार भै कठोर व्रत गर्दा पार्वतीलाई पसिना आए । त्यसै पसिनाबाट सप्तगण्डकी र सप्तकौशिकी १४ नदीहरू प्रवाहित भए ।

यसरी पूजा सम्पन्न गरेपछि रातभर गीत, वाद्य उत्सव गरी ब्राह्मणहरूलाई पूजा गरेपछि हविष्य भोजन गराउनुभयो ।

## ३९. पार्वतीले गर्नुभएको स्त्री-धर्म (व्रत) महिमा

माता पार्वतीले कठोर विधिले गर्नुभएको व्रत र दान (अध्याय ३७, ३८) को के महत्त्व छ भन्ने अगस्त्य मुनिको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- तिथि, व्रत, दान, आदि दिनेहरूको आत्मा मै पार्वती हुनुहुन्छ । ती सबैको आत्मस्वरूप भएर मात्र लोक कल्याण र संसार स्थितिको लागि पार्वतीले लोक रक्षा गर्न लौकिक धर्मको आचरण र पालन गर्नुभएको हो । पार्वतीले व्रत गरेपछि नै ती दिनहरू पवित्र भएकाले कर्मफल दिनसक्ने भएका हुन् ।

**ततोऽ; प्रभृति चाद्यापि व्रतेषु गौरी सेविता ।**
**तिथिवारादयः सन्ति सर्वकर्म फलप्रदाः ॥ ७**

पूर्णिमा, संक्रान्ति, अष्टमी, नवमी, चर्तुदशी तिथि दुवैपक्षका उत्तम तिथि हुन् । पार्वतीको प्यारो नवमी हो भने शिवको प्यारो अष्टमी (**उमाया नवमी प्रिया हरस्य तिथिरष्टमी- ११**) हो । ती दिनमा गरेका व्रत दानको पुण्य अक्षय हुन्छ । त्यसपछि स्नान मात्र गरे पनि सूर्यजत्तिकै तेजस्वी हुन पाइन्छ । रोहिणी नक्षत्र भएको सोमबार पूर्णिमा परेमा त्यस दिनको कर्मले चन्द्रमा आदि देवता प्रसन्न हुन्छन् । आर्द्रा नक्षत्र र सोमबारको अष्टमी शिवको प्यारो दिन हो, त्यस दिनको कर्मले सम्पूर्ण पाप नाशिन्छन् ।

**महिना पिच्छेका स्त्रीधर्म व्रतको फल**

**मार्ग-** मार्गकृष्ण तृतीयामा पुष्य नक्षत्र परेको दिनमा गरेको कर्मफलले भ्रूणहत्यादि पाप नाश र मनोरथ पूरा हुन्छ ।

**पौष-** आर्द्रा नक्षत्र परेको पौषको अष्टमीमा गरिएको कर्मले पाप नाश भएर उमाको लोकमा बस्न पाइन्छ ।

**माघ-** माघ शुक्ल चतुर्दशी र पञ्चमीमा गरेको पुण्यले भाग्यवती भइन्छ र विधवा हुनु पर्दैन ।

**फागुन-** मृगाशिरा नक्षत्रको फागुन शुक्ल नवमीमा गरेका पुण्यकर्मले देवताको प्यारो हुन पाइन्छ ।

**चैत्र-** चैत्रका शनि, रवि, वृहस्पति र वुधवार पुनर्वसु नक्षत्र परेको अष्टमी अथवा त्रयोदशीका दिनमा शिवपूजा गरेमा महापापबाट मुक्त भएर सुखी भइन्छ ।

**वैशाख-** वैशाख शुक्ल तृतीयामा दान, पूजा आदि गरेमा मधुर बोली भएकी सुन्दरी बन्न पाइन्छ ।

**जेठ-** हस्ता नक्षत्रको जेष्ठ शुक्ल चतुर्दशी, पञ्चमी र पूर्णिमामा स्नान, दान आदि पुण्यकर्म गरेमा अग्ली, आँखा राम्रा र ठूला, गठिलो तिघ्रा भएकी तेजस्वी सुन्दरी हुन पाइन्छ ।

**असार-** आषाढशुक्ल पञ्चमी, एकादशी र पूर्णिमामा पुण्यकर्म गरेमा देवता मनुष्य सबैको मोहिनी भएर सुखभोग गर्न पाइन्छ ।

**साउन-** श्रावण शुक्ल पञ्चमी र अमावास्यामा व्रतादि कर्म गरेमा वाचुञ्जेल सुखभोग गरी मरेपछि उमालोक बस्न पाइन्छ ।

**भाद्र-** भाद्रको दुवै पक्षको षष्ठी, सप्तमी र द्वादशीमा र शुक्लपक्षको तृतीयामा पुण्यकर्म गरेमा पुत्रवती, पतिकी प्यारी भइन्छ र मरेपछि उमालोक पाइन्छ ।

**असोज-** असोजको त्रयोदशी र पूर्णिमामा स्नान, दान, उपवास आदि पुण्यकर्म गरेमा सर्वसुन्दरी, सौभाग्यवती भई कोटियौं कल्पसम्म उमालोक बस्न पाइन्छ ।

**कात्तिक-** कात्तिक शुक्ल नवमी र पूर्णीमामा पार्वतीले गरेका व्रतहरू गरेमा सबै पाप नाश भएर धनधान्य युक्त, मीठो स्वर र दिव्य देहहुनु जस्ता फल पाइन्छ ।

पार्वतीले गरेका शुरूकर्म गर्ने नारीले पुरुष बन्न पनि सक्तछन् –

**ज्ञानशुद्धा च या नारी पौरूषं देहमिच्छति**
**स्नानदानोपवासाच्चेत् समाचरति तद्धिया**
**कालान्ते सापि मेदिन्या जायते हि महान नृपः**
**सार्वभौमो महात्यागी जेतापुत्रान्विता भवेत्- ९६,९७**

क्षमा, सत्य, दया, दान, शौच, इन्द्रिय निग्रह, शिवपूजा, अग्निकर्म, सन्तोष सबै व्रतमा नभइ नहुने धर्म हुन् । श्रद्धाले गरेका तीर्थ, स्नान, दान आदि नै धर्म हुन् । स्त्री जातिको हित र पुण्यफल धर्मबाटै प्राप्त हुन्छ ।

## ४०. कौशिकी (सप्तकोशी) आविर्भावको इतिहास

कोशी र गण्डकी नदीहरू कसरी उत्पन्न भएका थिए भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- उच्च शिखरमा बस्दा मैले पार्वतीले गर्नुभएको व्रतबारे सुनेको थिएँ । पार्वतीको व्रतपछि सप्तकोशीको उत्पत्ति भएको हो । ज्येष्ठा नक्षत्र परेको जेठको शुक्लपक्षको तृतीयाका दिनमा पार्वतीले नीलकण्ठको पूर्वमा तेजिलो बत्ती बाल्नुभयो, दक्षिणमा आगो बाल्नुभयो, उत्तरमा गीत गाँउदै आगो बाल्नुभयो, पश्चिममा गीत गाउँदै पानी भर्नुभयो र अग्निको माझमा सङ्गिनीहरूका साथमा पूर्व फर्केर बस्नुभयो । त्यसपछि पार्वतीले पञ्चोपचार विधिले बत्ती, अग्नि, पानी र सूर्यको क्रमशः पूजा गर्नुभयो । ध्यानमा बस्नुभएकी पार्वतीले सूर्योदयदे खि चौथो प्रहरसम्म अत्यन्त कठोर तपस्या गरी पाचौँ वर्षमा उद्यापन गर्ने विचार गर्नुभयो । सूर्य र अग्निको तापको कारणले अंगबाट पसिना झरे । त्यसबेला पार्वतीले कुशिक नामका तपस्वीलाई गोदान गर्नुभयो । गोदान गर्ने वित्तिकै अंगबाट झरेको पसिना नदी भएर बग्यो । कुशिक नामका तपस्वी उत्पन्न भइ खुशी भए र त्यसै नदीमा स्नान गरे । स्नान गर्ने वित्तिकै कुशिकलाई पूर्वजन्मको ज्ञान भएर उनी मायाजालबाट मुक्त भए । उनले नदीको स्तुति गरे ।

कुशिकले स्तुति गरेको देखेर देवी पार्वती अर्को शरीर धारण गरी नदीको वीचबाट जलदेवीका रूपमा देखा पर्नुभयो र वरदान माग भन्नुभयो, कुशिकले भने- यदि हजुर प्रसन्न भएर वरदान दिने हो भने यो नदीको नाम मेरो नामबाट रहोस् **(एतन्नद्या च मे नाम्ना कर्तव्यं नामधेयकम्-४२)** । जलदेवीले हुन्छ भनी पवित्र हुने र नदी ७ धारामा बग्ने पनि बताउनुभयो । त्यहीँबाट देवी अन्तर्ध्यान हुनुभयो ।

जलदेवी अन्तर्ध्यान भएपछि पार्वती रत्न पर्वतमा जानुभयो र सनतकुमारलाई भेटेर दान दिनुभयो । त्यसबेला पार्वतीको चिउडाबाट पसिना बगेर ताम्रवर्णको नदी (तामाकोशी) बन्यो ।

त्यसपछि पार्वती हिरण्य शेखर पर्वतमा जानुभयो र सनातनलाई भेटेर दानहरू दिनुभयो । त्यसबेला पनि पार्वतीको ओठछेउबाट बगेको पसिनाबाट पहेलो वर्णको नदी (सुनकोशी) बन्यो ।

त्यसपछि पनि पार्वती अर्को उच्च शिखरमा जानुभयो र सनन्दनलाई भेटनुभयो । देवीले सनन्दनलाई दानहरू दिनुभयो । त्यसबेला पनि पार्वतीको अंगबाट पसिना बग्यो र नदीको रूप लियो ।

त्यसपछि पार्वती चाँदीको शिखर भएको पर्वतमा जानुभयो । त्यहाँ देवीले ब्राह्मण भेटेर दान दिनुभयो । त्यसबेला पनि देवीको गालाबाट पसिना वगे र तरङ्गयुक्त नदीको रूप लियो ।

त्यसपछि पार्वती धातुको शिखर भएको पर्वतमा जानुभयो । त्यसबेला कुशिक ऋषि देवीका पछिपछि लागे । देवीले कुशिकलाई दान दिनुभयो । त्यसबेला पार्वतीको शिरबाट पसिना वगे र ती पसिनाबाट पनि नदी बन्यो ।

देवी कुशिकलाई लिएर कुशै कुश भएको पर्वतमा जानुभयो । त्यहाँ तपस्या गरेर बसेका सनकलाई भेटेर दान दिनुभयो । त्यसबेला पनि पार्वतीका निधार बाट झरेका पसिनाबाट नदी बन्यो । त्यसपछि पार्वती नदी भित्रैबाट प्रकट हुनुभयो । देवीले भन्नुभयो- मेरा सात नाम र तिनका रूप (सप्तकोशी) यस प्रकार हुनेछन् –

| | | | |
|---|---|---|---|
| शुभस्रवा - | दुर्गारूप | पापघ्नी - | चण्डी रूप |
| भद्रावली - | शिवदूती रूप | महाप्रभा - | कपर्दिनी रूप |
| वरदा - | वाराही रूप | दुःखघ्नी - | शची रूप |
| सत्यवाहिनी - | गौरी रूप | | |

त्यसबेला देवीले नदीको तिरमा हिम स्वरूप भएर आदिलिङ्ग शिव रहने पनि बताउनुभयो । त्यति भनेर देवी अन्तर्ध्यान हुनुभयो भने कुशिक पनि आदिलिङ्ग भएतिर गए । सप्तकोशीमा स्नान र आदि लिङ्गको दर्शनले शक्तिशाली बनी देवतालाई पनि जित्न सकेको तथा चण्डमुण्ड र शुम्भ निशुम्भलाई पनि वध गर्नुभएको थियो ।

## ४१. कौशिकी महिमा, शुम्भ–निशुम्भ देवीसँग युद्ध गर्न जानु

कसरी शुम्भ-निशुम्भले देवतालाई जितेर स्वर्गको राज्य हात पारे ? शिवबाट वरदान पाएका दैत्यलाई कसरी देवीले वध गर्नुभयो ? भन्ने अगस्त्यमुनिको प्रश्नमा स्कन्दकुमार भन्नुहुन्छ- कुशिक ऋषिले शिवको तपस्या गर्न लागेको सुनेर, शुम्भ, निशुम्भ र रक्तबीजले कश्यपसँग सोधेर कौशिकी आदिको तपस्या र शिवलिङ्गको पूजा गरेर शिवको कठोर तपस्या गरी प्रसन्न बनाएका थिए । शिव प्रसन्न भएर वरदान माग भन्नु भएपछि दैत्यहरूले देवताहरूलाई जितेर स्वर्गको राजा हुन पाऊँ भन्ने वरदान मागेका थिए । शिवले ‘ओम’ (हुन्छ) भन्नु भएपछि शुम्भ निशुम्भले देवतालाई हटाएर आफू राजा बनेका थिए । देवताहरूलाई परास्त गरेपछि दिव्य सयवर्ष राज्य गरेका दैत्यहरूले त्यसबेला तीखा वाण हानेर देवताहरूलाई क्षत विक्षत बनाए । देवताहरू दुखित भएर गुरु वृहस्पतिसँग परामर्श गरी ब्रह्मासमक्ष गए । ब्रह्माले ‘न डराऊ, म प्रतिकार गर्छु, भन्ने आश्वासन दिई आफूसँग लगेर कौशिकी स्नान गराई कौशिकी दुर्गाको आराधना गर्नुभयो । ब्रह्मा र देवताहरूले आराधना गरेपछि कौशिकी किनारको आदिलिङ्गको समिपमा देवी पार्वती वाहनमा चढेर बाहिर निस्कनुभयो । देवीलाई प्रत्यक्ष देखेर देवताहरूले आफ्नो पीडा बताएपछि ‘ती दैत्यलाई म वध गरिदिनेछु’ भन्नुभयो ।

यसैबेलातिर पृथ्वीमा देवताहरूलाई खोज्दै गएका शुम्भका दूतहरूले देवसेनाले घेरिएर बसेकी सुन्दरी देवीलाई देखे । चण्ड-मुण्डले देवीको सुन्दरता वारे शुम्भ-निशुम्भलाई सुनाए । त्यो सुनेपछि शुम्भ-निशुम्भले

सुग्रीव दानवलाई भने- तिमी प्रशस्त सैन्यका साथ पृथ्वीमा जाऊ र मीठो भाषामा देवीलाई उपहार गहनाहरू दिएर यहाँ आउन भन । यदि आउन नमाने युद्ध गरेर पनि ल्याउनु भनी पठाए । सेनासहित सुग्रीव देवीसमक्ष गयो र शुम्भले भनेको जस्ताको तस्तै सुनायो । देवीले पनि सुग्रीवको कुरा सुनेर 'मलाई युद्ध गरेर लैजानू गहनाहरू लिन्न, यै सन्देश दिनु भनेर पठाइदिनुभयो । सुग्रीवले देवीको सन्देश शुम्भ निशुम्भलाई सुनायो । शुम्भ निशुम्भ रिसाउँदै र गर्जदै सैन्यहरूका साथ देवीसँग युद्ध गर्न कौशिकी किनार तिर लागे ।

## ४२. शुम्भ–निशुम्भ वध

युद्ध गर्न गएका शुम्भ-निशुम्भ र उनका सेनाले देवीलाई एक्ली, अत्यन्त उज्याली देखे । उनीहरूले चण्ड–मुण्डलाई बोलाएर देवीलाई नागपाशले बाधेर ल्याउन अराए । चण्ड–मुण्ड र तिनका सैनिकले देवीसेनालाई वाण वर्षा गरेर देवीलाई वाध्न अघि सरे । त्यो देखेपछि देवीले पनि आफ्नै शरीरबाट अष्टमातृका उत्पन्न गर्नुभयो (**तस्याः प्रतिसृता देहादष्टौ च मातृकास्तदा-८**) । ती अष्टमातृकाहरूले आ-आफ्ना वाहन र शस्त्र चलाएर दैत्यहरूको प्रहारलाई निस्सार बनाउनुभयो ।

मातृका र दैत्यसेनाका बीचमा तीनै लोकलाई आक्रान्त बनाउने गरी आग्नेयास्त्र, वरुणास्त्र प्रहार गरी आकाश युद्ध र मुष्टियुद्ध पनि भए । चामुण्डादि अष्टमातृकाले धेरै दैत्यवीरलाई मारे ।

चामुण्डाहरूको शक्ति देखेर रक्तबीज अघि बढ्यो र देवीसेनासँग युद्ध गर्न थाल्यो । देवीले हानेका वाण लागेर रगत चुहिँदा उसका रक्तविन्दुबाट ऊ जत्तिकै शक्तिशाली दानव उत्पन्न हुन्थे । रक्तबीजका रक्तबाट वीरहरू उत्पन्न भएको देखेर चामुण्डादि अष्टमातृका डराउँदै देवीसमक्ष गए । देवीले चामुण्डालाई ठूलो मुख बनाएर रक्तबीजको शरीरबाट खसेका रक्तविन्दु खाइदिनू भन्नुभयो र आफैँले खड्गले रक्तबीजको काँधमा

हिर्काउनुभयो । त्यसपछि भाला हानेर मारिदिनुभयो । रक्तबीज मरेपछि युद्ध गर्न अघि सरेको निशुम्भलाई पनि मार्नुभयो ।

रक्तवीज र निशुम्भ मारिएपछि शुम्भ अघि बढ्यो र देवीलाई मार्ने उद्घोष गऱ्यो । देवीले पनि 'वीरहरू मुखले होइन, काम गरेर देखाउँछन्' भन्दै शस्त्रास्त्र वर्षा गर्नुभयो । शुम्भ र देवीका बीचमा घोर युद्ध भयो । शुम्भले भन्यो- तिमीले मलाई मारे पनि र मैले तिमीलाई मारे पनि लोकले मलाई कुत्सित नै मान्दछ, तै पनि म युद्ध गरेर तिमीलाई मार्छु भन्दै युद्धलाई तीव्र बनायो –

**त्वं हनिव्यसि चेन्मां वा त्वां हनिष्याम्यहं यदि ।**
**न वरं मानिनि लोके सम्प्राप्य लोककुत्सितम् ॥ ६२**

देवीले पनि अष्टमातृका देवीहरू मबाटै उत्पन्न भएका शक्ति हुन्, यिनीहरूको सहायतामा तलाई मार्छु भनी उसका सारथि र रथलाई समेत भेट्ने गरी उसका तिघ्रामा वाण हान्नुभयो । आकाश युद्ध, मल्ल युद्ध, मुष्टि युद्ध समेत गरेर सय दिव्य वर्षपछि त्रिशुलले दैत्यको छातीमा प्रहार गरेर शुम्भलाई मार्नुभयो ।

शुम्भ-निशुम्भको वध भएपछि देवताहरूले पुनः देवीको स्तुति गरे । देवताको स्तुतिबाट प्रसन्न बन्नुभएकी देवीले स्वर्ग गएर निर्धक्क भई राज्य गर्न निर्देश गरी पर्वतको उत्तरतिर जानुभयो ।

## ४३. सप्तकोशी महिमा

शुम्भ-निशुम्भ आदि दैत्यहरूको वध गरेपछि कामिनी भनिने भगवती देवी कामकूट पर्वतमा बस्न जानुभयो । कामकूटमा गएर देवीको दर्शन गरेमा सबै किसिमका कामनाहरू पुरा हुन्छन् । कामकूटबाट बगेका नदीहरूमा स्नान गरेर जप होम दान पितृतर्पण गरेमा पनि चिताएको कामना पूरा हुन्छ, रोगीहरू निरोगी हुन्छन् भने अभक्ष भक्षण, अगम्य गमन, चोरी

जस्ता पापकर्म गरेको पाप पनि नाश हुन्छन् ।

सप्तकोशी (कौशिकी) स्नान गरेर पितृतर्पण जप होम आदि कर्म गरेमा पनि अभागी पनि भाग्यमानी बन्छ र उसका कामना पुरा हुन्छन् । मार्कण्डेयले सप्तकोशी स्नान गरेर पितृतर्पण गरेकै कारणले पितृबाट चिरञ्जीवी बन्ने वरदान पाएका थिए । सप्तकोशी स्नानका विशेष दिन र फल छुट्टाछुट्टै छन्-

| | | | |
|---|---|---|---|
| भोटेकोशी (हरित्क्रान्ति) | - | चतुर्दशी | - सर्वकामनापूर्ति |
| सुनकोशी (पीतवहा) | - | अमावस्या | - मुक्ति |
| तामाकोशी (ताम्रकान्ति) | - | अष्टमी | - सौभाग्य प्राप्ति |
| दूधकोशी (दुग्ध, कान्ति) | - | एकादशी | - स्वर्गप्राप्ति |
| अरूण (अमृत वाहिनी) | - | एकादशी | - वैकुण्ठवास |
| तमोर (कृष्णक्रान्ति) | - | द्वादशी | - चक्रवर्तीवन्ने |
| वरुण (व्योमधारा) | - | पूर्णिमा | - स्वर्ग र मोक्ष |

## ४४. गण्डकी नदी र देवघाट धामको महिमा

स्कन्दकुमार भन्नुहुन्छ - हे अगस्त्यमुनि ! त्यसपछि देवी नीलकण्ठ तलाउ (गोसाइकुण्ड) देखि पूर्वको पञ्चाग्नि देवता भएको स्थानमा जानुभयो । त्यहाँबाट देवी नीलकूट पर्वतमा पुग्नुभयो । देवीले नीलकूटमा तपस्या गरेर बसेका अत्रि मुनिलाई देख्नुभयो र मुनिको पूजा गरेर कपडा, सुन, गाई, तिलका लड्डुहरू दान गर्नुभयो ।

अत्रिको आश्रममा पुग्दा देवीको वाँया पाइलामा पसिनाका थोपा बगेका थिए । त्यसरी बगेका पसिनाबाट एउटा तलाउ बन्यो । त्यो तलाउलाई त्यहीँ तपस्या गरेर बसेका बुढा गण्ड ऋषिले देखे र स्नान गरे । स्नान गर्ने

वित्तिकै मुनि तन्नेरी र रूपवान बने भने उनलाई पूर्वजन्मको स्मृति पनि भयो । अकस्मात् आफ्नो रूप र सुन्दरता फेरिएकोमा गण्ड ऋषिले प्रसन्न भई तलाउको पूजा गरी जलको परिक्रमा र स्तुति गरे । उनको स्तुतिबाट प्रसन्न भई त्यसै तलाउबाट जलदेवी प्रकट भई वरदान माग भन्नुभयो । ऋषिले देवीको भक्तिमा मन लागोस् र अन्तमा हजुरको पाउमा मिल्न पाउँ भन्ने वरदान मागे । देवीले तथास्तु भन्दै सर्वज्ञ हुनेछौ पनि भन्नुभयो । देवीले पुनः भन्नुभयो- तिमीले मेरो मूर्तिरूप पानीमा पौडिएकाले जहाँ जँहा मेरा पसिना खस्छन्, त्यहाँ त्यहाँका पसिनाहरू नदी भएर बग्नेछन् । तिमीले पहिले स्नान गरेकाले पसिनाको तलाउबाट बगेकी नदी गण्डकी वा सप्तगण्डकी नामले प्रसिद्ध हुने र त्यो नदीमा स्नान गरी पितृतर्पण र पिण्ड दान आदि गरेमा पितृ उद्धार र अक्षय पुण्य मिल्नेछ । त्यसपछि देवी पार्वती निम्न विभिन्न पर्वतमा जानुभयो र त्यहाँ तपस्या गरेर बसेका निम्न सप्तऋषिलाई पूजा, दान र स्तुति गर्नुभयो । देवी पर्वतहरुमा पुग्दा बगेका पसिनाको थोपाहरूबाट निम्न नदीहरू तरङ्गमय भएर बग्न थाले । गण्ड ऋषिले देवीको साथसाथ गएर सबै नदीमा स्नान दान कर्म गरे ।

**देवी चढ्नु भएको पर्वत, भेटेका ऋषि र पसिनाबाट बगेका नदीहरू**

| | | |
|---|---|---|
| नीलकुट | अत्रि | कुण्ड |
| रौप्यश्रृङ्ग | मरीची | सितकान्ति |
| महाकुट | पुलस्त्य | पीताभा |
| मणिकुट | पुलह | सेती गण्डकी |
| रत्नश्रृङ्ग | क्रतु | नानावर्णा |
| एकश्रृङ्गार | अङ्गिरा | दुग्धवर्णा |
| तुङ्गशेखर | भृगु | श्वेता |

अत्रि, मरीचि, पुलस्त्य, पुलह, क्रतु, अङ्गिरा र भृगु (सप्तर्षि) लाई पूजा, दान

आदि गर्दै विभिन्न पर्वतमा चढ्दा बगेका पार्वतीका पसिनाबाट बनेका नदीहरू अत्यन्त पवित्र बने। सबै नदीमा गण्ड ऋषिले स्नान दानादि गरेको देखेर देवी प्रसन्न भएर वरदान दिँदै भन्नुभयो- तिमी योगीश्वर भएका छौ र अन्त्यमा ममा नै लीन हुनेछौ। मेरो शरीरबाट बगेका यी सात धाराहरू सप्तगण्डकी नामले प्रसिद्ध हुनेछन्। तिनीहरूलाई माहेश्वरी आदि नामले पुकारिने छ। यस्तै मबाट बगेका सात धाराहरू क्रमशः धर्मधारा (माहेश्वरी), यशोधारा (ब्राह्मी), विश्वधारा (नारसिंही), सितप्रभा (वैष्णवी), रत्नधारा (कौमारी), सुवर्णा (कालिका) र कृष्णाभा (गंगा) नामका गण्डकीहरू हुनेछन्। ती नदीहरूमा स्नान गरेर जति सकिन्छ सुन, वस्त्र आदि दान गरेमा इच्छा लागेको फल पाइने छ र सार्वभौम राजा भएर बस्न पाइन्छ। धर्मधारालाई सम्मान गरेर लोकले तिनलाई त्रिशूल गंगा (त्रिशुली) भन्नेछन्। त्यहाँ स्नान गरेर देवता, गन्धर्व, पिशाच, गुह्यक ऋषिहरूले पनि इच्छा पूर्ण गरेका छन्।

तिनै त्रिशुलधारा र सप्तगण्डकी मिसिएको संगम नै देवधारा (देवघाट) हो। देवघाटमा नवमी, पूर्णिमा, द्वादशी, अष्टमी, संक्रान्ति, षष्ठी, जस्ता पवित्र दिन र पर्वहरूमा स्नान गरेमा जस्ता सुकै पापी अधर्मीहरूले पनि सद्गति पाउँछन्। यसबारे एउटा उदाहरण सुन्नुहोस्- रूपकेतु नामको राजाका कामप्रभा र पद्मिनी दुई पत्नी थिए। विदर्भराजपुत्री पद्मिनी सुन्दरी र राजाकी प्यारी थिइन् भने छत्ररूप देशकी राजपुत्री कामप्रभा नरम्री थिइन्, उनीसँग राजासँगै पनि बस्दैनथे। पतिबाट अपहेलित भएकी कामप्रभा माइत जान लाग्दा भक्तसँग भेटिन्; स्नान गरिन्। देवघाटमा स्नान गर्ने वित्तिकै उनी रूपवती, गुणवती र सुन्दरी पनि भइन् र उनी माइत गइन्। ६ महिना भित्रैमा राजा रूपकेतु, काममोहित भई भेट्न आए। राजाले सुन्दरी कामप्रभासँग आइन्दा तिमीलाई हेला गर्दिन भनेर शपथ खाए। पछि उनीहरूसँगै बस्न थाले। कालान्तरमा ती दुवै मरे। राजालाई यमदूतले लान लागे भने कामप्रभालाई विष्णुदूतले लैजान लागे। पतिलाई पीडा दिँदै यमदूतले लैजान लागेकाले कामप्रभाले विष्णुदूतलाई आग्रह र अनुरोध गरेर सँगै जाने उपाय बताइदिन भनिन्। विष्णुदूतले

भने- कर्मको फल नभोगी हुँदैन। तपाईंले देवघाट स्नान गरेको आधा पुण्य दिएमा दुवैजना स्वर्ग जान सक्नुहुन्छ। विष्णुदूतले बताएको उपाय अनुसार रानीले आफूले आर्जन गरेको पुण्य मध्ये आधा राजालाई दिइन्। दुवैजना स्वर्ग गए । त्यसै देवघाटमा दैत्यहरूले ब्रह्माको तपस्या गरेर वरदान पाई देवताहरूलाई स्वर्गबाट हटाएर इन्द्र बने । पछि शिव र विष्णुले दैत्यहरूको वध गरी देवताहरूलाई नै स्वर्गमा बस्ने व्यवस्था गर्नुभयो । देवघाट धामको महिमा बताएरै सकिँदैन।

## ४५. हलाहल विष

नीलकण्ठ बन्नुभएका शिवले गोसाइकुण्डमा कसरी आराम गर्नुभयो ? कसरी नीलकण्ठ बन्नुभयो ? त्रिशूल गंगा र धर्मधारा कसरी उत्पन्न भए ? सबै बताइदिनुहोस् भन्ने अगस्त्यमुनिलाई स्कन्दकुमार भन्नुहुन्छ- देवता र दानवहरू मिलेर समुद्र मन्थन गर्दा उत्पन्न भएका लक्ष्मी, घोडा, कल्पवृक्ष, ऐरावत हात्ती, धनुष आदिलाई क्रमशः विष्णु, सूर्य, इन्द्र र कुमार (मैले) लियौँ। तर हलाहल विष कसैले लिएनन्। विषले संसारमै दग्ध बनाउन लाग्यो। विषबाट दग्ध बनेका देवता र दैत्यहरू शिवसमक्ष गएर रक्षा गरिदिन भने। शिवले विष पिइदिनुभयो, तर विषले शिवलाई नै पोल्न लाग्यो । त्यसरी घाँटीमा नीलो रङको विष बसेकाले शिवलाई नीलकण्ठ भनिएको हो ।

विषको पीडा सहन गर्ने शिवलाई घाँटीमा विष भएको कारण नीलकण्ठ भनिएको हो । विषले बढी पोलेपछि बेतको लट्ठी र त्रिशूल बोकेर शिव हिमालयतिर जानुभयो। जाँदाजाँदै शिवले वेतका वृक्ष रोज्नुभयो। प्यासले आत्तिएका शिवले पानीको खोजमा त्रिशूल गाड्दा अनेकौं जलधाराहरू निस्किए। त्यसैबाट वेत्रावती नदी प्रवाहित भइन्। वेत्रावतीमा स्नान दान पितृतर्पण गर्न सकिन्छ । त्यसपछि शिव हिमाल तिर उक्लनुभयो । पुनः शिवले त्रिशूल गाडेर नदीको स्मरण गर्नुभयो। त्यसो गर्ने बित्तिकै जलधारा निस्कियो र गंगा समान बनेर बग्यो । त्यो थाहा पाएर देवता गन्धर्व, अप्सरा आदिले स्नान गरी वरदान समेत पाए । त्यहाँ स्नान गरेमा १०

कुल पूर्व र १० कुल पछिका पितृहरू पनि मुक्त हुन्छन् ।

त्यसपछि शिव चन्दनपर्वत (चन्दनवारी) लाई पनि नाघेर नीलपर्वतको फेदीमा पुग्नुभयो । त्यसबेला पनि शिवले भुइमा त्रिशूल गाड्नुभयो । तीनवटा धारा निस्किए । त्यसैलाई देवता दैत्य आदिले त्रिशूलधारा भने । त्यसै ठाउँमा पार्वतीको पसिनाबाट बनेको तलाउ पनि थियो । त्रिशूलधारा त्यसैमा मिसियो र गोसाइकुण्ड बन्यो । त्यसबाट त्रिशूली नदी बग्न थाल्यो ।

भगवान् शिव हलाहल विषको पीडा शान्त गर्न त्यसै तलाउमा पस्नुभयो र आन्नदसँग दिव्य १०० वर्षसम्म बस्नुभयो । त्यसबेला शिवले गणेश र क्षेत्रपाललाई रक्षा गर्न अह्राउनुभयो । उनीहरूको अनुमति नभइ त्यो तलाउमा कोही पनि जान नसक्ने व्यवस्था गर्नुभयो । गोसाइकुण्डरूपी तलाउमा पापी र सामान्य प्राणी जान सम्भवै छैन ।

## ४६. नीलकण्ठ (गोसाइकुण्ड), भैरवकुण्ड, विष्णुकुण्ड, ब्रह्मकुण्ड महिमा

स्कन्द भन्नुहुन्छ- कालक्रममा भगवान् शिवको दोश्रो मूर्ति भएका भैरव पर्वतहरू चढ्दै त्यहाँ पुग्नुभयो र नीलकण्ठ हुनुभएका शिवको वास भएको गोसाइकुण्डमा स्नान गर्नुभयो । ब्रह्माजीको शिरच्छेदन गरेको पाप लागे का र कृष्ठरोग समेत भएका महेश्वर नै नीलकण्ठ पर्वत पुगेर त्यो कुण्डमा सुत्नुभएको हो । यसैगरी दुर्वासाको श्रापले भयभीत भएका यादवहरूले गरेको मधुपानले विह्वल बन्नुभएका विष्णुले गोसाइकुण्डभन्दा तलको सरस्वती कुण्डमा सरस्वतीको साथमा बस्नुभयो । विष्णु बस्नुभएकाले त्यो तलाउ विष्णुकुण्डका नामले प्रसिद्ध भयो । यस्तै देवीको श्रापले विह्वल हुनुभएका ब्रह्मा पनि त्यो पर्वतमा पुगेर कुण्ड स्नान गरी विष्णुकुण्डभन्दा तलको कुण्डमा सुत्नुभयो । ब्रह्मा सुत्नुभएको तलाउको नाम नै ब्रह्मकुण्ड भयो ।

ब्रह्मा, विष्णु, शिव बस्नुभएका कुण्डहरू अत्यन्त पवित्र, महिमायुक्त, पापनाशक बने । ती कुण्डको पवित्रता र महिमा बुझेर देवताहरू, मरीचि आदि ऋषि, सनकादि मुनि, शक्ति, पराशर, गालव आदि ऋषिसमेत आएर

ती कुण्डहरूमा स्नान गर्नुभयो । शिवले ती कुण्डहरूमा शिवपार्वतीका साथमा ब्रह्मा र विष्णुको पूजा गरेपछि 'मेरो लोकमा जानेछन्' भन्ने वरदान पनि दिनुभयो ।

ब्रह्मा विष्णु र शिवको बास भएका कुण्डहरूमा स्नान गर्नेहरूले तक्षक लोकमा बस्न पाउनेछन् भन्दै कुण्डको महिमा वर्णन गरिएको छ ।

## ४७. नीलकण्ठ तलाउ (गोसाईंकुण्ड) महिमा

नीलकण्ठ तलाउको महिमा, त्यहाँ स्नान गर्ने पवित्र दिन र विधिसमेत बनाइदिनुहोस् भनी जिज्ञासा राख्ने अगस्त्य मुनिलाई स्कन्दकुमार भन्नुहुन्छ- नीलकण्ठ तलाउको महिमा जति गाए पनि सकिँदैन । तलाउको नाम मात्रले पनि वा त्यहाँ जान पैताला अघिसारे मात्र पनि पापमुक्त भइन्छ । नीलकण्ठ तलाउमा स्नान, दान, शिव-पार्वतीको पूजा, जप आदि गरेर पितृतर्पण र दुःखी गरीब ब्राह्मणलाई भोजन गराएमा अक्षय पुण्य प्राप्त भई यस जन्ममा सुख सुविधा, सम्पत्ति, सन्तति प्राप्त भएर अर्को जन्ममा शिवलोकमा वास पाइन्छ । शिवलोकको भोगपछि पनि राजा, विद्वान्, पूज्य भएर बस्न पाइन्छ । शिव पार्वतीको मूर्ति समेत देखिने त्यस तलाउमा श्रावण पूर्णिमा, ग्रहण, संक्रान्ति जस्ता पवित्र दिनमा स्नान गरेमा शिवमै लीन हुन पाइन्छ । मनुष्य भएपनि सबैको पूज्य बनेर, साक्षात् शिवकै रूपमा सम्मान पाई विभिन्न योनिमा हुने जन्मबाट मुक्त भई ज्योतिरूपमा प्रकाशित हुन सकिन्छ -

**मानुषोऽपि शिवः साक्षात् सर्वलोकैः प्रवन्दितः ।**
**योनियन्त्रं परित्यज्य ज्योतिरूपे प्रलीयते ॥ ४२**

नीलकण्ठ तलाउमा स्नान गर्नेहरूले अश्वमेध यज्ञको फल पाउँछन् । साथै त्यहाँ नजिकका धर्मपर्वत क्षेत्रमा भएका दीपकुण्ड, पयकुण्ड, यज्ञकुण्ड, धर्मकुण्ड, स्नानकुण्ड, चन्द्रकुण्ड, सूर्यकुण्डमा स्नान गरेको पुण्य पनि

अक्षय हुन्छ । यसैगरी भैरव कुण्ड, विष्णुकुण्ड र ब्रह्मकुण्डमा स्नान गर्दा पनि पापमुक्त भएर तत्तत् लोकमा बस्न पाइन्छ ।

## ४८. गोसाइकुण्ड (नीलकण्ठ तलाउ) यात्राका विधिहरू

गोसाइकुण्ड जाने श्रद्धावान् यात्रुले सर्वप्रथम म कुण्ड स्नान गर्छु भनी मनले प्रतिज्ञा गर्नु र निम्न विधि पालन गर्नु -

१. कुशजल लिएर संकल्प गर्नु
२. वेत्रावतीमा स्नान गर्नु
३. कपाल खौरनु
४. ऋषि तीर्थमा स्नान गर्नु
५. त्रिशूल पर्वत जानु
६. शिवलाई प्रणाम गर्नु
७. त्रिशूल धारामा स्नान गर्नु
८. गणेशलाई प्रणाम गर्नु
९. भैरवलाई प्रणाम गर्नु (भैरव र गणेशको कपाल)
१०. कुण्ड स्नान गर्नु (तीनपटक)

गोसाई कुण्डमा स्नान गरेर शिवलाई सम्झि स्तुति, दान, पिण्डदान आदि गरेमा अनेकौं अश्वमेध र राजसूय यज्ञ गरेको फल प्राप्त हुन्छ र अन्तमा शिवलोकमा वास पाइन्छ । यो महात्म्य सुनेमात्र पनि पापमुक्त हुन पाइन्छ ।

## ४९. त्रिपुर विजय

यशोधाराको महिमा बताइदिनुहोस् भनी जिज्ञासा राख्ने अगस्त्य मुनिलाई स्कन्दकुमारले यशोधारा नामक तीर्थमा कश्यपका छोरा दैत्यहरूले तपस्या गरेको, ब्रह्माबाट वरदान पाएको प्रसङ्ग, वरदानबाट देवताहरूलाई परास्त गरेर स्वर्गको राजा भएको, स्वर्गमा पनि देवताहरूलाई दुःख दिएको, दुख पाएका देवताहरू शिवसमक्ष गएका र शिवले त्रिपुर ध्वस्त गर्नुभएको, दैत्यहरूबाट दुख पाएको देवताहरूले यशोधारा स्नान गरेको प्रसङ्ग समेत बताइदिनुभयो ।

त्रिपुर, चन्द्रनाभ र सूर्यनाभ नामका दैत्यहरूले हिमालयको यशोधारा किनारमा कठोर विधिले तपस्या गरेर ब्रह्माबाट देवतामाथि विजय प्राप्त गर्ने वरदान पाए । वरदान पाएर उन्मत्त भएका दैत्यहरूले देवताहरूलाई स्वर्गबाट लखेटे । त्रिपुर नै राजा बन्यो । त्रिपुर र उसका सैनिकहरूले देवताहरूलाई दुख दिए । दुख पाएका देवताहरूले शिवको स्तुति गरी दुख निवारण गरिदिन अनुरोध गरे । देवताहरूले पाएको दुख बुझेर विष्णु पनि दैत्यसँग युद्ध गर्न लाग्नुभयो । विष्णु र तारक सैन्यका बीच युद्ध भयो । चन्द्रनाभ र सूर्यनाभ नाम गरेका तारकका भाइहरू पनि युद्ध गर्न आए । धुलो वर्षा गर्ने, ढुंगा बर्षाउने, सर्पले डसाउने गरेर दैत्यहरूले देवताहरूलाई आच्छु आच्छु पारे । त्यो देखेर गरूड उडेर पखेटा र नङ्ग्राले दैत्यसेनालाई तितरवितर बनाउन लागे । चन्द्रनाभ गरुडको अधीनमा पऱ्यो । त्यो देखेर मायावी युद्ध गर्नसक्ने तारक नै देवसेनासँग भिड्न आयो । तारकको बलले देवसेना तितरवितर भए । त्यस्तो अवस्था आएपछि देवसेना शिवको शरण परे । भगवान् शिव नै युद्ध स्थलमा आउनुभयो र पाशुपतास्त्र प्रहार गर्नुभयो । त्रिपुरले पनि शिवलाई पराजित गर्ने प्रयास गऱ्यो ।

त्यसबेला शिवले विष्णु, अग्नि र शेषनागलाई आफ्नो क्षमता रूपी भार वहन गर्न सक्ने मानेर विष्णुलाई आफ्नो धनुषको शरीर, शेषनागलाई धनुको ताँदो बनाएर वाण प्रक्षेपण गर्न तेजोमय आगोलाई धनुमा जोड्नुभयो र धनुषबाट वाण छोड्नुभयो। त्यसबेलाको शब्दले राक्षस र दानवहरू डराए। गर्भवतीले असमयमै गर्भश्राव गरे । शिवले चलाएको वाणको आवाज सहन नसकेर दैत्यहरू आ-आफ्ना घरमा पसे । त्यै वाणले शिवले त्रिपुर ध्वस्त बनाउनुभयो । जताततै शिवको जय जयकार भयो । देवताहरूले शिवस्तुति गरेपछि देवताहरूलाई स्वर्ग गएर राज्य सह्माल्ने निर्देश गरी शिव अन्तर्ध्यान हुनुभयो ।

## ५०. विश्वधारा महिमा एवं हिरण्यकशिपु वध

विश्वधाराको महिमा र हिरण्यकशिपुको वधबारे सुनाउँदै स्कन्द भन्नुहुन्छ- हे अगस्त्य मुनि ! हिरण्यकशिपु दैत्य हिमालयको दक्षिणतिरको मणिसानु पर्वतबाट बगेको विश्वधारामा स्नान गरेर कठोर विधिले एक हजार वर्ष ब्रह्माको तपस्या गरी बस्यो । तपस्या गर्दा उसले मौन भएर निराहार बस्यो । दैत्यको तपस्याबाट ब्रह्मा खुशी हुनुभयो । उसको इच्छाअनुसार देवता, दानव, राक्षस, सर्प आदिले मार्न नसक्ने, शस्त्रास्त्रले नमर्ने, दिन र रातमा पनि नमर्ने, जल वा स्थलमा पनि नमर्ने वरदान दिनुभयो । ब्रह्माको वरदानबाट उत्मत्त भएको त्यो दैत्यले स्वर्गमा गएर सपरिवार देवसभामा बस्ने निर्णय गऱ्यो । त्यसबेला आकाश वाणी भयो र वाणीले उसलाई हठ गरेर स्वर्गमा नबस्नू, पृथ्वीमा जानू, नभए सपरिवार नाशिने छौ भन्ने सूचना दियो । हिरण्यकशिपुले आकाशवाणी सुनेर आफ्ना गुरु शुक्राचार्य र वीर दैत्यहरूसँग छलफल गऱ्यो । शुक्राचार्यले भने- यो ईश्वरको वाणी हो, ईश्वरको वाणी मिथ्या हुँदैन । यसैले गण्डकीको श्रोतमा गएर आनन्दसँग बस्न उचित हुन्छ । दैत्यवीरहरूले पनि आकाश वाणीको अन्यथा गर्न नहुने सुझाव दिए । तर दुष्टात्मा त्यो दैत्यले कसैको कुरा सुनेन र स्वर्गको सुधर्मामा गएर बस्यो । १० हजार वर्ष ऊ स्वर्गको राजा पनि भयो । उसले आफ्नो शासन कालमा देवता ऋषि आदिलाई दुःख दियो, लिन नहुने कर लिन लाग्यो, ब्राह्मणहरूले खान पाएनन् । त्यस्तो अवस्था आएपछि देवताहरू विष्णुसमक्ष गए र आफ्नो पीडा सुनाई उद्धार गरिदिन अनुरोध गरे ।

देवताहरूको क्रन्दन सुनेपछि विष्णुले हिरण्यकशिपुको वध गर्नेबारे सोच्नुभयो र विश्वधारामा स्नान गर्नुभयो । त्यसबेला जलदेवी उत्पत्ति भई विष्णुलाई उद्देश्य पुरा हुने वरदान दिनुभयो । त्यसपछि विष्णुले आफ्नो शरीरलाई माथिपट्टि सिंह र तलपट्टि मानिस, लामा नङ्ग्रा र रौं भएको विकराल रूपको बनाई सुधर्माको ढोकानजिक बस्नुभयो । दैत्यहरू डराए र हिरण्यकशिपुलाई अचम्मको प्राणी आएको खबर दिए । हिरण्यकशिपुले

तत्काल विधुञ्जित, सुचक्राख्य आदि वीर दैत्यलाई त्यो अचम्मको प्राणी लिन पठायो । दैत्यहरूले आफ्नो मालिकसमक्ष जान सूचित गरे, तर नरसिंहरूपी विष्णुले कुनै प्रतिक्रिया दिनुभएन। दैत्यवीरहरूले बाँधेर लैजान लागे। भगवान्ले ती दैत्यवीरहरूको वध गरिदिनुभयो। धेरै दैत्यवीरहरूको वध भएको थाहा पाएपछि प्रह्लादले बाबु हिरण्यकशिपुलाई साक्षात् विष्णु नै आउनु भएकोले वध गर्ने चेष्टा नगरी क्षमायाचना गर्ने सल्लाह दिए । तर हिरण्यकशिपु आफ्नो वरदानको बलले उन्मत्त भएर आफैँ युद्ध गर्न अघि सऱ्यो । छोरालाई नै धिक्कार गऱ्यो **(यतो ममात्मजो भूत्वा धिगस्ते च पराक्रमम्- १०७)**। त्यसपछि अनेकौँ सेना र शस्त्रास्त्रले सुसज्जित भई नरसिंहसँग युद्ध गर्न थाल्यो । उसले प्रहार गरेका शस्त्रास्त्रहरू नरसिंहरूप विष्णुले निलि दिनुभयो। भगवान्लाई उसका शस्त्रास्त्रको कुनै असर परेन। त्यसपछि वीर दैत्यले अन्तरिक्षमा गएर युद्ध गऱ्यो । भगवान्ले पनि आफ्नो शरीरलाई ठूलो बनाउनुभयो र हिरण्यकशिपुलाई आफ्नो तिघ्रामा (भुइँ, आकाश र पानीमा नपर्ने गरी) राखी नङ्ग्राले छाती चिरेर वध गरिदिनुभयो।

हिरण्यकशिपुको वध भएपछि प्रह्लाद भगवान्को स्तुति गर्दै हिमालयको गुञ्जपर्वतमा तपस्या गर्न गए । दैत्यवध भएको खुशीयालीमा पुष्पवृष्टि, नाचगान आदि भए। नरसिंहरूपी विष्णु पनि त्यो रूप छोडेर गुञ्जपर्वतमा गई क्रीडा गर्न थाल्नुभयो ।

*रूद्रधाराको महिमा बताएर सकिँदैन द्वादशीका दिनमा त्यहाँ स्नान गर्ने भक्त निष्पापी भएर शिवलोक बस्न पाउँछ ।*

## ५१. शितप्रभा नदी, विश्वामित्रको तपस्या एवं ब्राह्मणको महिमा

स्कन्दकुमार भन्नुहुन्छ- गाधिका छोरा विश्वामित्र असल राजा थिए । उनी नीतिअनुसार राज्य गरेर प्रजा पालन गर्थे। एकदिन उनले नारदबाट वशिष्ठले गरेको शिवको तपस्या बारे सुने र आफू पनि तपस्या गर्न हिमालयतिर गए। सितप्रभा नदीमा स्नान गरेर उनी हिरण्यकिंशुक पर्वतमा

बसेर तपस्या गर्न थाले । रूद्राक्ष लगाएर पार्थिव लिङ्ग स्थापना गरी ६ महिनासम्म मन्त्र जपे । उनको तपस्याबाट भगवान् शिव प्रसन्न भई नदेखिने रूपमा आई इच्छा लागेको वरदान माग भन्नुभयो । विश्वामित्रले पनि शिवको स्तुति गर्दै वशिष्ठ जतिकै पराक्रमी हुन र ब्राह्मण बन्न मागे । अलपरूपी शिवले भन्नुभयो- ब्राह्मण मेरा अंश हुन्, देवता असुर सबैका श्रद्धापात्र हुन् । तिनीहरूलाई दुःख दण्ड दिनुहुँदैन, दिएमा पृथ्वीमा भएको धुलोको कणसंख्या बराबर नरकमा पर्नुपर्छ । तिमी क्षत्रिय हौ, क्षत्रिय धर्म पालन गर, अर्को जन्ममा ब्राह्मण बनौला । यस्तो वरदान दिएर शिव अन्तर्ध्यान हुनुभयो । शिवले वरदान दिएको थाहा पाएर सप्तऋषिहरू आई अभिषेक गरेर उनलाई विप्र बराबर (**विप्रतुल्यो ह्यभून्मुने- ५०**) हुनेछौ भन्नुभयो ।

शितप्रभामा स्नान गरेर वरदान पाएको हुँदा ऋषि, ब्राह्मण, देवताहरू पनि त्यहाँ स्नान गर्न आए । महाष्टमीको दिन त्यहाँ स्नान गरेमा आफ्नो कुलकै उद्धार हुन्छ ।

## ५२. रत्नधारा एवं सात अप्सराको तपसिद्धि महिमा

स्कन्दकुमार रत्नधाराको महिमा र त्यहाँ स्नान गरेर सातवटी अप्सराहरूको तपसिद्धि भएको इतिहास सुनाउँदै भन्नुहुन्छ- हे अगस्त्य मुनि ! दुर्वासा ऋषिले रत्नधारामा स्नान गरेर षड्वर्ग (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य) परित्याग गरेका थिए । तिनै ऋषिको श्रापले अप्सराको शरीर पाएका धर्मकेतु राजाका सातवटा छोरीहरू स्वर्वेश्या भएका थिए भने तिनीहरू नै रत्नधारामा स्नान गरेपछि धृताची, मेनका, रंभा, उर्वशी, तिलोत्तमा, सुकेशी र मञ्जघोषा नामका सात अप्सरा बनेका थिए ।

धर्मकेतु राजा धार्मिक र विद्वान थिए । उनका सातवटी छोरी अत्यन्त राम्री र युवावस्थाले पूर्ण भएका थिए । ती छोरीहरू एकदिन रत्नधारामा नुहाउन गए । त्यहाँ शिवको तपस्या गरेर बसेका दुर्वासा ऋषिलाई अनास्था गरेर

हास्दै तिनीहरू नाङ्गै नुहाउन थाले । दुर्वासालाई रिस उठ्यो र वेश्या बन्ने श्राप दिए । श्राप पाएका ती कन्याहरू बाबु धर्मकेतुसमक्ष गए र श्राप परेको कुरा बताए । राजालाई चिन्ता पर्‍यो र छोरीहरूलाई लिएर ऋषिसमक्ष गएर क्षमा मागी श्रापमुक्त गरिदिन अनुरोध गरे । ऋषिले भन्नुभयो- मलाई हेला गरेको फल पाएका हुन् । श्राप मिथ्या हुँदैन भोग्नै पर्छ, तर पनि यिनीहरूले रत्नधारामा स्नान गरी उमामहेश्वरको पूजा गरेमा स्वर्गका वेश्या भएर बस्न पाउने छन् । ऋषिको उपदेशअनुसार तिनीहरूले रत्नधारामा स्नान गरे, शिवपूजा गरे र स्वर्गका अप्सरा बने ।

## ५३. दुग्धप्रभा महिमा, तारक बध गर्न कुमारलाई सेनापति बनाउनु

दुग्धप्रभाको महिमा र त्यहाँ तपस्या गर्दाको फल बताउदै कुमार भन्नुहुन्छ- एकपटक कश्यपको छोरा तारक दुग्धप्रभा नदीमा स्नान गर्न गयो । स्नानपछि उसले तपस्वी प्रचेतालाई भेटेर आफुले पनि तपस्या गर्ने निर्णय गर्‍यो र ब्रह्माको तपस्या गरी देवता मनुष्यहरूबाट नमर्ने वरदान पायो । त्यसैबेला देवताहरूले ज्यादै दुख पाए । दैत्यपीडित देवताहरू ब्रह्मासमक्ष गए । ब्रह्माले भन्नुभयो- उसको कठोर तपस्याबाट प्रसन्न भएर मैले सामान्य देवता, मनुष्य आदिबाट नमर्ने वरदान दिएको छु । उसलाई मार्न शिवको अंशबाट जन्मिएको बालकले मात्र सक्दछ ।

ब्रह्माको कुरा सुनेपछि देवताहरू शिवसमक्ष गए र तारकवध गरिदिन आग्रह गरे । देवताहरूको आग्रहअनुसार शिवले आफ्नो तेज अग्निलाई दिनुभयो । त्यसबाट कुमारको जन्म भयो । कुमार जन्मिएपछि देवताहरू प्रसन्न भए । कुमारलाई शिव, विष्णु, इन्द्र ब्रह्मा आदि समेतको शक्ति दिई शितप्रभाको संगम तीर्थमा गएर तारकवध गर्ने महारथी सेनापतिमा अभिषेक गर्नुभयो । त्यसपछि अरू देवता, ऋषि, पर्वत, समुद्र आदिले पनि स्कन्दलाई शक्ति प्रदान गर्न विभिन्न उपहारहरू प्रदान गर्नुभयो -

यमराजले - सुभ्राज र भास्वर नामका २ सेवक

चन्द्रमाले - ज्वालाजिह्व र ज्योति नामका २ सेवक

अश्विनीकुमारले - कमण्डलु

त्वष्टाले - सुनन्द र नन्द नामका २ सेवक

हिमालयले - सुवर्चस र अतिवर्चस नामका महात्मा

मेरू पर्वतले - काञ्चन र मेघमाली २ सेवक

समुद्रले - संग्रह र विग्रह नामका २ पार्षद्

पार्वतीले - उन्माद, पुष्पदन्त र शंकषर्ण नामका सेवकहरू

वासुकिले - जय र महाजय नाग

यसैगरी अरू धेरै देवता, ॠषि, नाग, सर्प, समुद्र पर्वत आदिले शरीर धारण गरेर स्कन्दलाई अभिषेक गरेको स्थानमा आएर भिन्नाभिन्नै अनेकौं उपहारहरू दिए ।

यसरी उपहार, आशीर्वाद र शुभकामना प्राप्त गरेपछि स्कन्दकुमार पनि अनेकौं वीर सेनाहरूका साथमा तारक वध गर्ने उद्देश्यले दया, धर्म, सिद्धि, लक्ष्मी आदिलाई अघि लगाएर शस्त्रास्त्रले सुसज्जित भई दुग्धप्रभामा स्नान गरेर अघि बढे ।

## ५४. दुग्धप्रभा महिमा एवं तारकवध

युद्ध गर्न आएको स्कन्दकुमारका सैनिकका आवाजले तारकासुर उत्तेजित भयो । ऊ पनि सेना, शास्त्रास्त्र र रसद पानीको बन्दोबस्त गरेर युद्ध गर्न गयो । उसले स्कन्दलाई लक्ष्य गरेर ब्रह्मास्त्र प्रयोग गऱ्यो । स्कन्दले पनि शक्ति, प्रहार गर्नुभयो । दुवै अस्त्रहरू पूर्ण कार्यसम्पन्न गर्न असफल भए । तरपनि दुवै तर्फका धेरै सैन्य हताहत भए । यसैवीच स्कन्दले तारक तर्फका करोडौ सेनाको वध गर्नुभयो भने वीर त्रीपाद, रदोदर जस्ता दैत्य लगायत ८ हजार राँगाको पनि वध गर्नुभयो । स्कन्दकुमारको पुरूषार्थ

देखेर, देवसेनाहरू नाचगान गर्न लागे । स्कन्दले ठूलो आवाज निकालेर बाँकी रहेका तारकसैन्यलाई पनि तितर वितर पार्नुभयो । यस्तो अवस्था आएपछि तारकले पुनः ब्रह्मास्त्र हान्यो । कुमारले पनि पुनः शक्ति प्रहार गर्नुभयो । त्यो देखेर तारक क्रौञ्च पर्वततिर भाग्यो । कुमार पनि पछिपछि जानुभयो र पर्वतलाई नै ध्वस्त पार्नुभयो । पर्वतमा बसेका दैत्यहरू बाहिर आए भने विद्याधरहरू अन्यत्रै गए । त्यत्तिकैमा पुनः स्कन्दले तारकको छातीमा ताकेर शक्ति प्रहार गर्नुभयो । तारकासुर भुइँमा पछारियो, त्यसैबेला उसको प्राण गयो । तारकासुरको वध भएपछि देवतातर्फ खुशी व्यक्त भयो; स्कन्दकुमारको जय जयकार भयो ।

## ५५. कालीगण्डकी एवं शालिग्राम महिमा

काली गण्डकी (कृष्णा) र शालिग्राम शिलाको महिमा बताउँदै स्कन्दकुमार भन्नुहुन्छ- जालन्धर पत्नी वृन्दाको सत्य डगाएपछि विष्णुले आफ्नो शंखचक्र धारण गरेको स्वरूपको दर्शन दिनुभयो । त्यसबेला आफूलाई छल गरेको थाहा पाएर वृन्दाले विष्णुलाई स्थावर हुनुपर्ने श्राप दिएकी थिइन् । त्यो श्रापको कारणले भगवान विष्णु पार्वतीका पसिनाबाट नदी, बनेर बगे की कालीगण्डकीका शिलाहरू भएर बस्नुभएको हो । शिला भएर बस्ने भएपछि विष्णुले विश्वकर्मालाई वज्रकीट नामको कीरा बनेर कालीगण्डकी भित्र बसेर शालिग्राम शिला बनाउन निर्देश गर्नभयो र भन्नुभयो- त्यस नदी किनारमा भएका शिलाहरू मेरा रूप हुन् । त्यसको पूजा गरेमा पाप नाश भै मेरो लोकमा बस्न पाइन्छ । विष्णुको निर्देश अनुसार विश्वकर्माले विभिन्न रेखा चिह्न भएका शिलाहरू बनाए । चिह्नअनुसारका शिलामा भगवान् निम्न नामबाट बस्न थाल्नुभयो -

- वासुदेव - समानचक्र, सेतोवर्ण भएको
- प्रद्युम्न - लामो आकार, धेरै छिद्र र सूक्ष्म चक्र भई रातो पहेलो देखिने

- अनिरुद - तीन रेखा, कमल चिह्न नीलो वर्णको
- नारायण - श्यामवर्ण, नाभीमा चक्र लामो रेखा, दायापट्टि प्वाल
- मत्स्यावतार - दायाँ, वाँया लामो कैलोवर्णको -
- कूर्मावतार - तीन टीके र शंख चक्र तथा २४ लक्षण भएको
- वराहावतार - विषम संख्याका चक्र, वदेल आकारको
- नृसिंह - इन्द्रनीलमणि जस्तो चम्किलो, ३ रेखा, कैलो रङ र अग्लो चक्र (यसको पूजा ब्रह्मचर्य धारण गर्नेले मात्र गर्नुपर्छ)
- लक्ष्मीनृसिंह - विन्दुयुक्त, सुन्दर, २ चक्रे, कालो
- वामन - कदमको फूल जस्तो ५ रेखीय, वाटुलो, सानो
- राम, पशुराम, बलराम - क्रमशः सुन्दर, शंख चिह्न, पहेलो, वञ्चरो, हलोयुक्त
- दामोदर - बायाँ गदा, चक्र र दायाँपट्टि रेखा भएको ठूलो आकारको
- ब्रह्मा - पद्म, चक्रयुक्त सेतो
- विष्णु - बीचमा चिह्न, पहेंलो पहेंलोसँग पिठ्युमा कालो २ चक्रे
- श्रीधर - बीचमा गदाका ५ रेखा, वनमाला चिह्न भएको
- त्रिविक्रम - कदमको फूलजस्तो, तलसेतो ठाडो रेखा, चिल्लो, कालो
- हयग्रीव - शिलामा अंकुश आकार
- गदाधर - हरियो, धैरै थोप्ला, तीन रेखा, तीन चिह्न
- अनन्त - बहुवर्ण, नागशिर चिह्न र बहुमुखे

- कृष्ण - दायापट्टि गोलाकार, वनमाला विभूषित
- चतुर्मुखी ब्रह्मा - चार रेखाका माझमा २ चक्रभएको
- शिव - तल्लापट्टि कूर्माकार चक्र र बीचमा खुरको आकार
- लक्ष्मी नारायण - कमल, ४ चक्र, खुर २ वनमाला
- पुरूषोत्तम - चारैतिर मुखहरू भएको

**यसैगरी रङअनुसार पनि शालिग्रामका नाम हुन्छन् -**

| | | |
|---|---|---|
| सेतो वर्ण | - | वासुदेव |
| रातो | - | संकर्षण, |
| नीलो | - | दामोदर र अनिरुद्र, |
| श्याम | - | नारायण, कृष्ण र विष्णु, |
| रातो | - | अनन्त, |
| पहेंलो | - | श्रीधर, |

**रङअनुसारका शालिग्रामका पूजा फल -**

| | | |
|---|---|---|
| कैलो र पहेंलो | - | विपद्दायक |
| नीलो | - | सम्पत्ति प्राप्ति |
| कालो | - | वृद्धि र पुष्टिदायक |
| सेतो | - | कल्याण र मुक्तिदायक |
| पहेंला, सुनौलो | - | धनदायक |
| रातो | - | राज्य प्राप्ति |
| कालो | - | कीर्ति |
| पहेंलो | - | पापनाश |
| खैरो | - | भय र उद्वेग |
| धेरै ठूलो | - | आयुनाश |
| पाण्डुर | - | पापनाश |
| टेढो | - | दारिद्र्यदायक |

चिल्लो - सिद्धि
चिह्न नभएको - निस्फल
धेरै चक्र भएको,
कैलो, त्रिकोण परेको - बन्धु नाश
तलतिर मुख फर्किए वा घोप्टिएको - क्षयकारी, आयुनाश, कुलनाश,
कुरूप, टुटेफुटेको चक्र, धेरै रेखा भएको - पूजा नगर्नू

**चक्रअनुसार शालिग्रामका नाम -**

एक चक्र - सुदर्शन
दूई चक्र - नारायण
तीन चक्र - अच्युत
चारचक्र - जनार्दन
पाँच चक्र - वासुदेव
छ चक्र - प्रद्युम्न
सात चक्र - संकर्षण
आठचक्र - पुरूषोत्तम
नौ चक्र - नवव्यूह
दशचक्र - ब्रह्मा
एघार चक्र - रुद्र
बाह्र चक्र - सूर्य
यसभन्दा बढी चक्र - परमात्मा

शालिग्राम पूजाले मुक्ति पाइन्छ र शालिग्राम राखेको क्षेत्र विष्णु क्षेत्र हो । शालिग्रामको नजिकमा श्राद्ध गरेमा पितृहरू दिव्यसय वर्ष स्वर्ग बस्न पाउँछन् । शालिग्राम नबेच्नू । शालिग्राम धारण गर्ने गण्डकी नदी श्रेष्ठ नदी हो । त्यहाँ स्नान दान, जप, श्राद्ध गर्नेहरू मुक्त हुन्छन् । कालीगण्डकी र मुक्तिधाराको संगम मुक्तिनाथ (कागवेनी) उत्तम तीर्थ हो । कालीगण्डकीको उपासक जुनसुकै प्राणीले पनि मुक्ति पाउँछ ।

## ५६. मुक्तिनाथ तीर्थ वर्णन

मुक्तितीर्थको बारेमा थप कुरा बताउँदै स्कन्द भन्नुहुन्छ- कुनैबेला ब्रह्माले मुक्तिपर्वतमा अग्निको आह्वान गरेर हवन गर्नुभएको थियो । अग्नि र जलको पारस्परिक मित्रता नभएपनि तिनीहरू एउटै शरीर भएर बसेकाले ब्रह्माको आह्वानबाट दुवै आएर सँगै चरु ग्रहण गरे। त्यसैले मुक्ति क्षेत्रमा अग्नि र जल सधैँ सँगै बस्तछन्। जल विष्णुको र अग्नि शिवको मूर्ति हो। त्यसै पवित्र स्थानमा इन्द्रले पनि ब्रह्माको निर्देशनअनुसार हवन गरेका थिए। लोक कल्याण र मुक्तिको लागि ब्रह्माले सबै देवता, गन्धर्व, ऋषि, अप्सरा आदिलाई बोलाएर हवन (यज्ञ) गरेकाले त्यो तीर्थलाई मुक्तितीर्थ वा मुक्तिनाथ भनिएको हो। त्यहाँ सकेसम्म सधैँ र नभएपनि जेष्ठ शुक्ल दशमी वा मकर संक्रान्तिका दिन स्नान दान श्राद्ध, ब्राह्मण भोजन आदि गरे/गराएमा पापमुक्त भई परमगति प्राप्त हुन्छ। पितृहरू पनि मुक्त हुन्छन्। त्यहाँको ब्रह्मकुण्ड स्नानले ब्रह्मलोक, रूद्रकुण्ड स्नानले रूद्रलोक जान पाइन्छ भने अनन्त तलाउको स्नान गरेमा स्वर्गलोक प्राप्त हुन्छ।

## ५७. बदरीकाश्रम महात्म्य र अलकनन्दा उत्पत्ति

बदरीकाश्रमको महिमा, नरनारायणको रूप र अलकनन्दाको उत्पत्तिका विषयमा स्कन्द भन्नुहुन्छ- एकपटक नारदको भनाईमा लाग्दा पार्वतीको वाणीले ठगिएर विष्णुले नर नामका ऋषिका साथमा बदरीकाश्रममा बसेर सिद्धेश्वर लिङ्गको पूजा गरी तपस्या गर्न थाल्नुभयो। त्यहाँ नारद र अरू सिद्धहरूले पनि तपस्या गरेका थिए। नर को थिए ? त्यो पनि सुन्नुहोस्। हिमालयको दक्षिणमा **नेपाल नामक देश** छ। त्यहाँको पाशुपत क्षेत्रको श्लेष्मान्तक वनको वाग्मतीको किनारमा शंकु नामको व्याधा प्राणी हत्या गरेर बस्थ्यो। ऊ अत्यन्त पापी थियो। एकदिन शिकार गर्दा त्यो व्याधा थाक्यो, उसका शरीरबाट पसिना चुहिए। त्यो व्याधाले एउटा मृग दे ख्यो र पछिपछि दौडियो। तर मृग एउटा गुफामा पस्यो, व्याधाले दे

खेन । थाकेकाले त्यो व्याधाले वाग्मतीमा नुहायो । त्यसदिन कात्तिक शुक्लपक्षको द्वादशी वुधबार परेको रहेछ । त्यसदिन वाग्मती स्नान गर्ने वित्तिकै व्याधाको मृत्यु भयो र शास्त्र जान्ने ब्राह्मण भएर जन्मियो । ती ब्राह्मणले वाग्मती स्नान गरेर पितृलाई तर्पण दिए । वाग्मती (तीर्थ) मा स्नान दान गरेकाले विष्णु प्रसन्न भई ती ब्राह्मणलाई आफ्नो मित्र बन्ने वरदान दिनुभयो र साथै राखेर सिद्धेश्वरको पूजा गर्न थाल्नुभयो ।

माता पार्वतीले पनि सिद्धेश्वरको पूजा गर्नुहुन्थ्यो । पूजा गर्दा पार्वतीका शिरबाट पसिना बगे । पसिनाबाट सिद्धेश्वर प्रकट भए । पसिनाबाट बगेको नदीलाई अलकनन्दा नाम दिनुभयो । त्यसैबाट उद नामको कुण्ड पनि बन्यो । उदकुण्ड र अलकनन्दामा स्नान गरेमा विष्णुलोक प्राप्त हुन्छ ।

हे अगस्त्य ! सिद्धेश्वर, बदरीकाश्रम, अलकनन्दा र नर नारायणको महात्म्य मात्र सुनेपनि विष्णुलोकको गति पाइन्छ ।

## ५८. पार्वतीबाट विष्णु ठगिनु

पार्वतीबाट विष्णु कसरी ठगिनुभयो ? भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- नीलकण्ठ पर्वतको उत्तरपट्टि एउटा सुन्दर घर र बगैंचा थियो । त्यहाँ पार्वती साथीहरूका साथमा बस्ने, खेल्ने गर्नुहुन्थ्यो । एकदिन ब्रह्मपुत्र नारद वीणा बजाउँदै स्वर्गबाट त्यही बाटो हुँदै आउँदा अतिसुन्दरी, सुकुमारी कन्या (पार्वती) लाई देख्नुभयो । नारदको मनमा यस्ती राम्री कन्याको विवाह कोसँग होला भन्ने सोच्नुभयो । योग्यको विवाह योग्यसँग भैदिए हुन्थ्यो, हीरा सुनसँग सुहाउँछ, पित्तल वा फलामसँग सुहाउँदैन । यसैले यस्ती कन्याको लागि योग्य वर भगवान् विष्णु नै हुनुपर्छ । यस्तो सोचेर नारद तत्काल बदरीकाश्रममा तपस्या गरेर बस्नुभएका विष्णुसमक्ष जानुभयो र कन्याको रूप, गुण र आफ्नो परिकल्पना सुनाउनुभयो । नारदका कुरा सुनेपछि विष्णुले पनि 'मेरो पनि त्यही इच्छा छ' भन्नुभयो र नारदलाई हिमालयसमक्ष विवाहको प्रस्ताव लैजान अह्राउनु भयो । नारदले हिमालयलाई भेटेर तपाइँकी उत्तम कन्या

विष्णुजस्तो उत्तम वरलाई दिनुहोस्, विष्णुले मलाई यो प्रस्ताव पठाउनुभएको छ भन्नुभयो । नारदका कुरा सुनेर हिमालय प्रसन्न हुनुभयो र विष्णु जस्तो सुन्दर उपयुक्त वरलाई कन्या दिन पाउने भएँ भन्ने प्रसन्नता व्यक्त गर्दै 'हुन्छ' भनी शुभ लगनमा कन्यादान लिन आउने खबर पठाउनुभयो ।

हिमालयको स्वीकारात्मक खबर लिएर नारद विष्णुसमक्ष जानुभयो र पार्वती कन्यादान लिन जाने मार्ग प्रशस्त गर्नुभयो । भगवान् विष्णुले पनि ज्योतिषीहरूसँग परामर्श गरी आउने मंगलबारको शुभ दिनमा पार्वती कन्यादान लिन हिमालय कहाँ जाने बताउनुभयो ।

## ५९. पार्वतीले शिवको तपस्या गरेर विवाह गर्ने वरदान लिनु

छोरी विष्णुलाई दिन्छु भनेर नारदलाई पठाएको थाहा पाएर पार्वती उद्विघ्न बन्नुभयो र एकान्तमा शिवलाई सम्भिएर साह्रै दुख मानेर बस्नुभयो । पार्वतीको अवस्था देखेर सखी धर्मशीलाले सोधिन्- हे देवी ! किन चिन्ता गरेको ? बाबु आमाकी प्यारी छोरी हजूरलाई कसले के भन्यो ? यथार्थ कुरा भन्नुहोस्, म समाधान गर्न प्रयत्न गर्छु । सखीको प्रश्नमा पार्वतीले भन्नुभयो - म अभागी छु, मेरो पिताले मेरो इच्छा नबुझी शिवसँग विहे गर्ने इच्छा हुँदाहुँदै विष्णुसँग गरिदिन लाग्नुभयो । पार्वतीको कुरा सुनेर धर्मशीलाले थाहा नपाउने ठाउँमा लुक्न जाने प्रस्ताव गरिन् । पार्वती उनैसँग अदृश्य गौरीपर्वतमा गई बालुवाको लिङ्ग बनाएर शिवको पूजागरी तपस्या गर्न थाल्नुभयो ।

विष्णुले विवाह गर्ने दिन निधो गरेको खबर दिन नारद हिमालय कहाँ पुग्नुभयो । त्यसबेला हिमालयले छोरीलाई घरमा नदेखेर जतातितै खोज्न थाल्नुभयो । कतै नभेटेपछि नारदलाई छोरी घरमा छैनन्, बाघ भालुले खायो वा कसैले हरण गर्‍यो, थाहा छैन । वचन दिइसकेकी कन्या विष्णुलाई दिन पाइन, मलाई लोकले धिक्कार गर्नेछ भन्दै दुखित भएर छोरीको विवाह गर्न असमर्थ भएको जानकारी गराउनुभयो । नारद त्यही खबर लिएर विष्णुसमक्ष जानुभयो तर लाजले भन्न सक्नुभएन । तर सर्वज्ञ भगवान्

विष्णुले पार्वती हराएको थाहा पाइसक्नुभएकाले नारदसँग त्यसबारे कुरै गर्नुभएन ।

पार्वतीको अत्यन्त भित्री मनदेखिको आग्रह र कठोर तपस्याबाट शिव प्रसन्न हुनुभयो र पार्वतीसमक्ष आएर विवाह गर्छु, सँगै कैलाश जाउँ भन्नुभयो । पार्वतीले भन्नुभयो- पिताले नदिई जानुहुँदैन, त्यसैले लौकिक धर्म निर्वाह गर्न हजुर पितासँग गएर कन्यादान माग्नुहोस् । शिवले पनि पार्वतीको वचन मान्छु भन्नुभयो ।

त्यसपछि पार्वती पनि ब्रह्मनदी र आफ्नै पसिनाबाट उत्पन्न भएको आदि गंगाको संगममा स्नान गरेर घरतिर फर्कनुभयो ।

## ६०. शिव- पार्वती विवाह

शिवबाट विवाह गर्ने वचन पाएपछि पार्वतीले विहानै स्नान गरेर सूर्यको पूजा गरेर अर्घ्य दिनुभयो । त्यसैबेलामा हिमालय छोरी खोज्दै पार्वतीले स्नान गरेको नदी-किनारमा पुग्नुभयो । हिमालयले २ वटी कन्यालाई देखेर नजिकै जाँदा पार्वतीलाई चिन्नुभयो र अंकमाल गर्नुभयो । त्यसपछि हिमालयका साथमा पार्वती घर जानुभयो । आमाले पनि पार्वतीलाई अंकमाल गरेर मातृभाव दर्शाउनुभयो । पार्वतीले आमा-बाबुलाई शिवको ध्यान गरेर सन्तुष्ट बनाएको खबर सुनाउनुभयो । छोरीको शिवभक्ति देखेर हिमालय र मेनका पनि खुशी हुनुभयो ।

यसैबीच शिवले सप्तर्षिहरूलाई बोलाएर हिमालय समक्ष गएर पार्वतीलाई माग्न पठाउनुभयो । सप्तर्षिहरू हिमालयसमक्ष गए र शिवको सन्देश सुनाए । मरीचि, अत्रि पुलस्त्य, पुलह, क्रतु, भृगु, अङ्गिरा सबैले शिवको महिमा बताएर त्यस्ता विश्व रचयिता महादेवलाई छोरी दिन पाउँदा तपाईंहरू भाग्यमानी बन्न पाउनुहुन्छ, भनी कन्यादान दिन उत्साहित गराए । हिमालयले छोरी दिन स्वीकार गरेपछि ३ दिन पछिको शुभमुहूर्त

उत्तम हुने बताए र सप्तर्षिहरू कैलाश फर्किए । सप्तर्षिहरूले शिवलाई सबै खबर सुनाए । शिवजी जन्ती सहित कन्यादान लिन हिमालयको घर तिर लाग्नुभयो ।

पार्वती पनि शिवको आराधना गर्न थाल्नुभयो । उहाँका शरीरबाट बगेका पसिनाबाट केदार पर्वत हुँदै बग्ने केदार गंगा नदी बग्यो । त्यो पवित्र नदीमा ऋषि, गन्धर्व, अप्सरा आदिले स्नान गरे । शिवले पनि त्यहीँ स्नान गर्नुभयो । शिवले त्यहाँ स्नान गर्नेहरूले शिवलोक जान पाउने पनि बताउनुभयो ।

## ६१. दैत्यराज वलि पाताल जानु

वलिले किन पाताल जानुपर्‍यो ? भन्ने अगस्त्यमुनिको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- दैत्यराज वलिले त्रियुगी विष्णुको कठोर तपस्या गरेको थाहा पाएर इन्द्र डराए । डराएका इन्द्र विष्णुसमक्ष गएर वलिको तपस्यामा बाधा पार्न अनुरोध गरे । विष्णुले भन्नुभयो- भक्तले तपस्याको फल पाउँछ, तर म यो युगलाई लम्बाइ दिन्छु र तीन युगलाई एउटै बनाइदिन्छु ।

कालान्तरमा तपस्याको प्रभावले वलि स्वर्गको राजा इन्द्र बने । त्यसबेला भगवान् विष्णुले वामन रूप लिएर मीठो गायन गर्दै वलिको यज्ञमा जानुभयो र ३ पाइला जमिन दान माग्नुभयो । गुरु शुक्राचार्य र अरू दैत्यहरूले वामनलाई देखाएर यो हामीलाई छल गर्नआएको विष्णु हो, यसलाई अरू दान दिनुहोस् तर भूमिदान नदिनुहोस् भनेर निषेध गर्न खोजे । तर वलिले विष्णुलाई दान गर्न पाए किन नगरेर कलङ्कित बन्नु भन्दै कसैको अनुरोध पनि स्वीकारेनन् र दान दिन लागे । त्यसैबेलामा शुक्राचार्यले कमण्डलुको घेराभित्र पसेर पानी झर्न दिएनन् । कमण्डलुबाट पानी झर्न नपाएको देखेर वामनले वलिलाई कुशले घोच्न लगाउनुभयो । कुशले घोच्ने वित्तिकै शुक्राचार्य कमण्डलुको धाराबाट बाहिर आए । वलिले ३

पाइला जमिन दान दिए । दान पाउने वित्तिकै वामनले विराट स्वरूप दर्शाउनुभयो र एकपाइलाले स्वर्ग र अर्को पाहिलाले पृथ्वी ढाकेर तेश्रो पाइलो राख्ने ठाउँ माग्नुभयो। त्यसपछि विराटरूपी विष्णुले वामनको शिर माथि टेकेर पाताल पठाइदिनुभयो र प्रह्लादलाई पछि तिमी इन्द्र बन्नेछौ भनी देवप्रयाग स्नान गर्न निर्देश गर्नुभयो । भगवान्को निर्देशअनुसार वलिले पाताल जान लाग्दा विष्णुलाई पनि साथै रहन अनुरोध गरे ।

कालान्तरमा प्रह्लाद इन्द्र बने । आकाशगंगाले विष्णुलाई स्नान गराइन् र त्रिविक्रमा नदी बनिन् । त्रिविक्रमा नै अलकनन्दासँग समाहित भईन् र विशिष्ट तीर्थको रूपमा प्रसिद्धि पाइन् ।

## ६२. विभिन्न तीर्थका नाम र महिमा

अगस्त्य मुनि भन्नुहुन्छ- हे स्कन्दकुमार ! हजुरबाट मैले विभिन्न नदी, गंगा र समुन्द्रहरूबारे सुने । अब मलाई तिनीहरूको किनारमा भएका तीर्थ र तिनको महिमा बताइदिनुहोस् । स्कन्दकुमार भन्नुहन्छ- त्रिविक्रमा र अलकनन्दाको संगममा त्रिविक्रमालक तीर्थ छ, त्यहाँ भगवान् विष्णु गरूडमा बस्नुहुन्छ, त्यहाँ स्नान गरेर देवताहरूले सधैं युवा हुन पाउने वरदान पाएका थिए । त्यहाँ स्नान गर्नेले विष्णुलोक जान पाउँछ । त्यो तीर्थमा 'शिव' उच्चारण गरेर स्नान गरे रुद्रलोक जान पाइन्छ । त्यहाँ गरेको दान, पुण्य, पिण्डदानको फल अक्षय हुन्छ । त्यस तीर्थलाई देवप्रयाग पनि भनिन्छ । पाँचओटा नदीहरू मिलेको त्यो तीर्थमा स्नान गरेर शिव-पूजा गरेमा परमगति पाइन्छ ।

त्रियुगा र केदार गंगाको संगममा कामप्रयाग तीर्थ छ । देवर्षिहरूको वास हुने त्यो तीर्थमस्नान गरेमा स्वर्गजान पाइन्छ। त्योभन्दा माथि रुद्रप्रयाग छ। यस्तै, विशालभद्रा नदी मिसिएको ठाउँमा स्नान गरेमा सिद्धदेह बनिन्छ । त्यहाँ भगीरथले तपस्या गरेर गंगा अवतरण गराएका थिए । गंगाभन्दा पश्चिमपट्टि शृगाद्रिबाट बगेकी नदी छन्, त्यहाँ स्नान गरेमा ब्रह्मतत्व पाइन्छ।

त्यस्तै हिरण्यबाह र यमुनाको संगममा स्नान गरेमा सात जन्मदेखिका पाप नाशिन्छन् र स्वर्गफल पाइन्छ । यमुना र सितस्रवा नदीको संगमस्नानले सुख पाइन्छ। यस्तै दक्ष तीर्थमा स्नान गरेमा दक्ष बनिन्छ। त्यहाँ पूर्वकालमा दक्षले यज्ञ गरेकाले उनकै नामबाट तीर्थनाम रहेको हो। त्यसको उत्तरको विष्णुतीर्थ सेवनले विष्णुसायुज्य प्राप्त हुन्छ। सीता नदी र समुद्रको संगममा स्नान गंगासागर संगम स्नान जत्तिकै पुण्यदायी हुन्छ। ब्रह्माले सृष्टि गरेको सिद्धा नदी र समुद्रको संगममा एकपटक मात्र स्नान गरेपनि सय अश्वमेध यज्ञफल पाइन्छ। यस्तै, हिरण्यसैकता नदीमा स्नान गरेमा ब्रह्महत्या पनि नाशिन्छ। हेमवती नदीको पूर्वमा मानसरोवर छ, त्यहाँ स्नान गरेमा कल्पौं कल्प स्वर्ग बस्न पाइन्छ । त्यस्तै मत्स्यतीर्थ, ऋणमोचनतीर्थ स्नानले पनि विष्णुलोक र देव-पितृ ऋणबाट मुक्त हुन पाइन्छ। यस्तै स्वयंलक्ष्मी आदि तीर्थ र भूतिदा-कामडा-भुक्तिदा-मोक्षदा आदि नदीमा स्नान गर्दा पनि नामअनुसारका फल पाइन्छन् ।

यी तीर्थहरूको महिमा सुनेमात्र पनि पापमुक्त बनी पुण्य लाभ गर्न सकिन्छ ।

कामाख्या - कौशिकी - गण्डकी प्रकरण ३ समाप्त

# प्रकरण - ४ नेपाल महात्म्य

## ६३. देवता र दैत्यलाई दुर्वासाको श्राप

अगस्त्यमुनि सोध्नुहुन्छ- हे स्कन्दकुमार ! प्रेमसम्बन्ध राख्तै आएका देवता र दैत्यहरू कसरी कुन घटनाबाट आपसमा वैरी भए बताइदिनुहवस् ? स्कन्द भन्नुहुन्छ- दुर्वासा ऋषि हिमालयको उत्तरपट्टि ब्रह्मपुत्र नदी किनारमा बसेर तपस्या गरिरहेका थिए । स्वर्गबाट सातजना अप्सराहरू नुहाउन आउँदा ऋषिलाई देखे। तिनीहरू ऋषिकै श्रापले अप्सरा हुन पुगेका थिए। गण्डकी किनारमा श्राप दिने ती ऋषिलाई देखेर सातैजना अप्सराले ऋषिको पूजा गरे। ऋषि प्रसन्न भएर सौभाग्यवती बन्ने आशीर्वाद दिए।

त्यसपछि लगत्तै इन्द्रादि देवता र हिरण्यकशिपु आदि दैत्यहरू पनि हाँस्दै खेल्दै ब्रह्मपुत्रमा स्नान गर्न गए । उनीहरू नदीमा स्नान गरे, खेले र फर्कन लागे । दुर्वासाले उनीहरूको गतिविधि हेरिरहेका थिए । त्यसबेला दुर्वासाले इन्द्रलाई स्वागत स्वरूप पारिजातको फूल दिए । इन्द्रले त्यो फूल ऐरावत हात्तीतिर फ्याँकिदिए । फूल भुइमा खस्यो । त्यसलाई हात्तीले कुल्चिदियो । सबैजना हाँसे । दुर्वासाले आफ्नो अपमान भएको ठानेर इन्द्रलाई सर्वलक्ष्मी नष्ट हुने श्राप दिए भने देवता र दानवलाई पनि हाँसेकाले आपसमा वैरी बन्ने श्राप दिए । ऐरावत हात्ती मऱ्यो । इन्द्र स्वर्गबाट झरे । दुर्वासाको श्राप लागू हुन देवता र दैत्य समुद्रमथन पछि अमृतको विषयलाई लिएर झगडा गरे र त्यै विषयका कारण सधैँको लागि वैरी जस्ता बने ।

## ६४. भगवान्‌को बुद्धावतार कथा

जुन भगवान्‌ले वलि आदि दैत्यहरूलाई ध्वंश गरेर पाताल पठाइदिनुभएको थियो, उनै भगवान्‌ले वरदान दिनुभयो भन्ने सुनेको थिएँ, त्यो कसरी भयो ? भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- दैत्यहरू पाताल जानपरेकोमा दुखित थिए । एकदिन उनीहरूले आपसमा सल्लाह गरी तपस्या गरेर शक्ति आर्जन गरेपछि देवताहरूसँग युद्ध गरेर पुनः स्वर्गप्राप्त गर्ने सोच बनाए । दैत्यहरूले यस्तो सोचेर वलिसँग परामर्श गर्दा वलिले भने- मेरो विचारमा जुन विष्णुले हामीलाई पाताल पुऱ्यायो, उसैको आराधना गऱ्यो भने हामी देवतालाई जित्नसक्ने शक्ति आर्जन गर्न सक्दछौँ ।

वलिको सुझावअनुसार दैत्यहरू हिमालयको उत्तरतिरको ज्ञान तीर्थमा विष्णुको तपस्या गर्न गए । भाद्रशुक्ल दशमीका दिन संकल्प गरेर तपस्या प्रारम्भ गरेका दैत्यहरूमध्ये कसैले धुवामात्र खाएर, कसैले पातमात्र खाएर, कसैले पानीमात्र खाएर तपस्या गरे । तपस्या गर्दा कोही दैत्य कूर्मासनमा, कोही शिर्षासनमा, कोही हात ठडयाएर पनि दिव्य हजार वर्ष बसे । उनीहरूको कठोर तपस्याबाट विष्णु प्रसन्न भएर वरदान दिन

जानुभयो । त्यसैबेलामा शिवजी पनि दैत्यको तपस्थलमा जानुभयो र विष्णुलाई दिव्यदेह धारण नगरेर शान्त स्वरूपको अवतार लिएर अज्ञान हरेर शान्तिको सन्देश दिनुपर्छ भन्नुभयो । त्यो सुनेर विष्णु पनि माया देवीको छोराको रूपमा माघशुक्ल चतुर्थीका दिन शान्त स्वरूपको बुद्ध भएर जन्मनुभयो । लामा, हात पाखुरा, सुन्दर शरीर, दयावान स्वभावका बुद्धले ३ वर्ष भएपछि मुण्डन, ७ वर्षमा व्रतबन्ध गरी भिक्षा माग्न थाल्नुभयो । बुद्धावतारका भगवान् विष्णुलाई ब्रह्माले दण्ड, शिवले भिक्षापात्र, वृहस्पतिले गेरुवस्त्र आदि उपहार दिनुभयो । त्यसैबेलादेखि ब्रह्मा, शिव, विष्णु, अरू देवता र मुनिहरूले पनि बुद्धको अवतार लिन थाल्नुभयो । कलियुगमा ब्रह्मावतार प्रधान हुने पनि बताउनुभयो ।

**ब्रह्मा हरश्चैव तदादि आर्या बुद्धावतारान्सहसा हि चक्रुः**
**देवश्च शेषा मुनयस्तथाऽन्ये तान् त्वञ्च जानीहि कलौ प्रधानान्-४६**

## ६५. जातिस्मरण तीर्थ

स्कन्दकुमार भन्नुहुन्छ- छाता ओढेर शिष्यहरूलाई पछाडि लगाई भगवान् विष्णु बुद्धावतारमा चक्र, लट्ठी लिएर दैत्यहरूले तपस्या गरेको ज्ञानतीर्थमा जानुभयो । बुद्धले भन्नुभयो- म कामधेनु बराबर छु। वरदान रूपी दूध दोहन गर । दैत्यहरूले बुद्धरूपी विष्णुलाई प्रणाम गरे र तीनै लोक बसमा पार्नसक्ने शक्ति मागे । बुद्धले पनि माया वचन बोलेर दैत्यहरूलाई मोहित बनाउँदै भन्नुभयो- तपस्वी भएर मोहित नबन । ज्ञानयोगमा डुबेका छौ, राज्यलिप्सा किन लिन्छौ ? राज्य, सुख, सम्पत्ति जस्ता कुराले काम क्रोधादि रोग पैदा गर्छ, त्यसले नरक लैजान्छ। यसैले योग र सत्यको बाटोमा लाग। पशुहत्या नगर, इन्द्रिय दमन गर । संसारको बीज अज्ञान हो। धुलो लागेको ऐनालाई पुछेपछि सफा भएझैं ज्ञानको अभ्यासले अज्ञान नाशिन्छ। आफ्नो कल्याण चाहन्छौ भने राज्यसुखको भोगलाई छोडेर पाताल जाऊ, लोक रक्षा गर, मैले भनेको मान ।

बुद्धले तर्कसंगत गरेको कुराले दैत्यहरू सन्तुष्ट भए र पाताल जान राजी भए । उनीहरूले बुद्धसँग त्यहाँ हामी के खाऊँ भनेर सोधे । बुद्धले अश्रद्धा, रिस, अपवित्र भई दिएका वस्तु खानु र शिवजीको ध्यान गर्नु भन्ने उपदेश दिनुभयो । दैत्यहरू खुशी भएर पाताल गए ।

देवताहरू पनि हिमालयदेखि उत्तर तिरको स्थानलाई वासस्थान बनाई स्वर्ग गए । त्यो तीर्थ जातिस्मरण नामले प्रसिद्ध भयो । जातिस्मरण तीर्थमा स्नान गरेमा पूर्वजुनीको स्मरण र पुण्यलाभ हुन्छ ।

## ६६. ब्रह्मतीर्थ महिमा

विभिन्न तीर्थहरूको महिमा सुनेपछि अगस्त्य मुनिले ब्रह्मतीर्थको महिमा पनि सुनाइदिन आग्रह गरे । स्कन्दकुमारले भन्नुभयो- धर्मधारा र विश्वधाराको संगममा रहेको, कुनैबेला ब्रह्माजीले अश्वमेध यज्ञ गरेको स्थानमा ब्रह्मतीर्थ छ । रूद्रले तामाको, इन्द्रले इन्द्रनीलमणिको र अरू धेरै देवताहरूले पनि छुट्टाछुट्टै शिवलिङ्ग स्थापना गरेको अत्यन्त पवित्र स्थान भएकोले यसलाई ज्ञानतीर्थ पनि भनिन्छ । त्यहाँ स्नान गरेपछि त्रेतामा उत्तिखेरै, द्वापरमा एकवर्षमा र कलिमा एकपटक स्नान गरेपनि मरेपछि मुक्ति पाइन्छ । त्यस तीर्थमा माघमा स्नान गरेमा अक्षय पुण्य मिल्छ भने पितृलाई उद्देश्य गरेर जल दिएमा सैयौं गुना बढी फल पाइन्छ ।

एउटा व्यङ्ग नामको म्लेच्छ हिरण्याचलमा शिकार गरी बस्थ्यो । त्यो निर्दयी व्याधाले एकदिन ओडारमा बसेको बँदेललाई वाण हान्यो । वाणको पीडा भोग्दै दौडन थालेको बँदेलले ब्रह्मतीर्थ पुगेर जल पियो र आफू निरपराधी हुँदा पनि वाण हानेकोले अर्को जुनीमा त्यो व्याधालाई मार्ने संकल्प गरी मऱ्यो । त्यो बँदेल बाघ भएर जन्मियो । एकदिन त्यो बाघले मृगलाई फेला पारेर खान खोज्यो । डराएको मृगले बाघलाई भन्यो- तपाईं मलाई जहिले पनि खान सक्नहुन्छ, म तपाईंको शरणमा परेको छु, शरणागतलाई

नमार्नुहोस् । बाघले भन्यो- अघिल्लो जन्ममा तैंले मलाई मारेको थिइस् । मृगले सोध्यो- कसरी म मृगले तपाईं बाघलाई मार्न सक्छु, पत्याउने कुरा गर्नुहोस् ।

बाघ र मृगको कुरा भइरहेको बेलामा ब्रह्मतीर्थमा धेरै ऋषि, देवता र साधुहरू स्नान गरिरहेका थिए । बाघ र मृगले उनीहरूले स्नान गरेको देखे र आश्चर्य मान्दै थिए, त्यहीबेलामा काल (यमराज) आउनुभयो र ती दुबैलाई किन चिन्तित र अचम्मित देखिन्छौ ? सोध्नुभयो । मृगले पनि तत्काल बाघले खान आटेको सबै विवरण सुनायो । कालले बाघको कुरा सत्य भएको बताउनुभयो ।

मृगले बच्ने उपाय खोज्ने क्रममा आफ्नो मुक्ति कसरी हुन्छ ? सोध्यो कालले पनि तीर्थस्नान, शिवध्यान, शुद्धचित्त भएको बन्नुपर्छ भन्नुभयो । मुक्तिको लागि ब्रह्मतीर्थ सर्वोत्तम तीर्थ हो, त्यहाँ गएर स्नान गर भनी बाघ र मृग दुवैलाई उपदेश गर्नुभयो । उपदेशअनुसार उनीहरूले पनि स्नान गरे र मुक्ति पाए ।

बाघ र मृग तत्काल मुक्त भएको देखेर नारद ऋषिका मित्र विरजले 'के आश्चर्य भयो' भनेर कारण सोधे । नारदले विरजलाई ज्ञानतीर्थको महिमा बताउँदै अधम राक्षस पनि धर्मधाराको प्रभावले मुक्त भएको प्रसङ्ग बताउन लाग्नुभयो ।

## ६७. लिङ्गतीर्थ महिमा, शिव-विष्णुदूत संवाद

धर्म, ज्ञान, तीर्थ, व्रत नगरिकन कसरी बाघ र मृगले मुक्ति पाए भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- यसबारे एउटा इतिहास सुन्नुहोस् । हरिदास नामका वेदज्ञ तपस्वी काशीमा तपस्या गरेर बसे का थिए । उनले गण्डकीको प्रंशसा सुनेर आफ्नो शिष्य चतुर्वेदीलाई पनि छोडेर गण्डकीको धर्मधारा र शिल्पाको दोभानमा गए । त्यहाँ उनी त्यहीँको

लिङ्गतीर्थ क्षेत्रको भैरवतीर्थमा पञ्चोपचारले पूजा गरेर बसे । एकदिन एउटा राक्षस आएर खान खोज्दा ती तपस्वी डराए । उनले गण्डकीको जल सहितको पूजा सामग्रीले हिर्काइ दिए । राक्षसलाई गण्डकीको जल स्पर्श हुने वित्तिकै मुक्ति मिल्यो र ऊ पूर्वजन्मको ज्ञान हुने राजा बन्यो । त्यसरी राजा बनेपछि ती राजाले ब्राह्मणको प्रशंसा गरे ।

आफ्नो अगाडि राक्षस राजा भएको देखेर आश्चर्यमान्दै ब्राह्मणले पूर्वजन्मबारे सोधे । राजाले भने- म पूर्वजन्ममा विदर्भ देशको राजा थिएँ । अर्कालाई दान दिइसकेको जमिनलाई श्रुतिशर्माको छुल्याइँले बढी दिइएछ भनेर हरण गरेँ । दान पाउनेले राक्षस बन्ने श्राप दिएकोले राक्षस भएँ । राक्षस हुँदा विभिन्न दुःख पीडा पनि सहेँ । यतिखेर तपाईंले गण्डकीको जलस्पर्श गरिदिनाले राक्षसबाट यत्तिखेरै राजा भएको छु । लिङ्गतीर्थको महिमा बताएर सकिँदैन ।

ती राजा माघको पूर्णिमाको रातमा मरे । मर्ने वित्तिकै विष्णुदूत र शिवदूत आएर त्रिशूल गंगामा पर्ने वित्तिकै मरेकाले शिवलोक र गण्डकीको जलस्पर्श हुने वित्तिकै मरेकाले विष्णुलोक लैजान खोजे । दुवै दूतको इच्छा बुझ्ने वित्तिकै राजाको शरीर रहेको नदीको संगमबाट तेजस्वीलिङ्ग आविर्भाव भयो र लिङ्गतीर्थमा लीन भयो । दूतहरू आ-आफ्ना लोकतिर लागे । विरजले पनि यी सबै कुरा सुनेपछि सद्गति प्राप्त गरे ।

## ६८. नेपालस्थित धर्मतीर्थ महिमा

धर्मतीर्थको महिमा सोध्ने विरजलाई नारद भन्नुहुन्छ- विश्वधारादेखि २ कोश पश्चिम सुवर्णशेखर पर्वतमा धर्म बस्नुहुन्छ भने त्यसको पश्चिम पट्टिको वैदूर्य पर्वतमा अधर्म बस्छन् । जगतको कर्ता धर्ता भएको विषयमा एकदिन धर्म र अधर्मको झगडा पर्‍यो । त्यसैबेला ब्रह्मा आइपुग्नुभयो र दुबैलाई अभिमानी भएको देखेर नदी भएर बग्नुपर्ने श्राप दिनुभयो । धर्म र अधर्मले कहिले श्राप मुक्त हुन्छौँ ? सोधे । ब्रह्माले भन्नुभयो- यहाँदेखि

तलतिर धर्मतीर्थ नामको देवता, सिद्ध, मुनि, गन्धर्व, राक्षस आदि स्नान गर्न आउने र पापबाट मुक्त हुने तीर्थ छ । त्यहाँ बसेर तिमीहरूले चारै पुरूषार्थ (धर्म, अर्थ, काम, मोक्ष) दिन सक्दछौ; तिमीहरूले तत्काल देख्नेछौ । त्यसैबेलामा मकर राशीमा सूर्य बसेको बेला (माघ महिना) मा इन्द्रादि देवताहरू आई जल, तर्पण गरेर ३ रात त्यहाँ बिताएर आ-आफ्नो लोकमा फर्किए ।

द्वापरको अन्त र कलिको शुरूमा सबै शास्त्र पढेका भद्रेश्वर नामको शिवभक्त ब्राह्मण गंगास्नान गरेर माटाको शिवलिङ्ग बनाई पूजा गरी गंगामा सेलाउन जाँदा गोहीले समात्यो र पानी भित्र लग्यो । वरुणले थाहा पाएर नमार नमार भन्दै आफ्नो लोकमा झिकाउनु भयो र ब्राह्मणलाई को हौ, कसरी ग्राहको पकडमा पर्‍यौ ? सोध्नुभयो । ब्राहमणले पनि शिवपूजा गरेर सेलाउँदा समातिएको सबै विवरण सुनाएर वरुणको स्तुति गरे । वरुणले ब्राह्मणलाई शिवभक्तले डराउनुपर्दैन भनेर सान्त्वना दिनुभयो ।

ब्राह्मणलाई गंगा स्नानबाट नफर्किएको थाहा पाएर उनकी पत्नी सुभद्राले अत्यन्त शोक गरिन् । त्यसबेला एउटा योगी आए र सान्त्वना दिई वेतको लट्ठी दिएर भने - यो लट्ठी जुन तीर्थमा रोप्दा तत्काल पलाउँछ, त्यहाँ तिम्रा पति पनि जीवितै आउने छन्, परीक्षा गर ।

प्रिय पतिको सम्झनामा ब्राह्मणी विभिन्न तीर्थमा स्नान गरी लट्ठी गाड्दै हिँड्न थालिन् । पूर्वदिशाका कौशिकी गंगा, बह्मपुत्र आदिमा स्नान गरिन् र गंगादेवीसँग प्रार्थना गरिन् । त्यसपछि उनी गंगासागर, कुरुक्षेत्र, सोमतीर्थ आदि हुँदै नेपालको गण्डकी नदी किनारमा स्नान गरी वेतको लट्ठी रोपिन् । तत्काल लट्ठीमा पालुवा आयो । उनी खुशी भएर तीर्थको स्तुति गरिन् । तत्काल धर्मले बुद्ध ब्राह्मणको रूपमा दर्शन दिनुभयो र ब्राह्मणीलाई मरेको तिम्रो पति आउँदैन, अर्को जन्ममा भेटौला भन्नुभयो । सुभद्राले पनि स्तुति गरेर जसरी पनि यसै जन्ममा मैले लोग्नेलाई देख्न पाउनुपर्छ, नभए म देवीको उपासना गरेर मर्छु, भनिन् । ब्राह्मणीको

पतिभक्तिका कुरा सुनेर धर्मले तत्काल विनय नामको छोरालाई बोलाएर ब्राह्मणलाई वरुणसँगबाट ल्याउन अह्राउनुभयो। विनयले ब्राह्मणलाई लैजान लाग्दा ब्राह्मणले ग्राहलाई पनि साथै लैजाने बताए । वरुणले गोहीमाथि चढाएर ब्राह्मणलाई ब्राह्मणीसमक्ष सुम्पिदिनुभयो । दुवै ब्राह्मण-ब्राह्मणी प्रसन्न भए । तत्काल शिवगण आएर दुवैजनालाई उत्तम लोकमा लगे । विरज पनि हाँस भएको विमानमा बसेर नारदसँग विदा भएर हिँडे । यो सबै घटना नेपाल स्थित धर्मतीर्थमा नै भएको थियो । **(तथैतत्तीर्थमहात्म्यं विद्यान्नैपालकं मुने - ९७)** ।

## ६९. हिमालय मुनिको तपस्या एवं नेपाल महिमा

हिमालय पर्वत श्रृंखलाको सुन्दर क्षेत्र नेपालमा पशुपतिनाथ बस्नुहुन्छ । बाग्मती, मणिमति, वीरभद्रा, धर्मनदी, वृद्धा, सत्यनदी, सरस्वती, प्रभावती आदि नदी बगेको त्यो पवित्र क्षेत्रमा पशुपतिनाथ शिव गोकर्णेश्वर, कीलेश्वर, सोमेश्वर, मृगेश्वर आदि पीठिकामा बस्नुभएको छ । यसैगरी भगवान् पशुपतिनाथ बस्नुभएको क्षेत्रमा गुह्येश्वरी देवी र गरुडध्वज विष्णु बस्नुभएको छ । त्यसै क्षेत्रमा सिद्धमुनि र देवताहरू पनि बस्दछन् ।

पशुपतिनाथ बस्नुभएको पाशुपत क्षेत्रमा हिमालय र मेनकाले रुद्रमन्त्र जपेर शिवको तपस्या गरेका थिए । तपस्याबाट सन्तुष्ट भएपछि शिवले हिमालयलाई पर्वतमध्येमा उत्तम हुने, देवताको बासस्थान हुने, सिद्ध, यक्ष, किन्नर, अप्सरा र राक्षस समेतको आश्रय हुने, त्यो सबै क्षेत्र तपोभूमि हुने बताउँदै हिमालयलाई आफ्नै नामबाट लिङ्ग स्थापना गर्न पनि भन्नुभयो । हिमालयले हिम बद्रीश्वर नामको शिवलिङ्ग स्थापना गरेर पूजा गर्न थाले । मेनकाले पनि उहाँ जस्तै छोरी जन्माउन इच्छा प्रकट गरिन् । देवीको अनुग्रहले उनै देवीलाई पार्वतीको रूपमा जन्म दिइन् ।

पशुपति बस्नुभएको त्यो पवित्र क्षेत्रमा मरीचिपुत्र ने नामका मुनिले १२ दिव्य वर्षसम्म योगिनीको तपस्या गरे । योगिनी खुशी भएर ने मुनिलाई पाशुपतक्षेत्र भएको नेपालको रक्षा गर्न अराउँदै तिमीले सुरक्षा दिने भएकोले

यो क्षेत्रको नाम नै नेपाल (कसैले त्यसैबाट नेपाल भएको र कसैले नय पालबाट भएको हुनसक्ने बताएका) हुने पनि बताउनुभयो -

**ततो हि नेपाल इति प्रतिष्ठा देवा सुरैश्चाऽपि हि सर्वलोकैः**
**देव्याः प्रसादात् वरमाप्य तेन ने-नामके नैव तपोविधानात् - ६६ ।**

## ७०. नेपाल महिमा

गण्डकी र कौशिकीको बीचमा सबैको कल्याण गर्ने देवक्षेत्र नेपाल छ । त्यसै क्षेत्रमा मेनका र हिमालयले ब्रह्माको पूजा गरेर उशीरबीज, ओच्छत्रक, उज्जयन्त, कासुन्द, चित्रह्रद, सह्रद, केतुमान, मणिमान आदि सय पर्वतरूपी सन्तान पैदा गरेका थिए । शैलराज स्वर्गसोपान शक्रमार्गका नामले प्रसिद्ध उशीर पर्वतको आसपासमा रहेको यसै क्षेत्रमा पाशुपत क्षेत्र विराजित छ। नेपाल नामको यसै क्षेत्रको कोशीको उत्तरमा आदिलिङ्ग कुशेश्वर, देवतीर्थ र कोशीको सीमामा भीमसेनले पूजा गरेको भीमेश्वरलिङ्ग छ। यस्तै नेपाल क्षेत्रमा काश्यपेश, चण्डेश्वर, धनेश्वर, इन्द्रेश्वर, तिलेश्वर, चम्केश, रामेश्वर, नटारम्भेश्वर, कालेश्वर, उद्दालकेश्वर, गोपालेश, चम्पेश्वर, नन्दीकेश्वर, गोधुमेश्वर, पाण्डवेश, कोटेश्वर, भैरवेश, ब्रह्मेश्वर, योगेश्वर, नारायणेश्वर, ज्योतिर्लिङ्गेश्वर, बागीश्वर, कीलेश्वर, वाल्मीकेश, मङ्गलेश, अनन्तेश, विश्वरूपेश्वर, गोभराटेश्वर, भृङ्गेश्वर, त्रिलिङ्गेश्वर, कुपितेश, सर्वेश्वर, गोलोकेश, चन्दनभराटेश, चण्डिकेश, धर्मेश्वर, कोटीश्वर, वाणेश्वर, ज्ञानेश्वर, शैलेश्वर, जलेश्वर, गुह्येश्वर, किरातेश, ज्योतिरूपेश्वर आदि लिङ्गहरू छन् । देवता, दिक्पाल आदिले स्थापना गरेका ती मनोकामना पूरा गर्ने लिङ्गहरू भएको नेपाल धन्य क्षेत्र मानिन्छ । (**धन्यं नैपालकं क्षेत्रं लोके कामवरप्रदम्-** ७४) । यी लिङ्गहरूको साथै पाशुपत लिङ्ग समेत रहेको नेपाल स्वर्ग क्षेत्र शिव क्षेत्र पनि हो ।

पाशुपत क्षेत्रको दर्शन गरेमा पृथ्वीमा भएका सबै गोदान गरेको, सम्पूर्ण पृथ्वी दान गरेको सैयौँ यज्ञ गरेको, सैयौँ देवता र ब्राह्मणको पूजा गरेको

पूण्य मिल्दछ। नेपालमा शरीर त्याग मात्र गर्न पाए शैवधामको सुख मिल्दछ -

**ये यत्र कुत्रापि च जन्तवः स्युः ज्ञानैश्च सर्बैरपि वर्जितास्ते ।**
**नेपालकेऽङ्गानि परित्यजन्ति शैवं महाधाम सुखेन यान्ति ॥ ९०**

नेपालस्थित लिङ्गहरूको पूजनले आयु, कीर्ति बढ्नुको साथै अलौकिक सुख प्राप्त हुन्छ ।

## ७१. पाशुपतक्षेत्र महिमा

स्कन्दकुमार भन्नुहुन्छ- हे अगस्त्य मुनि ! पर्वत शिखरमा रहेको कोटेश्वरदेखि तिलेश्वरसम्मको भूमिलाई कामदा भूमि भनिन्छ । यस्तै विकटेश्वर महालिङ्गदेखि चन्दनभराटेश्वरसम्मलाई उत्तम क्षेत्र र योगधारादेखि विष्णुतीर्थसम्मलाई मोक्षक्षेत्र भनिन्छ। तिनीहरूको माझमा पाशुपत क्षेत्र पर्दछ। गंगादेवी प्रमथ गण र योगिनीहरूलाई वरिपरि राखेर ज्योतिर्लिङ्ग रूपमा भगवान् पशुपतिनाथ त्यहीँ बस्नुहुन्छ। पशुपतिक्षेत्र रहेको नेपाल भूमिकै माझमा उमामहेश्वर क्षेत्र, वज्रयोगिनी (क्षेत्र), हरिहरक्षेत्र आदि पुण्यक्षेत्रहरू छन् । ब्रह्मलोकदेखि अरू उत्तम लोकमा बस्नेहरू पाशुपत क्षेत्रमै जन्मन्छन् । यसैले पाशुपत क्षेत्र धन्य क्षेत्र हो ।

लक्ष्मी प्राप्त गर्न विष्णुले पाशुपत क्षेत्र मै बसेर तपस्या गर्नुभएको थियो । ब्रह्मलोकको लागि विष्णुले त्यहीँ तीन कुण्ड बनाउनुभएको थियो । त्यहाँ सप्तऋषि, मार्कण्डेय र मरीचिआदि ऋषिहरूले पनि तपस्या गरेका थिए ।

भगवान् पशुपतिनाथ आठ मूर्तिका लिङ्गस्वरूप भएर बस्नुभएको छ। त्यहाँ श्लेष्मान्तक वन, दत्तात्रेयको गोपादतीर्थ, गुह्येश्वरी, ब्राह्मी, कौमारी, वाराही, नारसिंही आदि पनि दशै दिशामा आ-आफ्नो नामले विराजित छन् । छातीबाट उत्पन्न भएकी वत्सलादेवी, राजराजेश्वरी, भविष्य सूचित गर्ने जलकुण्ड, विरूपाक्ष आदि त्यहीँ छन्। यस्तै लम्बोदर गणेश, एकदन्त गणेश, नन्दीकेश, कुवेर, योगिनीहरू, इन्द्र, अग्नि, वरुण वायु, इशान, वासुकी

आदि पनि आ-आफ्ना दिशामा बसेका छन् । धर्म, अर्थ, काम, मोक्ष प्रदान गर्ने मुक्तिदायी लिङ्गमय स्वयं शिव बस्नुहुने पाशुपत क्षेत्रको एकपटक दर्शनमात्र गरेपनि भुक्ति-मुक्तिको अधिकारी भइन्छ ।

## ७२. पाशुपतक्षेत्र महिमा निरन्तर

स्कन्दकुमार भन्नुहुन्छ- हे अगस्त्यमुनि ! जम्वूद्वीपमा भएका पशुपति र काशी (दुई पुरी) मुक्तिदिने क्षेत्र हुन् । यी २ मध्ये पनि पाशुपत क्षेत्र अझ चारगुना बढी पुण्यदायी छ **(काश्याचतुर्गणं मान्या, पुरी पाशुपती यतः -४)** । जुनसुकै वर्ण र जातको भएपनि पशुपति क्षेत्रमा मर्नेहरूले मोक्ष पाउँछन् । उत्तरा खण्डको भूमिमा रहेको शिवजीको नित्यवास हुने हिमालयको दक्षिण पट्टिको पाशुपत क्षेत्रलाई उत्तरकाशी पनि भनिन्छ । पाशुपत क्षेत्रमा बस्ने पुरुष शिवरूप र नारीहरू पार्वती रूपका हुन्छन् भने त्यहाँ बस्ने सबै नै शिवका गणहरू मानिन्छन्

**दिविस्था यत्र पश्यन्ति सर्वान् माहेश्वरान् गणान्**
**मानुषान् शिवरूपाँश्च मानुषीः सूररूपिणीः । -१३**

जानेर वा नजानेर पनि नेपाल र पशुपति क्षेत्रको महिमा बताएरै सकिँदैन । पशुपति भन्ने चार अक्षरको शब्द उच्चारण मात्र गरेपनि चतुर्वर्ग फल (धर्म अर्थ काम मोक्ष) पाइन्छ । पशुपति क्षेत्रमा पिण्डदान गर्नेका २० कुल तर्दछन् । पशुपतिको पूर्वपट्टि रहेको वाग्मतीको जल ल्याएर शिवलाई चढाएमा पानीको थोपा बराबर वर्ष रुद्रलोकमा बस्न पाइने भएकाले पशुपति क्षेत्र महान् हो । नेपाल स्थित पशुपतिको तेजोमय लिङ्ग अयोध्या, मथुरा, माया, काशी, काञ्ची, अवन्तिका, द्वारावती पुरीभन्दा बढी मोक्षदायी छ । पापनाश गर्ने वाग्मती, शिवलिङ्ग भएको पाशुपत क्षेत्रको सेवनले निश्चय पनि चतुर्वर्ग फल मिल्दछ ।

## ७३. नेपाल–महिमा

पाशुपत क्षेत्रको महिमा सुनाएपछि नेपालको महिमाबारे बताउँदै स्कन्द भन्नुहुन्छ- उत्कलनगरमा देवीदास नामका असल धर्मपरायण राजा थिए । राज्यलाई तृणवत् ठानेर छोरालाई जिम्मा दिई उनी कामाख्यादेवीको तपस्या गर्न गए र नीलाचलमा बसी ब्रह्मपुत्रमा स्नान गरी देवीको भक्ति गर्न लागे । १२ वर्ष तपस्या गरेपछि उनले जैगीषव्य ऋषिलाई देवीको स्तुति गर्न लागेको देखे । जैगीषव्यले पनि राजालाई त्यस क्षेत्रमा बसेको पुण्यले ब्रह्मलोक जान पाएको, ब्रह्मा र विष्णुको दर्शन गरेर सप्तलोक भ्रमण गरी पुनः यसै क्षेत्रमा आएर सनातन धर्म पालन गर्न पाएको सुनाए । त्यसपछि जैगीषव्यले केरल देशका राजाले त्यसै क्षेत्रमा आएर पशुपतिको पूजा गरेर शिवस्वरूप हुन पाएको इतिहास बताए । राजाले पनि यसै पवित्र पशुपति क्षेत्रमा बस्ने इच्छा भएको बताए । त्यसपछि योगीश्वर जैगीषव्य, राजा र जैगीषव्यका मित्र गरी ३ जना पशुपति क्षेत्रमा जाने विचारले हिँडे । पाशुपत क्षेत्रमा पुगेर तीनैजनाले शिव र पार्वती (पशुपति र काली) को स्तुति पनि गरे । जैगीषव्यले राजालाई पाशुपत क्षेत्रको महिमा बताउँदै विष्णुमय संसारको विष्णुक्षेत्र भनिने नेपाल, पाशुपत क्षेत्र र त्यहाँका योगिनीहरूबारे बताए । त्यसबेला वायु देवता आएर विमला नदीमा स्नान, विमलेश्वरको दर्शन, शिवपार्वतीको पूजा गर्न र यहाँको वास्तविकता वोध गर्न पर्ने बताए । वायुको सुझावअनुसार तीनैजनाले स्नान गरी पूजा गरे । स्नान पूजापछि उनीहरूले विष्णु र विष्णुमय धरातलको पूजा गरे । लक्ष्मीका साथमा बस्नुभएका विष्णुलाई पनि देखे । त्यसपछि उनीहरूले लिङ्गमय शिवको दर्शन पाए । शिवका विभिन्न रूप पनि देखे । त्यसपछि फर्कन लागेका ती तीनैजनालाई वायुदेवले नेमुनिको पूजा गर्न सम्झाए । उनीहरू ने मुनिको अगाडि नतमस्तक भएर उभिए । नेमुनिले श्रृङ्गोदकमा स्नान गरेर पशुपति, मंगलागौरी, वत्सला, गुह्येश्वरीको दर्शन गर्न सम्झाए । उनीहरूले पनि देवीको स्तुति र पूजा गरे । त्यति गरेपछि नेमुनिलाई महापुण्य क्षेत्रबारे बताइदिन आग्रह गरे । नेमुनिले तीनैजनालाई विभिन्न लिङ्ग र पुण्य क्षेत्रको दर्शन गराए ।

त्यसपछि सबैजना रावणले शिवको तपस्या गरेको पुण्यक्षेत्र गोकर्ण गए । त्यहाँबाट उनीहरूले ७ द्वीप र समुद्रहरू देखे । त्यहीँ उनीहरूले ६४ योगिनीहरूले सेवा गरिरहेका शिवको दर्शन गरेर स्तुति गरे। राजा र जैगीषव्य समेत तीनैजनाले पाशुपत क्षेत्रको दर्शन गरेर कृतकृत्य भएको अनुभव सुनाए ।

*स्कन्द भन्नुहुन्छ यस्तो पुण्यमय नेपाल क्षेत्रको वर्णन भएको यो अध्याय पाठमात्र गरे पनि पापनाश भएर पुण्य आर्जन भई स्वर्गफल प्राप्त हुन्छ ।*

## ७४. ज्योतिर्लिङ्ग उत्पत्ति-कथा

अगस्त्यमुनि भन्नुहुन्छ- हे स्कन्दकुमार ! अद्‌भूत पशुपतिको महिमा सुनेँ । अब मलाई भगवान् शिवको लिङ्गरूपमा आविर्भाव हुनुको तथ्य बताइदिनुहोस् । स्कन्द भन्नुहुन्छ- प्राणी नभएको बेलामा पृथ्वी जलमा डुबेकी थिइन् । सर्वत्र अन्धकार थियो । त्यसवेला ब्रह्मा र विष्णु मात्र हुनुहुन्थ्यो । त्यसबेला ब्रह्माले र विष्णुले संसारको सर्जक पालक रक्षक आफैँ हूँ भनेर घमन्ड गर्नुभयो । यसरी ब्रह्मा र विष्णुले आपसमा घमण्ड गरेको सुनेर अव्यक्त रुपमा पनि रहने भगवान् शिव ज्योतिर्लिङ्ग रूपमा प्रकट भएर आकाशवाणीबाट भन्नुभयो- तपाईंहरू सर्जक पालक संहारक सबै भएपनि अपूरो हुनुहुन्छ । यदि आफूलाई पूर्ण ठान्नुहुन्छ भने यो मेरो तेजोमय ज्योतिर्लिङ्गको आदि र अन्त पत्ता लगाउनुहोस् । आकाशवाणी मार्फत यस्तो कुरा सुनेपछि ब्रह्मा र विष्णुले आश्चर्य मान्नुभयो र आपसमा सल्लाह गरेर ज्योतिर्लिङ्गको आदि अन्त्य पत्ता लगाउन जाने विचार गर्नुभयो ।

## ७५. कामधेनु, केतकी र जपापुष्पलाई श्राप

ब्रह्माले विष्णुलाई पातालतिर गएर ज्योतिर्लिङ्गको फेद पत्तालगाउन र आफू माथितिर गएर शिर पत्ता लगाउने प्रस्ताव गर्नुभयो। प्रस्ताव अनुसार

दुवैजना शिर र फेद पत्ता लगाउन हिँडे । ब्रह्मा माथिका सातलोक भ्रमण गरी गोलोक पुग्नुभयो । कामधेनुलाई भेट्नुभयो । कामधेनुले स्वागत गरिसकेपछि ब्रह्मालाई आगमनको कारण सोधिन् । ब्रह्माले पनि ज्योतिर्लिङ्गको आदि अन्त पत्ता लगाउन हिँडेको तथ्य बताई सहयोग गर्न भन्नुभयो । कामधेनुले ज्योतिर्लिङ्ग शिवको ज्योति भएकाले कसैले पनि आदि अन्त जान्न नसक्ने बताएर केतकी र जपा फूलहरूले शिवको वृतान्त जान्न सक्लान् भनिन् । त्यो सुनेर ब्रह्माले कामधेनु, केतुकी र जपा तीनैजनालाई आफूहरूले ब्रह्माले शिवलिङ्गको शिर देखेको साक्षी बस्न अनुरोध गर्नुभयो । शुरूमा कामधेनुले झूट कुराको साक्षी बस्न अस्वीकार गरेपनि संकटबाट रक्षा गर्न बोलेको कारणले पाप हुँदैन भनेपछि तीनैजनाले विष्णुको अगाडि गएर ब्रह्माले ज्योतिर्लिङ्गको शिर देखेको भनी साक्षी बस्न राजी भए ।

विष्णुले पनि फेद पत्ता लगाउन पाताल तिर गएर अनन्तको स्वागत स्वीकार गरेपछि आगमनको कारण बताउनुभयो र ज्योतिर्लिङ्गको फेद पत्ता लगाउने उपाय बताइदिन भन्नुभयो । अनन्तले यो काम सम्पन्न गर्न असम्भव छ भनेपछि त्यहाँबाट विदा भएर ब्रह्मासँग भेट गर्न भूलोकमा फर्कनुभयो। ब्रह्माको तर्फबाट साक्षी बसेका कामधेनु, केतकी र जपाले झुटो साक्षी बनेर ब्रह्माले ज्योतिर्लिङ्गको शिर देखेको सुनाए। त्यो कुरा अशरीरी रूपका सर्वव्यापी शिवले पनि सुन्नुभयो । त्यसपछि शिवले कामधेनुलाई भन्नुभयो- तिमी कामधेनु भएर पनि झुटो बोलेकीले तिम्रो मुख अपवित्र हुनेछ । यस्तै केतकी र जपालाई पनि झूटो बोलेकाले आफ्नो पुजामा अस्वीकार गर्ने बताउनुभयो । यी सबै घटनाबाट ब्रह्मा र विष्णुले पनि सबै कुरा शिवमाया रहेछ भन्ने बुझ्नुभयो र प्रणाम गर्नुभयो ।

## ७६. पशुपतिको उत्पत्ति

विष्णु र ब्रह्मा ज्योतिर्लिङ्गको आदि अन्त पत्ता लगाउन गएको प्रसङ्ग बताएपछि स्कन्दकुमार पशुपतिको उत्पत्ति कसरी भयो भन्नेबारे

बताउनुहुन्छ । ब्रह्मा र विष्णुले ज्योतिर्लिङ्ग स्वरूपका साक्षात् शिवको स्तुति गर्नुभयो । स्तुतिबाट प्रसन्न भएपछि शिवले पुनः लिङ्गरूपको दर्शन दिनुभयो । त्यसैबेला पार्वतीले शिवको पनि दर्शन गर्नुभयो । त्यसबेला पार्वतीले शिवको स्तुति गरेको पनि देखाइ दिनुभयो । अनि शिवले ब्रह्मा र विष्णुलाई भन्नुभयो- म सबैको ईश्वर हूँ, म बिना सृष्टि, पालन र संहार हुँदैन । तपाईंहरू निमित्त मात्र बन्नुभएको हो । आकाश, अग्नि, पृथ्वी, वायु, चन्द्रमा, सूर्य, शिव, ब्रह्मा, विष्णु, जल सबै मेरै देवांश भित्रका हुन् । म ती सबैको तेजोरूप अच्यूत हूँ । यति भनेर शिवले ब्रह्मालाई सृष्टि गर्ने र विष्णुलाई पालन गर्ने काममा नियुक्त गर्नुभयो ।

भगवान् शिवले जताततै पानी भएकाले गणेश, सूर्य चन्द्रमा र दावानल (डढेलो) लाई सृष्टि गरेर डढेलोलाई पानी शोषिदिन, सूर्यलाई तेज (उज्यालो) दिन, चन्द्रमालाई विशेषतः रातमा आनन्द दिन र वर्षा गर्न अह्राउनुभयो र आफू पानी शोषिएपछि बन्ने घनाजंगलमा लिङ्गरूपले रहने र त्यहाँ कामधेनुले दूध चढाउने, बनमा बस्दा पशुहरू पनि साथै रहने भएकाले पशुपति नाम हुने **(ततः पशुपतिश्चेति वदिष्यन्ति च मां सदा -९३**) मलाई देखेमा पापनाश हुने, यो रूपमा हजारौँ युग बितेपछि पार्थिव शरीर युक्त पाँचमुखे हुने जनाउ दिनुभयो । शिवको त्यही निर्देशन अनुसार पानी सुकेर सृष्टिको प्रारम्भ भएको थियो ।

## ७७. पशुपति स्थावरलिङ्ग आविर्भाव

भगवान् शिवको निर्देशन (अध्याय ७६) अनुसार लम्वोदर डढेलो (दावानल) ले समुद्रको पानी सुकायो । पानी सुक्ने वित्तिकै पृथ्वी देखियो र ब्रह्माले सृष्टि आरम्भ गर्नुभयो ।

हिमालयको दक्षिणतिरको ज्योतिर्लिङ्ग भएको नेपाल नामको भूभागलाई तलाउको पानीले ढाकेको थियो । त्यहाँको पानी पनि लम्वोदर गणेशले सूडले पिइदिनुभयो । सूर्य र चन्द्रले उज्यालो र आनन्द दिन थाले ।

तर कलियुग प्रारम्भ भएपछि त्यो शिवलिङ्ग पुनः भूमिमा विलीन भयो । कालान्तरमा त्यहाँ पुनः उज्यालो लिङ्ग देखियो । देवताहरू त्यसकै वरिपरि बस्न थाले । त्यो नै पशुपतिपुरी हो । पूर्वकालमा स्वर्णमयी त्यो पुरी द्वापरमा माटो, इट्टा र काठे भवनले भरियो । त्यसै ठाउँमा विष्णुले दोलागिरीमा, गणेशले नैऋत्य कोणमा बसेर सेवा गर्न थाले । त्यहाँ कामधेनु गाई चन्द्रागिरीमा बसेर दूध चढाउँथिन् । त्यो सबै कुरा कुनै म्लेच्छले देख्यो र त्यो ठाउँमा उत्खनन् गऱ्यो । उत्खनन गर्दा तातो तेजोमय काञ्चनलिङ्ग उत्पन्न भयो र उत्खनन गर्नेहरू त्यसैबाट ध्वस्त भए । त्यसपछि ब्रह्मा र विष्णुले वेदी सहितको तेजोमय (सद्योजात, वामदेव, तत्पुरूष, अघोर र इशान नामक) पाँचमुखे पशुपति लिङ्ग स्थापना गरेर पूजा गर्न थाल्नुभयो । उमामहेश्वर लिङ्ग पनि भनिने त्यो पशुपति लिङ्ग अद्यापि छँदैछ । पशुपति लिङ्गको पूजा गरेमा अश्वमेध आदि यज्ञ गरेको, सम्पूर्ण तीर्थ गरेको र सम्पूर्ण पृथ्वी दान गरेको पुण्य मिल्दछ । त्यो क्षेत्रमा मर्नेहरू धर्म अर्थ काम मोक्ष भोग गरी शिवलोक जान पाउँछन् ।

## ७८. नन्दीश्वरलाई शिवको वरदान

भगवान् शिव कसरी गोकर्णेश्वर बन्नुभयो ? भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- हिमालयको उत्तरतिर अत्यन्त सुन्दर गुञ्जवान पर्वतशिखर छ । वज्र, स्फटिकले बनेको त्यस पर्वतमा धेरै गुफाहरू पनि छन् । गगनचुम्वी त्यो पर्वतमा चराचुरूङ्गी चिरविर गरेका, तपस्वी ऋषिहरू बसेका, इन्द्रेनी, लालमणिको शोभा समेत देखिन्थ्यो । एकपटक शिव त्यहाँबाट अलप हुनुभएको थियो ।

सुबाहु नामको एउटा शिकारी म्लेच्छ श्लेष्मान्तक वनमा बस्थ्यो । विरामी भएको बेलामा त्यसले वाग्मतीको जल पिएकाले कात्यायन कुलमा जन्मियो र तपस्वी साधु बन्यो । सत्ययुग आधा बितेपछि ती तपस्वी उत्तम ब्राह्मण कहलिए । ती ब्राह्मणले कठोर विधिले शिवको तपस्या गरेर भगवान्‌लाई

प्रसन्न बनाए । अलप हुनुभएका भगवान्ले उनलाई दिव्यचक्षु दिएर दर्शन दिई इच्छा लागेको वरदान माग्न भन्नुभयो । तपस्वीले शिवको स्तुति गरेर सधैँ हजूरको भक्त भएर साथै बस्न पाऊँ, भने । शिवले तथास्तु भन्दै महांकाल भृङ्गीहरू जस्तै मेरो प्यारो गणको मालिक नन्दीश्वरका नामले विख्यात द्वारपाल भएर बस्ने छौ, तिमीलाई कसैले बाधा गर्नसक्ने छैन, म पछिको शंकर तिमी नै हुनेछौ भन्नुभयो । त्यति भनेर शिव ती तपस्वीकै अगाडि अलप हुनुभयो । शिवको वरदानले तिनै तपस्वी दिव्य शरीरका नन्दीश्वर भई दोश्रो शंकर समान भए ।

## ७९. श्लेष्मान्तकलाई वरदान

श्लेष्मान्तक वनको महिमा बताइदिनुहोस् भनेर प्रश्न सोध्ने अगस्त्यमुनिलाई स्कन्दकुमार भन्नुहुन्छ- हामी बसेको एक योजन दक्षिणतिर भगवती गुह्येश्वरी बस्नुभएको छ, त्यसको नजिकै वाग्मती नदी वगेको क्षेत्र छ । त्यहाँ गरुडको डरले श्लेष्मान्तक नामको नागले शिवको तपस्या गर्थे । नागको तपस्याबाट प्रसन्न भएर शिवले वरदान माग भनेपछि नागले हजुरको सेवामा लागि रहन पाउँ' भनेर मागे । शिवले तिमी सधै मसँग हुनेछौ, तिम्रो नामबाट यो वनको नाम रहनेछ ।

*कालान्तरमा थुप्रै लप्सीका बोटहरु देखिएकाले लप्सीलाई समेत श्लेष नै नामाकरण गरिएको र हालसम्म वैज्ञानिक नामसमेत यही प्रयोग हुँदै आएको तथ्य सर्वविदितै छ ।*

यति भनेर आकाशतिर जानुभएका शिवले बाटोमा पार्वती भेट्नुभयो । पार्वतीलाई भगवान्ले पृथ्वीमा रहेको धर्मनदी र ब्रह्मनदीहरू तिम्रा विभूति हुन् भने त्यहाँका तीर्थहरू मेरा विभूति हुन् भन्नुभयो । त्यहीँ शिवले पार्वतीलाई पृथ्वीको श्लेष्मान्तक वनमा मृगरूपमा बस्ने कुरा बताउनुभयो ।

## ८०. श्लेष्मान्तकमा मृगरूपी भगवान्‌को क्रीडा

पार्वतीलाई मृगरूपले बस्छु भन्नुभएको १० हजार वर्षपछि शिव श्लेष्मान्तकमा मृग रूप लिएर अरू मृगको साथमा घुम्न थाल्नुभयो । तीन आँखा, पहेलो वर्ण, एकसिङ, लामा कान भएको अनौठो मृगलाई आफ्नो बथानमा देखेर अरू मृगले पनि त्यसलाई माया गरे । शिवमृग पनि अरू मृगसँग विभिन्न क्रीडा गरेर बस्नुहुन्थ्यो । शिवले मृगरूप लिई क्रीडा गरेको थाहा पाएर श्लेष्मान्तकमा ऋतुहरूले सुन्दर फूल फुलाउन र छहराहरू निर्मल भएर खस्न थाले । यसरी छहराहरू निर्मल भएर खस्न थालेको देखी भगवान् शिव पृथ्वीमा घुम्न थाल्नुहुँदा दिव्य १० हजारवर्षसम्म स्वर्गमा देवताहरूले पनि दर्शन गर्न पाएनन् ।

## ८१. ब्रह्मादि देवता शिवलाई खोज्दै श्लेष्मान्तक जानु

लामो समयसम्म शिवलाई नदेखेपछि शत्रुहरूले राज्यहरण गरिदिने डरले इन्द्र र वृहस्पति अरू देवताहरूलाई लिएर ब्रह्मा समक्ष गए । ब्रह्माले भन्नुभयो विष्णुका साथमा हामी सबै भएर खोजौँ, अवश्य भेट्नेछौँ । यसो भनेर देवताहरूलाई पनि सम्पूर्ण पृथ्वीमा खोज्न पठाई ब्रह्मा विष्णु पनि शिवको खोजीमा निस्कनुभयो । तर कतै पनि फेला पार्न सक्नुभएन । त्यसबेला शिवको खोजीमा गएका नारदले गुञ्जवान पर्वतमा नन्दीकेश्वरलाई देखे र शिवजी नै भन्ठानी नजिकै गए । नन्दीकेश्वरले नारदलाई आफूतिर आउन लागेको देखेर नजिकै गई नमस्कार गरे । ब्रह्मादि देवता पनि शिवको खोजीमा जानुभएको बताएपछि नन्दीले भन्नुभयो- शिवले मलाई आशीर्वाद दिएर देवताहरू आएर अभिषेक गर्नेछन् भनी अन्तर्ध्यान हुनुभयो । त्यसबेला वृहस्पतिले भन्नुभयो- ब्रह्मा र विष्णुको प्रयासले मात्र शिव फेला पर्नुहुन्छ । त्यति भनेर ब्रह्मा समाधिमा बस्नुभयो र ध्यानबाट श्लेष्मान्तक वनमा शिव फेला पर्नुहुने गुह्य थाहा पाउनुभयो । शिव पनि आफ्नो रुपमा प्रकट भई नन्दीलाई अभिषेक गरेर वाग्मती-किनारको वनमा मृग रूपलिई लुक्न गएको बेलामा देवताहरू खोज्दै गए ।

## ८२. ब्रह्मा, विष्णु र इन्द्रले शिव-मृगको सिङ्मा समात्नु

वाग्मतीको किनारमा श्लेष्मान्तक वनमा खोज्दै गएका ब्रह्मादि देवताहरूले अत्यन्त सुन्दर मृगहरू खेलेका, बाघ, भालु घुमिरहेका, फूलहरू फूलेका, फलहरू फलेका वन देखे। त्यहाँ उनीहरूले अत्यन्त सुन्दरी, सबै गहनाहरू लगाएकी ७ वर्षकी कन्यालाई देखे र परिचय माग्दै भने- तिम्रो सुन्दरता देख्ता पार्वती जस्तो लाग्छ, यो वनमा तिमीले शिवलाई देख्यौ ? ती कन्याले भनिन्- वाग्मतीको पश्चिमपट्टि घास बढिरहेको ठाउँमा मृगको बथानमा शिव मृगरूप लिएर बस्नुभएको होला, हेर। यति भनेर कन्या अन्तर्ध्यान भइन्। त्यो सुनेर देवताहरू वनका कुना कन्दरामा शिवलाई खोज्न थाले। खोज्दै जाँदा देवताहरूले एउटा विशिष्ट मृगलाई देखे र घेरा हालेर समात्न खोजे। मृग भाग्न लाग्यो। भाग्न लागेको मृगलाई छेकारो काटेर समात्न खोज्दा इन्द्रले एकसिङ्गे त्यो विशिष्ट मृगको टुप्पामा, ब्रह्माले माझमा र विष्णुले फेदमा समाते। उनीहरूले समातेपछि मृग आकाश तिर गयो भने सिङ्का टुक्रा ब्रह्मा, विष्णु र इन्द्रको हातमा पऱ्यो। त्यो देखेर दुःख मान्दै देवताहरूले आकाशमा शिवको स्तुति गरे। त्यसैबेला देवताहरूले आकाशमा तेजको प्रतिबिम्ब देखे।

## ८३. शिव सहस्र नाम

स्कन्दकुमार भन्नुहुन्छ- हे अगस्त्य ! देवताहरूले शिवजीलाई खोज्दै वाग्मतीको किनारमा पुगेपछि कुवेर र शिवको प्रेमालापलाई गायन गरेका थिए। त्यो प्रसङ्ग सुन्नुहोस् -

कुनैबेला शिव र कार्तिकेय (स्कन्दकुमार) विन्दु सरोवर जानुभएको थियो। त्यसैबेला कुवेरका साथमा आएका योगीहरूले शिवको प्रशंसा गरे। त्यसबेला शिवले आफू सर्वोच्च सर्ववन्द्य परमात्मा भएको बताउँदै आफैँबाट अज्ञानका ३ वटा विकारहरू (सत्त्व रज तम) उत्पन्न भएका र मेरो मायाबाट सत्त्वबाट सत्त्व गुण, रजबाट रजोगुण र तमबाट तमोगुण पैदा

गरी जगत्प्रपञ्चको आरम्भ गरेको बताउनुभयो । साथै शिवले सत्त्वबाट विष्णु, रजबाट ब्रह्मा र तमोगुणबाट रुद्र स्वरूप बनेर सृष्टि, पालन र संहार हुने गरेको पनि बताउनुभयो -

**एवं प्रपञ्चविस्तारं शाक्तं विद्धि धनेश्वर ।**
**केवलं मद्विनोदार्थं निर्मितं मम मायया ॥ २२**

साथै, शिवले यो तत्वज्ञान दिएर आफ्ना हजार नाम बताई यी नाम ८० पटक पाठ गरेमा म समान हुनेछ (**योऽनिष्ठायाशीतिकल्पं शिवकल्पो भविष्यति-१३३)** पनि भन्नुभयो । शिवको ज्ञान र महिमा सुनिसकेपछि सनकादि योगीहरूले भष्मधारी शिवको ध्यान गर्न थाले ।

स्कन्द भन्नुहुन्छ- शिव सहस्रनाम पाठको, ऋषि ईश्वर, छन्द, अनुष्टुप, देवता परम शिव, वीज, ॐ शक्ति नमः, कीलक शिव, विनियोग निर्मलज्ञान, हुने बुझेर तीन आँखा, त्रिशूल, बज्र, खड्ग, परशु लिएको स्वरूपको ध्यान गरी नाम पाठ गर्नू -

१.ओंकार, २.केवल, ३.देव, ४.महादेव, ५.महेश्वर, ६.निरपेक्ष, ७.निरालम्व, ८.निष्प्रपञ्च ९.निरामय, १०.निर्विकार, ११.निराकार, १२.निर्विकल्प, १३.निरञ्जन, १४.निस्पृह, १५.निरहङ्कार, १६.निरवेद्य १७.निरूद्भव, १८.नि( र्मल, १९.निर्गुण २०.नित्य, २१.निरूपाधी २२.निरन्तर, २३. निरीह, २४.निलय, २५.अनीश, २६.नैस्कर्म्य, २७.निरूपद्रव, २८.आनन्द, २९. परमानन्द, ३०. भैरव, ३१.भुवनेश्वर, ३२.आत्माराम, ३३.शिव, ३४.हंस, ३५.विराग, ३६.विरज, ३७.विभु, ३८.विराम ३९.विक्रम ४०.विष्णु ४१.विश्व, ४२.विश्वम्भर ४३.प्रभु, ४४.निस्सङ्ग, ४५.विमल, ४६. वेधा, ४७.विधाता ४८. विशदोदय, ४९.पुराण, ५०.पुरुष, ५१.पूर्ण, ५२. पुरजित, ५३.पुरसूदन, ५४.पुण्य, ५५.पुण्योदय, ५६.पद्य, ५७.पावन, ५८.परमेश्वर, ५९.अज, ६०.सिद्ध, ६१.पर, ६२.मुक्त, ६३.परमात्मा, ६४.पर मप्रभु, ६५.परंब्रह्म, ६६.परंव्योम, ६७.परसद्म, ६८.परंपुमान, ६९.परमाणु ७०.अणु, ७१.सूक्ष्म, ७२.शुक्लज्योति, ७३.अतीन्द्रिय, ७४.ज्ञानगम्य, ७५.गुरु,

७६.शम्भु, ७७. अमृतेश्वर, ७८.ईश्वर, ७९.ध्येय, ८०.धर्मसुहृत ८१.मित्र, ८२.निर्वाण, ८३.चतुरात्मवान, ८४.सद्‌विद्वान, ८५.वेदविद्वान, ८६.शाक्तेय, ८७.शक्तिवल्लम, ८८. ध्रुव ८९. सनातन, ९०. ज्ञानदीप, ९१.सर्व, ९२.पुरातन, ९३.सर्वप्राचीन, ९४.नन्दक, ९५.नन्द, ९६.षटकर्मा, ९७.ज्ञानभैरव, ९८.अपार, ९९.शाश्वत, १००.शेष १०१.प्रत्यग्‌ज्योति, १०२.अनामय, १०३.विलोचन, १०४.विरूपाक्ष, १०५.शङ्कर, १०६.लोकशंकर, १०७.योगी (योगाभ्यास गराउने), १०८. योगेश्वर १०९.योगी (जीवात्मा र परमात्माको संयोग गराउने), ११०.योगविद्‌ १११.बन्धमोचन, ११२.रहस्य, ११३.क्षेत्रग, ११४.स्वच्छन्द, ११५.मुक्तिदायक, ११६.आद्य, ११७.चक्रेश्वर, ११८.स्थाणु, ११९. अद्वितीय, १२०. अर्थतत्त्ववित्‌, १२१. सिद्धेश्वर १२२. महाकाल, १२३.सदानन्द, १२४.सदाशिव, १२५.कल्याण, १२६.नन्दकल्प, १२७.सुकल्पान्त, १२८.मनोमय, १२९.वर्य, १३०.मृत्युञ्जय, १३१.शास्ता, १३२.सत्साक्षी, १३३.सुषम(ाश्रय, १३४.स्वयंप्रकाश, १३५.स्वाधार, १३६.कुलराज, १३७.कुलेश्वर, १३८.मातृकापति, १३९.आचार्य, १४०.श्रीकण्ठ, १४१.समयाधिप, १४२.तत्त्वज्ञ, १४३.सर्वगम्यार्थ, १४४.ब्रह्मभूति, १४५.अगोचर, १४६.ओज, १४७.तेजोमय, १४८.बुद्धि, १४९.गिरीश, १५०.वचसांपति, १५१.रुद्र, १५२.पशुपति, १५३.त्वष्टा, १५४.स्वाधिष्ठानप्रदीपक, १५५.दुर्ग, १५६.वेदान्तविबोध्य, १५७.निष्कलङ्क, १५८.महोदय, १५९.निर्मल, १६०.विश्वा(वश्राम १६१.हर, १६२.सिद्ध १६३.चिराद, १६४.वपु, १६५.ब्रह्मपार, १६६.पर १६७.लोक, १६८.पश्चिमाध्वा, १६९.विशारद, १७०.वीजकोश, १७१.जगत्‌, १७२.वन्द्य, १७३.विजय, १७४.जगतांपति, १७५.अनुष्ठेय, १७६.महाविद्य, १७७.महाराज, १७८.विभु, १७९.विराट, १८०.मृड १८१.तत्पुरुष, १८२.अघोर, १८३.ईशान, १८४.शशिशेखर, १८५.सद्योजात, १८६.महादेव, १८७.त्र्यम्बक १८८.भवनाशन, १८९.पञ्चाक्षर, १९०.पञ्चवक्त्र, १९१.पञ्चवर्ण, १९२. त्रिलोचन, १९३.भुजङ्गभरण, १९४.शूली, १९५.पाणिप(ात्र, १९६.दिगम्वर, १९७. धुर्जटी, १९८.जटिल, १९९.शान्त, २००.भष्मले

प, २०१.कपालिक, २०२.भव, २०३.भूतपति, २०४.भीम, २०५.गौर, २०६, चन्द्रोज्ज्वलभूति, २०७.पिनाकी, २०८.प्रमथेश, २०९.गोरक्ष, २१०.वृषवाहन, २११.अमोध, २१२.स्थावर २१३.शून्य, २१४.लय, २१५.नाद, २१६.त्रिकाली(वत्, २१७.नीलकण्ठ, २१८.अर्हणीय, २१९.अर्ह, २२०.अवधूत, २२१.मुक्तिसंगत, २२२.ज्ञानोदर, २२३.उमाकान्त, २२४.नादरूपाक्षर, २२५.अक्षर, २२६.सत्पूज्य, २२७.सद्गति, २२८.सभ्य, २२९.सहज, २३०.सत्यविक्रम, २३१.महारूप, २३२.विश्वपति, २३३.तपस्पर्ध, २३४.त्रयी(मय, २३५.आर्य, २३६.स्वस्त्ययन, २३७.ज्ञाता, २३८.स्वयंप्रभु, २३९.अनीश्वर, २४०.सामध्वनि, २४१.लयप्रज्ञ, २४२.व्योमकेश, २४३.परन्तप, २४४.रम्य, २४५.सुखोदय, २४६.चिन्त्य, २४७.अनलनेत्र, २४८.त्रयीतन, २४९.विश्(वगर्भ, २५०.वेदगर्भ, २५१.श्रीगर्भ, २५२.नीललोहित, २५३.प्रधान, २५४.त्रिधामूर्ति, २५५.ब्रह्योनि, २५६.महानिधि, २५७.शिपिविष्ट, २५८.स्फुर ज्योति, २५९.बोधाक्ष, २६०.तमसःपर, २६१.धौमूर्धा, २६२.दशदिग्बाहु, २६३.चन्द्र सूर्यानिलोचन, २६४.पातालाङ्घ्रि, २६५.स्वर्यस्व, २६६.गगनोदर, २६७.कलानाद, २६८.कलाविन्दु २६९.कलाज्योति, २७०.सनातन, २७१.अलौकिक, ७२.कलाधार, २७३.कैवल्यफलदायक, २७४.कौल, २७५. कुलेश, २७६. कुलज, २७७.कवि, २७८.कर्पुरभास्वर, २७९.कमेश्वर, २८०.कृप(ासिन्धु, २८१.कुशल, २८२.कुलभूषण, २८३.कौपनिवसन, २८४.कान्त, २८५.केवली, २८६.कल्पपादप, २८७.कपाली, २८८.कर्मरहित, २८९.कैलाशनिलय, २९०.कुल, २९१.कटाक्षविपुल, २९२.कर्ता, २९३.कोविद, २९४.कामशासन, २९५.कपर्दी, २९६.केसरी, २९७.काल, २९८.कल्पनारहि(ताकृति, २९९.खरबेल, ३००.खेचर, ३०१.ख्यात, ३०२.ख्यातवादी, ३०३.खमुद्गत, ३०४.खाम्बर, ३०५.खण्डपरशु, ३०६.खचक्षु, ३०७.षट् कलोदय, ३०८.अखण्ड, ३०९.ब्रह्मखण्डश्री, ३१०.अखण्डज्योति, ३११.अव्यय, ३१२.षट्चक्रखेलन, ३१३.षज्योति, ३१४.षष्ठ, ३१५.षाड्भिरर्चित ३१६.गरिष्ठ ३१७.गोपति ३१८. गोप्ता, ३१९.खचक्षु, ३२०.गम्भीर, ३२१.ब्रह्मगोलक ३२२.गोवर्धन, ३२३.अनन्तगोविद, ३२४. गर्वातीत, ३२५.गुणाकर, ३२६.गंगाधर, ३२७.असङ्गगम्य, ३२८.गकार,

३२९.गह्वरागम, ३३०.गगनाख्ये, ३३१.अगर्भवास, ३३२.गरलाश, ३३३.गणेश्वर, ३३४.घण्टारव, ३३५.सिद्धघण्ट ३३६.जयघण्टाध्वनिप्रिय, ३३७.घण्टानाद, ३३८.महाघण्ट, ३३९.चन्द्रघण्ट, ३४०.स्फुरदवचा, ३४१.घण्टास्वर, ३४२.घण्टसिंह, ३४३.घटिकालिमण्डित, ३४४.घण्टोदितकलानन्द, ३४५.परवैराग्यसाधन, ३४६.चित्र, ३४७.विचित्रसंकल्प, ३४८.विचित्रविशदोदय, ३४९.विचित्रगति, ३५०.आचार्य, ३५१.चित्रगर्भ, ३५२.चिरन्तन, ३५३.चिद्रूप, ३५४.चिल्लय, ३५५.चेतश्चञ्चरिक, ३५६.चराचरगति, ३५७.स्वर्चि, ३५८.स्वार्चि, ३५९.चर्योपदेशक, ३६०.प्रपञ्चवित्, ३६१.चिदानन्द, ३६२.चिन्मय, ३६३.चेतनामय, ३६४.चन्द्रमौली, ३६५.चित(ावास, ३६६.चैतन्यविषय, ३६७.अच्युत, ३६८.अविच्छिन्नप्रभाव, ३६९.अवि(च्छीन्नश्री, ३७०.छिन्नमूल, ३७१.महाजय, ३७२.छन्दसा, ३७३.उपनिषच(चक्षु, ३७४.छन्दसांप्रभाव, ३७५.अव्यय, ३७६.छिन्नपाप, ३७७.छिन्नपाश, ३७८.विच्छिन्नभय, ३७९.विच्छिन्नयातन, ३८०.विच्छिन्नसंग, ३८१.विवि(च्छन्नसंकल्प, ३८२.विच्छिन्नद्वीप, ३८३.विच्छिन्नसागर, ३८४.छिन्नमूल, ३८५.महाबोध, ३८६.शुद्धबोध, ३८७.सदोदित, ३८८.शुद्धबोध, ३८९.विशुद्धात्मा, ३९०.विशुद्धज्ञान, ३९१.विशुद्धगौरव, ३९२.शुद्धसत्तव, ३९३.विशुद्धान्त, ३९४.सिद्धान्त, ३९५.सिद्धसाधक, ३९६.अविनाश, ३९७.निराभाष, ३९८.प्रपञ्चरहित, ३९९.यती, ४००.जगञ्जीव, ४०१.जगत्प्राण, ४०२.जगदात्मा, ४०३.जगद्गुरु, ४०४.जगद्हव्य, ४०५.जगत्प्राण, ४०६.अयोनि, ४०७.जगदन्तक, ४०८.जगत्धर्ता, ४०९.जगत्बीज, ४१०.सदोदय, ४११.जगदीश, ४१२.जगन्नाथ, ४१३.जगदबन्धु, ४१४.जगत्पिता, ४१५.जितेन्द्रिय, ४१६.जितक्रोध, ४१७.जितकाम, ४१८.जटाधर, ४१९.अजित, ४२०.जितसंकल्प, ४२१.जितविश्व, ४२२.अपराजित, ४२३.योगज्ञानमहाराज, ४२४.योगज्ञानमहाशिव, ४२५.योगज्ञान–महादेव, ४२६.योगज्ञानमहेश्वर,४२७.योगज्ञानमहाबोध,४२८.योगज्ञानमहाबुल,४२९.योगज्ञानमहागोत्री, ४३०.योगज्ञानमहाबुध, ४३१.योगज्ञानमहानन्द, ४३२.योगज्ञानमहार्णव, ४३३.योगज्ञानमहासेन, ४३४.योगज्ञानमहातनु,

४३५.विज्ञानभरित, ४३६.विज्ञ, ४३७.विश्वगम्य, ४३८.विशालधी, ४३९.विशाल, ४४०.विश्वसंकेत, ४४१.विशिष्ट ज्ञानगोचर, ४४२.योगारूढ, ४४३.समाधिस्थ, ४४४.व्रतस्थ, ४४५.व्रतदेवता, ४४६.ज्ञानारूढ, ४४७.विरुदात्मा, ४४८.विश्वरूढ, ४४९.जनाश्रय, ४५०.ज्ञानरूप, ४५१.विरूपात्मा, ४५२.विश्वरूप, ४५३.महोदर, ४५४. चराचरोदय, ४५५.सत्त्व, ४५६.सत्त्वाबोध, ४५७.परात्पर, ४५८.सिद्धयोगी, ४५९.महासत्तव, ४६०.सत्तवस्थ, ४६१.सत्तवविश्राम, ४६२.सत्तवावस्थ, ४६३.सत्तवराशी, ४६४.चिन्मय, ४६५.सत्त्वकेवल, ४६६.अन्तर्यामी, ४६७.सत्त्वसिन्धु, ४६८.सप्तकारक, ४६९.संवित्तीकारक, ४७०.सत्त्वविन्दु, ४७१.निर्मल, ४७२.श्रीमान् ४७३.सप्तविद्य, ४७४.अवबोधक,४७५.सत्वर, ४७६.सत्वभाव,४७७.सद्भाव,४७८.सत्वकल्याणदेशक ,४७९.कल्याणदेशक, ४८०.निर्वाणसुखसन्तुष्ट,४८१.सुखसन्तुष्ट,४८२.सप्तविज्ञानलोचन, ४८३.विशाललोचन,४८४.राजस, ४८५.सृष्टिसंघात, ४८६.सात्विक, ४८७.सृष्टिपालक, ४८८.तामस, ४८९. सृष्टिसंहर्ता, ४९०.त्रिधावस्था, ४९१.अतिविग्रह, ४९२.अतर्क्य, ४९३.सत्त्वशून्यार्ध ४९४.तत्त्वमात्र, ४९५.तमीश्वर, ४९६.त्रयीलोक, ४९७.त्रयीभास, ४९८.त्रयीदेव, ४९९.त्रयीश्वर, ५००.अन्तर्ज्योतिसमान, ५०१.अन्तर्भासमान, ५०२. स्वान्तर्ज्योतिप्रदीपक, ५०३.स्वान्तप्रदीपक, ५०४.आत्मज्योति, ५०५.निष्कलाभ, ५०६.ब्रह्मज्योतिप्रकाशक, ५०७.ब्रह्मप्रकाशक, ५०८.सत्वज्योति, ५०९.सहस्राक्ष, ५१०.सत्यज्योतिसुधारक, ५११.सत्यसुधारक ५१२.ज्योतिकृत, ५१३.लौकिकप्रज्ञ, ५१४.प्रज्ञाज्योति, ५१५.अलौकिक, ५१६.ज्योति, ५१७.इन्द्रियसंवेद्य, ५१८.लौकिक ज्योतिषापदम्, ५१९.ज्योतिषांपद्म, ५२०.मूलाधारपराधीश, ५२१.पराधीश, ५२२.स्वाा( धष्ठानविजृम्मक, ५२३.विजृम्मक, ५२४.आद्ययोगी, ५२५.आद्य, ५२६.योगी, ५२७.आदिनाथ, ५२८.महानाथ, ५२९.नाथनाथ, ५३०.नटेश्वर, ५३१. योगवक्ता, ५३२.योगगम्य, ५३३.युगप्रभु, ५३४.मणिपूरकयन्त्रस्थ, ५३५.यन्त्रस्थ, ५३६.कैलाश, ५३७.अनाहतध्वनि, ५३८.अनाहत, ५३९.ध्वनि,

५४०.विशुद्धस्थ , ५४१.ॐकार, ५४२.आज्ञाधार, ५४३.योगवित्तम, ५४४.सहस्रदलमध्यस्थ, ५४५.मध्यस्थ, ५४६.चन्द्रिकाद्रवसंयुत, ५४७.द्रवसंयुत, ५४८.अन्त्रनिष्ठ, ५४९.महायोगी, ५५०.स्वान्तर्योग, ५५१.स्वयंसुखी, ५५२.स्वभाव, ५५३.यन्त्रसञ्चार, ५५४.तन्तुरूप, ५५५.अमलच्छवि, ५५६.सहाय, ५५७.कुण्डलीनाथ, ५५८.चैतन्य, ५५९.यन्त्रसञ्चालक, ५६०.षज्योति, ५६१.विमलप्रज्ञ, ५६२.क्षेत्रज्ञ, ५६३.क्षेत्रपावन, ५६४.शिवधर्म, ५६५.महाधर्म, ५६६.धर्माधारधुरन्धर, ५६७.धर्माधार, ५६८.धुरन्धर, ५६९.धर्मज्ञ, ५७०.धर्मसम्बोध, ५७१.ध्वान्तहा, ५७२.ध्वस्तसंशय, ५७३.नर, ५७४.नारायण, ५७५.नाथ, ५७६.प्रसिद्ध, ५७७.नरसत्तम, ५७८.प्रसन्न, ५७९.उत्तमश्लोक, ५८०.पुण्यश्लोकप्रयोजक, ५८१.पुण्यप्रयोजक, ५८२.श्लोकप्रयोजक, ५८३.योगात्मा, ५८४.पञ्चभूतात्मा, ५८५.सर्वात्मा, ५८६.परम, ५८७.सर्वतोमुख, ५८८.परम, ५८९.परमैश्वर्य, ५९०.प्रमाथी, ५९१.प्रमथाधिप, ५९२.प्रदिप, ५९३.निर्मल, ५९४.स्वच्छात्मा, ५९५.प्रौढ, ५९६.प्रभव, ५९७.पार्वतीपति, ५९८.पावकप्रभव, ५९९.प्रभव, ६००.भव्य, ६०१.पावकाक्ष, ६०२.वरप्रद, ६०३. फणिबद्धविभूषित ६०४.फणिहारविभूषित, ६०५.फलयज्ञोपवीती,६०६. फणिन्द्रमण्डलासन ६०७.अहिर्बुध्न्य, ६०८.महायज्ञ, ६०९.सर्वयज्ञफलपद, ६१०.सर्वफलप्रद, ६११.ज्ञानज्ञ, ६१२.ज्ञानवैराग्यमूल, ६१३.कर्मबन्धानाम् अबद्ध, ६१४.मुक्त, ६१५.ज्ञानमूल, ६१६.वैराग्यमूल, ६१७.मोक्षफल, ६१८.महान्, ६१९.मुक्त, ६२०.अबद्ध, ६२१.बहुश्रुत, ६२२.स्वयंश्रुत, ६२३.स्वयंबोध, ६२४.स्वयंभू, ६२५.स्वयमात्मवित्, ६२६.ब्रह्मवित, ६२७.ब्रह्मसम्पूर्ण, ६२८.ब्रह्मात्मा, ६२९.ब्रह्मसम्भव, ६३०.ब्रह्मादि, ६३१.सूरविज्ञानपर, ६३२.ब्रह्मविदांवर, ६३३.सतांगति, ६३४.भूतपति, ६३५.भूतोत्पत्तिलयंकर, ६३६.भूतोत्पत्तिकर, ६३७.भूतलयङ्कर, ६३८.अनल्पज्ञानवैराग्य, ६३९.अनल्पज्ञान, ६४०.अल्पवैराग्य, ६४१.भवानीश, ६४२.भयङ्कर, ६४३.अद्वैत, ६४४.निर्मितद्वैत, ६४५.अद्वैतस्थित, ६४६.उदारधी, ६४७.षड्गुणैश्वर्यसम्पन्न, ६४८.भगवान्, ६४९.भवभञ्जन, ६५०.मन्त्रज्ञ, ६५१.मण्डलोद्धार, ६५२.मंगलायतन, ६५३.अमल,

६५४.यन्त्रमन्त्रसमारूढ, ६५५.यन्त्रसमारूढ, ६५६.मन्त्रसमारूढ, ६५७.मन्त्रराज, ६५८.महाव्रती, ६५९.विन्दुनादसमाक्रान्त, ६६०.विन्दुसमाक्रान्त, ६६१. नादसमाक्रान्त, ६६२.मकार, ६६३.मन्त्रसद्गुरु, ६६४.मकारप्रथम, ६६५.मन्त्र, ६६६.महार्थपरमागम, ६६७.व्योमाकार, ६६८.जलाक्रान्त, ६६९.सूर्यमूर्ति, ६७०.महाकृति, ६७१.चन्द्रमूर्ति, ६७२.महामूर्ति, ६७३.वह्निमूर्ति, ६७४.कलाकृति, ६७५.वायुमूर्ति, ६७६.धरामूर्ति, ६७७.अष्टमूर्ति, ६७८.स्वयन्तनु, ६७९. हेतु, ६८०. अगम्य, ६८१. अलौकिकप्रिय, ६८२. इच्छामूर्ति ६८३. महातत्व, ६८४.अप्रमेय ६८५. पृथकविधि ६८६. एकएव द्विधाभिन्न ६८७. एकोऽप्येकादशाकृति ६८८. एक एवाहतैश्वर्य ६८९. एक एवजगन्मय ६९०. प्रपञ्चचतुर ६९१. अमूर्ति ६९२. लिङ्गमूर्ति ६९३. मनो मय ६९४. ब्रह्मैक ६९५. विश्व, ६९६. विज्ञानचतुर ६९७. प्रकृतेःपर ६९८. अतिसूक्ष्मगति ६९९. गूढ ७००. गूढात्मा ७०१. गूढदर्शन ७०२. गूढज्ञान ७०३. गूढबीज ७०४. गुह्यश ७०५. गुह्यकप्रिय ७०६. सिद्धराज ७०७. सिद्धसेव्य ७०८. सिद्धाध्वप्रतिपादक ७०९. सिद्धविद्याधराध्यक्ष ७१०. यक्षगन्धर्वरक्षक ७११. सिद्धियोगीश्वराराध्य ७१२. सिद्धसिद्धान्तपालक ७१३. स्थिरधन्वा ७१४. अक्षय ७१५. भीर ७१६. वह्निरेता ७१७. विभूतिभृत् ७१८. योगिराज, ७१९. सुखस्पर्शी ७२०. समदर्शी, ७२१. पुरान्तक ७२२. अजगु ७२३. गगनारम्भ ७२४. ब्रह्मस्तम्भ ७२५. सुरोत्तम ७२६. सद् विद्वान ७२७. निगम ७२८. तार ७२९. संसाराणंवतारक ७३०. सत्तीर्थ ७३१. सर्वभूतसुखावह ७३२. मुनिप्रिय ७३३. मुनिध्येय ७३४. मुनीन्द्र ७३५. मुनिलक्षण ७३६. आनन्दभरित ७३७. भर्ग ७३८. शरण्य ७३९. सुखनन्दित ७४०. ॐ नमोऽक्षरबीजस्थ ७४१. कूटस्थ ७४२. कूटविभ्रम ७४३. उत्तर ७४४. सुन्दर ७४५. योग्य ७४६. क्षराक्षरपर ७४७. नमः

*सहस्रनाम भनेतापनि मूल ग्रन्थमा उपलब्ध नाम यिनै हुन् ।*

## ८४. मृगरूप शिवका निर्देशनहरू

मृगरूप शिव भन्नुहुन्छ- मेरो सिङमात्र हातपारेका देवताहरू ! सुन- यो रूप लिएर म जहाँ जहाँ पुगेँ ती ती क्षेत्रहरू पुण्यक्षेत्र हुनेछन् । ३३ करोड देवता र ५० लाख तीर्थहरूले १-१ अंश लिएर ती ती क्षेत्रमा बस्नुपर्नेछ । म पनि सबै ठाउँमा लिङ्गरूपमा रहनेछु । वाणपुत्र वलिले थुकेपछि वाग्मती थुनिनेछन् र ज्योतिरूपले म बसेको ठाउँमा एउटा पोखरी बन्नेछ । त्यसलाई नागपोखरी भनिनेछ । ३० हजार वर्षसम्म म त्यो पोखरीमा वासुकि नागसँग बस्नेछु ।

हे विष्णु ! तपाईं वृष्णी वंशमा कृष्ण नामले जन्मलिई प्रसिद्ध हुनुहुनेछ र अधर्मीहरूको वध गर्नुहुनेछ । तपाईंको छोरो प्रद्युम्न हुनेछन् । उनले पनि शत्रुहरूलाई मार्नेछन् । वाणासुरलाई मारेपछि वाग्मती बग्नेछ । त्यस वरपर को क्षेत्र जंगल हुनेछ, त्यहीँ म शिलामय भएर बस्नेछु, त्यहाँ गाईले दूध से चन गर्नेछिन् । म लुप्त भएर बसेको ठाउँमा म्लेच्छहरूले उत्खनन् गरी लिङ्ग फेला पार्नेछन् । त्यसबेला म केहीसमय चाँपको रूखको छायामा लुक्नेछु । कृष्णको राज्यपछि किरात र किरातपछि क्षत्रिय राजा हुनेछन् । त्यस ठाउँमा सबै जात र धर्मका प्राणी बस्नेछन् । त्यस ठाउँको पूजा र दर्शन गर्नेले पुर्नजन्म लिनुपर्दैन । भागीरथी गंगादेखि उत्तर र पशुपतिक्षेत्रदेखि दक्षिणको भूभाग ५० योजनको पुण्यमय हिमवत् क्षेत्र *नेपाल* मानिनेछ ।

वाग्मती स्नान गर्नेहरूले अक्षय पुण्य लाभ गर्नेछन् । कलिको ५ हजार वर्षको अन्त्यमा वाग्मती नै गंगा हुनेछ । गंगा स्नानले पितृहरू तर्नेछन् विघ्न नाश हुनेछ । वाग्मतीको किनारमा श्रृङ्गोदक, खर्बरिका आदि तीर्थ हुनेछन् । वाग्मतीको क्षेत्र ६० हजार धनु बराबर हुनेछ ।

मेरो प्रदक्षिणा गर्दा अनाशक्त भई दाहिने पारेर गर्नू **(अनाशक्तो भवेद्वस्तु दक्षिणेन परिक्रमेत् -६५)।** पशुपति भनिने मेरो ज्योतिर्लिङ्गको नजिकै गोरक्षक, गुह्येश्वरी, पञ्चनद, सुन्दरी आदि पुण्यमय तीर्थ हुनेछन् ।

यस्तै पशुपतिको पूर्वतिरको भागमा वासुकि नाग बसेर मेरो सुरक्षा गर्नेछन्। मेरो पूजा गर्दा **घृतस्नानले** शिव लोक, दुग्ध स्नानले विद्याधर लोक, चन्दन मिश्रित जलले गन्धर्व लोक प्राप्त हुन्छ । यस्तै माला चढाएमा पार्श्ववर्ती बन्न पाउँछ भने धूपदीप चढाउनेहरू मुक्त हुन्छन्। शैलेश्वर समेत भनिने शिवको पूजाले सर्वपाप नाश र मुक्ति प्राप्त हुन्छ । मैले मृगरूप लिएर विहार गरेको ठाउँमा मार्ग कृष्ण चतुर्दशीमा शतवीज छर्नुपर्छ ।

स्कन्द भन्नुहुन्छ- यसरी देवताहरूलाई उपदेश दिएर शिव आकाशमा विलीन हुनुभयो । शिवले गरेको उपदेश पालन गरी सोहीअनुसार स्नान पूजा गरेमा शिवलोक जान पाइन्छ ।

## ८५. गोकर्णमा रावणको तपस्या र सिद्धि

ब्रह्माले भन्नुभयो- हे प्रभु ! हजुरको सिङ के गरूँ ? शिवले भन्नुभयो- तिम्रो हातको सिङको मध्यभाग **चन्द्रनदी** किनारमा राख्नू, त्यो स्थान गोकर्णेश्वर नामले प्रख्यात हुनेछ। त्यहाँ रावणले तपस्या गरेर सिद्धि प्राप्त गर्नेछन् । यस्तै विष्णुका हातको सिङको फेद रसातलमा राख्नू, नाग, दानव, राक्षस आदिले पूजा गर्नेछन् र श्रृङ्गेश्वर नामले प्रसिद्ध हुनेछ । इन्द्रले समालेको टुप्पो अमरावतीमा राख्नु, कुनैबेला दानव-राक्षसहरूले अमरावती भोग गरेको बेलामा त्यहाँ राखेको सिंङको अग्रभाग दक्षिण गोकर्णमा गएर बस्नेछ। यति सम्वाद भएपछि शिव अन्तर्ध्यान हुनुभयो । ब्रह्मा र इन्द्र पनि आ-आफ्ना हातको सिङ्लाई निर्देशनअनुसार स्थापना गरेर पूजा गर्न थाले। त्यसैबीच कुवेरले पनि शिवको तपस्या गरे। कुवेरको तपस्याबाट खुशी भएर ब्रह्माले लंकाको राजा बनाइदिनुभयो ।

ब्रह्माजी गोकर्णमा धेरैकाल बसेकोदेखि तीर्थयात्रा गर्दै गरेका ऋषिमुनिहरूले ब्रह्मलोक खालि भएको गुनासो गरे। गुनासो सुनेर ब्रह्माले नाती विश्रवालाई गोकर्णेश्वरको संरक्षण गर्ने जिम्मा दिएर ब्रह्मलोक जाने विचार गर्नुभयो । गोकर्णेश्वरको सेवा गरेर वसेका विश्रवा समक्ष सुमाली राक्षसले आफ्नो छोरी कैकसीलाई पठायो । कैकसीलाई देखेर विश्रवा मोहित भए र विवाह गरे। उनीहरूबाट १० टाउके रावण जन्मियो। अत्यन्त वीर १० टाउके भाई जन्मिएको सुनेर कुवेर पनि पुष्पक विमान चढेर हेर्न आए । कुवेरले चढेको पुष्पक विमान देखेर रावण लोभियो र आमासँग कुरा गऱ्यो। आमाले तपस्याबाट सिद्धि प्राप्त गर्न सकिने बताए अनुसार रावणले गोकर्णेश्वरको तपस्यागरी शिवलाई सन्तुष्ट बनायो र शिवबाट तीनै लोक आफ्नो अधिनमा हुने र देवता र असुरबाट नमर्ने वरदान पायो । त्यो शक्ति पाएपछि रावणले कुवेर माथि हमला गरी लंकाको राज्य प्राप्त गऱ्यो । पुष्पक छोडेर ज्यान बचाएका कुवेर बाबु विश्रवा समक्ष गए। शिवको तपस्या गरेर उनी उत्तर दिशाका दिक्पाल बने ।

## ८६. दक्षिण गोकर्णेश्वर महात्म्य

रावण लंका प्रवेश गरेपछि राक्षसहरूबाट अभिषेक प्राप्त गरी राज्य गर्न लाग्यो। उसले लंकामा कुवेरबाट रत्न र पुष्पक विमान पनि हात पाऱ्यो। त्यसपछि पाताल गएर नागहरूसँग युद्ध गरी जितेर स्वर्ग गयो र इन्द्रलाई जितेर स्वर्ग हात पाऱ्यो। स्वर्ग विजय गरेपछि उसले शिवमृगको सिङको अग्रभाग हरण गरेर त्रिकूट पर्वतको फेदीमा राखी सन्ध्या गर्न लाग्यो । सन्ध्या सकेर उचाल्न खोज्दा नसकेपछि ऊ लंका गयो । लंकामा उसले सुन्दर मन्दिर बनाएर पूजा गर्न थाल्यो। रावणले गोकर्ण भनेर पूजा गरेकोले दक्षिण गोकर्णका नामले पृथ्वीमा प्रसिद्ध भयो । विभीषण पनि त्यहीँ पूजा गर्ने गर्छन्। गोकर्णेश्वरको पूजाले पापनाश, कामनापूर्ति र परमपद प्राप्त हुन्छ।

पातालमा स्थापना भएको श्रृङ्गेश्वरबाट पनि कालनेमि, हिरण्यकशिपु, वलि आदिले पूजा गरेर सिद्धि प्राप्त गर्न सके ।

*मृगरूप शिवको यो महात्म्य पढे सुनेमात्र पनि अशुभ नाश हुन्छ ।*

## ८७. वाग्वती (वागमती) को उत्पत्ति कथा

वाग्मतीको उत्पत्तिका बारेमा बताइदिनुहोस् भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- यो कुरा मलाई कुलाद्रि पर्वतमा शिवले बताउनुभएको थियो । आज्ञाअनुसार ब्रह्माले सृष्टि गर्न लाग्दा सोचेअनुसार जनसंख्या बढेन र शिवको स्तुति गर्न लाग्नुभयो । शिव खुशी भएर वरदान दिन लाग्दा उहाँका मुखबाट ब्रह्मविन्दु झरे । त्यसबाट गंगा (खोला) बग्यो र ब्रह्माजीले त्यसैमा स्नानादि गर्नुभयो र गंगाको स्तुति गर्दै भन्नुभयो- शिवको मुखबाट उत्पन्न भएकी गंगा तपाईं वाग्वती (वाग्मती) नामले प्रसिद्ध हुनुहुनेछ र संसारको पाप पखाल्न सक्नुहुनेछ । तपाईंमा स्नान गर्नेहरूले अणिमादि सिद्धि प्राप्त गर्नेछन्, तिनीहरूका पितृको उद्धार हुनेछ ।

त्यसैबेला शिवले पनि वाग्मतीलाई भन्नुभयो- मेरो मुखबाट पैदा भएकी सत्य र त्रेतामा शिवगंगा भनिने तिमीले सबैको उद्धार गर्नेछौ, तिम्रो जल मलाई चढाएमा परलोक सप्रिन्छ । मुमुक्षुहरू मुक्त हुन्छन् ।

त्यसै पवित्र वाग्मतीको किनारमा ब्रह्माले तपस्या गरेर सृष्टिवर्धन गर्नुभयो भने विष्णुले शिवमन्त्र जपेर १२ वर्षसम्म तपस्या गर्नुभयो । त्यसपछि देवताहरूले वाग्मतीमा स्नान गरेर आफ्नो १ अंश छोडे । वाग्मतीमा चन्द्रभागा जस्तो पवित्र नदी मिसिएको तीर्थ छ भने उमाले तपस्या गरेको उमातीर्थ, सुन्दरीतीर्थ र नागभय नहुने अनन्ततीर्थ जस्ता अनेकौँ तीर्थहरू पनि छन् ।

वाग्मतीकै किनारमा रुद्रभक्त अगस्त्यमुनिले शिवको तपस्या गरी आविर्भाव गराएकी नदी र वाग्मतीको किनार (संगम) लाई अगस्त्यतीर्थ भनिन्छ । त्यसको पनि छुट्टै महिमा छ-

एकपटक सुन्दर नागको सत्य देखेर गरुडले आहार नबनाइे अलङ्कार बनाएका थिए । त्यो किनभने **कद्रु** छोराहरू (सर्प) लाई देखेर प्रसन्न थिइन् भने विनता तिघ्रा नभएको मलिन छोरा दुखित थिइन् । त्यसमाथि एकपटक नागहरूले सौतानी आमाका छोरा कमजोर देखेर उपहास गरेका थिए । आमाको मलिनो अनुहार देखेर अरुण र गरुडले कारण सोधे । आमा विनताले भनिन्- उपहास र बेइज्जती भनिन् । त्यसबाट मुक्ति पाउने उपाय के छ ? भनी सोध्ने छोराहरूलाई विनताले उमाले तपस्या गरेको हिमालय क्षेत्रमा गएर तपस्या गर्न भनिन् । छोराहरू गएर कडा तपस्या गरे । उनीहरूको तपस्याबाट ब्रह्मा खुशी भएर विनतालाई देवता, राक्षस, पशुपक्षी, सर्पले जित्न नसक्ने छोरा हुने वरदान दिनुभयो ।

त्यसैबेला सुन्दर नागले आफ्नो ज्यान बचाउन अरू नागहरू लुक्ने दुलाहरू देखाइदिने कवुल गरी किरिया खायो । सुन्दरले देखाइदियो । त्यो देखेर गरुडले विष्णुको स्तुति गरे । विष्णुले अष्टनागलाई क्षमा दिन भन्नु भएपछि गरुडले सुन्दर र अष्ट नाग बाहेक अरूलाई खान्छु, भनेका थिए । त्यो अगस्त्यतीर्थ भएको वाग्मतीको प्रशंसा र स्नान गर्नेहरू रुद्रलोकमा बस्न पाउँछन् ।

## ८८. शंखमूल तीर्थ महिमा

रुद्रधारा र मणिमतीको संगम र त्यहाँका तीर्थबारे बताइदिनुहोस् भन्ने अगस्त्यको प्रश्नमा स्कन्दकुमार भन्नुहुन्छ- वाग्मती र मणिमतीको संगममा शंख नामको असुर बस्थ्यो । त्यो असुरले १२ वर्ष शिवको तपस्या गरी सन्तुष्ट बनाएको थियो । त्यसैबेला वरदान दिन आउनुभएको शिवको

स्नान गराउन पातालबाट पाताल गंगा प्रादुर्भाव भएकी थिइन् । ती नदीले रुद्रलोक प्राप्त गर्दछिन् । त्यसबेला शिवले शंखलाई भन्नुभयो- तिमी चिरञ्जीवी हुनेछौ, कसैले पनि तिमीलाई मार्न सक्तैनन् । तिमी यो ठाउँ नछोड । शंखासुरले शिववचनअनुसार त्यही बसेर शिवको पूजा गर्नथाल्यो । शिवले उसलाई सौम्य तर डरलाग्दो विश्वरूप देखाएर जानुभयो। त्यसै समयदेखि त्यो तीर्थ शंखमूल नामले प्रसिद्ध भयो । मणिमती (मनोहरा) शिवको शिरबाट प्रकट भएकी थिइन् भने वाग्मती शिवको मुखबाट पैदा भएकी थिइन् ।

**मणिमती नदी पुण्या रुद्रमौलि समुद्भवा ।**
**वाग्मतीश मुखोद्भूता सर्वलोकप्रपाविनी ॥ १६**

मणिमतीको उत्पत्ति मणिपर्वत (दोलाचल) को ब्रह्माजीले बनाएको तलाउबाट भएको हो । त्यो तलाउमा ब्रह्माले शिवको तपस्या गरेर पसिना बगाउनुभएको थियो भने मणिलिङ्ग भएका महेश्वरको चूडामणिबाट बगेकोले पनि यो नदीलाई मणिमती भनिएको हो । त्यहाँ स्नान गर्नाले हजार गोदान फल मिल्दछ । श्रावणपूर्णिमामा स्नान गरेमा कोटि गाई दानको फल पाइन्छ र त्यहाँ स्नान, हवन, पिण्डदान, आदि गरेमा पनि सात जन्मदेखिका पाप नाशिन्छन् । मणिमती, वाग्मती र रुद्रधारालाई त्रिगङ्गा भनिन्छ । शिवलोक र मोक्ष दिने यी नदीहरू अत्यन्त पूज्य छन् ।

मणिमतीमा स्नान गरेर वज्रयोगिनीको दर्शन गर्नू, योगी बराबर हुन पाइन्छ । त्यस्तै दोलागिरी पर्वतमा नारायण (चागुंनारायण) को दर्शन गरे विष्णुलोक जान पाइन्छ । मणिमती र कामिनी नदीको संगममा तार्क्ष्य तीर्थ छ, त्यहाँको दर्शनले नागको डर हुँदैन । वाग्मती, रुद्रमती र मणिमतीको नजिकको कोटेश्वरको दर्शनले इच्छाएको फल पाइन्छ । त्यहीँ भगवान्ले शंखलाई विश्वरूप दर्शन दिनुभएको थियो । **(विश्वरूप स्वयं रुद्रः शंखासुरमदर्शयत्-४४)** । त्यसै ठाउँमा तपस्या गरेर कश्यपले सृष्टि गर्ने शक्ति, विष्णुले लक्ष्मी प्राप्त गर्ने र विभीषणले लंका राज्य प्राप्त गर्ने शक्ति पाएका थिए । वाग्मती र मणिमतीको संगम (शंखमूल) मा

कृष्णपक्षको अष्टमी, संक्रान्ति, अमावास्या, पूर्णिमा जस्ता पवित्र दिनमा स्नान गरेमा रुद्रलोक जान पाइन्छ। तीन करोड ५० लाख तीर्थको संगम मानिने शंखमूल कलियुगको अतिपवित्र तीर्थ हो । शंखमूलमा स्नान गर्छु मात्र भनेपनि आधा स्नानको फल पाइन्छ र त्यही आधा फलले धर्म, अर्थ काम मोक्ष फल पाइन्छ। यो शंखमूलको महिमा सुनेमात्र पनि जन्मभरका पाप नाशिन्छन् ।

## ८९. वाग्मती महिमा, शंखमूल स्नान फल

वाग्मती स्नान गर्दा कहाँ के विधिले गर्नुपर्छ भन्ने अगस्त्यको जिज्ञासामा स्कन्दकुमार भन्नुहुन्छ- वाग्मती तीर्थमा स्नान गर्न चाहने भक्तले पहिले 'म वाग्मती स्नान गर्छु' भनेर संकल्प गर्नू । वाग्मती स्नान गर्दा जहाँ गरेपनि हुन्छ तर शंखमूल महातीर्थ हो, त्यहाँ स्नान गर्दा दोब्बर फल पाइन्छ। तीर्थ गर्न जाँदा सकेसम्म पैदलयात्रा गर्नू, घोडामा जानेले आधा फल पाउँछ भने गोयानमा जानेले त्यसको पनि आधा र मानिसमाथि चढेर जानेले चौथाइ फल पाउँछ। हिँड्न नसक्नेले भने यानमा गए पनि फल पाइन्छ । स्नान गर्दा हे पापनाशिनी वाग्मती ! भनेर स्तुति गर्नू । जुनमहिना, जुनपक्ष, जुनतिथिमा स्नान गरेपनि हुन्छ । जहिले गरेपनि दिन, नक्षत्र, तिथि आदि उल्लेख गरेर गर्नुपर्छ । ब्राह्मण, क्षत्रिय, वैश्य शूद्र जसले पनि स्नानफल पाउँछ (**शर्मा वर्मा सुरो दास स्वनाम्ना युज्यते पदम्-३०**) । तर, संकल्प नगरी गरेको स्नान निस्फल हुन्छ -

**संकल्पेन विना कर्म स्नान वा नार्चनं मखम् ।**
**यत्करोति तपो धीरस्तत्फलं निस्फलं भवेत् ॥ - ३२**

स्नान गर्दा वरुण, रुद्रको नाम लिनू। वाग्मतीलाई सबै अलंकार पहिरिएकी सुन्दरी देवी सम्झिनू । वाग्मती स्नान गर्दा शंखमूल, उमातीर्थ, आर्यातीर्थ आदिमा गरेमा अश्वमेध यज्ञगरेको पुण्य पाइन्छ ।

विशाल नगरका धर्मभक्त वाहुनकी माधवी नामकी सुन्दरी पत्नी थिई । उसले पूर्व जन्ममा चन्द्रभागा नदीमा स्नान गरेर सुन्दरता प्राप्त गरेकी थिई। माधवीलाई देखेर युवाहरू आकर्षित हुन्थे, यद्यपि ऊ पनि परपुरुषसँग रमण गर्थी । माधवीले वाराही आदि देवीहरूको आराधना गरेर पतिलाई वशमा पारेकी थिई। माधवीले परपुरुषसँग ५०० पटक संभोग गरेको थाहा पाएर कर्दम नामको व्यक्तिले धर्मभक्तलाई भनिदियो । धर्मभक्त दुखित भयो र पनि वशमा परेको कारणले पत्नीलाई केही भन्न सकेन। अन्तमा ऊ परपुरुषसँग संसर्ग गरेकी पत्नीसँग सहबास गरेकाले कुष्ठरोगी बन्यो ।

पत्नीको दोषले पतिले किन दण्डित हुनुपरेको भन्ने प्रतिजिज्ञासामा स्कन्द भन्नुहुन्छ- शिवले पतिलाई आफ्नो अंश र पत्नीलाई पार्वतीको अंश भन्नुहुन्छ **(तस्मान्नैव बुधः कूर्याद्वधूभ्यः कुत्सितं कदा-७९)** । यसैले पत्नीहरूलाई संझाइ बुझाई गरिरहनुपर्छ ।

एकदिन भाद्र पूर्णिमाको भरणी नक्षत्रको आइतबार धर्मभक्तले पत्नीलाई लिएर शंखमूलमा स्नान गरे । स्नानपछि पतिपत्नीले जे भएको संपत्ति ब्राह्मण र याचकहरूलाई दान गरे । त्यसैबेला स्वर्गबाट विमान आयो, पत्नी स्वर्ग गई । स्वर्गको भोग सकेपछि वलिकी छोरी प्रभावती भएर जन्मी । तिनै प्रभावतीलाई कामदेवले विवाह गरेका थिए । त्यसपछि पनि धर्मभक्तले कात्तिक पूर्णिमाका दिन मृगोदक तीर्थमा स्नान दान गरे । तत्काल उनी पनि स्वर्ग गए। पछि ती धर्मभक्त काञ्चीनगरका राजाको छोरा भएर जन्मिए, पछि राजा पनि भए । यसैले, स्कन्द भन्नुहुन्छ- हे अगस्त्य ! वाग्मती किनारका शंखमूल लगायतका तीर्थहरू अत्यन्त पुण्यदायी छन् ।

चतुर्थ प्रकरण समाप्त

# प्रकरण ५-चौसट्ठी लिङ्ग

## ९०. विरूपाक्षको तीर्थ यात्रा, दुर्गातीर्थ महिमा

सूतपुत्र (सौती) लोमहर्षण सूत शौनकादि ऋषिहरूलाई भन्नुहुन्छ- वाग्मतीको महिमा सुनिसकेपछि अगस्त्यमुनिले स्कन्दकुमारसँग भन्नुभयो- मलाई नेपालमा भएका ६४ लिङ्ग, तिनको महिमा र पूजा विधि बताइदिनुहोस् । स्कन्द भन्नलाग्नुभयो- ब्राह्मण कुलमा जन्मिएको विरूपाक्ष पूर्वजन्मको कर्मको कारणले पापबुद्धिको थिए । सुरापान, मातृगमन जस्ता पाप गर्ने विरूपाक्ष कुष्ठरोगी पनि थिए । एकपटक उनी घुम्दैघुम्दै आदिलिङ्ग भएको हिमालयमा पुगे । त्यहाँ उनले संयोगवश कौशिकी किनारमा रहेको विश्वामित्रको आश्रम नजिकैको नेमुनिको आश्रम देखेर गए । नेमुनिले को हौ, किन आयौ भनेर सोधेपछि उनले आफ्नो कुल, पापकर्म र कुष्ठरोगबारे बताई दया गर्न अनुरोध गरे । विरूपाक्षले सत्य कुरा बताएको बुझेर मुनिले तीर्थाटन गरी लिङ्ग दर्शन गर्ने सुझाव दिनुभयो । साथै मुनिले तीर्थ गर्दा स्नान गरी शिवको विभूति लगाउन र पूजा गरी बेलुका १ रात त्यसै तीर्थमा बस्नु भन्नुभयो । नेमुनिले नेपालको पुण्यभूमिमा पहिले पार्वतीको पसिनाबाट बगेकी कौशिकी देवीको अनुकम्पा रहेको बताउँदै त्यहाँ स्नान गरेर आदिलिङ्ग र दुर्गातीर्थको सेवा गर्ने सुझाव दिनुभयो । ती तीर्थमा देवता र दानवले पनि इच्छा पूर्तिको लागि पूजा गर्न आउने गरेको पनि बताइदिनुभयो । सृष्टि गर्नु अघि ब्रह्माले पनि देवीको उपासना गरेको इतिहास सुनाइदिनुभयो । साथै मुनिले भ्रष्ट नामको पञ्चपातकी विप्रले फागुन शुक्ल चुर्तुदशीमा त्यहाँ स्नान गरेर शिवभक्त बन्न पाएको उदाहरण पनि दिनुभयो र विरूपाक्षलाई पनि कौशिकी नदीमा स्नान गरेर आदिलिङ्ग र दुर्गातीर्थको दर्शन गर्ने उपदेश दिनुभयो ।

## ९१. भीमेश्वर महिमा

स्कन्द भन्नुहुन्छ- हे अगस्त्य ! नेमुनिले साथै लिएर गएका विरूपाक्षले दुर्गातीर्थमा स्नान गर्ने वित्तिकै कुष्ठरोग बिसेक भयो । त्यसपछि उनी भीमेश्वरको उत्तरतिरको ताम्रचूडपर्वतको कौशिकी किनारको देवतीर्थ पुगी माघकृष्ण पूर्णिमाका दिन विधिवत् स्नान र पूजा गरे । नेमुनिले नै सँगै लिएर गएको विरूपाक्षलाई भीमेश्वरको पनि दर्शन गराउनुभयो । त्यस ठाउँमा भीमेश्वरको पराक्रमले पराजित भएका देवताहरू पनि आएर लुकी त्यहीँ स्नान गरीबसी शिवको स्तुति गरेका थिए । शिवले उनीहरूको स्तुतिबाट प्रसन्न भएर दर्शन दिँदै भन्नुभयो- न डराऊ, तिम्रा शत्रु (असुरहरू) लाई देवीले वध गर्नेछिन् । त्यति भनेर शिव हिँड्ने वित्तिकै काल नामको दैत्य सेनासहित आएर देवता माथि वाण वर्षा गर्न लाग्यो । देवताहरू डराएर पुनः शिवको स्तुति गरे । त्यसपछि शिवले डर लाग्दो रूप लिएर तेश्रो आँखाबाट आगो निकाली दैत्य र उसका सेनाको वध गरिदिनुभयो । देवताहरूले भीमेश्वर शिवको स्तुति गरे । भीमेश्वरले उनीहरूलाई आइन्दा तिमीहरूले डराउनुपर्दैन, देवीले खड्ग हानेर शत्रुहरूलाई रसातल पुऱ्याउछिन्, तिमीहरू स्वर्ग जानू भनी अन्तर्ध्यान हुनुभयो । देवताहरू पनि प्रसन्न भएर स्वर्ग गए ।

यस्तै अर्को एउटा विप्रले बाबुको श्राद्ध गरी पटक-पटक भोजन गरेकाले सुंगुर भएर जन्मिएको थियो । एकदिन खाने कुरा खोज्दै हिँड्दा तिर्खाएको त्यो सुंगुरलाई एउटा म्लेच्छ शिकारीले वाण हान्यो र त्यसै सुंगुरको पछि पछि दौडियो । सुंगुर दौडिदै देवतीर्थ पुग्यो र पानी पिएर त्यहीँ मऱ्यो । देवतीर्थको पानी पिएर तीर्थमै देहत्याग गरेकाले मरेपछि उ राम्रो कुलमा वेदपढ्ने  ब्राह्मण भएर जन्मियो । घुम्दै हिँडेको त्यो ब्राह्मणले देवतीर्थ स्थित शिवलिङ्गमा पुगेर पूजा गऱ्यो । त्यो पुण्यले शिव प्रसन्न भएर तीन आँखा त्रिशुल डमरु दिई गणपति पदवी दिने बताउनुभयो । मरेपछि त्यो ब्राह्मण प्रमथ गणको श्रेष्ठ भएर बस्यो ।

## ९२. काफीश्वर महिमा

नेमुनिसँग गएका विरूपाक्षले देवतीर्थ स्नान गरेपछि कुष्ठरोगबाट छुट्कारा पाए । त्यसपछि दुवैजना माघकृष्ण तृतीयाका दिन काफीश्वर गएर पूजागरी त्यहीँ रात बिताए ।

काफीश्वरको महिमा बताउँदै सिद्धि प्राप्त गरेका नेमुनि भन्नुहुन्छ- धर्मकर्म गर्ने विद्वान कफी नामक व्यक्तिका काफी नामका छोरा थिए । उनले पृथ्वीका धेरै तीर्थ गरिसकेपछि ककुद नामको पहाडमा गएर हजार वर्षसम्म शिवको ध्यान गरे । शिव प्रसन्न भएर उनलाई तीन आँखा भएको आफ्नो विग्रह भएर त्यसै ठाउँमा बस्नेछौ भन्नुभयो र त्यसै लिङ्गमा लीन हुनुभयो ।

त्यस्तै म्लेच्छ पत्नी कुरूपा एकदिन त्यसै तीर्थमा पुगी । त्यसदिन फागुन अमावश्या थियो । उसले भोकै बसेर स्नान पूजा गरी । त्यसपछि ऊ स्वर्ग नामको तीर्थ गई र त्यहीँबाट दिव्यदेहको भई । पहिले कुरूपा त्यो नारीलाई दिव्यदेह भएको देखेर गाउँलेहरूले आश्चर्य मानेर सोधे । उसले शिवदर्शनको प्रभावले दिव्य देह भएको तथ्य बताई । मानिसले कर्मअनुसारको फल पाउने भएकाले कुरूपाले काफीश्वरको दर्शन गर्दा पनि दिव्य देहकी बनेर शिवलोक जान पाएकी थिई ।

## ९३. कश्यपेश्वर लिङ्ग महिमा

काफीश्वर र स्वर्णतीर्थको सेवनले दिव्यदेह भएका विरूपाक्ष नेमुनिकै साथमा माघकृष्ण तृतीयाका दिन कश्यपेश्वर पुगे । त्यहाँ पुगेपछि कश्यपेश्वरको महिमा सुनाउँदै नेमुनि भन्नुहुन्छ- हे विरूपाक्ष ! वृष राशीमा सूर्य गएको आइतबारको मंगल दिनमा यस तीर्थमा स्नान गरेर कश्यप ऋषिले सृष्टि गर्ने शक्ति प्राप्त गर्न शिवको तपस्या गरे । एक वर्ष तपस्या गरेपछि उनले पूजा गरेको लिङ्गबाट शिव उत्पन्न भएर इच्छा लागेको पुरा हुने

वरदान दिनुभयो । त्यो वरदानपछि कश्यपबाट ऋषि, मुनि, गन्धर्व, देवता, असुर, पशुपक्षी आदि सृष्टि भए । तिनीहरू पनि यसै तीर्थको भक्त बने । कश्यपको तपस्याबाट शिव प्रादुर्भाव हुनुभएकाले त्यो तीर्थ कश्यपेश्वर नामले प्रसिद्ध भयो । यस तीर्थको महिमा बताउँदै नेमुनि भन्नुहुन्छ- एउटा म्लेच्छ नपुंसक थियो । उसलाई सबैले हेलाँ गर्दथे । एकदिन घुम्दै त्यो म्लेच्छ कश्यपेश्वर पुग्यो र पूजा गऱ्यो । त्यत्तिकैमा ऊ त्यहीँ रहनुभएका कश्यप ऋषिसमक्ष गयो र दण्डवत् गरेर आफ्नो अवस्था बताई मुक्त हुने उपाय सोध्यो । कश्यपले भन्नुभयो- मानिसले आफ्नो कर्मफल भोग्नै पर्दछ । तिमी अघिल्लो जन्मको कर्मको कारणले अहिले नपुंसक भएका छौ । ऋषिको उपदेशले इच्छा गरेको फल पाउँछौ । साथै नारी वा पुरुष जे हुन खोजेका छौ, त्यै भएर जन्मन सक्नेछौ ।

त्यसपछि नेमुनि र विरूपाक्ष स्फटिकेश्वरको दर्शन गर्न गए ।

## ९४. स्फटिकेश्वर (गोपदेश्वर) र कान्तितीर्थ महिमा

कश्यपेश्वर तीर्थपछि नेमुनि र विरूपाक्ष कान्तितीर्थ स्नान गरेर माघकृष्ण चतुर्दशीका दिन गोपदेश्वर पनि भनिने स्फटिकेश्वरको दर्शन गर्न गए । त्यसबेला स्फटिकेश्वरको महात्म्य बताउँदै नेमुनिले भन्नुभयो- हिमालयका छोरा काकन्द पर्वत स्फटिकका ढुंगाहरूले चम्किएको छ । त्यहीँबाट चन्द्रकान्ता नदी बगेकी छन् । हिमश्रवा र चन्द्रकान्ताको संगमलाई कान्तितीर्थ भनिन्छ । त्यस तीर्थको महिमा बुझेर ब्रह्माजीले पनि त्यहाँ शिवको तपस्या गर्नुभएको थियो । ब्रह्माले तपस्या गरेको थाहा पाएर चन्द्रमाले पनि त्यहीँ तपस्या गरेर संसारलाई आनन्द दिने र अमृतवर्षा गर्ने वरदान पाएका थिए । धर्मदास नामका विप्रले त्यहीँ तपस्या गर्दा कामधेनु गाईलाई दूध चढाइरहेको देखेर कृतार्थ भएका थिए । पछि उनी त्यहीं दिवंगत भई शिवलोक गए । त्यसपछि नेमुनिले विरूपाक्षलाई रुद्रवती, उग्रतीर्थ, चण्डेश्वरमा जानुपर्ने बताए ।

## ९५. उग्रतीर्थ र चण्डेश्वर महिमा

सँगसँगै तीर्थयात्रामा हिडेका नेमुनि र विरूपाक्षले माघकृष्ण पञ्चमीका दिन उग्रतीर्थ पुगेर स्नान गरे । त्यसैबेला विरूपाक्षले त्यस तीर्थको महिमा के हो ? सोधे ! नेमुनि भन्नुहुन्छ- पूर्वकालमा च्यवन नामका सत्यवादी विप्र त्यहाँ पुगेका थिए । उनले पनि त्यहाँ स्नान गरी १२ वर्ष लिङ्ग पूजा गरेर शिवको तपस्या गरे । आश्विन शुक्ल अष्टमीका दिन त्यसै लिङ्गबाट शिव प्रकट हुनुभयो र शिवलोक जाने वरदान दिनुभयो । तत्काल शिवदूत आएर च्यवनलाई शिवलोक लगे । यो घटना चण्ड दैत्यले थाहा पायो र उसले पनि त्यहाँ आएर १० वर्ष तपस्या गरी शिवलाई प्रसन्न बनायो । शिवबाट उसले कुनै देवता दैत्यले मार्न नसक्ने वरदान पायो । वरदान पाएको त्यो दैत्यले आफूलाई सबैभन्दा वीर सम्झियो । दैत्यले स्वर्गका देवता, मनुष्य लोकका राजा, पातालका नाग र असुर सबैलाई जित्यो । त्यसबाट ऊ अत्यन्त उत्साहित र घमण्डी बन्यो । कसैलाई पनि आफू समान बलियो नदेखेपछि उसले वरदाता शिवसँग नै युद्ध गर्ने प्रस्ताव गऱ्यो । शिव रिसाउँदै उसँग युद्ध गर्न आउनुभयो । तर उसको पराक्रम (आफैँले दिएको वरदान) देखेर त्यसै हिँड्नुभयो । त्यसबेला शिवगणहरू आएर असुर चण्डसँग युद्ध गरे । शिवगणले शिवको वरदानले अजेय भएको थाहा पाएर शिवलाई स्मरण गराए । शिवले देवी उत्पन्न गराई युद्ध गर्न पठाउनुभयो । साथै उसको वीरता देखेर उसले तपस्या र पूजा गरेको लिङ्गमा चण्डीश्वर भएर बस्न थाल्नुभयो । देवी र चण्डका वीचमा युद्ध भयो । देवीले त्रिशूल भेदन गरी दैत्यको वध गर्नुभयो । त्यसबेलादेखि चण्डीश्वर र उग्रचण्डी दुवै उत्कृष्ट तीर्थका रूपमा प्रसिद्ध भए ।

## ९६. धनेश्वर महिमा

स्कन्दकुमार भन्नुहुन्छ- धनेश्वर पुगेपछि नेमुनि र विरूपाक्षले शिवको पूजा गरेर त्यहाँको महत्त्व सोधे, नेमुनिले भन्नुभयो- भृगुले यहाँ १०० वर्ष

तपस्या गरेर चिरञ्जीवी हुने वरदान पाएका थिए। यसैगरी कुनैबेला शिवदास नामको वैश्य गरिब भएकाले समाज, परिवार र सन्तानबाट परित्यक्त भएको थियो । घुम्दै ऊ दैवसंयोगले धनेश्वर पुग्यो र ऋतु ऋषिसँग भेटेर आफ्नो दुःख बतायो । ऋषिले त्यहीँ बसेर शिवको तपस्या गर भनेअनुसार ऊ तपस्या गर्न थाल्यो । तपस्याबाट शिव प्रसन्न भएर प्रत्यक्ष हुनुभयो र वरदान माग भन्नुभयो । वैश्यले भन्यो- म निर्धन भएकाले धन दिनुहोस्, मैले राजसी सुख भोग गर्न पाऊँ साथै हजुर यसै लिङ्गमा धनेश्वर भएर बस्नुहोस् । शिवले तथास्तु भन्नुभयो । यसैले धनेश्वरको दर्शन गर्नेले दीर्घायु, धन र सुख पाउँछ । विरूपाक्षलाई धनेश्वरको महिमा बताएर नेमुनिले विकटेश्वर जाऊँ भनेर दुबैजना त्यतै गए ।

## ९७. विकटेश्वर एवं पुष्पतीर्थ महिमा

विकटेश्वरको महिमा बताइदिन अनुरोध गर्ने विरूपाक्षलाई नेमुनि भन्नुहुन्छ- विकट नामको एउटा म्लेच्छ शिकार खेल्थ्यो र धेरै प्राणीहरूको वध गर्दथ्यो । एकदिन शिकार खोज्दै ऊ तलाउको किनारमा पुग्यो र तलाउ देखेपछि आफूलाई प्राणी हत्याको दोषी भन्दै खेद र चिन्ता प्रकट गऱ्यो । साथै उसले आइन्दा म प्राणी हत्या गर्दिन भनी १२ वर्षसम्म शिवको तपस्या गरेर बस्यो । शिव प्रसन्न भएर उसलाई उसैको नामबाट त्यो तीर्थ प्रसिद्ध हुने बताई आफू उसैको मित्र बन्ने बताउनुभयो । त्यति भनिसकेपछि शिव विकटले पूजा गरेकै लिङ्गमा लीन हुनुभयो । विकटेश्वर बारे बताएपछि नेमुनिले विरूपाक्षलाई शचीतीर्थ र इन्द्रेश्वरको दर्शन गर्ने उपदेश गर्नुभयो ।

## ९८. शचीतीर्थ एवं इन्द्रेश्वर शिवलिङ्ग महिमा

नेमुनिसँग माघकृष्ण अष्टमीका दिन शचीतीर्थ पुगेर स्नान गरेपछि विरूपाक्षले त्यस तीर्थको महिमाबारे सोधे । नेमुनि भन्नुहुन्छ- मिथिलाको

ब्रह्मपुरीमा गौतम र अहल्या (ऋषिदम्पति) बस्तथे । एकदिन अहल्या ऋतुकालमा रहदा बगैंचामा हिँडिरहेकी थिइन् । त्यसबेला ऋषि स्नान गर्न नदीमा गएका थिए । सुन्दरताबारे सुनेका इन्द्रले अहल्यालाई देखेर मोहित भए । त्यति नै बेला इन्द्रले ऋषिको रूप लिएर रतिक्रीडाको प्रस्ताव गरे । अहल्याले आश्चर्य मानेर अस्वीकार गर्दै पापभागी हुने बताइन्, तरपनि इन्द्रले श्राप देलान् भन्ने डर मानेकीले धरै समयपछि छद्‌भेषी इन्द्रको प्रस्ताव मानेर रतिक्रीडा गर्न थालिन् । त्यसैबेला स्नान गर्न तिल बिर्सिएर लिन आएका ऋषिले देखे र देख्ने वित्तिकै क्रोधित भई इन्द्रलाई जिउभरि भग चिह्न हुने र अहल्यालाई ढुंगा हुनुपर्ने श्राप दिए । ऋषिको डरले झ्यालबाट भागेका इन्द्रको जिउभरि भग चिह्न भयो (त्यसैले इन्द्रलाई भगाङ्ग पनि भनिन्छ) । जिउभरि भग चिह्न लिएर लजाउँदै घर आएका इन्द्रलाई देखेर इन्द्राणीले ऋषि श्राप भनेर थाहा पाइन् र दुःख मानिन् । उनले वृहस्पति गुरुसँग श्रापमुक्त हुने उपाय सोधिन् । वृहस्पतिले लीलावती र रुद्रावतीको संगममा स्नान गरेर शिवको आराधना गर्नुपर्ने उपाय उपदेश गरे । त्यसपछि इन्द्र र इन्द्राणी पाप मुक्तिको लागि ब्रह्मालाई जानकारी गराएर ती नदीहरूको संगममा स्नान गरी शिवको ध्यान गर्न लागे । उनीहरूको ध्यानबाट प्रसन्न भई आषाढ पूर्णिमाको आर्द्रा नक्षत्रमा शिवले संगम स्नान गरेर मेरो आराधना गरेकाले पापमुक्त भएका छौ भन्नुभयो । इन्द्र श्रापमुक्त भए । त्यो तीर्थ शचीतीर्थका नामले प्रसिद्ध भयो । यस्तै शचीतीर्थमा स्नान गरेर इन्द्रेश्वर शिवको पूजा गरेकोले श्रुतश्रवा नामका विप्र शिवको अनुचर बन्न पाएका थिए । यसरी शचीतीर्थ र इन्द्रेश्वरको महिमा बताएपछि नेमुनिले विरूपाक्षलाई भालेश्वर जान भन्नुभयो ।

## ९९. भालेश्वर महिमा

नेमुनि र विरूपाक्ष तीर्थयात्रा गर्दा-गर्दै माघकृष्ण नवमीका दिन निकुञ्जाचलस्थित भालेश्वर पुगे र दर्शन गरे । त्यहाँ पनि विरूपाक्षले भाले

श्वरको महिमा सोधे । नेमुनिले भन्नुहुन्छ- दक्षको कारणले देहत्याग गरेकी सतीको मृत शरीर लिएर शिवजी घुमिरहँदा जहाँ जहाँ सतीको शरीर पतन भयो त्यहाँ त्यहाँ लिङ्ग उत्पत्ति भएअनुसार निधार पतन भएको त्यस ठाँउमा भालेश्वर लिङ्ग उत्पत्ति भएको थियो । सुखश्रवा र लीलावती नदीहरू समेत बग्ने त्यो स्थान अत्यन्त पवित्र र पुण्यदायी छ ।

सुमुख र रम्भा नामका गन्धर्व र अप्सरा इन्द्रलाई खुशी बनाउन नाचगान गर्थे । एकदिन नाचगान गर्दागर्दै रम्भाले प्रेमभावले सुमुखलाई हेरिन् । सुमुख काम पीडाले ग्रस्त भए । नृत्यसकिएपछि रम्भालाई देखेर सुमुखले चुम्बन गरे, रम्भा क्रोधित भएर गन्धर्वलाई मृत्युलोक जाने श्राप दिइन् । १०० वर्षसम्म दुखित भएर बसेको सुमुख एकदिन लीलावती र सुखश्रवाको संगममा नुहाउन पुग्यो र उसले गालव ऋषिलाई भेटेर आफ्ना सबै कर्म जस्ताको तस्तै सुनायो । साथै उसले ऋषिसँग मनुष्य योनिबाट मुक्त हुने उपाय पनि सोध्यो । गालवले शिव खुशी भएर दर्शन नदिउञ्जेल लिङ्गको सेवा गर्न उपदेश दिए । उसले तपस्या गऱ्यो र शिवलाई प्रसन्न बनायो । शिवले उसलाई रम्भासँग रमाउने र अन्तमा आफ्नै अनुचर बन्ने वरदान दिनुभयो । त्यसपछि सुमुख पनि स्वर्ग गएर रम्भासँग समय बिताउन थाल्यो । त्यो थाहा पाएर इन्द्र रिसाई सुमुखलाई स्वर्गभ्रष्ट गर्न खोज्दा वृहस्पतिले शिवको वरदान पाएको सुनाएर स्वर्गमै बस्ने बनाइ दिनुभयो । रम्भासँगको भोग सकिएपछि सुमुख गन्धर्व शिवको अनुचर बन्यो । भालेश्वरको दर्शन र तपस्याले मनोवाञ्छा पुरा हुन्छ ।

## १००. सिद्धतीर्थ र गुप्तेश्वर महिमा

नेमुनिसँग तीर्थयात्रा गर्दै गएका विरूपाक्षले सिद्धतीर्थमा स्नान गरेर गुप्ते श्वरको पूजा गरे । पूजापछि विरूपाक्षले त्यस तीर्थको महिमाबारे सोधे । नेमुनि भन्नुहुन्छ- शिवले वृत्रासुरलाई वरदान दिएपछि वृत्रासुर वरदानको

परीक्षा गर्न शिवतिर जाँदा शिव डराएर भाग्नुभयो र एउटा गुफामा लुक्नुभयो । त्यो कुरा विष्णुले थाहा पाई वृत्रासुरलाई नै आफ्नै टाउकामा हात राखेर परीक्षा गर्न लगाउनुभयो । टाउकामा हात राख्ने वित्तिकै वृत्रासुर नष्ट भयो । यसरी वृत्रासुर मरेपछि वल्ल शिव गुफाबाट बाहिर आउनुभएको थियो । त्यस ठाँउमा शिवको प्रभावबाट उत्पन्न भएकी प्रभावती नदी पनि बग्दछिन् । त्यहीँ अर्को शिवनदी पनि छ । बोलेको पुरा हुने ती दुई नदीको संगमलाई नै सिद्धतीर्थ भनिन्छ ।

शिवदास नामका ब्राह्मण विद्या विहीन भएर ब्रह्म राक्षस भएका थिए । उनी घुम्दैघुन्दै सिद्धतीर्थमा आएर त्यहाँको जल पिउने वित्तिकै पूर्वजन्मबारे जान्ने भए र अन्तमा ब्राह्मणको जन्म पाए । सर्पले काँचुली फेरेजस्तै गरी राक्षसबाट ब्राह्मण बनेका शिवदासले एकदिन त्यहीँ बस्ने मुनिसँग सांसारिक दुःखबाट मुक्ति पाउने उपाय सोधे । मुनिले सिद्धतीर्थमा स्नान गरी कुञ्जपर्वतको गुफामा बसेका गुप्तेश्वर शिवको आराधना गर्ने उपदेश दिए । उपदेशअनुसार शिवदासले पनि तपस्यागरी शिवलाई प्रसन्न बनाए ।

## १०१. मातातीर्थ, गुप्तेश्वर, तिलेश्वर आदि तीर्थमहिमा

स्कन्दकुमार भन्नुहुन्छ- हे अगस्त्य ! नेमुनि र विरूपाक्षले स्नान र दर्शन गरेको सिद्धतीर्थ र गुप्तेश्वरको दर्शन गरेको पुण्यले पूर्वजन्मका पापहरू नाश हुन्छन् । त्यसपछि विरूपाक्ष पुनः नेमुनिसँग मुकुन्दपर्वत स्थित तिलेश्वर गएर सभक्ति स्नान गरे । उनले तिलको लिङ्ग बनाई शिवमन्त्र जपेर शिवको पूजा गरे । पूजा गरिसकेपछि त्यहाँको महिमा जान्न चाहेका विरूपाक्षलाई नेमुनि भन्नुहुन्छ- अङ्गिरापुत्र वृहस्पति तीर्थाटन गर्दै माघशुक्ल संक्रान्तिका दिन त्यहाँ पुगे र तिलको लिङ्ग बनाएर पूजा गरे । उनी पूजा गर्दा उत्साहित बनेर पूजा गरिनै रहे । तेश्रो दिन शिव त्यसै लिङ्गबाट आविर्भाव हुनुभयो र भन्नुभयो- हे वृहस्पति ! तिम्रो मनोइच्छा (विद्वान् र

बुद्धिमान बन्ने) मैले बुझेको छु। तिमीले चाहना गरेकी भारती (सरस्वती) जलरूप भएर त्यहाँ आउनेछिन्, त्यहाँ स्नान गर्नू। तिमी वाक्पटु हुनेछौ। तिमीले भृगुपुत्र शुक्रलाई श्राप दिनेछौ। पछि मेरा पूजाले शुक्र मुक्त हुनेछन्।

यसरी उपदेश दिएर शिव अन्तर्ध्यान हुने वित्तिकै नदी बग्यो। वृहस्पतिले स्नान गरे। स्नान गर्ने वित्तिकै भारती (सरस्वती) वृहस्पतिको घाटीमा बसिन्। त्यो थाहा पाएर शुक्रले पनि शिवको स्तुति गरे। शिव नदीको एक भाग त्यहाँ रहने बताई जानुभयो। शुक्रले पनि नदीलाई बगेर रहनुपर्ने श्राप दिए। श्राप पाएपछि दुखित भएकी भारतीले शुक्रलाई पनि बग्नुपर्ने श्राप दिइन्। त्यसैले शुक्र पनि शिवको वीर्यको रूपमा वगे।

श्रापबाट नदी हुनुपरेकी भारतीको एक अंश कुण्डबाट बग्न थालिन्। वृहस्पतिले नदीको स्तुति गरेर नुहाए, जलपान गरे। यो सबै दृश्य हेरिरहनु भएका (तिलेश्वर)ले एक अंशको भएर बगेकी नदीलाई पुण्यवती हुने र स्नान गर्नेहरू वृहस्पति समान हुने वरदान दिनुभयो। त्यो नदी १० गंगा बराबर पुण्यशाली छ। रुद्र कुण्डबाट बगेको त्यो स्थान मनःश्रीतीर्थको रूपमा प्रसिद्ध छ। कुनैबेला मातृदोषबाट गिद्धको मुखजस्तो मुख भएको लाटो कोसेरोले संयोगवस त्यहाँ स्नान गरेर शिवलोक जान पाएको थियो।

## १०२. चम्पकेश्वर महिमा

स्कन्द भन्नुहुन्छ- विरूपाक्षले सरस्वती कुण्डको जलपान गरेर लिङ्गपूजा गर्ने वित्तिकै वाक्सिद्धि प्राप्त गरे। त्यसपछि नेमुनिलाई साथ लिएर विरूपाक्षले ८०० हात परको चम्पकेश्वरको दर्शन गरी त्यो रात त्यहीँ बिताए। त्यसबेला विरूपाक्षले चम्पकेश्वरको महिमाबारे सोधे। नेमुनिले भन्नुभयो- सत्य युगमा मनु नामक तपस्वीले पूर्वजन्मको कारणले पढेको सबै बिर्सन्थे। उनी वृहस्पतिको उपदेशले सरस्वती कुण्डको जलपान गर्न गए। जलपान गर्ने वित्तिकै उनले बिर्सिएका सबै विद्या संझने भए।

त्यसपछि उनले शिवको आराधना गरे। शिव प्रसन्न भएर सरस्वती नदीको किनारमा बसी मेरो आराधना गर्नू भनी उपदेश दिनुभयो। उपदेशअनुसार मनुले चाँपको रूखमुनि बसेर चाँपको फूल चढाएर शिवको आराधना गर्न थाले। केही समयमै ती फूलबाट शिवलिङ्ग र लिङ्गबाट शिव आविर्भाव हुनुभयो र ती मनुलाई स्वारोचिष मनु हुने र अन्तमा स्वर्गभोग गर्न पाउने वरदान दिनुभयो।

यस्तै विशङ्क नामको म्लेच्छ शिकारी एकपटक शिकार खेल्दै चम्पकेश वनमा पुग्यो र एउटा मृगलाई वाण हान्यो। वाण लागेको मृग उछिट्टिंदै चम्पके शलाई प्रदक्षिणा गरेर मऱ्यो। मर्ने वित्तिकै शिवगण आएर प्रदक्षिणा गरेको पुण्यले शिवलोक लगे भने त्यो शिकारीले पनि शिवको दर्शन गरेकाले मरेपछि प्रमथगणमा सामेल हुन पायो। यस्तै धर्मकेतु राजाले पशुपतिको दर्शन नगरेकाले पशुयोनीमा जन्मन पुगेकोमा एकपटक पूर्णिमाका दिन सरस्वतीमा स्नान गरेर लिङ्गदर्शन गरेकाले रुद्रलोक जान पाएका थिए।

नेमुनि भन्नुहुन्छ- हे विरूपाक्ष ! अब तिमी रामेश्वरको दर्शन गर्न जाऊ र उत्तम वरदान प्राप्त गर।

## १०३. प्रभातीर्थ एवं रामेश्वर महिमा

रामेश्वर पुगेर पूजा गरिसकेपछि विरूपाक्षले राती जाग्राम बसेर लिङ्गको महिमा सोधे- नेमुनिले भन्नुभयो- जमदग्निका छोरा परशुराम पिताको हत्या भएको खबर वृहस्पतिबाट सुनेपछि अत्यन्त विरक्त बनेर पितृ हत्यारालाई वध गर्न नसक्ने छोरालाई समाजले धिक्कार गर्ने चिन्ताले तीर्थयात्रा गर्नथाले। त्यसबेला उनले क्षत्रिय नाशको इच्छाले माघकृष्ण चतुर्दशीका दिन पुण्यतीर्थमा स्नान गरी शिवमन्त्र जपेर शिवाराधना गरे। त्यसबाट शिव प्रसन्न भएर इच्छा लागेको वरदान माग भन्नु भएपछि परशुरामले मेरा पीडा र मनको कुरा हजुर बुझ्नुहुन्छ भने। त्यो सुनेर शिवले क्षत्रिय नाश

गरेर शत्रूसाधना गर्न समर्थ हुनेछौँ भन्ने वरदान दिनुभयो । त्यो वरदानले गर्दा परशुरामले क्षत्रिय नाश गर्नसके ।

यस्तै, वली दैत्यकी छोरी सिञ्जी (वज्रनाभकी बहिनी) ले नारदबाट प्रभातीर्थ महिमा सुनेर त्यहाँ गएर स्नान गरी र प्रभाबाट प्रभावती बन्ने र सर्वसुन्दरी बन्ने वरदान पाई । प्रभामा स्नान गरेको र रामेश्वरको दर्शन गरेको पुण्यले उसको विवाह कामदेवसँग हुनसक्यो ।

यस्तै, मुण्ड नामको एउटा बुढो अन्नदान नगरेको कारणले अत्यन्त दुखित थियो । संयोगवश ऊ एकदिन प्रभातीर्थमा स्नान गरेर रामेश्वरको दर्शन गर्नपुग्यो । लिङ्गको महिमाबारे उतथ्य ऋषिबाट थाहा पायो । त्यसपछि उसले रामेश्वरको भक्तिमा मन लगायो र मरेपछि शिवलोक जान पायो । त्यसपछि नेमुनिले विरूपाक्षलाई कालेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो ।

## १०४. कालेश्वर महिमा

प्रभातीर्थमा स्नान गरेर निष्पापी बनेका विरूपाक्षले पुनः नेमुनिका साथ कुसुन्दपर्वतमा गई स्नान गरेर कालेश्वरको दर्शन गरे । त्यसपछि त्यहाँको महिमा बारे सोध्दै यो तीर्थमा कसले स्नान गरेर के के पुण्य आर्जन गरेका थिए ? जिज्ञासा राखे । नेमुनिले भन्नुभयो- हिमालयका उज्जयन्त नामका शिवभक्त छोराका घर्घरा नामकी छोरी (नदी) थिइन् । त्यस्तै वैतरण पर्वतबाट निस्किएकी वैतरणी नामकी अर्को नदी थिइन् । ती दुइनदीको संगममा कालले शिवको तपस्या गरेर कालगणना गर्नसक्ने वरदान पाएका थिए । उनले तपस्या गरेको ठाउँमा लिङ्ग उत्पन्न भई कालेश्वर नामले प्रसिद्ध भएकैले कालतीर्थ भनियो ।

लम्वकर्ण नामको शिकार खेलेर जीविका गर्ने म्लेच्छले कालतीर्थमा पुगी स्नान गरेको र महिमा सुनेको पुण्यले जन्मभरका पापनाश भएर अन्तमा शिवलोक जान पाएको थियो ।

कालेश्वरको महिमा सुनाएपछि नेमुनिले विरूपाक्षलाई त्रिकूटपर्वत स्थित ब्रह्मतीर्थमा नटेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो ।

## १०५. नटेश्वर महिमा

नेमुनिको उपदेशबाट नटेश्वरको दर्शन गरेका विरूपाक्षले त्यहाँको महिमा बताइदिन अनुरोध गरे । नेमुनिले भन्नुभयो- तारक दैत्यबाट पीडित ब्रह्मा विष्णु आदि देवता, गन्धर्वहरूले आ-आफ्ना बाजा र शस्त्रास्त्रका साथ शिवको ध्यान गरे । ब्रह्माले ताल बजाउनु भयो, गन्धर्वले मादल बजाए, विष्णुले नान्दी पाठ गरे । त्यो भक्ति देखेर शिव प्रसन्न हुनुभयो र देवताहरूलाई दैत्यदेखि डराउनुपर्दैन भन्ने आश्वासन दिएर तारक वध गराउनु भयो । त्यसबेला शिवले गीत, वाद्यले मेरो आराधना गर्नेहरू दुःखसागरबाट तर्दछन्, पनि भन्नुभयो-

**नर्तनेन सकृद्यो मां वाद्यगीतैश्च सेवते ।**
**अद्यप्रभृति तञ्चाहं तारये दुःखसागरात् ॥ -२५**

त्यसै तीर्थमा देवशर्मा नामको वाहुनले पूजा र स्नान गरेर धेरै दान लिएर अरूलाई नदिई संचयमात्र गरेको दोषले बाँदर बन्नुपरेको थियो । पछि उसले नदीमा स्नान र नटेश्वरको पूजा गरेकाले शिवगणमा सामेल हुन पाएको थियो । त्यसैले कमाएको संपत्तिको ४ भागको १ भाग धर्मलाई, एकभाग देवता, ब्राह्मण, अतिथि र सेवकलाई दिएर बाँकी भाग मात्र आफुले राख्नुपर्छ-

**चतुरंशञ्च धर्माय देवाग्निभ्यां द्विजन्मने ।**
**अतिथये स्वभृत्याय द्वावंशौ तद्धनं स्मृतम् ॥ ३३**

त्यसपछि नेमुनिले विरूपाक्षलाई कनखल पर्वतमा उद्दालकेश्वर शिवको दर्शन र धर्मगङ्गामा स्नान गर्ने उपदेश दिनुभयो ।

## १०६. उद्दालकेश्वर महिमा

ब्रह्मतीर्थ र नटेश्वरको दर्शन गरी महिमा समेत सुनेका विरूपाक्षले उद्दालकेश्वरको दर्शनपछि त्यसको महिमा बताइदिन अनुरोध गरेपछि ने मुनि भन्नुहुन्छ- वैशाख संक्रान्तिका दिन उद्दालक मुनिले स्थापना गरेको उद्दालकेश्वरको महिमा सुन। स्थुलोदर नामका दैत्यपुत्र मिष्ठान्नले बलियो बनेको थियो। तर धेरै मिठाइ खाएको कारण उसको शरीरमा रोग लाग्यो र दुब्लो र दुर्बल बन्न पुग्यो। उसले नारदबाट उद्दालकेश्वर बारे सुनेर गो पालेश जान लागेको भएपनि उद्दालकेश्वरमा रोकिएर तपस्या गरी पहिले भन्दा ४ गुना बढी बलियो भयो। त्यसपछि उसले विष्णुसँग युद्ध गर्न चाह्यो। विष्णुको सुदर्शनलाई पनि शिवभक्त स्थूलोदरले पाशुपतास्त्र प्रहार गरेर निस्तेज पारिदियो। त्यसबेला विष्णुलाई पसिना आयो र नदी बनेर बग्यो। सुदर्शन चक्र निस्फल भएपछि शिवप्रसन्न भएर स्थूलोदरलाई आइन्दा आफ्नो गण बन्ने वरदान दिनुभयो। वरदानअनुसार शिवको गण बन्ने स्थूलोदरलाई शिवसेनाले शिवलोक लगे। यति उद्दालकेश्वरको महिमा बताएपछि नेमुनिले विरूपाक्षलाई वाग्मती किनारको गोपालेशको दर्शन गर्न प्रेरित गर्नुभयो।

## १०७. गोपालेश्वर एवं व्याघ्रतीर्थ महिमा

विरूपाक्ष र नेमुनिले गोपालतीर्थमा गएर गोपालेश्वरको दर्शन गरे। दर्शन गरेपछि विरूपाक्षले त्यस तीर्थको महिमा बताइदिन अनुरोध गरेपछि ने मुनि भन्नुहुन्छ- एकपटक विष्णुले निरपराधी दैत्यहरूको वध गरेपछि पापनाशको लागि गोपदी र वाग्मतीको किनारको गोपालतीर्थमा जानुभयो। त्यहाँ विष्णुले गाईले दूध खसालिरहेको देख्नुभयो। त्यसबेला गाई कता हरायो। पछि विष्णुले देख्नुभयो र गाईको परिचय र दूध खसाल्नुको कारण सोध्नुभयो। गाईले विष्णुलाई त्यहाँ शिवलिङ्ग र मेरो प्रतिमा छ, खो तलेर हेर्नू भन्यो र त्यसो गरेमा तपाईं गोपालेश भनिनुहुन्छ पनि भन्यो।

विष्णुले खोतल्नुभयो । लिङ्ग र प्रतिमा देख्नुभयो र शिवस्तुति गर्नुभयो । गोपालेश्वर शिवले भन्नुभयो- मेरो लिङ्ग भएपनि तपाईंको नामबाट प्रसिद्ध हुनेछ, त्यहाँ बसेर मेरो स्तुति गर्नेहरू प्रमथ गणमा समावेश हुन पाउँछन् । अब तपाईं ऋक्षवान पर्वतमा गएर बस्नुहोस् । शिवको उपदेशअनुसार विष्णु ऋक्षपर्वतमा जानुभयो । त्यो ठाउँ विष्णुतीर्थ बन्यो । त्यहीँ विष्णुको पाउबाट नदी उत्पन्न भइन् । त्यहाँ स्नान गर्नेहरू विष्णुलोक जान पाउँछन् ।

ब्राह्मण कुलमा जन्मिए पनि चण्डालको जस्तो काम गर्ने एउटा व्यक्ति घुम्दै शिकार खेल्दै गोपदी नजिकको यक्षगंगा स्थित व्याघ्रतीर्थ पुगेको थियो । पानी खान लागेको त्यो ब्राह्मणलाई एउटा बाघले देख्यो र झम्टियो । तर संयोगवस बाघ पनि लड्यो र टाउको फुटेर मऱ्यो । बाहुन पनि मऱ्यो । त्यस तीर्थमा मरेकाले बाघ कोशल देशको राजा भएर जन्मियो भने बाहुन उत्तम ब्राह्मण भएर जन्मिए । दुबैजना आ-आफ्ना कर्मदेखि विरक्त भएर तीर्थयात्रा गर्न जानेक्रममा त्यसै व्याघ्रतीर्थमा भेट भयो । दुबैले नुहाए, नुहाउने वित्तिकै दुवैले आ-आफ्नो पूर्व जन्मबारे थाहा पाए । राजाले बाघ हुँदा बाहुनलाई मारेको र आफू पनि मरेको सुनायो भने ब्राह्मणले पनि बाघबाट मर्नुपरेको थाहा पाए । त्यसपछि ती दुबैले पूर्वजन्मको कर्मलाई तुच्छ ठाने र त्यसै तीर्थको सेवा गर्न थाले ।

## १०८. ब्रह्मतीर्थ एवं चम्पेश्वर महिमा

ब्रह्मतीर्थमा पुगेर स्नान र चम्पेश्वरको पूजा गरेपछि विरूपाक्षले नेमुनिसँग त्यस तीर्थ र लिङ्गको महिमा बताउन अनुरोध गरेपछि नेमुनिले भन्नुभयो- शोणितपुरका राजा वाणासुरको सेवक सुबाहु सधैँ फूल टिपेर राजालाई पूजा गर्न दिन्थ्यो । एकदिन उसले रूखबाट फूल टिपेर ओर्लदा ढकी हल्लियो र सबै फूल टोड्कामा खस्यो । ऊ रित्तै हात दरबार फर्कियो । भोलिपल्ट जाँदा पनि त्यस्तै भयो । धेरै दिन फूल टोड्कामा परेको र त्यहाँ फूल देख्न पनि नसकेपछि ऊ रिसायो र टोड्कामा खनेर हेर्न थाल्यो । त्यसबेला उसले शिवलिङ्गको दर्शन पायो । दर्शन पाउँने वित्तिकै उसको दानवी बुद्धि नाशियो र तत्काल उसलाई शिवदूतले शिवलोक लगे ।

यस्तै बाहुनको कुलमा जन्मिएको तर ब्रह्मकर्म नगर्ने कौत्सुकलाई कुष्ठरोग लागेको थियो । संयोगवस उसले वाग्मती नुहाउन भनेर जाँदा ब्रह्मतीर्थ पुगेर स्नान गरी चम्पेश्वरको दर्शन गऱ्यो । उसको कुष्ठरोग बिसेक भयो । त्यस्तै एकदिन कौत्सुकले जमदग्नि ऋषिलाई भेटेर मुक्तिको उपाय सोध्यो । ऋषिले उसलाई चम्पेश्वरको सेवा गर्ने उपदेश दिए । उपदेशअनुसार सेवा गरेकाले कौत्सुकलाई शिवगण आएर शिवलोक लिएर गए ।

## १०९. उन्मत्तेश्वर महिमा

उन्मत्तेश्वर शिवको दर्शन गरेपछि महिमा पनि सुन्ने इच्छा गरेका विरूपाक्षलाई नेमुनि भन्नुहुन्छ- विष्णुभक्त नामका सारा शास्त्र पढेका एकजना विप्र थिए । तर उनी विद्याको घमण्डले सबैलाई हेलाँ गर्थे र विद्या विहीनले गरेको धर्मलाई फगत कर्म भनेर उपहास गर्थे । उनको त्यस्तो वानी देखेर छरछिमेक र इष्टमित्र उनलाई हेर्न र भेट्न पनि मन पराउँदैनथे । सबै जगतबाट निन्दित भएका ती घमण्डी बाहुनले चित्रकान्ति नदी र स्वर्णकूटबाटै निस्किएकी अर्को नदीको संगममा स्नान गरे । संयोगवस त्यहाँ स्नान गर्ने वित्तिकै उनको घमण्डी बुद्धि नाशियो । त्यसपछि उनले उन्मत्तेश्वरको दर्शन गरे । उनको दर्शनले शिव प्रसन्न हुनुभयो र उनलाई शिवलोक लैजान गणहरूलाई आदेश दिनुभयो ।

यस्तै घुर्घुर नामको राक्षसले त्यहीँ नदीमा नुहाएर सन्ध्या गरिरहेका मुनिलाई खान अघि बढ्दा त्यहाँको जलमा स्पर्श गर्ने वित्तिकै राक्षसको हिंसाबुद्धि हरायो र ऋषिसँग क्षमा माग्यो । ऋषिले पनि उसबाट वास्तविक कुरा थाहा पाएपछि त्यसै संगममा स्नान गरेर उन्मत्तेश्वरको पूजा गर्ने उपदेश दिए । ऋषिको उपदेशअनुसार स्नान र पूजा गर्ने त्यो राक्षसले एक महिनामा नै शिवलोक जान पायो । त्यसपछि नेमुनिले विरूपाक्षलाई नन्दीतीर्थ गएर नन्दीकेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो ।

## ११०. नन्दीतीर्थ एवं नन्दीकेश्वर महिमा

विरूपाक्षले नेमुनिको उपदेशअनुसार नन्दीतीर्थमा स्नान गरेर नन्दीकेश्वरको दर्शन गरे । त्यसपछि उनले त्यस तीर्थ र लिङ्गको महिमा बताइदिन अनुरोध गरे- नेमुनि भन्नुहुन्छ- एकपटक शिव-पार्वती आफ्नो कक्षमा आनन्दसँग बसेको बेलामा नन्दीले भमरोको रूप लिएर अरूले थाहा नपाउने गरी हेरे । क्रीडा देखिसकेपछि आफ्नी पत्नीलाई बताए । त्यो कुरा शिवले थाहा पाउनुभयो र ढोकापाले बसेका नन्दीलाई नसोधिकन अरूलाई प्रवेश गर्न दिएको भनेर पृथ्वीमा मान्छे भएर जन्मने श्राप दिनुभयो । नन्दीले मेरो दोष नभएकाले श्राप नदिन अनुरोध गरेपछि शिवले १२ वर्षसम्म मानिस भएरै बस्नुपर्ने र त्यसपछि मणिप्रभा र रत्नकान्ति नदीको संगममा भएको नन्दीतीर्थमा स्नान गरेर तपस्या र दर्शनपछि मनुष्ययोनिबाट मुक्त भई पुनः पहिले जस्तै तीन आँखा भएका भक्त भएर द्वारपाल बन्न पाउने बताउनुभयो । त्यसैकारण उनी मनुष्यजन्म भोगेर पुनः शिवको द्वारपाल हुन पाए ।

यस्तै एकजना म्लेच्छ पूर्वजन्मको दुष्कर्मले गर्दा अपाङ्ग हुन पुग्यो । अपाङ्ग छोरालाई देखेर लोकले हेला गर्छन् भनेर उसकी आमाले नवजात बालकलाई जङ्गलमा लगेर छोडिदिई । जङ्गलमा रोइरहेको बालकलाई एउटा किरातले भेटेर घर लग्यो र पत्नीलाई पाल्न अह्रायो । २५ वर्षसम्म ओछ्यानमा बसेको त्यो बालकले २५ वर्षपछि लड्दै भिड्दै हिँड्न थाल्यो । एकदिन उसले हारीत मुनिलाई भेटेर मुनिले बताएअनुसार नन्दीतीर्थ गएर स्नान गरी नन्दीकेश्वरको दर्शन गऱ्यो । त्यो पुण्यले गर्दा ऊ शिवगणमा सामेल हुन पायो । नन्दीकेश्वरको महिमा बताएपछि ने मुनिले विरूपाक्षलाई गोखुरेश्वर दर्शन गर्ने उपदेश दिनुभयो ।

## १११.गोखुरेश्वर शिवलिङ्ग महिमा

नन्दीतीर्थमा स्नान गरी नन्दीकेश्वरको दर्शन गरेर जन्म-जन्मका पाप नाश गरेका विरूपाक्षले नेमुनिको उपदेशअनुसार गोखुरेश्वरको दर्शन गरे ।

दर्शनपछि उनले त्यसको महिमा बताइदिन अनुरोध गरेपछि नेमुनि भन्नुहुन्छ- दधिकर्ण नामको अहीर गाई पाल्थ्यो र सेवा गर्थ्यो । एकपटक वैशाखशुक्ल तृतीयामा गाईहरू रक्तकान्ति नदी तरेर गोठतिर आउँदा बाटोमा दूध चुहाएर घर आइपुग्दा पनि दूध घटेन । धेरै दिनसम्म यस्तो दृश्य देखेको त्यो अहीरले गाईले दूध खसालेको ठाउँमा खनेर हेर्दा शिवलिङ देख्यो । गाइका खुरले कोतरेको ठाउँमा लिङ्ग उत्पन्न भएकाले गोखुरेश्वर भन्ने गरिएको त्यस लिङ्गमा अहीरले शिवलिङ्गको पूजा पनि गर्न थाल्यो । त्यो पुण्यले गर्दा अहीर शिवलोक जान पायो । गोखुरेश्वरको महिमा बताएपछि नेमुनिले विरूपाक्षलाई पाण्डुकेश्वर दर्शन गर्ने उपदेश दिनुभयो ।

## ११२. पाण्डुकेश्वर महिमा

गोखुरेश्वर दर्शनपछि नेमुनिसँग गएका विरूपाक्षले भद्रतीर्थमा स्नान गरेर पाण्डुकेश्वर शिवलिङ्गको दर्शन गरे । दर्शनपछि लिङ्ग महिमा सुन्न चाहेका विरूपाक्षलाई मुनि भन्नुहुन्छ- मरीचिका छोरा पाण्डुकले धेरै यात्रा गरिसकेर रेविका र रेतोवतीको संगम स्थित शान्त स्थलमा भद्र तरिकाले शिवको आराधना गरे । उनको आराधनाले त्यहाँ लिङ्ग प्रादुर्भाव भयो । पाण्डुकले मुक्ति पनि पाए ।

यस्तै शंकुकर्ण नामको दैत्यले त्यसै ठाउँमा आएर शिवको तपस्या गरेर शिवबाट पाशुपतास्त्र प्राप्त गऱ्यो र सबै देवताहरू माथि विजय गरेर स्वर्गको राजा बन्यो । दैत्यले राज्य गरेपछि दुःख पाएका देवताहरू ब्रह्मासमक्ष गएर दुःख व्यक्त गरे । ब्रह्माले शिवको वरदान पाएकाले उसलाई केही गर्न नसकिने बताउनुभयो । त्यसपछि देवताहरू विष्णुसमक्ष गए र दैत्य माथि विजय गर्न अनुरोध गरे । विष्णु पनि देवताहरूका साथमा शंकुकर्णसँग युद्ध गर्न जानुभयो । घनघोर युद्ध भयो । कसैको पनि विजय भएन, गरुडले पनि केही गर्न सकेनन् । विष्णुले सुदर्शन चक्र र शंकुकर्णले पाशुपतास्त्र प्रहार गरे । तैपनि हारजित भएन । दुवैतर्फ धेरै

नोक्सान भएपछि शिव त्यहीँ आउनुभयो र विष्णुलाई आफूले चिरञ्जीवी हुने वरदान दिएकाले जित्न नसकेको बताउनुभयो । कालान्तरमा शिवले दैत्यलाई शिवलोक लगेर आफ्नो गणमा सामेल गर्नुभयो । भद्रतीर्थमा स्नान गरेर पाण्डुकेश्वरको दर्शनपछि नेमुनिले विरूपाक्षलाई चित्रकूटेश्वरको गालव दर्शन गर्न उपदेश दिनुभयो ।

## ११३. गालवतीर्थ एवं चित्रकूटेश्वरलिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले गालवतीर्थमा स्नान गरेर चित्रकूटेश्वरको दर्शन गरे । दर्शन गरेपछि उनले त्यस तीर्थ र लिङ्गको महिमा बताइदिन अनुरोध गरेपछि नेमुनिले भन्नुभयो- गण्डवती र श्वेतकान्ति नदीका संगममा गालव ऋषिले स्नान गरे । त्यसपछि उनी चित्रकूट पर्वतमा गएर शिवको ध्यान गर्न लागे । निरन्तर ध्यान गरेपछि त्यहाँ लिङ्ग उत्पन्न भयो । त्यसै लिङ्गको दर्शन र पूजापछि गालव मुक्त भएका थिए ।

यस्तै सुदर्शन नामका एकजना राजा युवक अवस्थादेखि नै राजसी बुद्धिका थिए । एकदिन उनी शिकार खेल्दै जाँदा चित्रकूट पर्वतमा पुगे । उनले त्यहाँ एउटा मृगलाई देखेर वाण हान्न लागे । मृग आफूलाई वाण हान्न लागेको देखेर दौडियो र संयोगवस चित्रकूटेश्वर शिवलिङ्गलाई छोयो । छुने वित्तिकै उसलाई जाति स्मरण भयो र शिकारी राजालाई भन्यो- हे राजा ! म पूर्वजन्ममा कोशल देशको राजा थिएँ । म पनि शिकार खेल्थेँ । मैले तपाईंलाई मृग हुँदा मारेको थिएँ । अहिले तपाईं शिकारी र म मृग भएका छौँ । अब म गालव तीर्थमा स्नान गरेर यसै लिङ्गको सेवा गर्छु र मुक्त हुन्छु ।

मृगले भनेअनुसार हुन्छ कि हुँदैन भनेर शिकारी राजा हेर्न थाले । केहि समयपश्चात् मृग मुक्त भयो । त्यसपछि उनले पनि शिवलिङ्गको सेवा गर्न थाले र अन्त्यमा मुक्त भएर शिवलोक बस्न थाले । पछि ती दुबै

मृग र शिकारी सुमुख र दुर्मुख नामका शिवका पार्श्ववर्ती बने । त्यसपछि विरूपाक्षलाई नेमुनिले असितेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो ।

## ११४. असितेश्वर महिमा

असितेश्वरको दर्शन गरी विरूपाक्षले त्यस तीर्थको महिमाबारे सोधेपछि नेमुनि भन्नुभयो- इन्द्रले स्नान गरेको शक्रवती नदी र भानुमती नदीको संगममा असित नामका मुनिले स्नान गरे र त्यहीँ उनले लिङ्ग पनि स्थापना गरे । त्यसै लिङ्गमा असितेश्वर शिव उत्पन्न भएर मुनिलाई अरूभन्दा चार गुणा बढी बाच्ने र धेरै योजन हिँड्न सक्ने वरदान दिनुभयो । असित मुक्त पनि भए ।

यस्तै एउटा शूद्र कुखुराको जस्तो मुख भएको थियो । उसलाई सबैले उपहास गर्थे । त्यसैले ऊ घर छोडेर हिँड्यो र असितेश्वरको नजिकमा पुग्यो । त्यहाँ उसले शुद्ध नामका मुनिलाई भेटेर उपहासको पात्र नहुने उपाय सोध्यो । मुनिले उसलाई असितेश्वरको उपासना गर्ने उपदेश दिए । उपदेशअनुसार गरेर त्यो कुखुरामुखे शूद्र मुक्त भयो र शिवगणमा रहन पायो । त्यसपछि नेमुनिले विरूपाक्षलाई शक्रवती र गण्डकीको संगममा रहेको भैरवेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो ।

## ११५. भैरवेश्वर महिमा

गण्डकी किनारको भैरवतीर्थमा स्नान गरेर भैरवेश्वर शिवको दर्शन गरेपछि त्यहाँको महिमा बताउँदै नेमुनि भन्नुहुन्छ- हे विरूपाक्ष ! कालाग्नि स्वरूपका भैरवरूपी शिवले सम्पूर्ण प्राणी भक्षण गरेर पृथ्वी खाली गरेपछि हिमालयमा गएर बस्नुभयो । त्यसैबेला ब्रह्माजीले तपस्या गरेर भैरव स्वरूप शिवबाट सृष्टि पूरा गर्ने वरदान पाउनु भएको थियो ।

एकपटक पूर्वजन्मको कारणले एउटा मात्र आँखा देख्ने वैश्यले सबैले निन्दा गरेको कारण हिँडिरहेको अवस्थामा धर्मशर्मा नामका ज्ञानीलाई सोधे- मैले एउटा आँखा नदेख्नुको कारण के हो ? धर्मशर्माले भने- पूर्व जन्ममा तिमीले भगवान्‌लाई चढाएका बत्ती आफ्नो खुशीले लिएकाले कानो बन्नु परेको हो । यसबाट मुक्ति पाउन नेपाल स्थित भैरव तीर्थमा स्नान गरेर भैरवेश्वर शिवको उपासना गर्नुपर्छ । उपदेशअनुसार कानोले स्नान गरी बत्ती समर्पण गरेर शिवको उपासना गरे । एकदिन स्नान गर्न गएको बेलामा गोहीले समातेको त्यो कानोलाई शिवगण आएर शिवलोक लगेका थिए ।

भैरवेश्वरको महिमा सुनाएपछि नेमुनिले विरूपाक्षलाई असुरलाई वरदान दिने ब्रह्मेश्वर शिवको दर्शन गर्ने उपदेश दिनुभयो ।

## ११६. ब्रह्मेश्वर महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले ब्रह्मतीर्थ स्नान गरेर ब्रह्मेश्वरको दर्शन गरे । त्यसपछि उनलाई त्यस तीर्थ र लिङ्गको महिमा बताउँदै नेमुनि भन्नुहुन्छ- महाप्रलयको १२० हजार वर्षपछि ब्रह्माले शिवको तपस्या गर्न ब्रह्माले मृगेन्द्र पर्वतबाट नदी प्रकट गराउनुभयो । ब्रह्मगङ्गा नामकी नदी र त्यस अघि नै ब्रह्माकै घुडाबाट निस्किएकी ब्रह्मायणी नामका २ नदीको संगममा तपस्या गर्नुभयो । ब्रह्माले तपस्या गरेकाले त्यो ब्रह्मतीर्थ बन्यो । त्यसपछि पर्व पर्वमा रुद्रमन्त्रले शिवको आराधनजा गर्नुभयो । त्यहाँ शिवलिङ्ग प्रकट भयो र ब्रह्मालाई चार किसिमका (जरायुज, अण्डज, स्वेदज र उद्‌भिज) प्राणी सृष्टि गर्ने वरदान दिनुभयो ।

त्यसै पवित्र स्थानमा एउटा धनुर्धारी म्लेच्छ शिकार खेल्दै पुग्यो । त्यहाँ उसले एउटा राक्षसलाई देख्यो र वाण हान्यो । वाण लागेर घाइते भएको राक्षसले पनि उसलाई लखेट्यो । दुबै दौडिए र ब्रह्मतीर्थ पुगे । राक्षसले म्लेच्छलाई भेट्टायो र त्यहीँ मारिदियो । त्यसपछि त्यो घाइते राक्षस

पनि मऱ्यो । मरेको त्यो राक्षस ब्रह्मशर्मा नामको विद्वान ब्राह्मण भएर जन्मियो । त्यो ब्राह्मण शिवाराधना गरेर मुक्त हुनसक्यो । त्यस्तै राक्षस वलि दैत्यको छोरो वाणासुर भएर जन्मियो । वाणासुरले पनि बाबुको पराक्रमअनुसारकै बन्ने उद्देश्य राखेर शिवको आराधना गऱ्यो र शिवबाट १००० हात हुने, देवता र दैत्यबाट समेत मर्नु नपर्ने वरदान पायो । शिवको वरदानबाट उन्मत्त भएको वाणासुरले देवतामाथि पनि शासन गर्न सक्ने शक्ति आर्जन गऱ्यो । तर ऊ आफ्नो छोरीको कारणले कृष्णद्वारा परास्त भयो । विष्णुले २ हात बाँकी राखेर अरू सबै हात काटिदिनुभयो र मार्न लाग्दा शिव नै आएर विष्णुसँग कुरा गरी नमार्ने बनाउनुभयो । पछि वाणासुरले उसकी छोरी उषालाई कृष्णका छोरा प्रद्युम्नसँग विवाह गरिदिएपछि शिवगण भएर बस्न पायो ।

## ११७. स्कन्द तीर्थ र स्कन्देश्वर महिमा

ब्रह्मतीर्थमा स्नान गरेर ब्रह्मज्ञानी भएका विरूपाक्षले कृष्णपक्षको द्वितीयामा निराहार बसेर स्कन्दतीर्थमा स्नान गरी स्कन्देश्वरको दर्शन गरे । त्यसपछि उनले स्कन्दतीर्थ र स्कन्देश्वर लिङ्गको महिमा सोधेपछि ने मुनिले भन्नुभयो- स्कन्दकुमारले तारकासुर वध गर्ने शक्तिको निमित्त यहाँ १२ वर्ष कठिन तपस्या गर्नुभएको थियो । स्कन्दले चन्द्रदिप्ती र सिद्धरश्मी नदीको संगममा स्नान गर्नुभयो । स्कन्दले स्नान गरेको हुनाले त्यो संगमलाई स्कन्दतीर्थ भनिछ । त्यहाँ नुहाएर स्कन्दले गुफाभित्र पसेर लिङ्ग स्थापना गर्नुभएको थियो । त्यहाँ गरेको पूजा आराधनाबाट शिव प्रसन्न भएर तारकलाई वध गर्नसक्ने वरदान दिनुभयो ।

आशौच दोषले ब्राह्मणबाट सुँगुरको जन्म लिन पुगेका भिन्नाभिन्नै ठाउँमा बस्ने २ वटा सुँगुर एकदिन त्यसै संगममा पुगे र आपसमा झगडा गर्दै संगममा पसेर बाहिर आए । बाहिर आउँदा एउटाको मुखमात्र मान्छेको जस्तो र अर्काको मुख मात्र सुँगुरको जस्तो हुन पुग्यो । लिङ्गमा मुख घर्षण गर्दै

ती सुँगुरहरू एकवर्षसम्म त्यहीँ बसे र मरे । त्यसपछि स्कन्दतीर्थमा वसेर स्नान र शिवपूजा गरेकाले शिवदूत आएर उनीहरूलाई शिवलोक लगेका थिए । नेमुनि पुनः भन्नुहुन्छ- हे विरूपाक्ष ! म तिमीलाई अब मृगेन्द्रकूट पर्वतको महात्म्य सुनाउँछु ।

## ११८. नृसिंह तीर्थ र रुद्रेश्वर शिवलिङ्ग महिमा

नृसिंहतीर्थमा स्नान गरेपछि विरूपाक्षले नेमुनिसँगै रुद्रेश्वर शिवलिङ्गको दर्शन गरे । दर्शनपछि उनले त्यो तीर्थ र लिङ्गको महिमा बताइदिन अनुरोध गरे । त्यसबेला नेमुनिले भन्नुभयो- हिरण्यकशिपुको वध गरेपछि नृसिंह रूपी भगवान् मृगेन्द्र पर्वत जानुभयो र गङ्गा आह्वान गर्नुभयो । आह्वानपछि ज्येष्ठिला नदी प्रवाहित भयो । मृगेन्द्र भगवान्ले जेष्ठिला र मृगेन्द्र पर्वतबाट बगेको अर्को नदी विश्वगङ्गाको संगममा स्नान र मृगेन्द्र पर्वतमा भएको शतरुद्र शिवलिङ्गको पूजा आराधना गर्नुभएको थियो ।

सूर्यकेतु नामका राजाले त्यहाँको स्नान र दर्शन गरेपछि मुक्ति पाएको प्रसंग पनि बताउँछु। परशुरामले सबै क्षत्रीय राजाहरूमाथि विजय गरिसके पछि सूर्यकेतु नामका राजालाई सम्पूर्ण पृथ्वीको अधिपति बनाउनुभयो । १२ वर्ष पृथ्वीको भोग गरेपछि ती राजाले परशुरामलाई नै धितो बुझाएर पत्नीसहित हिमालयमा गएर रुद्रेश्वर लिङ्गको पूजा गरे । त्यसैबेला उनले प्रद्युम्नलाई आफ्नी चन्द्रावती छोरी दिए । सूर्यकेतु राजाले द्वारका र वाग्मतीको पनि आराधना गरे । राजाको सेवाबाट रुद्रेश्वर शिव प्रसन्न भई दर्शन दिनुभयो र आफ्नो गणमा समावेश हुन पाउने वरदान दिनुभयो । त्यसपछि नेमुनिले विरूपाक्षलाई काकेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो ।

## ११९. काकेश्वर महिमा

रुद्रेश्वरको महिमा सुनेपछि त्यहाँ पुगेका विरूपाक्षले त्यहाँको पनि दर्शन गरे । त्यसपछि उनले त्यहाँको महिमा बताइदिन अनुरोध गरेपछि

नेमुनि भन्नुहुन्छ- एकपटक कैलाशमा शिवपार्वती अन्तरङ्ग कुरा गरेर बसिर हनुभएको थियो । त्यसबेला शिवले भन्नुभयो- यो संसार मेरै मायाको कारणले बनेको छ । म विना केही पनि हुँदैन । त्यो सुनेर पार्वतीले भन्नुभयो- हजूर जस्ता संसारका मालिकले आफ्नो प्रशंसा आफै गर्न सुहाउँदैन । यत्तिकैमा शिव अन्तर्ध्यान हुनुभयो । पार्वती पनि शिवको खोजी गर्न लाग्नुभयो । त्यसैबेलामा तारकासुरले दुःख दिएका देवता शिव भेट्न आए । देवताहरू शिवलाई नदेखेर विचलित बने । उनीहरूले शिवको बारेमा पार्वतीलाई थाहा हुन्छ भनेर पार्वतीको ध्यान गरे । पार्वती कागको रूप लिएर आउनुभयो र उनीहरूलाई देखेर भन्नुभयो- शिव यतै हुनुहुन्छ, खोज्नुहोस् ।

देवताहरू चिन्तित भैरहेको बेलामा कागको रूपले पार्वतीले संकेत गरेको विषयलाई विष्णुले कागको वचन सत्य हुन्छ, शिव यहीँ नजिकै हुनुहुन्छ, खोजौँ भन्नुभयो । खोज्दा शिवलाई ध्यान गरेको देखेर स्तुति गरे । तर शिव मणिचूड पर्वत तिर जानुभयो । देवताहरू पनि उतै गए । काकरूपी पार्वती पनि अदृश्य हुनुभयो । जहाँ शिवले ध्यान गर्नुभएको थियो, पार्वतीले कागको बोलीले संकेत गर्नुभएको थियो, देवताहरूले त्यहीँ लिङ्ग स्थापना गरी कागेश्वर शिवको पूजा गर्न थाले ।

## १२०. मणिचूडेश्वर र वज्रयोगिनीको महिमा

आकाशगङ्गामा स्नान गरेर कागेश्वरको दर्शनले निष्पापी बनेका विरूपाक्षले नेमुनिका साथमा मणिचूड पर्वतमा गएर मणिचूडेश्वर शिवको दर्शन गरे । दर्शनपछि विरूपाक्षले सोधे- मणिचूडेश्वर शिवको महिमा बताइदिनुहोस्, यहाँ दर्शन गरेर कसले के फल पाएको थियो, त्यो पनि भनिदिनुहोस् । विरूपाक्षको जिज्ञासामा नेमुनि भन्नुहुन्छ- त्यो एकान्तस्थलमा शिवलाई कागेश्वरी पार्वतीले देख्नुभयो र देवताहरूलाई देखाइदिनुभयो । त्यहाँ लिङ्ग रूपमा बसेका शिवले पार्वतीलाई पनि मोहित बनाइदिनुभयो ।

त्यसपछि शिव त्यसै मणिचूड पर्वतमा तलाउ बनाएर तलाउको बीचमा आफ्नो शरीर छोपेर बस्न थाल्नुभयो । त्यसबाट फेरि चिन्तित बनेका देवताहरूलाई संझाउदै ब्रह्माले वज्रयोगिनी देवीको स्तुति गर्न लगाउनुभयो। सबै देवताहरूले हे देवी हाम्रो दुःख नाश गरिदिनुहोस् भनेर स्तुति गरे-

**ॐ नमो वज्रयोगिन्यै वज्राख्यायै नमोनमः ।**
**वज्रदेव्यै च वज्रायै महायोगिनि ते नमः । १२**

स्तुतिबाट प्रसन्न भएपछि वज्रयोगिनीले भन्नुभयो- मलाई समेत मायामा भुलाएर शिव नजिकैको तलाउमा बस्नुभएको छ । मेरो क्षेमङ्करी नामको रूप पनि त्यसै तलाउमा छ, तपाईंहरूले त्यहीँ शिवको दर्शन पाउन सक्नुहुन्छ । देवताहरू खुशी भए । देवीलाई प्रणाम गरेर मणिचूड गएर त्यहाँ उनीहरूले पक्षीरूपले उडिरहेकी क्षेमङ्करी योगिनीलाई देखेर प्रणाम गरे । देवताहरूले पनि तलाउमा स्नान गरेर शिवमन्त्र जपेपछि शिव प्रसन्न भएर दर्शन दिई भन्नुभयो- शत्रुदेखि डराउनुपर्दैन । यहाँ आएर मेरो दर्शन गर्नेले मेरो लोकको गति पाउँछ । मणिचूडबाट निस्किएकी नदीमा स्नान गरेपछि वाजपेय यज्ञफल पाइन्छ । देवताहरूलाई त्यसरी उपदेश गरेपछि शिवपार्वती र क्षेमङ्करी पनि आफ्नो १-१ अंश त्यहाँ छोडेर जानुभयो । शिकार खेल्दै आएको एउटा म्लेच्छ पनि त्यहाँ पुग्ने वित्तिकै निष्पापी बन्यो र मणिचूडेश्वरको दर्शन गरेर कृशाङ्ग नामको शिवदूत बन्न पायो ।

## १२१. योगगङ्गा योगेश्वरी महिमा

वज्रयोगिनीको दर्शन गरेपछि नेमुनिको उपदेशअनुसार विरूपाक्षले फाल्गुन अष्टमीका दिन योग गङ्गामा स्नान गरेर योगिनी देवी र उनका गणको पूजा गरे । उनले त्यहाँको महिमा पनि सोधेपछि नेमुनिले भन्नुभयो- पहिले ब्रह्माजीद्वारा स्तुति गरिएकी विष्णुको आँखामा बस्ने निद्रा रूपिणी देवी नै

योगिनी हुनुहुन्छ। ती देवी ब्रह्माजीले रचना गरेको मणिमय पर्वतमा योग साधना गरेर बस्नुहुन्छ। उनै देवीको स्तुति ब्रह्मा विष्णु शिवहरूले पनि गर्नुभएको थियो। उनै देवीबाट सप्तर्षिले सप्तब्रह्मा हुने वरदान पाएका थिए। तिनै देवीको स्तुति तिमी पनि गर।

उपदेशअनुसार विरूपाक्षले विविधा भक्ति गरेर देवीको आराधना र स्तुति गरे। विरूपाक्षको भक्तिबाट सन्तुष्ट भएर देवीले चिरञ्जीवी हुने वरदान दिनुभयो र अरू पनि तीर्थाटन गर्ने सुझाव दिनुभयो। त्यसै स्थानमा उनै देवीबाट कलिङ्गराज देवीदास मुक्त भएका थिए।

देवीदास पुण्यवान थिए। एकदिन उनले नारदबाट देवीको प्रशंसा सुने र छोरालाई राज्य दिएर तपस्या गर्न गए। देवीदासले योगगङ्गामा स्नान गरेर योगेश्वर शिव र योगेश्वरी देवीको भक्ति गरेर उनले शिवलोक जान पाए। हे विरूपाक्ष अब म तिमीलाई नारायण महालिङ्गको दर्शन गर्ने उपदेश दिन्छु।

## १२२. नारायणतीर्थ एवं नारायणलिङ्ग महिमा

नेमुनिको उपदेश अनुसार विरूपाक्षले नारायण तीर्थमा स्नान र नारायण लिङ्गमा पूजा गरे। त्यसपछि उनले ती पवित्र स्थलको महिमा सोधे। नेमुनिले उनलाई भन्नुभयो- स्वयं नारायणले स्नान गरेर भगवान्को आराधना गर्दा जलको मध्यमा लिङ्ग उत्पन्न भएकाले शिवप्रसन्न भएर नारायणको नामबाट तीर्थको नाम र लिङ्गको नाम प्रसिद्ध हुने बताउनुभयो। साथै शिवले त्यहाँको दर्शनले नारायण स्वरूप हुन पाउने पनि आशीर्वाद दिनुभयो।

एकपटक साक्षी बसेको एउटा विप्र सभा सकिएपछि पक्षविपक्षले दिएका प्रमाणबारे केही पनि नबोलेकाले बहिरो किरात भएर जन्मिएको थियो। एकदिन खानेकुरा खोज्दै जाँदा उदुम्वरको रूखमा चढेको बेलामा हागो

भाँचिएर ऊ नारायण तलाउमा खस्न पुग्यो। त्यहाँको पुण्यले ऊ किनारमा आउने वित्तिकै टाढा टाढाका शब्द समेत सुन्न सक्ने भयो। त्यसै तीर्थमा एक वर्षसम्म सेवा गरेर बसेपछि ऊ मऱ्यो र शिवलोक जान पायो। अब म योगतीर्थ गएर ज्योतिरूप महारुद्रको उपासना गर्ने उपदेश दिन्छु।

## १२३. योगतीर्थ एवं ज्योतिरूप शिव महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले योगतीर्थमा स्नान गरेर ज्योतिरूप शिवको दर्शन गरे। त्यसपछि उनले महिमाबारे सोधेपछि नेमुनि भन्नुहुन्छ- ब्रह्मपुत्रको महिमा सुनेकाले त्यसै तीर्थमा स्नान गरेर शिवाराधना गर्दा त्यसको नजिकै घ्यूको भाडोमा ज्योतिरूप शिवलिङ्गको उत्पत्ति भयो। लिङ्गरुप महादेवले प्रसन्न भएर उनलाई चिरञ्जीवी हुने र ब्रह्मचारी भएर बस्ने आशीर्वाद र उपदेश दिनुभएको थियो। स्कन्दले योगाभ्यास गरेकाले योगतीर्थ र ज्योतिरूप शिव उत्पन्न हुनुभएकाले ज्योतिरूप शिवको नामले त्यो तीर्थ प्रसिद्ध भएको हो।

हे विरूपाक्ष ! एउटा विप्रले धेरै पत्नी ल्याई अशुद्ध वस्तु खाएको पापले दुःख पाई भिक्षुक हुनु परेको अवस्थामा त्यहीँ पुग्दा अरूले स्नान, पितृतर्पण गरेको देखे। त्यहाँ उनले हारीत मुनिलाई पनि भेटे र दुःख निवरणका उपाय सोधे। मुनिले त्यसै तीर्थको सेवा गर्ने उपदेश गरेअनुसार भिक्षुकले पूजा गरे। वैशाख कृष्ण पञ्चमीका ५ रात त्यहाँ बसेर पूजा गर्दा शिवदूत आएर उनलाई शिवलोक लगे। अब म तिमीलाई रत्नचूडेश्वर दर्शन गर्ने उपदेश दिन्छु।

## १२४. रत्नसरोवर एवं रत्नचूडेश्वर महिमा

नेमुनिको उपदेशअनुसार रत्नसरोवरमा स्नान गरेर रत्नेश्वर शिवलिङ्गको पूजा गरेपछि विरूपाक्षले त्यहाँको महिमा बताइदिन अनुरोध गरे। नेमुनि भन्नुहुन्छ- स्वयं ब्रह्माजीले यो तलाउ निर्माण गरेर रत्नै रत्नको

लिङ्ग कल्पना गरी उत्पत्ति गराउनु भएकोले यो तीर्थको नाम रत्न सरोवर र लिङ्गको नाम रत्नचूडेश्वर भएको हो। यसै तलाउबाट नवधारा नदी बग्दछ।

पूर्वजन्ममा अनाचार गरेको पापले एउटा विप्र पिशाच जस्तै मैला लुगा लगाउने, झुटो बोल्ने, रीस उठाउने गर्दथे। २५ वर्षकै उमेरमा आमा बाबु र पत्नी समेत मरेकाले उनी विरक्त भएर नदी किनारमा गए। त्यहाँ एकजना मुनिलाई सन्ध्या गर्न लागेको देखेर नजिकै गएर पादस्पर्श गर्न खोजे। मुनिले झस्याङ्ग भएर पापीले छुन हुँदैन भने। त्यो सुनेर उनले के गर्दा मेरो शरीर शुद्ध हुन्छ, सोधे। मुनिले भने- रत्न सारोवरमा स्नान गरेर रत्नेश्वरको दर्शन गर्नाले शुद्ध हुन्छ। त्यो व्यक्तिले रत्न सरोवरमा नुहाएर रत्नेश्वरको दर्शन गर्‍यो। वीरपूजा पद्धतिले शिवको पूजा गर्‍यो। शिवजी खुशी भएर उसलाई वीरमार्गले पूजा गरेकोले आफ्नो वरिष्ठ गण भएर वस्न पाउने वरदान दिनुभयो। त्यसपछि नेमुनिले विरूपाक्षलाई वागीश्वरको दर्शन गर्ने उपदेश दिनुभयो।

## १२५. वीरा नदी एवं वागीश्वर शिवमहिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले वीरा नदीमा स्नान गरेर वागीश्वर शिवलिङ्गको दर्शन गरेपछि नदी र लिङ्गको महिमा सोधे। नेमुनिले भन्नुभयो- वाक नामका मुनिले पहाडबाट निस्कन लागेकी नदीमा वीरभावले स्नान गरेकाले नदीको नाम वीरा रह्यो। उनले त्यस नदीमा स्नान गरेर लिङ्ग स्थापन गरे, शिवध्यान गरे। श्रावणी पूर्णिमाका दिन शिव उत्पन्न भएर उनलाई वरदान दिँदै भन्नुभयो- तिमीले स्थापना गरेको लिङ्गबाट म आएकाले यो लिङ्गको नाम तिम्रो नामबाट रहनेछ। यस लिङ्गको दर्शन गर्नेले मेरो लोकमा जान पाउनेछ। त्यसरी वागीश्वरबारे बताएपछि नेमुनिले विरूपाक्षलाई त्यहाँ स्थित कीलेश्वर लिङ्गको दर्शन गर्ने उपदेश दिनुभयो।

## १२६. कीलेश्वर लिङ्ग दर्शन एवं मुर राक्षस बध

नेमुनिको उपदेशअनुसार उनै मुनिका साथमा विरूपाक्ष दोलागिरीमा गए। उनले शंख तलाउमा स्नान गरे । कीलेश्वर शिवलिङ्गको, गरुडको र गरुडमाथि बस्नुभएका विष्णुको दर्शन गरे । त्यसपछि विरूपाक्षले दर्शन गर्नुको महिमा सोधेपछि नेमुनिले भन्नुभयो- एकार्णव समुद्रमा सुतेको समयमा शिवले विष्णुलाई भन्नुभयो- मेरो पूर्वपट्टि वस्नुहोस्, मेरै शरीर मानेर लोकले तपाईंलाई पूजा गर्नेछ । त्यसपछि विष्णु पनि गरुडका साथमा त्यहीँ बस्न थाल्नुभयो ।

एकपटक मुर नामको दानवले भराटेश्वर शिवको तपस्या गऱ्यो । हजार वर्ष तपस्या गरेपछि वरदान पाएर ऊ सुप्रभा नामको शहरको राजा भई राज्य गर्न लाग्यो । राज्य गर्दा देवतामाथि विजय गरेर तीनलोककै राजा भएर उसले देवताहरूलाई दुःख दिन थाल्यो। दुःख पाएका देवताहरू विष्णुसमक्ष गए। विष्णु देवताहरूको दुःख सुनेर दैत्यसँग युद्ध गर्न जानुभयो। घनघोर युद्ध भयो । विष्णुले धेरै दैत्यको वध गर्नुभयो (**जघान दानवान् विष्णुश्चक्रेणैव सहस्रशः- २८**) । त्यसैबेला कुवेर, वायु, इशान, गरुडहरूले पनि आ-आफ्ना शस्त्रास्त्र प्रहार गरेर धेरै दानवहरूलाई तितरवितर पारे । वाग्मती र सुन्दरी नदी मिलेको ठाउँमा गरुडले नङ्ग्राले पहाडका ढुंगाहरू ल्याएर दानवमाथि वर्षा गरे। त्यसपछि मुर अगाडि आयो र वाण हान्न थाल्यो। मुरले कुम्भोदर राक्षसलाई विष्णुसमक्ष पठाएर लक्ष्मीलाई आफूसमक्ष पठाइदिनू, नभए वंशसमेत नाश गरेर लक्ष्मीलाई हात लगाउछु भन्ने सन्देश पठायो । विष्णुले कुम्भोदरको कुरा सुनेपछि क्रोधित बन्दै मुरलाई मार्न लाग्नुभयो। त्यसैबेला आकाशबाट यस्तो शिववाणी सुन्नुभयो- 'हे विष्णु ! मुरलाई तपाईं नमार्नुहोस्, मेरी महादेवीले मार्नेछिन्' । त्यो आकाशवाणी सुनेपछि विष्णु फर्कनुभयो र दोलपर्वतस्थित शिव बसेको ठाउँमा जानुभयो। दैत्य पनि त्यहीँ आयो। मुरले दोलागिरिलाई नै हल्लाउन थाल्यो। त्यसैबेला विष्णुले शिवको स्मरण गर्नुभयो । स्मरण गर्ने वित्तिकै कीलेश्वर लिङ्गमा

प्रादुर्भाव भएर विष्णुलाई भन्नुभयो- हे विष्णु ! तपाईंले संसारको रक्षा गर्नुहोस् ।

विष्णुले पनि शिवको वचनअनुसार शिर काटेर देवीको आराधना गर्नुभयो । दैत्यले विष्णुको मायाले शिर काटिएको देख्यो । त्यसबेला विष्णु गरुडमाथि बस्नुभएको थियो । दैत्यले गरुडलाई पनि मार्न खोज्यो । तर महादेवी प्रकट भएर मुरको वध गर्नुभयो । त्यो देखेर विष्णु र अरू देवताहरूले महामायाको स्तुति गर्नुभयो । त्यसै ठाँउमा कीलेश्वरलिङ्ग स्थापना भएको थियो ।

## १२७. कीलेश्वर महिमा

कीलेश्वर शिवलिङ्गको उत्पत्ति बारे बताएपछि नेमुनिले लिङ्गको महिमा भन्न थाल्नुभयो- विष्णुभद्र नामका, सर्वशास्त्र जानेका विप्र द्वारवतीमा सांख्ययोगका माध्यमले शरीर त्याग गर्ने इच्छाले गएका थिए । द्वारवती पुगेपछि उनलाई साधना गर्नुपर्छ भनेर विष्णुले भन्नुभयो- यहाँ होइन, म दोलागिरीमा बस्छु, त्यहीँ जाऊ भनेपछि उनी त्यहीँ गई प्राण त्यागेर मुक्त भए ।

यस्तै सग्रीव नामको किन्नर गीतवाद्य गर्दै दोलागिरि पुग्यो शिवलाई पूजा गरेर बस्यो । त्यो पुण्यले ऊ मरेपछि हयवक्त्र नामको शिवको प्रमथगणको प्रमुख भएर बस्न पायो । यस्तै ब्रह्मपुरमा एउटा पञ्चपातकी विप्र थियो । ऊ धेरै किसिमका पाप कर्म गर्दथ्यो । उसका दुष्कर्मले गर्दा बन्धूबान्धवले त्यागि दिए । घुम्दै त्यो पातकी दोलागिरि पुग्यो र कीलेश्वरलाई देख्यो । देख्ने वित्तिकै उसलाई लिङ्ग पूजा गर्ने र त्यहीँ बस्ने मनमा आयो । ऊ त्यहीँ बस्यो । केही समयपछि त्यो मऱ्यो । उसलाई लिन शिवदूत र विष्णुदूत दुबै आए र दुबैले 'हामीले लैजान्छौँ' भनी झगडा गर्नथाले । त्यसबेला योगिनीले पठाएका गण आएर पञ्चपातकीलाई देवीलोकमा लिएर गए ।

यस्तै एकपटक गरुड र सर्पको झगडा हुँदा गरुडको जित भएकाले अष्टनागलाई छोडेर बाँकी सबैलाई गरुडले खान थाले । त्यसबेला

शंखनामको नागले तपस्या गरेर बसेकाले त्यो तलाउको नाम शंखह्रद रह्‍यो। त्यहाँ स्नान गरेर कीलेश्वरको दर्शन गरेमा सबै पाप नाश हुन्छन्। अब तिमी हनुमानले नित्यपूजा गर्ने वीरभद्रतीर्थको वाल्मीकीश्वरको दर्शन गर्न जाऊ।

## १२८. वीरभद्रतीर्थ र वाल्मीकीश्वर लिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले हनुमानसहित भएर बस्नुभएका वाल्मीकीश शिवलिङ्गको दर्शन गरेपछि त्यो तीर्थ र लिङ्गको महिमा सोधे।

नेमुनि भन्नुहुन्छ- मैले पहिले बताएको वीरानदी र भद्राचलबाट निस्किएको भद्रानदीको संगमलाई नै वीरभद्रतीर्थ भनिन्छ। एउटी दुर्मुखी नामकी म्लेच्छ पत्नीका पूर्वजन्मको पापले गर्दा धेरै सन्तान थिए। एकपटक खानेकुरा खोज्न वनमा गएको बेलामा उसले अर्को सन्तान पनि जन्माई। त्यो नवजात बालकलाई वनमा छोडेर दुर्मुखी घर गई। शिकार खेल्दै आएको एउटा व्यक्तिले बालक रोइरहेको देख्यो र बालककी आमालाई नदेखेर आफैँ पाल्न भनी घर लग्यो र पत्नी शिलालाई बालक जिम्मा लगायो। शिलाले राम्रोसँग पालन पोषण गरी। १२ वर्ष भएपछि त्यो बालक पनि शिकार खेल्न सक्ने भएर वनतिर हिँड्न थाल्यो। एकदिन ऊ हनुमान सहितका शिवसमक्ष पुग्यो। त्यही स्नान गऱ्यो। त्यत्तिकैमा उसको बुद्धि शुद्ध भयो। शिवलिङ्गको सेवा गरेर राजा हुने कामना गऱ्यो। अन्ततः ऊ मरेपछि मध्यप्रदेशको विश्वकेतु नामको राजा बन्न गयो।

राजा भएपछि अहंकारले गर्दा उसले हत्या हिंसा गर्न थाल्यो। शत्रुहरूले जितेर उसको राज्य नै लिन पुगे। त्यसबाट विरक्त भएर घुम्दै ऊ त्यसै हनुमान र शिव भएको स्थानमा पुग्यो। त्यहाँ पुगेर हनुमान र शिवको दर्शन पाउने वित्तिकै उसलाई पूर्वजन्मको ज्ञान भयो। मरेपछि उसलाई शिवगण आएर शिवलोक लगे। ऊ विश्वकेतु नामको शिवगण भएर बस्न थाल्यो। हे विरूपाक्ष ! अब म तिमीलाई वरुण वनमा रहेको मंगलेश्वर शिवलिङ्गको दर्शन गर्ने उपदेश दिन्छु।

## १२९. मङ्गलेश्वर महिमा

नेमुनिको उपदेशअनुसार भद्रा नदीमा स्नान गरेर मङ्गलेश्वरको दर्शन गरेपछि विरूपाक्षले त्यहाँको महिमा सोधे । नेमुनि मङ्गलेश्वरको महिमा बताउदै भन्नुहुन्छ- मङ्गल नामका मुनिले भोक ताप केही नभनेर सांख्ययोगको माध्यमले शिवमन्त्र जपेर लिङ्ग स्थापना गरी शिवको ध्यान गरेर मुक्ति पाएका थिए। त्यसैले यो लिङ्गलाई मङ्गलेश्वर भन्न थालिएको हो। उर्ध्वकेश नामको एउटा शिकारी शिकार खेल्दै यहाँ आइपुगेर शिवध्यान गरेर बस्न थाल्यो । सधैँ शिवपूजा गरेर बस्ने त्यो शिकारी भाद्रकृष्ण चतुर्दशीको दिनमा मऱ्यो । मर्ने वित्तिकै शिवदूत आएर उसलाई शिवलोक लगे । ऊ उर्ध्वकेश नामको शिवगण बन्न सक्यो। हे विरूपाक्ष ! तिमी अब निकुञ्ज पर्वतस्थित विमलेश्वरको दर्शन गर ।

## १३०. विमलेश्वर महिमा

नेमुनिको उपदेशअनुसार विमलेश्वर शिवलिङ्गको दर्शन गरेपछि विरूपाक्षले त्यो लिङ्गको महिमा सुनाइदिन अनुरोध गरेको हुनाले मुनि भन्नुहुन्छ- विमल नामको वेदवेदाङ्ग पढेको ब्रह्मचारी विप्र हिमालयमा पुगे र स्नान गर्न गङ्गाको स्मरण गरे। तत्काल निर्मल जल भएकी गङ्गा प्रकट भइन् । स्नान गरी त्यसै जलले त्यहाँ भएको लिङ्गको पूजा गरे। अत्यन्त श्रद्धासँग पूजा गरेपछि विमलले पूजा गरेकाले विमलेश्वर नाम रहेका शिव प्रकट भएर 'आइन्दा यो लिङ्ग र तिमीले आह्वान गरेकी नदी तिम्रै नामबाट प्रसिद्ध हुनेछ' भन्ने वरदान दिनुभयो। त्यसैअनुसार गङ्गाको र लिङ्गको नाम रह्यो । कालान्तरमा विमल त्यहीँ मरे । पछि उनी प्रमथ गणका श्रेष्ठ भएर शिवलोक बस्न थाले। हे विरूपाक्ष ! अव तिमी यसको उत्तरतिर पर्ने अनन्तेश्वर लिङ्गको दर्शन गर्न जाऊ ।

## १३१. अनन्तेश्वर लिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले ऋषितीर्थमा स्नान गरेर अनन्तेश्वर लिङ्गको दर्शन गरे । रातमा समेत पूजा गरिसकेपछि चैत्रशुक्ल अष्टमीका दिन उनले आफूले स्नान र दर्शन गरेका तीर्थ र लिङ्गको महिमा सोधे । नेमुनिले भन्नुभयो- हे विरूपाक्ष ! यहाँ पहिले अगस्त्य, गालव, शक्ति, धौम्य, पराशर आदि अनेकौं ऋषिहरू बस्थे र उनीहरूले आफूलाई हाम्रो काम ऋषिकर्म गर्नु मात्र नभएर लोककल्याण पनि हो भन्ने गर्थे । यसैको निमित्त स्वयम्भू शिवले हामीलाई उत्पन्न गराएको भनेर सभामा भन्ने गर्थे र शिवप्रति अनुगृहित हुन्थे । एकदिन वृहदाग्नि ऋषिले अलिकति माटो खनेका थिए । उनले त्यहाँ शिवलिङ्ग देखे र अरू ऋषिहरूलाई पनि भने । सबैले लिङ्गको फेदतिर खन्न थाले । १०८ हात खन्दा पनि फेद नदेखेपछि ऋषिहरूले त्यो लिङ्गलाई अनन्तेश्वर भनेर पूजा गर्न थाले ।

एकपटक पूर्वजन्ममा चोरेर अखाद्य वस्तु खाएको पापले लाटोकोसेराको जस्तो मुख भएको एउटा शिकारी थियो । ऊ शिकार खेल्दै त्यो लिङ्ग भएको ठाउँमा पुग्यो र ऋषितीर्थमा स्नान गरेर लिङ्गको दर्शन गऱ्यो । ऊ त्यहाँ ६ महिना बस्यो । निरन्तर दर्शन गऱ्यो । त्यसपछि शिव प्रसन्न भएर प्रकट भई उसलाई वरदान दिनुभयो, अनि ऊ घर गयो । कालान्तरमा ऊ पुनः लिङ्ग पूजा गर्ने उद्देश्यले आउँदा बाटैमा मऱ्यो । मर्ने वित्तिकै शिवदूतहरू आएर उसलाई शिवलोक लगे । यो लिङ्गको महत्त्व यस्तो छ । अब तिमी नैर्ऋत्य दिशामा प्रसस्त फलफूल भएको ऋषिहरूको आश्रमतिर जाऊ ।

## १३२. वृद्धगङ्गा एवं विश्वरूपेश्वरलिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्ष अनन्तेश्वरदेखि नैर्ऋत्यतर्फको पर्वत स्थित ऋषिको आश्रमतिर गए । त्यहाँ उनले वृद्धगङ्गा नदीमा स्नान र विश्वरूपेश्वर शिवलिङ्गको दर्शन गरे । त्यसपछि नेमुनिसँग वृद्धगङ्गा र विश्वरूपेश्वरको महिमा बताइदिन अनुरोध गरे । नेमुनिले भन्नुभयो- ८०

वर्ष नाघेका श्रुतिगीत नामका वृद्ध ब्राह्मण सबै शास्त्र जान्दथे । छोरा र पत्नी मरेपछि वैराग्य लिएका ती ब्राह्मण जीवनलाई धिक्कार्दै, तीर्थ घुम्दै त्यहीँ पुगे । तिर्खाएका ती ब्राह्मणले पानी पिउन गङ्गाको स्मरण गरे । तत्काल वैशाखशुक्ल तृतीयाका दिन गङ्गा उत्पन्न भइन् । उनले त्यहाँ स्नान र जलपान पनि गरे ।

ती ऋषिले षड्वर्ग (काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य) त्यागेर प्राण रक्षाको लागि फलफूल खोज्न लाग्दा विश्वरूपेश्वर लिङ्गलाई देखेर विधिसाथ आराधना गरे । वैशाख पूर्णिमाका दिन उनले भगवान् विश्वरूप शिवको दर्शन पाए । तत्काल शिवगण आएर उनलाई विशिष्ट यानमा राखेर शिवलोक लगे । वृद्ध ब्राह्मणले आह्वान गरेर उत्पत्ति गराएकाले गङ्गाको नाम वृद्धगङ्गा रह्यो ।

दीर्घतपा नामका मुनि वृद्धगङ्गामा पुगेका थिए । पुगेकै बेला उनी स्नान सन्ध्या गर्न बसे । त्यसैबेला ७ वटी अप्सराहरू स्नान गर्न आए । स्नान र जलक्रीडा गरिहेका ती अप्सरालाई देखेर मुनि मोहित भए र वीर्य त्याग गरे । त्यो वीर्य त्यसै नदीको पानीमा पऱ्यो । नुहाइ सकेर अप्सराहरू स्वर्ग गए । सन्ध्या सकेर मुनि पनि आश्रममा गए ।

त्यसैबेला भेरुण्ड भन्ने चरा आयो र मुनिको वीर्य खाइदियो । खाने वित्तिकै चरालाई गर्भ रह्यो र ६ महिनापछि अण्डाबाट ३ शिर र मानव देहको जीव पैदा भयो । चराका जोडीले हुर्काए, बढाए । उड्न सिकाए । तर मानव शरीर भएको त्यो त्रिशिरा उड्न सकेन । त्यसपछि चराका जोडीले त्रिशिराले आफूहरूलाई मार्छ भन्ने शङ्का र निश्चय गरी त्यसलाई त्यहीँ छोडेर अन्तै गए ।

त्यसबेला नारद ऋषिले त्रिशिरालाई उसको अवस्था बारे सोध्नुभयो । त्रिशिराले आफू चराको बच्चा भएको बताएर उद्धार गरिदिन अनुरोध गऱ्यो । नारदले उसलाई वृद्धगङ्गा स्नान गरेर विश्वरूपेश्वरको दर्शन गर्ने उपदेश दिनुभयो । १ वर्ष दर्शन गरेपछि शिव उत्पन्न भई आफ्नो

पार्श्ववर्ती बन्ने वरदान दिनुभयो । विश्वरूपेश्वर शिवलिङ्ग र वृद्धगङ्गाको महिमा अपार छ । हे विरूपाक्ष ! अब तिमी सोमतीर्थमा गएर स्नान र सोमलिङ्गको दर्शन गर ।

## १३३. सोमलिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले सोमतीर्थमा स्नान गरेर सोमलिङ्गको दर्शन गरे । त्यसपछि उनले त्यो तीर्थ र लिङ्गको महिमा सोधेपछि नेमुनिले भन्नुभयो- आफ्नो छोरीहरूलाई चन्द्रमाले गरेको असमान व्यवहार देखेर दक्षले चन्द्रमालाई क्षयरोग र कुष्ठरोग हुने श्राप दिएका थिए । त्यो श्रापले गर्दा दुखित भएका देवता र चन्द्रमा ब्रह्मासमक्ष गए । ब्रह्माले कोषगङ्गाको संगममा स्नान गरेर शिवको आराधना गर्ने उपदेश गर्नुभयो । चन्द्रमाले ब्रह्माको उपदेशअनुसार गरेपछि शिव प्रसन्न भएर कलानिधि बन्ने, रोग र शोकबाट मुक्त हुने तर श्रापले गर्दा पूर्णकला (पूर्णिमा) बाट घटेर कृष्णपक्षको अमावास्यासम्म हुने आशीर्वाद र सूचना दिनुभयो । त्यसपछि चन्द्रमाले अश्वमेध यज्ञ गरे । यज्ञमा वृहस्पतिकी पत्नी तारासँग देखादेख हुँदै दुबै मोहित भए । यज्ञ सकिएपछि तारा र चन्द्रमा कामुक बनेर सँगै बसे र वुधलाई जन्म दिए । वृहस्पतिले चन्द्रमालाई श्राप दिन खोज्दा ब्रह्माले रोकेर तारालाई कसको छोरा ? सोध्नुभयो । ताराले चन्द्रमाको भनेपछि बुधलाई चन्द्रमाको जिम्मा दिइयो । त्यसपछि ब्रह्माको उपदेशले ताराले सोमेश्वरको दर्शन गरिन् र पहिलेभन्दा सुन्दरी बनेर बृहस्पतिसमक्ष गइन् ।

यस्तै, देवसभा भइरहेको बेलामा एउटा गन्धर्व इन्द्राणीलाई देखेर मोहित भयो, उनी पनि गन्धर्वसँग मोहित भइन् । इन्द्रले थाहा पाएर गन्धर्वलाई मनुष्य हुने श्राप दिए । श्रापबाट दुखित भएको गन्धर्वलाई नारदले सोमतीर्थको उपासना गर्ने उपदेश दिएअनुसार गन्धर्वले त्यहाँको लिङ्गकोसमेत दर्शन गऱ्यो । लामो समयपछि शिव प्रसन्न भएर उसलाई आफ्नो गणमा समावेश गर्नुभयो । हे विरूपाक्ष ! अव तिमी गोभराटेश्वर लिङ्गको दर्शन गर्न जाऊ ।

## १३४. गोश्रृङ्गतीर्थ एवं गोभराटेश्वर लिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले वैशाखको द्वादशीका दिन श्रृङ्गतीर्थमा स्नान गरेर गोभराटेश्वरको दर्शन गरे । त्यसपछि उनले मुनिसँग त्यस तीर्थको महिमा सोधे । नेमुनिले भन्नुभयो- चन्द्रवदन पर्वतको गुफामा पशुपतिको सेवा गरेर बसेकी कामधेनुको सिंङ्बाट गोश्रृङ्गी नदी प्रवाहित भएकी थिइन् । त्यहाँ श्रृङ्गी ऋषिले कामधेनुलाई देखे, साथै उनले गोब्राएको पनि देखे र त्यो गोवर शिवलाई अर्पण गरे । त्यसको केही समयपछि आषाढ कृष्ण चतुर्दशीका दिन गोवरबाट लिङ्ग उत्पन्न भयो । त्यसैले यो लिङ्गको नाम गोभराटेश्वर रहन गयो भने श्रृङ्गीले स्नान गरेकाले त्यो गोश्रृङ्गी तीर्थ प्रसिद्ध भयो ।

हे विरूपाक्ष ! त्यस तीर्थ र लिङ्गको अर्को घटना पनि सुन- वंशजहरूबाट त्यागिएको पूर्वजन्मको पापले गर्दा नपुंसक भएको एउटा वैश्य त्यहाँ पुगेर स्नान गर्ने वित्तिकै अत्यन्त सुन्दर बन्न पुग्यो । त्यसपछि ऊ प्रसन्न भएर शिवलाई सुनजस्ता वस्तु उपहार दियो । उसले चढाएको छातालाई पनि सुवर्णछत्र भनियो । १२ वर्ष वैश्यले शिवपूजा गरेपछि ऊ शिवको अनुचर बन्न पायो ।

हे विरूपाक्ष ! गोदावरी कुण्डमा स्नान गरेर कामधेनुको पूजा गर्नू करोडौं तीर्थ गरेको पुण्य पाइन्छ । यस्तै, चित्रदहको स्नान गरेको र चन्द्रावतीमा स्नान गरेको पुण्यले पनि विशेषतः स्त्रीहरू सुन्दरी बन्न सक्तछन् । अब तिमी यहाँदेखि नैर्ऋत्य दिशामा भृङ्गेश्वरको दर्शन गर्न हिँड ।

## १३५. भृङ्गेश्वर महिमा

नेमुनिसँगै विरूपाक्षले सिद्धरस कुण्डमा स्नान गरेर भृङ्गेश्वर शिवलिङ्गको दर्शन गरे । दर्शनपछि उनले त्यस कुण्ड र लिङ्गको बारेमा बताइदिन पनि अनुरोध गरेकोले नेमुनिले भन्नुभयो- कैलाशमा शिव पार्वती एकान्तमा

हुनुहुन्थ्यो । त्यसबेला नन्दी भृङ्गीले द्वारपालको काम गर्थे । ब्रह्मादि देवता पनि स्वीकृति नपाई भित्रजान पाउँदैनथे। शिवले पार्वतीलाई भन्दैहुनुहुन्थ्यो- हे पार्वती ! तिम्रो आफ्नै शक्तिले पहिला पानी, त्यसपछि पृथ्वी, बीज, पञ्चभूत आदि सृष्टि गरेकी थियौ। त्यसै बीज समूहबाट प्राणीहरू बाँच्छन्। तर ती सबै मेरो मायामा मोहित छन्, मेरो वास्तविक रूपलाई जान्दैनन् । शिवले पार्वतीलाई एकान्तमा बताएको यो रहस्य ढोकामा बसेको भृङ्गीले भमराको रूप लिएर सुन्यो र आफ्नी पत्नी जयालाई बतायो ।

भोलिपल्ट पार्वतीले मातृकाहरूलाई बोलाएर शिवले बताउनुभएको कुरा भन्न लाग्दा जयाले बीचैमा कुरा काटेर 'पहिले नै सुनेकी थिएँ' भनिदिई । पार्वतीलाई जयालाई यो रहस्य कसरी थाहा भयो भन्ने (आश्चर्य) लाग्यो र तत्काल शिवसमक्ष गई 'हिजो हजूरबाट सुनेको रहस्य जयाले मलाई बताई' भन्नुभयो । शिवले ध्यान गरेर हेर्दा भृङ्गीको बदमासी थाहा पाउनुभयो र उसलाई मानिस भएर जन्मनुपर्ने श्राप दिनुभयो । भृङ्गीले श्राप स्वीकार गरेर श्रापमुक्तिको उपाय पनि सोधे । शिवले हिमालयको करवीर गुफामा १०० वर्ष तपस्या गर्ने उपदेश गर्नुभयो । भृङ्गीले पनि भनेबमोजिम शिव मन्त्र जपेर स्तुति गर्दै तपस्या गरे । १२ वर्ष यसरी तपस्या गरेपछि शिव खुशी भएर भृङ्गीले पूजा गरेको ठाउँमा भृङ्गेश्वर भएर देखापर्नु भयो। साथै शिवले भृङ्गीलाई पुनः कैलाशमा द्वारपाल भएर बस्न पाउने आशीर्वाद दिँदै भृङ्गीगङ्गामा स्नान र त्यस गङ्गाको जलले मेरो पूजा गरिरह्यौ भने शिवलोक जान पाउनेछौ पनि भन्नुभयो। त्यसपछि भृङ्गीले स्तुति गरेको माटोको लिङ्ग क्रमशः शिलामय, ताम्रमय र सुवर्णमय भयो । तत्काल शिवका गण त्यहाँ आए । त्यस लिङ्गको सेवा गरेर बसेका अरू ऋषिहरू पनि यान सहित त्यहाँ आउनुभएका शिवगणलाई देखेर प्रसन्न भए । त्यसबेला शिवगणले भने- भृङ्गी यहाँ १०० वर्षसम्म बसेपछि यिनलाई शिवलोक लैजान हामी आएका हौँ ।

नहुष नामका राजा थिए । उनीले प्रशस्त दान गरेकोले इन्द्र बन्ने मौका समेत पाए । त्यसबेला ती राजाले ब्राह्मणहरूलाई पाल्की बोकाएर त्यसै

पाल्कीमा बसेर अनादरपूर्ण बचन बोलेकाले ब्राह्मणहरू रिसाएर सर्प बन्ने श्राप दिए । राजा तत्काल ठूलो सर्प बने र हजार वर्ष बस्न पाउँ भनी भृङ्गेश्वरकै नजिकमा बस्न थाले। त्यस सर्पलाई देखेर गरुडले खान खोज्यो। त्यसबेला भृङ्गीले शिवको नजिकमा बस्नेलाई दु:खदिएमा भष्म हुने जनाउ दिए । हजार वर्ष बितेपछि सर्प भोकाएर खानेकुरा खोज्न बाहिर आएको मौकामा गरुडले मारिदियो । मरेपछि शिवगण आएर नहुष (सर्प) लाई शिवलोक लगे। हे विरूपाक्ष ! भृङ्गेश्वर दर्शन गरेमा शिवलोक जान पाइन्छ।

नेमुनिले भने- अब तिमी ललिता वनमा भएको त्रिलिङ्ग शिवको दर्शन गर र महिमा पनि सुन ।

## १३६.त्रिलिङ्गेश्वर महिमा

ललिता नामको वनमा पुगेर नेमुनिको साथमा विरूपाक्षले त्रिलिङ्गेश्वर शिवलिङ्गको दर्शन गरे । त्यसबेला मुनिले लिङ्गमहिमा सुनाउनुभयो- वाग्मतीको दक्षिण र प्रभावतीको उत्तरमा विभिन्न वन्यजन्तु, वृक्ष, फलफुल भएको ललिता नामको वन छ । त्यहाँ स्वर्गबाट पनि आनन्द लिन देवताहरू आउने गर्छन्। त्यहाँ केही ऋषिहरू पनि बस्थे र शिवको आराधना गर्थे । उनीहरू त्यहाँ पार्वती र कार्तिकेयको पूजा, होम आदि गर्दथे। पौषकृष्ण तृतीयाका दिन त्यहाँ अकस्मात् एकैपटक ३ वटा लिङ्ग प्रादुर्भाव भए ।

हे विरूपाक्ष ! त्यस लिङ्गमा दर्शन गरेमा पापी पनि मुक्त हुन सक्तछन् । क्वनिखङ्ग द्विजको तालजङ्घ नामको दुराचारी छोरो थियो । पूर्वजन्मको पापले चोर वनेको त्यो दुराचारी हत्या र चोरी गरेर बस्थ्यो । एकदिन त्यसले दूध बोकेर आउने गोठालालाई वाण हान्यो र दूधको भाँडो लिएर घर गयो । दूधको भाँडो हल्लायो । त्यसबेला अकस्मात् उसका गोडाले शिवलिङ्गमा छोयो, भाँडो खसेर फुट्यो र दुध लिङ्गमाथि पऱ्यो। त्यसदिन चतुर्दशी परेको रहेछ। लिङ्गमाथि दूध पर्ने वित्तिकै शिव प्रसन्न भई प्रकट हुनुभयो। तत्काल उसको बुद्धि निर्मल बन्यो ।

एउटा अशक्त विप्रले त्यसै लिङ्गमा दूध चढाएर अङ्ग पूर्ण गराइदिन अनुरोध गर्दै टोड्कोमा बसेको थियो। ऊ त्यहीँ मऱ्यो। दूध चढाएको पुण्यले मरेपछि ऊ शिवको अनुचर बन्न पायो । त्रिलिङ्गेश्वर लिङ्गको महिमा धेरै छ ।

अव तिमी कुपितेश्वरको दर्शन गर्न जाऊ ।

## १३७. कुपितेश्वर महिमा

नेमुनिका साथ विरूपाक्षले रुद्राणी सहित बस्नुभएका कुपितेश्वर लिङ्गको दर्शन गरे। त्यसपछि उनले त्यस लिङ्गको महिमा सोधे। नेमुनिले कुपितेश्वरको महिमा बताउँदै भन्नुभयो- अघि द्वितय नामका ऋषिले यस ठाउँमा तपस्या गर्दा कात्यायनी सहितको लिङ्ग उत्पन्न भएको थियो । ऋषिले साख्ययोगअनुसार तपस्या गरी यसै ठाउँमा शरीर त्यागी शिवलोक गए ।

पूर्वजन्मको संस्कारले एउटा मूर्ख किरात थियो । उसले ठग्ने कला सिक्यो र सबैलाई दोब्बर तेब्बर दिन्छु भन्दै ठग्न थाल्यो । एकदिन त्यसले शालीधान बोकेर आउने भृङ्गबाट धान लियो । शेषकुण्डको पानी पियो र विल्ववृक्षको फेदमा सुत्यो । उसको हातको ठक्करले विल्वपत्र खसेर त्यहाँ भएको लिङ्गमा पऱ्यो । भृङ्ग मूर्ख किरातलाई खोज्दै आयो र भेट्टायो । रिसले उसलाई लात्ती र मुड्की हानेर लडायो । शिव शिव भनेर ठग मऱ्यो । हाहाकार भयो । ब्रह्मादि देवताहरू पनि आए । शिवको स्तुति गरे । सबैले लिङ्गलाई कुपितेश्वर नाम दिए । मरेको त्यो ठगलाई पनि शिवगण आएर यानमा राखेर शिवलोक लगे । भक्ति नभएको मूर्खले त अञ्जानमा विल्वपत्र चढाएर शिवलोक जान पाएको थियो भने सभक्ति शिवाराधना गरेमा मुक्त नहुने कुरै हुँदैन ।

हे विरुपाक्ष ! अब तिमी सर्वेश्वर शिवलिङ्गको दर्शन गर्न जाऊ ।

## १३८. सर्वेश्वरलिङ्ग महिमा

नेमुनिसँगै विरूपाक्षले सर्वेश्वर लिङ्गको दर्शन गरे । त्यसपछि उनले मुनिसँग त्यस लिङ्गको महिमा सोधे । नेमुनिले बताउनुभयो- यो लिङ्ग अत्यन्त पुण्यमय छ । यहाँ कश्यप ऋषिले तपस्या गरेका थिए भने पार्वतीले पनि त्यसै लिङ्गको आराधना गर्नुभएको थियो । एउटा किरात राजाकी छोरी कुरूप थिइन् । उनले मर्छु भनेर त्यसै ठाउँमा आइन् र कुण्डमा स्नान गरेर लिङ्गको दर्शन गरिन् । तत्कालै उनी रूपवती बनिन् । किरात राजाकी छोरी अत्यन्त राम्री भएको खबर नारदले इन्द्रलाई बताइदिए । त्यो सुनेर इन्द्र आएर उनलाई स्वर्ग लगे । उनी इन्द्राणि बन्न पाइन् ।

प्राचीनकालमा मध्यप्रदेशमा गङ्गाधर नामको एउटा अधम ब्राह्मण थियो । ऊ पूर्वजन्मको चाण्डाल भएपनि गङ्गा किनारमा बसेको पुण्यले ब्राह्मण कुलमा जन्मिएको थियो । एकदिन ऊ आफ्नी पत्नीको हत्या गरेर देश छोडेर भाग्यो । नयाँ ठाउँमा पनि ऊ चोरीवृत्ति गरेर जीवन चलाउँथ्यो । कालान्तरमा त्यो अधम ब्राह्मणको अन्त हुन लाग्दा उसले 'तेरो मर्ने बेला भएको छ, लिङ्गको नजिकै जा !' भनेको सुन्यो । कहाँबाट यस्तो आवाज आयो होला भन्दै गयो । त्यहाँ उसले शिवको महिमा सुन्यो । मर्न लागेको त्यो अधम ब्राह्मणलाई यमदूत लिन आए । डरलाग्दा दूतहरूलाई देखेर ऊ तर्स्यो र त्यसै लिङ्गलाई समातेर शिव शिव भनेर बस्यो । लिङ्गलाई समातेर बसेकाले यमदूतहरूले उसलाई लैजान सकेनन् । यमदूतहरूले बोलाए, लिङ्गबाट छुटाउन खोजे । पाश फालेर तान्न खोजे । तर लिङ्ग समातेर बसेकाले पाश नै चुँडियो । शिवले वायुको रूपमा आएर त्यो पापीको कानमा 'नडराउनू' भन्नुभयो । पापीलाई लान नसकेर दूतहरू यमलोक फर्किए । यमराजलाई घटना बताए । यमराजले विचार गरेर हेर्दा शिवलिङ्गलाई समातेर बसेको थाहा पाउनुभयो । त्यसपछि यमराजले दूतहरूलाई शिवको नजिकमा बस्नेलाई नल्याउन निर्देशन दिनुभयो । ऊ शिवलोक गयो । हे विरुपाक्ष ! त्यो लिङ्गको दर्शनले दीर्घजीवन पाइने

भएकोले मृत्युञ्जय लिङ्ग वा सर्वेश्वरलिङ्ग नामले प्रशिद्ध छ । अब तिमी गोलोकेश्वरको दर्शन गर्न जाऊ ।

## १३९. रुद्रतीर्थ एवं गोलोकेश्वर महिमा

नेमुनिको उपदेश र साथ पाएर विरूपाक्षले रुद्रतीर्थमा स्नान गरेर गोलोकेश्वरको दर्शन गरे । त्यसपछि उनले त्यस तीर्थ र लिङ्गको महिमा सुनाइदिन अनुरोध गरे । नेमुनिले भन्नुभयो- ब्रह्माजीको आराधनाबाट भगवान् शिव गोलोकबाट आएर लिङ्गका रूपमा यहाँ बस्नुभएकाले यस लिङ्गलाई गोलोकेश्वर भनिएको हो । उज्जयनीमा केकर नामको राक्षस बस्थ्यो । त्यसले यस रुद्रतीर्थमा स्नान गरेर गोलोकेश्वरको दर्शन गर्नपुग्यो । तत्काल उसको बुद्धि निर्मल भयो । मरेपछि उसलाई शिवदूत आएर शिवलोक लगे । ऊ पनि रुद्रगणमा सामेल हुन पायो ।

वृत्रासुरले शिवको तपस्या गरेर दिन वा रातमा नमर्ने र इन्द्रलाई दास बनाउन पाउने बरदान पायो । त्यसले गर्दा उन्मत्त भएको वृत्रासुरले इन्द्रासन नै लियो र देवताहरूलाई दु:ख दिन थाल्यो । नारदको उपदेशले इन्द्रले वृत्रासुरसँग मित्रता गरेर विश्वासमा पारे । त्यसपछि मौका पारेर कुहिरो समेत खडा गरी अरूले थाहा नपाउने गरेर बज्र प्रहार गरी इन्द्रले वृत्रको हत्या गरे । वृत्रासुरलाई मारेपछि लागेको ब्रह्महत्या निवारण गर्न इन्द्रले नारदको उपदेशअनुसार नेपालको हिमालय क्षेत्रमा भएको रुद्रतीर्थ स्नान गरेर गोलोकेश्वरको दर्शन गरे । गोलाकेश्वर शिवबाट ब्रह्महत्या नाशको वरदान पाए ।

**हिमवत् गौह्वरे पुण्ये नेपालाख्ये महीवरे - ३७**

**रुद्रतीर्थ वरे तत्र स्नाहिभक्त्या पुरन्दर**
**तत्रैव स्नानमात्रेण त्वं हत्यया प्रमुच्यसे । - ३८**

इन्द्रले वरदान पाएर ब्रह्महत्या मुक्त भए र पुनः स्वर्गको राजा भए ।

अब तिमी कर्कोटक दह, औषधी नदी र मीनतीर्थ स्नान गर । त्यहाँको स्नान र दर्शनले रोगमुक्ति, गाईदान, स्वर्णदान आदि फल पाउने छौ ।

## १४०. मीनतीर्थ (मातातीर्थ) महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्ष भगवान् विष्णुले मत्स्यरूप लिएर देवताहरूसँग बस्नुभएको मातातीर्थमा गए र सभक्ति पूजा गरे । त्यसबेला पनि विरूपाक्षले नेमुनिसँग त्यस तीर्थको महिमा बताइदिन अनुरोध गरे । नेमुनिले भन्नुभयो- पूर्वकालमा विष्णु मत्स्यरूप लिन आषाढ कृष्ण द्वादशीका दिन यसै पाशुपत क्षेत्रमा आउनुभएको थियो । त्यसैले मीनतीर्थ नाम रहेको यसको महिमा यस्तो छ । पाशुपत क्षेत्रमा सुमेधा नामका बालकको १२ वर्षको उमेरमा आमा मरिन् । आमा मरेपछि रुँदै हिँडेका ती बालकलाई विष्णुले ब्राह्मणका रूपमा आएर साथमा लिई मीनतीर्थ भ्रमण गराई, त्यहाँ स्नान गराई जलमा आमाको दर्शन गराई दिनुभयो । वैश्यले आमा नहुँदा सर्वथा अनाथ हुने, सर्वत्र जङ्गल जस्तो मात्र देखिने रहेछ भनेको विषयलाई मार्मिक ठान्नुभयो र उसकी आमालाई त्यसै मातातीर्थमा देखाई दिनुभएको थियो -

**जनन्याचेद् विना तात सर्वो भवेदनाथवत् ।**
**यामे राज्ये तथा गेहे सर्वत्रारण्यवन् मम ॥ २०**

त्यसपछि विष्णुले उसलाई आशीर्वाद दिई मुचुकुन्द नामको चक्रवर्ती राजा हुने बताउनुभयो ।

यस तीर्थमा स्नान गरेमा मातृ ऋणबाट मुक्त हुने र वाक्य सिद्धि हुने पनि बताउनुभयो । हे विरूपाक्ष ! अब तिमी भष्मे गङ्गाजल स्थित भराटेश्वर महादेवको दर्शन गर्न जाऊ ।

## १४१. भष्मतीर्थ एवं चन्दन भराटेश्वर महिमा

नेमुनिका साथमा विरूपाक्षले चन्दनपर्वतको तल्लापट्टि पैदा भएको नवधारा युक्त भष्मगङ्गामा स्नान गरेर चन्दनभराटेश्वर शिवको दर्शन गरे। त्यसपछि विरूपाक्षले त्यो तीर्थ र लिङ्गको महिमा सोधे ।

नेमुनिले भन्नुभयो- पार्वतीलाई लिएर शिव यसै स्थानमा आउनुभयो र लिङ्गको दर्शन गराउनुभयो। त्यसपछि शिव अन्तर्ध्यान हुनुभयो भने पार्वतीले चन्दन घोटेर त्यहाँका चन्दनभराटेश्वर शिवलिङ्गमा विलेपन गरी पूजा गर्नुभयो । त्यसैले यस लिङ्गको नाम चन्दनभराटेश्वर भई प्रसिद्ध भयो । सत्ययुगको अन्त्यतिर ब्रह्मानन्द ब्राह्मणको बालक छोरा मऱ्यो । मरेको छोरोलाई लिएर ब्रह्मानन्द पुत्रशोकले जताततै घुम्ने क्रममा यस लिङ्गको नजिकै आई मृतपुत्रलाई त्यहीँ राखेर सदा स्थीर भएर बस्ने पृथ्वीलाई र अकालमा क्रमभंग गरेर लैजाने काललाई सम्झदै र धिक्कार्दै आफू पनि मर्ने विचार गरे। उनले लिङ्गको एक योजनभित्र काल प्रवेश गर्दैनन् भनेर स्वयं शिवले भन्नुभएको कुरामा पनि अर्थ भएको स्मरण गरे । ब्रह्मानन्दको तीव्र पुत्रशोक देखेर शिवले ज्योतिरूप लिई अन्तरिक्षबाट भन्नुभयो- पुत्रशोक नगर । तिमीले असत् प्रतिग्रह (लिन नहुने समय र व्यक्तिसँग दान) लिएको हुँदा तिम्रो छोरा मरेको हो। दान लिएको रकमको ५ भागमध्ये चार भाग देवता, यज्ञ, अतिथि र आफूलाई छुट्याई बाँकी एक भाग दान गर्नु पर्थ्यो, तर तिमीले गरेनौ ।

**दानश्च यच्चभागश्च भवेद्देवाय चात्मने ।**
**यज्ञायाऽतिथये तूर्यं दानाय क्रमशः पुनः ॥ - ३३**

अब तिमी मृत पुत्रलाई लिएर भष्मगङ्गामा गई आफू र मृत शरीर समेत स्नान गर। यति भनेपछि ब्रह्मानन्दले त्यहाँ गएर मरेको छोरालाई स्नान गराएर आफूले पनि स्नान गरे। स्नान गर्ने वित्तिकै उनको छोरो निन्द्राबाट बिउँझेझैं गरी उठ्यो । त्यहाँको पुण्यले ब्रम्हानन्द पनि मरेपछि शिवलोक गए र शिवका अनुचर भएर बस्न पाए ।

हे विरूपाक्ष ! अब तिमी शक्रपर्वतबाट बगेकी नन्दिनी नदीमा स्नान गरी उशीरबीज पर्वतमा गएर यक्षेश्वरको दर्शन गर; अनन्त पुण्यफल पाउनेछौ ।

## १४२. यक्षतीर्थ एवं यक्षेश्वर लिङ्ग महिमा

विरुपाक्षले नेमुनिका साथमा चन्दन भराटेश्वरदेखि उत्तरपट्टिको उशीर बीजपर्वतमा रहेको नन्दिनी नदीमा र यक्षतीर्थमा स्नान गरेर यक्षेश्वर शिवलिङ्गको दर्शन गरे । त्यसपछि उनले त्यस तीर्थ र लिङ्गको महिमा सोधे । नेमुनिले विरूपाक्षको इच्छाअनुसार यक्षतीर्थ र यक्षेश्वर लिङ्गको महत्त्व बताउँदै भन्नुभयो- कुवेरको द्वारपाल हयग्रीवले कुवेरको नजिक हुन पाएकोमा घमण्ड गरेर आउनेहरूसँग राम्रो व्यवहार गरेन । त्यो थाहा पाएर कुवेरले उसलाई निकालिदिए । त्यसपछि ऊ घुम्दै यक्षतीर्थ पुग्यो । त्यहाँ १२ वर्ष बसेपछि मऱ्यो । मर्ने बेलामा उसले शिव शिव नाम लिएको र लिङ्गस्पर्श गरेको कारणले शिवको हयग्रीव गण भै बस्न पायो ।

हे विरूपाक्ष ! अब तिमी मृगेन्द्र पर्वत स्थित उशीरतीर्थमा स्नान गरेर चण्डिकेश्वरको दर्शन गर्न जाऊ

## १४३. चण्डिकेश्वर लिङ्ग महिमा

नेमुनिको उपदेशअनुसार पिण्डारक तीर्थमा स्नान गरी चण्डिकेश्वर लिङ्गको दर्शन गरेपछि विरूपाक्षले मुनिसँग त्यो तीर्थ र लिङ्गको महिमा सोधे । नेमुनिले भन्नुभयो- मातृगण र चण्डिकाले शुम्भ आदि दैत्यको वध गरेपछि धेरै कालसम्म यहाँ बसेर शिवको ध्यान गर्नुभएको थियो । चण्डिकाले ध्यान गरेको ठाउँमा अकस्मात लिङ्ग उत्पन्न भयो । त्यसैबेलादेखि त्यो लिङ्ग चण्डिकेश्वर नामले प्रशिद्ध भयो ।

एउटा कानो कश्यपपुत्र दैत्यले यहीँ बसेर शिवको तपस्या गर्दा वरदान पाएर आफैं इन्द्र बनेर देवताहरूलाई दुःखदिन थालेको थियो । त्यसबेला

देवताहरू ब्रह्मासमक्ष गए । ब्रह्माले सबैलाई शिवसमक्ष लैजानुभयो । यता, देवता र त्यो दैत्यको बीच ठूलो युद्ध पनि भयो। कुवेर र वायुले पनि युद्धमा आ-आफ्नो हतियार प्रहार गरे। युद्धमा अन्धकले विश्वकर्मालाई नै ब्रह्मास्त्र प्रहार गरेर त्यसै चण्डिकेश्वर लिङ्गको शरण पऱ्यो। त्यो अवस्था आएपछि शिवले गणहरू पठाएर दैत्यलाई शिवलोक ल्याऊ भन्नुभयो र देवताहरूको रक्षा गर्नुभयो ।

## १४४. धर्मेश्वर महिमा

चण्डिकेश्वर दर्शनपछि नेमुनिका साथ विरूपाक्ष धर्मतीर्थ गए। त्यहाँ स्नान गरेर तीर्थको महिमा बोध गराएपछि मुनिले पुनः तीर्थका अरू विशिष्टता बताउदै भन्नुभयो- बकुल्लाको रूप लिएर यमराज बस्नु भएकोले यहाँको आश्रमलाई बकाश्रम भनिन्छ भने वृकतीर्थ पनि त्यसैलाई भनिन्छ। त्यहाँ ज्येष्ठिला र धर्मगङ्गा नदीको संगम छ । ब्रह्माले पनि त्यहाँ स्नान गरी वरदान दिने शक्ति आर्जन गर्नुभएको थियो ।

वकास्य नाम गरेको एउटा किरात व्याधा प्राणी हत्या गरेर वृत्ति चलाउँथ्यो। अत्यन्त निर्दयी त्यो व्याधा बालक र बुढाबुढीलाई पनि अरू सरह एकै दृष्टिले हेर्थ्यो । त्यसले संयोगवश एकपटक धर्मतीर्थको पानी पियो । पिउने वित्तिकै उसलाई केही बुद्धि पलाएर स्नान र शिवपूजा गर्न लागेका वशिष्ठलाई देखेर आफूले पनि त्यहाँ स्नान गरी पूजा गऱ्यो । विल्वपत्र पनि चढायो। त्यति गरेर वकास्य मऱ्यो। तत्काल शिवगण आएर उसलाई शिवलोक लगे। ऊ शिवको सेवक बनेर बस्यो ।

धर्मतीर्थमा स्नान गरेर विष्णु पूजा गर्नेहरू पनि विष्णुलोक जान पाउँछन्।

हे विरूपाक्ष! अब तिमी चन्द्रभागा नदी किनारको पितामह तीर्थ गोकर्णेश्वरको दर्शन गर्न जाऊ ।

## १४५. पितामहतीर्थ एवं गोकर्णेश्वर महिमा

विरूपाक्षले नेमुनिका साथमा चन्द्रभागा नदी किनारमा पुगे र गोकर्णेश्वरको दर्शन गरे। त्यस ठाउँमा चन्द्रमा र ब्रह्माले पनि तपस्या गर्नुभएको थियो। दर्शन गरिसकेपछि विरूपाक्षले मुनिसँग त्यो क्षेत्र र गोकर्णेश्वर लिङ्गको महिमा बताइदिन अनुरोध गरे। अनुरोध अनुसार नेमुनिले भन्नुभयो- हे विरूपाक्ष ! त्यो तीर्थको दर्शनले अश्वमेध यज्ञ गरेको पुण्य मिल्दछ। रावणले पनि यहीँ तपस्या गरेर सिद्धि प्राप्त गरेका थिए।

कुण्डलीनगरको दन्तुर नामको वैश्यलाई आफ्ना बाबु आमाको नाम थाहा थिएन। 'तँ कसको छोरो होस् ?' भन्ने प्रश्नको उत्तर दिन नपाउँदा उसलाई गाउँ छोडेर हिँड्न मन लाग्यो र घुम्दै चन्द्रभागा नदीको किनारमा पुग्यो। त्यहाँ उसले पुलह ऋषिलाई भेट्यो र बाबु आमा थाहा हुने उपाय बताइदिनु होस् नभए मर्छु भनेर ऋषिको शरण पऱ्यो। ऋषिले उसलाई नेपालको हिमालको नजिकमा रहेको चन्द्रभागा नदीमा स्नान गरेर गोकर्णेश्वरको दर्शन गर्नू, त्यहाँको पितामह तीर्थमा यथा नाम गोत्र भनेर बाबुको भाव लिई पिण्ड दिनू, तिम्रा बाबु आमा पत्ता लाग्नेछन् र पिण्ड पनि पाउनेछन् भन्ने उपदेश दिए। दन्तुर वैश्यले मुनिले भने बमोजिम गऱ्यो र पिण्ड दियो। उसले दिएको पिण्डपानी खान धेरै पितृहरू आए। त्यसरी धेरै पितृहरू आएको देखेर उसलाई आश्चर्य लाग्यो। उसले पुनः ऋषिलाई 'मेरा पितृ कुन् हुन् ?' सोध्यो। त्यसैबेलामा ब्रह्माजीले आकाशबाट भन्नुभयो- "पश्चिम तिरको पितृलाई पिण्ड नदेऊ, पूर्वकोलाई पनि नदेऊ। तिम्रो आमालाई एउटा वैश्यले विवाह गरेको थियो तर उसले गर्भाधान नगराउँदै मऱ्यो। त्यसपछि पूर्वपट्टिको पितृ रूपको ब्राह्मणले तिम्रो आमालाई लग्यो। तर तिम्री आमाले त्यसबाट पनि गर्भधारण गरिनन्। त्यसपछि एउटा वैश्यले तिम्री आमालाई विवाह गरे। त्यसबाट तिमी जन्मियौ। त्यो भनेको माझको पितृ हो, त्यसैलाई पिण्ड देऊ। तिमीले दिएको जलले पितृहरू ६ महिना तृप्त हुन्छन् भने तिल जलले १ वर्ष

तृप्त हुन पाउँछन् **(तिलोदकै रब्दमेकं तृप्तिः षड्मासमादरात्- ३३)** । मेरो तीर्थमा दिएको पिण्ड सम्बद्ध पितृ बाहेक अरूले पाउँदैनन् -

**विशेषेणैव मत्तीर्थे पिण्डदानात् कदापि च ।**
**नागमिष्यति तत्रान्यः पितैव हि न संशयः ॥- ४५**

दन्तुरले पिण्ड दिएपछि पितृहरूले उसलाई आशीर्वाद दिए । २१ कुल तर्ने बताए । साथै भविष्यमा तिमी सार्वभौम राजा हुनेछौ भन्दै यस पितामह तीर्थमा पितृहरूलाई पिण्डदान गर्दा गयामा १० पटक पिण्ड दिए बराबर पुण्य पाएर अन्तमा मोक्ष पनि पाउनेछन् । त्यसै वरदानअनुसार दन्तुर वैश्य मरेपछि स्वारोचिष मनु भएर राजसुख भोग गर्न पाएको थियो ।

यस्तै, गोकर्णको अर्को महिमा पनि सुन । एक समयमा एउटा चोर कुनै भीर बाटोबाट हिँड्दैथियो । त्यसबेला ऊ मरेको बालक लिएर हिँडेको कुनै व्यक्तिलाई देखेर डरायो र भीरबाट लडेर मऱ्यो । लडेपछि त्यस पुण्यक्षेत्र गोकर्णमा पुगेर मरेको कारणले शिवदूतले शिवलोक लगेका थिए ।

हे विरूपाक्ष ! अब तिमी हनुमान तीर्थ दर्शन गर्न जाऊ ।

## १४६. हनुमानतीर्थ महिमा

नेमुनिको उपदेशअनुसार बैशाख शुक्ल तृतीयाका दिन विरूपाक्षले मुनिसँगै हनुमानतीर्थको दर्शन गरे र त्यस तीर्थको महिमा बताइदिन अनुरोध गरे । मुनिले तीर्थ महिमा बताउँदै भन्नुभयो- एकपटक वायुपुत्र हनुमानले आमा अञ्जनाको काखमा बसेको बेलामा सूर्यलाई देखेर खेलौना बनाउने उद्देश्यले ल्याइदिन भने । आमा आश्चर्यमा परिन् र भनिन्- 'म सूर्य ल्याउन सक्तिन बाबू, सक्छौ भने आकाशमा छ, ल्याऊ' । उनी उफ्रिए । सूर्यको रथमा उनको चिउँडो ठोक्किएर भुइँमा पछारिए ।

त्यस हनुमानतीर्थमा हनुमानले वशिष्ठ, अत्रि, नारद, मरीचि आदि मुनि र कैयौँ सिद्धहरू शिवध्यान गरिरहेको देखे । त्यसबेला नारदले आफ्नो

अगाडि उत्साही बाँदर बालकलाई देखेर को हौ ? सोधे । हनुमानले पनि सूर्य भेट्टाउन उफ्रँदा यहाँ खस्न आएको भनेर जवाफ दिए । बालकको कुराले खुशी भएका नारदले तिमी धन्य रहेछौ, तिम्रो नाम हनुमान हुनेछ र तिम्रो नामबाटै यो तीर्थको नाम हुनेछ भनिदिए । साथै नारदले यहाँ बालुवाको लिङ्ग स्थापना गरेर पूजा गर्नू, त्यसरी पूजा गरेमा चिरञ्जीवी हुने, इच्छा सिद्धि हुने बताउँदै उनलाई किष्किन्धा जाने, रामको सेवक बन्ने समेत आशीर्वाद दिए । हे विरूपाक्ष ! हनुमान तीर्थमा स्नान र पूजा गरेमा पुत्रवान् बन्न र दीर्घजीवी हुन पाइन्छ । अब तिमी कोटेश्वरको दर्शन गर्न जाऊ ।

## १४७. रुद्रधारा, शंखमूल, वाग्मती, कोटीश्वर आदि महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले हातमा कुश लिएर सङ्कल्प पढी उत्तर प्रयाग समेत भनिने पुण्यतीर्थ शङ्खमूलमा स्नान गरे । त्यसपछि कोटीश्वर शिवलिङ्गको दर्शन गरे र त्यस तीर्थ र लिङ्गको महिमा के छ ? सोधे । मुनिले भन्नुभयो- यो पुण्य क्षेत्रको जलस्पर्श मात्र गर्दा पनि पापीहरू निष्पापी बन्न सक्तछन् । चतुर्वर्ग फल (धर्म अर्थ काम मोक्ष) प्रदान गर्ने यो तीर्थको महिमा सुन । यहाँ शिवमुखबाट निस्किएकी शिवगङ्गा, मणिगङ्गा र रुद्रगङ्गाको संगम छ । रुद्रधारालाई पातालगङ्गा पनि भनिन्छ । मणिमती योगगङ्गा नै वाग्मती बनेको यो तीर्थ भागीरथीभन्दा विशेष छ, यसले चतुर्वर्ग फल दिन्छ ।

**भागीरथी तथा ज्ञेया वाग्मतीदं महानदी ।**
**धर्मार्थकामादऽजस्रं मोक्षार्थिभिः प्रसेविता ॥- १४**

यसै पुण्यभूमिमा स्वर्ग र पातालका ३ करोड ५० लाख तीर्थहरूको बास भएको छ । यो शिवक्षेत्र पनि हो । शंखाशुरले चिरञ्जीवी हुने, व्यासले मुनिश्रेष्ठ बन्ने, सप्तऋषि लगायतका कत्ति सिद्धहरूले चिरञ्जीवी हुने वरदान यसै तीर्थमा स्नान गरेर पाएका थिए ।

कुनै समयमा उज्जैनमा बस्ने एउटा ब्राह्मणले बाबुलाई माऱ्यो र कालगतिले गङ्गा किनारमा आफू पनि मऱ्यो । गङ्गा किनारमा मरेकाले पितृहत्यारा ब्राह्मण ब्राह्मणकै कुलमा जन्मियो तर ऊ दुःखी बन्यो, खान पाएन । पछि त्यो ब्राह्मण पत्नीहत्या, स्त्रीहत्या, वालहत्या पनि गर्ने भयो । ऊ ब्रह्मराक्षस भएर घर छोडेर वनतिर हिँड्यो । जङ्गलमा उसले गाई पनि मारेर खायो । उसलाई कुष्ठ लगायतका रोगले समात्यो । एकदिन त्यो ब्राह्मणले शिवपूजा गर्न लागेका सनक, सनातन, सनन्दन, सनतकुमार, कपिल, मरिचि, अत्रि आदि योगविद् ऋषिहरुलाई देख्यो । ऋषिहरूले त्यो पापीलाई देखेर भने- हे पापी ! यस तीर्थमा स्नान गरेर पापमुक्त बन । त्यसैबीच अर्का ऋषि नारद अगाडि आएर पनि त्यहीँ स्नान गर्ने उपदेश दिनुभयो । सबैजनाले भनेको मानेर ब्रह्मपिशाचले त्यस तीर्थमा स्नान गऱ्यो र उसले आफ्ना पुराना पाप नाश गर्ने उपाय पनि सोध्यो । नारदले उसलाई एक वर्ष स्नान गर्न र कोटीश्वर शिवको दर्शन गर्ने उपदेश दिनुभयो । साथै, मुनिले कुन दिनको स्नानले कुन पाप नाश हुन्छ भन्ने पनि बताइ दिनुभयो । मुनिको उपदेशअनुसार ब्रह्मराक्षसले स्नानादि गरेपछि उसको सबै पाप नाश भयो, रोग पनि बिसेक भयो र ऊ पहिले भन्दा धेरै सुन्दर बन्यो । त्यसबेला उसले वाग्मतीको स्तुति पनि गऱ्यो-

**ॐ नाभिकुण्ड समुद्भूते रुद्रकण्ठाद् विनिश्रिते ।**
**वाग्मतीति श्रुतं देवी जलमूर्त्यैः नमोस्तुते ॥- ८३, ८४**

यसरी स्तुति गरेपछि नदीको माझबाट माता पार्वती प्रकट भएर निष्पापी हुने बरदान दिनुभयो । साथै, देवीले जसले वाग्मती स्नान गरेर कोटीश्वर दर्शन गर्छ उसले चिरञ्जीवीत्त्व, धन, पुत्र, कीर्ति आदि प्राप्त गर्नुको साथै सबै किसिमको अपराधबाट पनि मुक्ति हुन्छ भन्नुभयो । अब हे विरूपाक्ष ! तिमी यस्को उत्तरपट्टि रहेको वाणेश्वरको दर्शन गर ।

## १४८. वाणेश्वरलिङ्ग महिमा

नेमुनिको उपदेश र साथ पाएका विरूपाक्षले वाणगङ्गामा स्नान गरेपछि वाणेश्वर शिवलिङ्गको दर्शन गरे । त्यसपछि उनले त्यस लिङ्गको महिमा सोधे । नेमुनिले भन्नुभयो- पिङ्गकेश नामको किरात सधैं शिकार खेल्थ्यो, वाणेश्वर नजिकै बस्थ्यो । ऊ हरेक शिकार शिवलाई अर्पण गरेर खान्थ्यो । रातदिन दुबैपटक २-२ चोटी रतिक्रीडा गरेको दोषले उसलाई राजयक्ष्मा रोग लाग्यो । अल्पायु मै ऊ शिव शिव भन्दै मऱ्यो । उसलाई शिवगण आएर कैलाश लगे र ऊ शिवको पिङ्गकेश नामको वरिष्ठ गण भएर अहिले पनि बसिरहेको छ । हे विरूपाक्ष ! अब तिमी ज्ञानेश्वर शिवलिङ्गको दर्शन गर ।

## १४९. मयूरतीर्थ एवं ज्ञानेश्वर/चरणेश्वर महिमा

नेमुनिको उपदेश र साथ पाएका विरूपाक्षले मयूर तीर्थमा स्नान गरेर ज्ञानेश्वरको पूजा गरे । त्यसपछि उनले मुनिसँग तिर्थ र लिङ्गको महिमा सोधे । नेमुनिले उनलाई भन्नुभयो- दैत्यहरूबाट पीडित भएका स्कन्द र अन्य देवताहरूले यसै ठाउँमा शिवको आराधना गर्दा सो लिङ्गको आविर्भाव भएको र लिङ्गबाट शिव प्रकट भएर देवताहरूको विजय हुने सूचना दिनुभएको थियो । मयूर नाचेकाले यसलाई मयूर तीर्थ भन्न थालियो ।

यस्तै, एकजना मुनिको लाटो छोरो थियो । मुनिले त्यो छोरालाई त्यसै तीर्थमा स्नान गराए । स्नान गर्ने वित्तिकै बालक बोल्न सक्ने भयो र बाबुसँग खानेकुरा माग्यो । ऋषिले बालकलाई खुवाए र शिवपूजन गराए । त्यसै पुण्यले बालकले एक चरण पद्य पढेर शिवको पूजा गऱ्यो । एक चरण पढेर लिङ्गको पूजा गरेकाले त्यो लिङ्गलाई चरणेश्वर भनियो । त्यसबेला त्यो बालकले १० लाखपटक शिवमन्त्र पनि जप्यो । मरेपछि त्यो बालक शिवयानमा बसेर शिवलोक गयो र रुद्र कन्याहरूसँग रमाएर बस्न पायो ।

हे विरूपाक्ष ! अब तिमी पर्वतेश्वर लिङ्गको दर्शन गर ।

## १५०. ज्ञानकूप एवं पर्वतेश्वर महिमा

नेमुनिका साथमा पर्वतेश्वर गएका विरूपाक्षले ज्ञानकूपमा स्नान गरेर लिङ्गको दर्शन गरेपछि त्यस तीर्थ र लिङ्गको महिमा सोधे । नेमुनिले भन्नुभयो- पाशुपत क्षेत्रमा हिमालय पर्वतले लिङ्ग स्थापना गरेर पूजा गरेकाले यसलाई पर्वतेश्वर भनिएको हो । एकपटक यस लिङ्गको स्थूलपाद नाम गरेको गुह्यकले कुवेरको साथमा आएर पूजा र स्तुति गऱ्यो । श्रावण पूर्णिमाका दिन वाग्मतीको स्नान पनि गऱ्यो । त्यसरी स्नान र दर्शन गर्ने वित्तिकै गुह्यकलाई विशिष्ट ज्ञान पलायो र उसले अलकापुरीको वासको लागि श्रीमती छोराछोरी सबै त्यागेर त्यसै लिङ्गको पूजा गरेर बस्न थाल्यो । माघकृष्ण चतुर्दशीका दिन उसले देहत्याग गऱ्यो । तत्काल शिवगण आएर शिवलोक लगे त्यसपछि ऊ योजनपाद नामले प्रशिद्ध शिवगण भएर बस्यो । अब तिमी जलेश्वर शिवलिङ्गको दर्शन गर्न जाऊ ।

## १५१. जलेश्वर शिवलिङ्ग महिमा

नेमुनिको उपदेश र साथ पाएका विरूपाक्षले जलेश्वरमा स्नान गरी त्यहीँ उत्पन्न भएको लिङ्गपूजा गरेपछि त्यसको महिमा सोधे । नेमुनिले भन्नुभयो- अघि वाग्मतीले आफू पवित्र बन्न र शिवलाई जल चढाउन आराधना गरिन् र लिङ्गरूपी शिवबाट पवित्र बन्ने कुरा कार्तिक शुक्ल अष्टमीका दिन बरदान पाइन् । पछि फेरि वाग्मतीले शिवको स्तुति गरेर जलमा बस्ने कीरा र जलजन्तुले मलाई दुषित र मलीन बनाउछन्, मलाई पवित्र बनाई दिनुहोस् र सधैँभरि मेरो जलमा बस्नुहोस् भनेर वरदान मागिन् । शिवले पनि वाग्मतीलाई सधैँ पवित्र हुन्छचौ र म सधैँ तिमीभित्र बस्छु भनेर बरदान दिनुभयो । साथै शिवले तिमी बाग्मती, धर्मतरङ्गिणी, शिवगङ्गा, सरस्वती नामले पनि चिनिनेछचौ भन्नुभयो ।

पूर्वजन्ममा अरूको गाई मारेर पितृलाई अर्पण नगरी खाएको पापले एकजना ब्राह्मण त्रिशंकु भए अथवा भनियो। पूर्वजन्मको पापले गर्दा उनी दैत्य वाणासुरको छोरा भएर जन्मिए। त्यस जन्ममा उसले जलेश्वर लिङ्ग देखेर स्तुति गरेर देवताहरू माथि वाण वर्षा पनि गऱ्यो। उसले गोकर्णको गुफामा वाग्मतीलाई थुनेर पनि लिङ्गको आराधना गरेको थियो। उसको आराधनाबाट प्रसन्न भएका शिवले उसलाई धेरैकालसम्म बाँच्ने बरदान दिनुभयो भने उसलाई मरेपछि पनि शिवगणले लगेका थिए।

हे विरूपाक्ष ! अव तिमी गुह्येश्वरको दर्शन गर्न जाऊ।

## १५२. गुह्यकाली सहस्रनाम

नेपाल पीठ स्थित वाग्मती किनारमा रहेकी गुह्यकाली देवीका हजार नाम सुन्न चाहने अगस्त्य मुनिलाई स्कन्दकुमार भन्नुहुन्छ- मैले शिवको मुखबाट सुनेको गुह्येश्वरी सहस्रनाम सुन्नुहोस्। यो सहस्रनामको विनियोग यस प्रकार छ -

**महादेव ऋषि, अनुष्टुप छन्द, गुह्येश्वरी देवता, ॐ वीज, नमः कील, शक्ति गुह्यवासिनी, चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) साधन प्राप्ति।**

**सहस्रनाम** -

१. अन्चिन्त्याव्यक्तरूपा, २. अर्यमा, ३. अमलेश्वरी, ४. अमृतारर्णनमध्यस्था, ५. अर्कमण्डलवासिनी, ६. अव्यक्तलक्षणा, ७. अक्षोभा, ८. अजरा, ९. अमरार्चिता, १०. अणिस्तदिगुणाधारा, ११. अम्बराम्बाधारिणी, १२. अर्धमत्रात्मिका, १३. अर्घा, १४. अरिषड्वर्गनाशिनी, १५. अरविन्दनिभा, १६. अनाथा, १७. अरविन्दनिमेक्षणा, १८. अञ्जनाद्रिप्रतिकाशा, १९. अम्बराम्बर भूषिता, २०. अदिति, २१. अजपा, ३२. अविद्याध्वंशिनी, ३३. अन्तरात्मिका, २४. अगन्ता, २५. अम्बुजाक्षी, २६. अमावास्या, २७. आमातिथि, २८. आद्यादेवी, २९. आदिशक्ति, ३०. आकृति, ३१. आयतांनना, ३२.

आदित्यमण्डलागता, ३३. आदित्यगणसेविता, ३४. आचार्यरूपा, ३५. आचारा, ३६. आम्रवृक्षनिवासिनी, ३७. आर्द्रा, ३८. आर्द्रप्रतीकाशा, ३९. आकाशान्तरचारिणी, ४०.आद्यक्षरसमायुक्ता, ४१. आरम्भारम्भरूपिणी, ४२. आग्नेयी, ४३. आसनस्था, ४४. आनन्दा ५४. आनन्दविग्रहा ४६. आद्यानन्दा, ४७. आम्रगुणा, ४८. आशा, ४९. आनन्दविग्रहा, ५०. इडा, ५१. पिङ्गलरूपा, ५२. इन्द्रनीलनिभा ५३. इडा, ५४. इन्द्ररूपा, ५५. इन्दुछटा, ५६. इन्द्राणी, ५७. इन्द्रपूजिता, ५८. इन्द्राक्षी, ५९. इन्द्रमाता, ६०. इन्दुमण्डलरूपिणी, ६१. इन्द्रकोदण्डसंयुक्ता, ६२. इषुसन्ध्याकारिणी, ६३. ईश्वरी, ६४. ईश्वरा, ६५. ईसा, ६६. इसानत्रयघारिणी ६७. ईडा ६८. ईडामयी ६९. ईला ७०. इलासन्नतरूप्रिया, ७१. उडप्रभा, ७२. उडुमती, ७३. उडुमण्डलवासिनी, ७४. उमा, ७५. उत्सवसम्पन्ना, ७६. उषा, ७७. उडुनिभानना, ७८. उदकोदकरूपा, ७९. उदयाचलसंस्थिता, ८०. उदङ्मुखी, ८१. उदासिना, ८२. उदीची, ८३. उर्वशी, ८४. उदा, ८५. ऊरुस्वना, ८६. उरुश्रेणी, ८७. उरुचारुविलोचना, ८८. उर्ध्वास्या, ८९. उर्ध्वकेशी, ९०. उर्मिलोलविलोचना, ९१. उर्घ्याम्नायस्थिता, ९२. उर्ध्वा, ९३. ऋद्धिता, ९४. ऋद्धिरूपिणा, ९५. ऋजुरूपा, ९६. ऋजुधर्मा, ९७. ऋजुमार्गव्यवस्थिता, ९८. ऋग्वेदरूपा, ९९.ऋणहा, १००. ऋजुधरप्रवर्तिनी, १०१. ऋतुमती, १०२. ऋतुमार्गस्था, १०३. लुनारी, १०४. ऋकाराक्षरुपिणी, १०५. वरसम्भूता, १०६. लुतादिविषभञ्जिनी, १०७. लुतार्तिहारिणी, १०८. लुता, १०९. ओंकाराक्षररूपिणी, ११०. एका, १११. एकाक्षरीमूर्ति, ११२. एकमत्रा, ११३. एकनिष्ठका, ११४. एकान्तवासिनी, ११५. एणा, ११६. एणाशावकलोचना, ११७. ऐन्द्री, ११८. ऐहिकामुष्मिकप्रदा, ११९. ओंकारी, १२०. ओषधी, १२१. ओषा, १२२. ओतप्रोतविद्यायिनी, १२३. और्वी, १२४. औषधसम्पन्ना, १२५. औपासनमुलप्रदा, १२६. अन्तमध्यास्थिता, १२७. अन्धकासूरनाशिनी, १२८. कात्यायनी, १२९. कालरात्रि, १३०. कामाक्षी, १३१. कामसुन्दरी, १३२. कमला, १३३. काशिनी, १३४. कान्ता १३५. कामदा, १३६.कालकर्णिका, १३७. करिकुम्भस्तनी, १३८. कन्या, १३९. कवीरसुवासिनी, १४०. कल्याणी, १४१. कुण्डलवती, १४२. कुरुक्षेत्र

निवासिनी, १४३. अरविन्ददलाकारा, १४४. कुण्डली, १४५. कुमुदालया, १४६. कालजिह्वा, १४७. करालास्या, १४८. कालिका, १४९. कालरूपिणी, १५०. कामनीयगुणा, १५१. कान्ति, १५२. कुमुदवती, १५३. कौशिकी, १५४. कलाधारा, १५५. कमलाधारा, १५६. कामाचारप्रभञ्जिनी, १५७. कौमारी, १५८. करुणापाङ्गी, १५९. कुन्ददला, १६०. करिप्रिया, १६१. केशिनी १६२. केशवनुता, १६३. कदम्बकसुमाप्रिया, १६४. कालिन्दी, १६५. कालिका, १६६. काञ्ची, १६७. कलशोदभवसंस्तुता, १६८. काममाता, १६९. ऋतुमती, १७०. कामरूपा, १७१. प्रियावती, १७२. कुमारी, १७३. कुदनिलया, १७४. किराती, १७५. किलवाहना, १७६. कैकेयी, १७७. कोकिलालया, १७८. केतकीकुसुमप्रिया, १७९. कमण्डलुधरा, १८०. क्रूरा, १८१. कर्मनिमूर्लकारिणी, १८२. कलसंह गति, १८३. कुब्जा, १८४. कृतकौतुकमंगला, १८५. कस्तुरी तिलका, १८६. कम्रा, १८७. करीन्द्रगमना, १८८. कुहु, १८९. कर्पूर लेपना, १९०. कृष्णा, १९१.कपिला, १९२. कुहराश्रया, १९३. कूटस्था, १९४. कुधरा, १९५. कम्रा, १९६. कुक्षिस्थाखिलविष्टपा, १९७. खड्गखेटधरा, १९८. खर्वी, १९९. खेचरी, २००. खड्गवाहना ।

२०१. खट्वाङ्गधारिणी, २०२. ख्याता, २०३. खगराजोपरिस्थिता, २०४. खलघ्नी, २०५. खण्डितजरा, २०६. खडाख्यातिप्रदायिनी, २०७. खडेन्दु तिलका, २०८. गङ्गा, २०९. गणेशगुहपूजिता, २१०. गायत्री, २११. गोमती, २१२. गीता, २१३. गान्धारी, २१४. गानलोलुपा, २१५. गौतमी, २१६. गामिनी, २१७. गन्धा, २१८. गन्धर्वाप्सरसेविता, २१९. गोविन्दचरणक्रान्ता, २२०. गुणत्रयविभाविता, २२१. गन्धर्वी, २२२. ग्लौहरी, २२३. गात्रा, २२४. गिरीशा, २२५. गहनागमा, २२६. गुहावासा, २२७. गुणवती, २२८. गुरुपापप्रणाशिनी, २२९. गुर्वी, २३०. गुणवती, २३१. गुह्या, २३२. गोपिका, २३३. गुणदायिनी, २३४. गिरिजा, २३५. गुहमातंगी, २३६. गरुडध्वजवल्लभा, २३७. गर्वापहारिणी, २३८. गोदा, २३९. गोकुलस्था, २४०. गदाधरा, २४१. गोकर्णनिलया, २४२. गुह्या, २४३. गुह्यमण्डलवर्तिनी, २४४. धर्मदा, २४५. धनदा, २४६. घण्टा, २४७. घोरदानवमर्दिनी, २४८. घृणिमन्त्रचया, २४९. घोषा, २५०. धनसंपतप्रदायिनी, २५१. घण्टार

वप्रिया, २५२. घोणी, २५३. घृणिसन्तुष्टकारिणी, २५४. धनवेगिनी, २५५. घूर्णा, २५७. ज्ञानाचारव्रती, २५८. चर्चा, २५९. चर्विणी, २६०. चारुहासिनी, २६१. चतुरा, २६२. चन्द्रिका, २६३. चित्रा, २६४. चित्रमालाविभूषिता, २६५. चतुर्भुजा, २६६. चारुदन्ता, २६७. चातुरी, २६८. चरितप्रदा, २६९. चूरिता, २७०. चित्रविश्रान्ता, २७१. चन्द्रभा, २७२. चूर्णकुन्तला, २७३. चन्द्रहासा, २७४. चारुगात्री, २७५. चकोरी, २७६. चन्द्रहासिनी, २७७. चन्द्रिका, २७८. चित्रधात्री, २७९. चोरा, २८०. चैरा, २८१. चण्डिका, २८२. चञ्चदवाग्वादिनी, २८३. चन्द्रचूडा, २८४. चन्द्रविलासिनी, २८५. चारुचन्दनलिप्ताङ्गी, २८६. चञ्चच्चामरवीजिता, २८७. चारुमध्या, २८८. चारुगति, २८९. चन्द्रिका, २९०. चन्द्ररूपिणी, २९१. चारुभोगप्रियाचार्या, २९२. चरिता, २९३. चक्रधारिणी, २९४. चन्द्रमण्डलमध्यस्था, २९५. चन्द्रमण्डलदर्पणा, २९६. चक्रवाकस्तनी, २९७. चेष्टा, २९८. चित्रा, २९९. वारुविलासिनी, ३००. चितस्वरूपा ।

३०१. चन्द्रवती, ३०२. चन्द्रभा, ३०३. चन्दनप्रिया, ३०४. चोदोयत्री, ३०५. चिरप्रज्ञा, ३०६. चातकाधानहेतुकी, ३०७. छत्रप्रीता ३०८. छत्रधरा, ३०९. छाया, ३१०. छेदपरिच्छदा, ३११. छायादेवी, ३१२. छिद्रनखी, ३१३. छिनेन्द्रिया, ३१४. विसर्पिणा, ३१५. छन्दोऽनुष्टुप्प्रतिष्ठान्ता, ३१६. छिन्नोपद्रवछेदिनी, ३१७. छन्दच्छत्रेश्वरी, ३१८. छिन्ना, ३१९. छुरिकाछेदनक्रिया, ३२०. जननी, ३२१. जन्मरहिता, ३२२. जातवेदा, ३२३. जगन्मयी, ३२४. जाह्नवी, ३२५. जटिला, ३२६. जैत्री, ३२७. जरामरणवर्जिता, ३२८. जम्बूद्वीपवती, ३२ ९. ज्योत्स्ना, ३३०. जयन्ती, ३३१. जयसाधिनी, ३३२. जितेन्द्रिया, ३३३. जितक्रोधा, ३३४. जितामित्रा, ३३५. जगतप्रिया, ३३६. जातरूपमयी, ३३७. जिह्वा ३३८. जानकी, ३३९. जगती, ३४०. जरा, ३४१. जनित्री, ३४२. जन्हुतनया, ३४३. जगत्त्रयहितैषिणी, ३४४. ज्वालावती, ३४५. जपवती, ३४६. ज्वालघ्नी, ३४७. जितविष्टपा, ३४८. जिह्वाक्रान्तमहाज्वाला, ३४९. जाग्रती, ३५०. ज्वलदैवता, ३५१. ज्वलन्ती, ३५२. ज्वलदा, ३५३. ज्येष्ठा, ३५४. ज्याघोषास्फोटदिङमुखा, ३५५. जन्भनी, ३५६. जृम्भिणी, ३५७. जृम्भा, ३५८. ज्वलन्मारीककुञ्जला, ३५९. झिल्लिकागणनिर्घोषा,

३६०.झञ्झाम्तरुतवेगिनी, ३६१. झल्लरीबाद्यकुशला, ३६२. झषरूपा, ३६३. झषध्वजा, ३६४. टंकवाणसमायुक्ता, ३६५. टङ्किणी, ३६६. टङ्कवेगिनी, ३६७. टंकीकृतगुणाशेषा, ३६८. टंकनीयमनोहरा, ३६९. टंकारकारिणीदेवी, ३७०. टट्टशब्दनिनादिनी, ३७१. डाकिनी, ३७२. डामरी, ३७३. डिम्भा, ३७४. डुण्डुभानेकवर्जिता, ३७५. डामरीतन्त्रमार्गस्था, ३७६. डमड्डमरुवादिनी, ३७७. डिण्डीरविहसा, ३७८. डिम्भा, ३७९. डोलक्रीडापरायणा, ३८०. ढुण्डिविघ्नेशजननी, ३८१. ढक्काहस्ता, ३८२. ढिरिप्रिया, ३८३. त्रिप्रिया, ३८४. ज्ञानदा, ३८५. अशेषा, ३८६. तरुणी, ३८७. तरुणीत्रयी, ३८८. त्रिगुणा, ३८९. त्रिपदा, ३९०. तन्त्री, ३९१. तुलसी, ३९२. तुरगासना, ३९३. त्रिविक्रमपदाक्रान्ता, ३९४.तुरीयपदगामिनी, ३९५. तरुणादित्यसंकाशा ३९६.तामसी, ३९७. तुहिनाश्रया, ३९८. त्रिकालज्ञानसम्पन्ना, ३९९.त्रिवली, ४०० ।. त्रिविलोचना,

४०१. त्रिशक्ति, ४०२. त्रिपुरा, ४०३. तुङ्गा, ४०४. तुरङ्गवदना, ४०५. तटी, ४०६. तिमिंगिलगिला, ४०७. तीब्रा, ४०८. त्रिस्रोता, ४० ९. तामर्सादिनी, ४१०. तन्त्रा, ४११. तन्त्रविशेषज्ञा, ४१२. तनुमध्या, ४१३. त्रिविष्टपा, ४१४. त्रिसन्ध्या, ४१५. त्रिस्तनी, ४१६. तोषा, ४१७. तास्था, ४१८. तालप्रपातिनी, ४१९. ताटङ्किनी, ४२०. तुषारांभा, ४२१. तुहिनाचलवासिनी, ४२२. तन्तुजालसमायुक्ता, ४२३. तारहारावलिप्रिया, ४२४. तिलपर्णप्रिया, ४२५. तीर्था, ४२६. तमालकुसुमाकृति, ४२७. तारका, ४२८. त्रिपुरा, ४२९. तन्वी, ४३०. त्रिशंकुपरिवारिता, ४३१. तत्वोदरी, ४३२. तिलाभासा, ४३३. ताटङ्कोपरिसंस्थिता, ४३४. त्रिजटा, ४३५. तैत्तिरी, ४३६. तृष्णा, ४३७. त्रिविधा, ४३८. तरुणाकृति, ४३९. तप्तकांचनसंकाशा, ४४०. तप्तकांचनभूषणा, ४४१. त्र्यम्बका, ४४२. त्रिवर्णा, ४४३. त्रिकालज्ञानदायिनी, ४४४. तर्पणा, ४४५. तृप्तिदा, ४४६. तृप्ता, ४४७. तामसी, ४४८. तुम्बुरुस्तुता, ४४९. तर्क्ष्यस्था, ४५०. त्रिगुणाकारा, ४५१. त्रितुङ्गी, ४५२. तनुवल्नरी, ४५३. थकारधारिणी, ४५४. थान्ता, ४५५. दोहिनी, ४५६. दीनवत्सला, ४५७. दान्तवान्तकारीदुर्गा, ४५८. दुर्गासुरनिवर्हिणी, ४५९. देवकी, ४६०. देवमाता, ४६१. द्रौपदी,

४६२. दुन्दुभिस्वना, ४६३. देवयानी, ४६४. दुरावासा, ४६५. दारिद्रच्छेदिनी, ४६६. दिवा, ४६७. दामोदरप्रिया, ४६८. दीप्ता, ४६९. दण्डिनी, ४७०. देवपूजिता, ४७१. दण्डकारण्यनिलया, ४७२. देवता, ४७३. आदित्यरूपिणी, ४७४. देववन्द्या, ४७५. दिविषदा, ४७६. द्वेषिणी, ४७७. दानवाकृति, ४७८. दीनानाथस्तुता, ४७९. दीक्षा, ४८०. दिग्वासा, ४८१. देवमो हिनी, ४८२. धात्री, ४८३. धनुर्धरा, ४८४. धेनु, ४८५. धरणी, ४८६. धर्मधारिणी, ४८७. धुरन्धरधराधारा, ४८८. धनदा, ४८९. धान्यमो हिनी, ४९०. धर्मशीला, ४९१. धनाध्यक्षा, ४९२. धनुर्वेदविशारदा, ४९३. धृतिधन्या, ४९४. धृतिपदा, ४९५. धर्मराजप्रिया, ४९६. ध्रुवा, ४९७. धूमावती, ४९८. धूमकेशी, ४९९. धर्मशास्त्रप्रवर्धिनी, ५००. नन्दा ।

५०१. नन्दप्रिया, ५०२. निद्रा, ५०३. नुन्नता, ५०४. नन्दनात्मिका, ५०५. नर्मदा, ५०६. नलिनी, ५०७. नीला, ५०८. नीलकण्ठसमाश्रया, ५०९. नार ायणप्रिया, ५१०. नित्या, ५११. निर्मला, ५१२. निर्गुणा, ५१३. निधि, ५१४. निराधारा, ५१५. निरूपमा, ५१६. नित्यशुद्धा, ५१७. निरञ्जना, ५१८. नादविन्दुकलातीता, ५१९. नादविन्दुकलात्मिका, ५२०. नारसिंही, ५२१. नगधरा, ५२२. नृवरा, ५२३. नागभूषणा, ५२४. नरकक्लेशशमनी, ५२५. नार ायणपदोद्भवा, ५२६. नरिवन्द्या, ५२७. निराकारा, ५२८. नारदप्रियकारिणी, ५२९. नानाज्योतिपदाख्याता, ५३०. निराधि, ५३१. निर्मलात्मिका, ५३२. नवसुत्रधारा, ५३३. नीति, ५३४. नदजा, ४३५. नवरत्नाढ्या, ४३६. नैमिषारण्यवासिनी, ४३७. नवनीतप्रिया, ५३८. नारी, ५३९. नीलजीभूतनिस्वना, ५४०. निमेषाद्या, ५४१. नदीरूपा, ५४२. नीलग्रीवा, ५४३. नरेश्वरी, ५४४. नानावरी, ५४५. निशुम्भघ्नी, ५४६. नागलो कनिवासिनी, ५४७. नवजाम्बूनदप्रख्या, ५४८. नागलोकाधिदेवता, ५४९. नूपुरक्रान्तचरणा, ५५०. नरचित्तप्रमोदिनी, ५५१. निमग्नदक्षनमिता, ५५२. निर्धातसमनिस्वना, ५५३. नन्दबोद्यानानिलया, ५५४. निर्व्यूहोपरिचारिणी, ५५५. पार्वती, ५५६. परमामोदा, ५५७. पञ्चब्रम्हात्मिका, ४४८. परा, ५५९. पञ्चकोशविनिर्मुक्ता, ५६०. पञ्चपातकनाशिनी, ५६१. पर चित्ताविधानज्ञा, ५६२. पञ्चिका, ५६३. पञ्चरूपिणी, ५६४. पूर्णिमा,

५६५. परमाप्रीति, ५६६. परतेजोऽप्रकर्षिणी, ५६७. पुराणी, ५६८. पौरुषी, ५६९. पुण्या, ५७०. पुण्डरिकनिभेक्षणा, ५७१. पातालतलनिर्मग्ना, ५७२. प्रीत्यप्रीतिविवर्दिनी, ५७३. पावनी ५७४. पदनीहारा, ५७५. पेशला, ५७६. पाकशासना, ५७७. प्रजापतिपरिश्रान्ता, ५७८. पर्वतस्तनमण्डला, ५७९. पद्मप्रिया, ५८०. पद्मसंस्था, ५८१. पद्माक्षी, ५८२. पद्मसम्भवा, ५८३. पद्मपत्रा, ४८४. पद्मपदा, ४८५. पद्मिनी, ४८६. प्रियभाषिणी, ५८७. पशुपाशविनिर्मुक्ता, ५८८. पुरन्ध्री, ५८९. पुरशासनी, ५९०. पतिब्रता, ५९१. पवित्राङ्गी, ५९२. पुष्पवासपरायणा, ५९३. पुष्करा, ५९४. पुरुषा, ५९५. पर्वा, ५९६. पारिजातसूभप्रिया, ५९७. प्रज्ञावतीसुता, ५९८. पौत्री, ५९९. पत्रपुजा, ६००. पयस्विनी ।

६०१. पट्टिपाशधरा, ६०२. पङ्क्ति, ६०३. पितृलोकप्रदायिनी, ६०४. पुराणी, ६०५. पुण्यशीला, ६०६. प्रणतार्तिविनाशिनी, ६०७. प्रद्युम्नजननी, ६०८. प्रौढा, ६०९. पितामहपरिग्रहा, ६१०. पुण्डरीकपुरावासा, ६११. पुण्डरीक निभानना, ६१२. पृथुजंघा, ६१३. पृथुपादा, ६१४. पृथुभुजा, ६१५. पृथूदरी, ६१६. प्रवलशान्ता, ६१७. पिङ्गाक्षी, ६१८. पीतवासा, ६१९. पिपीलिका, ६२०. पर्जन्यभीमरूपा, ६२१. पर्जन्याधिकशीतला ६२२. पुराणवेदगम्या, ६२३. पुराण वेदवन्दिता, ६२४. मद्मरागप्रतीकाशा, ६२५. मद्मरागस्वरूपिणी, ६२६. पद्माक्षी, ६२७. पद्मपत्राक्षी, ६२८.पद्ममालाविभूषिता, ६२९. पाञ्चाली, ६३०. पञ्चनी, ६३१. पञ्चा, ६३२. पञ्चाननहृदयमोहिनी, ६३३. पञ्चकूटस्थिता, ६३४. प्राची, ६३५. पञ्चाननिवाशिनी, ६३६.पाशिनी, ६३७. पुशहस्ता, ६३८. पशुपाशविनाशिनी, ६३९. पशुपाशसमुच्छेदकारिणी, ६४०. पशुघातिनी, ६४१. परश्वार्या, ६४२. पर्शुहस्ता, ६४३. परलोकभयावहा, ६४४. फलिनी, ६४५. फलहस्ता, ६४६. फलाफलफलप्रदा, ६४७. फणिकंकणहस्ता, ६४८. फणिनूपुरवाहिनी, ६४९. फुत्कारकारिणी, ६५०. फुलिङ्गा, ६५१. फुलिङ्गिनी, ६५२. फुलदा, ६५३. फलदात्री, ६५४. फणिहस्ता, ६५५. फणामणी, ६५६. विश्वेश्वरी, ६५७. विश्वासा, ६५८.विश्वपापविनाशिनी, ६५९. विशालाक्षी, ६६०. विशालाक्षा, ६६१. विशालमुक्तिधारिणी, ६६२. विम्बाधरा, ६३३. विम्बरूपा, ६६४. विश्वा, ६६५. विद्याविदोदिनी, ६६६. वेदगम्या, ६६७.

वेदबन्द्या, ६६८. वेदवेदाङ्गपारगा, ६६९. वेदाङ्गी ६७०. वेदरूपा, ६७१. वेदमन्त्रश्वरूपिणी, ६७२. वाशिनी, ६७३. वासिनी, ६७४.वश्या, ६७५. वसुदा, ६७६. वसुदायिनी, ६७७. वसुदा, ६७८.वसुराध्या, ६७९.वशुदानपरायणा, ६८०. बासवी ६८१. वासवाराध्या, ६८२. वामदेवविलासिनी, ६८३. बहुदा, ६८४. बहुरूपा, ६८५. वहुवाहुविलासिनी, ६८६. बहुनेत्रा, ६८७. बहुलास्या, ६८८. बहुस्तना, ६८९. बहुहस्ता, ६९०. बहुस्मरणा, ६९१. वह्वानना, ६९२. बाला, ६९३. बहुविघ्नविनाशिनी, ६९४. बल्लिभि, ६९५. बल्लभप्रीति, ६९६. बलिनी, ६९७. बहुरूपिणी, ६९८. बलाराध्या, ६९९. बलाराति ७००. बलवैरिनिषेविता,

७०१. वाद्यप्रिया, ७०२. वाद्यलता, ७०३. वीणावादनतत्परा, ७०४. वामदेवप्रिया, ७०५. वामा, ७०६. वासुदेवाभिनन्दिता, ७०७. वारणा, ७०८. वारणाधारा, ७०९. वरवाटीविहारिणी, ७१०. वारण्या, ७११. वरदा, ७१२. वन्या, ७१३. वनमालाविभूषणा, ७१४. बलाका, ७१५. बालिनी, ७१६. वीरा, ७१७. बैद्यशास्त्रविशारदा, ७१८. वाराही, ७१९. वारणी, ७२०. वीरा, ७२१. वाक्पति, ७२२. वारप्रदा, ७२३. बसुधा, ७२४. बसुपात्री, ७२५. वसुवासुकिरूपिणी, ७२६. वाग्देवी, ७२७. बक्ररूपा, ७२८. वेदवादेविनोदिनी, ७२९. वन्दनीया, ७३०. वरारोहा, ७३१.वराङ्गी, ७३२. वरलोचना, ७३३. वरास्या, ७३४. वरहस्ता, ७३५.वरदा, ७३६. वरशालिनी, ७३७. बृन्दा, ७३८. बृन्दारकाराध्या, ७३९. बृन्दावनविहारिणी, ७४०. वरणा, ७४१. वरुणाराध्या, ७४२. वरुणानन्ददायिनी, ७४३. ब्रह्मरूपा, ७४४. ब्रह्ममूर्ति, ७४५. ब्रह्मसंस्तुता, ७४६. ब्राह्मी, ७४७. ब्रह्ममयी, ७४८.ब्रह्मा, ७४९. ब्रह्मानन्दस्वरूपिणी, ७५०. वैष्णवी, ७५१. विष्णुरूपा, ७५२. विष्णुचित्तप्रियङ्करी, ७५३. विद्या, ७५४. विद्याधराराध्या, ७५५. विद्यामन्त्रस्वरूपिणी, ७५६. विशदा, ७५७. विशदाचारा, ७५८. विशदानन्ददायिनी, ७५९. विपुला, ७६०. विपुलश्रोणी, ७६१. विपुलस्तनमण्डला ७६२. विमल, ७६३. विलाङ्गी, ७६४.विमलाचारसंस्थिता, ७६५. विशिष्टागम्यसुरति, ७६६.वशिष्ठा, ७६७. वसुवेष्टिता, ७६८. विकाशिनी, ७६९. विकाशाद्या, ७७०. विकचाम्बुजलोचना, ७७१. वाशिष्ठी, ७७२. वारुणी, ७७३. विश्वा, ७७४. वैश्वानरप्रिया,

७७५. वाराणसीपराराध्या, ७७६. विश्वाविश्वस्वरूपिणी, ७७७. भूति, ७७८. भगवती, ७७९. भव्या, ७८०. भवानी, ७८१. भववल्लभा, ७८२. भूतधात्री, ७८३. भूतमाता, ७८४. भूतिदा, ७८५. भूतिदायिनी, ७८६. भवप्रिया, ७८७. भवानन्दा, ७८८. भवभीतिविनाशिनी, ७८९. भीमा, ७९०. भीमस्वरूपा, ७९१. भीमभूतगणाबृता, ७९२. भूषा, ७९३. भूषणरूपा, ७९४. भूवनाभयकारिणी, ७९५. भूवना, ७९६. भूवनाराध्या, ७९७. भाविनी, ७९८. भुवनेश्वरी, ७९९. भेरुण्डा, ८००. भैरवी ।

८०१. भीमा, ८०२. भार्गवी, ८०३. भार्गवस्थिता, ८०४. भयदा, ८०५. भयहन्त्री, ८०६. भवनाथा, ८०७. भयङ्करी, ८०८. भीतिर्भी, ८०९. भयहन्त्री, ८१०. भूताचारभयास्थिता, ८११. भाग्या, ८१२. भागी, ८१३. भाग्यदा, ८१४. भाग्यभालिनी, ८१५. भागिनी, ८१६. भागा, ८१७. भागानन्दा, ८१८. भगोदरी, ८१९. भगदा, ८२०. भगरूपा, ८२१. भगदात्री, ८२२. भवार्दिता, ८२३. भूतिर्भूमिभ्रमी, ८२४. भ्राभु, ८२५. भृकुटीकुटिलेक्षणा, ८२६. भ्रान्तिदा, भ्रान्तिहा, भ्रान्ति, ८२७. भाविनी, ८२८. भरणाभवनाधारा, ८२९. भारवि, ८३०. भारधारिणी, ८३१. भवापहा, ८३२. भवभारविनाशिनी, ८३३. भुजभू, भुजभाकारा, ८३४. भाविनी, ८३५. भगलक्ष्मी, ८३६.भगसारा, ८३७. भगमूर्ति, ८३८. भगभागवती, ८३९. भुजङ्गहारकण्ठी, ८४०. भुजङ्गाङ्गदशोभिता, ८४१. भुजङ्गपाशहस्ता, ८४२. भुजङ्गाभोगमण्डिता, ८४३. भोगदा, ८४४. भुक्तिमुक्तिप्रदायिनी, ८४५. भुजंगी, ८४६. भगभाग्यपरामया, ८४७. भक्तानूकम्पिनी, ८४८. भक्तानुरक्तमानसा, ८४९. भक्तिगम्या, ८५०. आर्तिनाशिनी, ८५१. महामाया, ८५२. मानदा, ८५३. माहेश्वरी, ८५४. महापातकनाशिनी, ८५५. महामान्या, ८५६. माहाकिल्विषनाशिनी, ८५७. महामान्या, ८५८. महामन्त्रस्वरूपिणी ८५९. महारूपा, ८६०. महातुष्ठि, ८६१. महाकीर्ति, ८६२. माया, ८६३. मोहिनी ८६४. मतङ्गी, ८६५. मदालसा, ८६६. मधुरा, ८६७. मधुरा, ८६८. मन्दोदरी, ८६९. मन्दारदामभूषाङ्गी, ८७०. मदना, ८७१. मदिनी, ८७२. मञ्जुस्वरा, ८७३. माधवी, ८७४. मानदा ८७५. मित्रदा, ८७६. मधुकरी, ८७७. मधुहा, ८७८. माहेन्द्री, ८७९. महिषघ्नी,

८८०. मर्दिनी, ८८१. मृणालिकोमलाङ्गी, ८८२. मरालपदगामिनी, ८८३. महिषी, ८८४. याज्ञसेनी, ८८५. यामिनी, ८८६.यशस्विनी, ८८७. यमुना, ८८८. यमोधारा, ८८९. यमनीया, ८९०. यविनी, ८९१. योगाद्या, ८९२. योनिरूपा, ८९३. रतिरूपा, ८९४. रमणी, ८९५. रक्ता, ८९६. रसा, ८९७. रसाङ्गी, ८९८. रूपिणी, ८९९. रञ्जिनी, ९००. रारञ्ची

९०१. राजीवचारुवदना, ९०२. रथस्या, ९०३. रम्या, ९०४. रामाराध्या, ९०५. रक्ताम्बरा, ९०६. रक्तपद्मस्थिता, ९०७. रक्तपद्मधरा, ९०८. रेवती, ९०९.रुद्राक्षमालिनी, ९१०. राध्या, ९११. रुचिरा, ९१२. रुरुनेत्रा, ९१३. रौरवान्तकारी, ९१४. लम्बोदरी, ९१५. लक्ष्मी, ९१६. लम्बस्तनी, ९१७. लक्षणा, ९१८. लता, ९१९. लीला, ९२०. लाङ्गली, ९२१. लिपि, ९२२. ललना, ९२३. ललिता, ९२४. ललिताक्षी, ९२५. लालसा, ९२६. शान्ति, ९२७. शीतार्तशीतलरूपा, ९२८. शाङ्करी, ९२९. शिवदा, ९३०. शाम्भवी, ९३१. शान्ता, ९३२. शारदा, ९३३. सीमन्ता, ९३४. सामस्वरा, ९३५. सीता, ९३६. शर्वरी, ९३७. सीमन्तिनी, ९३८. शैशवी, ९३९. षण्मुखी, ९४०. षडङ्गयोगगम्या, ९४१. सुन्दरा, ९४२. सुधाधारा, ९४३. सुरेश्वरी, ९४४. सुरारिदलिनी, ९४५. शुम्भहा, ९४६. शर्वाणी, ९४७. सर्वेशी, ९४८. सर्वसौन्दर्ययुक्ता, ९४९. सर्वदुस्वप्नशमनी, ९५०. सर्वविघ्नविनाशा, ९५१. सर्वकामप्रदा, ९५२. सर्वैश्वर्यस्वरूपा, ९५३. सर्वपापप्रशमनी, ९५४. सर्वज्ञानस्वरूपा, ९५५. सर्वार्थसाधिनी, ९५६. सर्वदेवस्वरूपा, ९५७. सर्वाङ्गसुन्दरी, ९५८. सर्वकर्मप्रवीणा, ९५९. सर्वकल्याणयुक्ता, ९६०. सर्वश्रृङ्गारवेक्षाध्य, ९१. समारूपा, ९६२. सागरा, ९६३. स्वरूपा, ९६४. सुमति, ९६५. सकला, ९६६. सुचिन्ता, ९६७. सावित्री, ९६८. सुमना, ९६९. शामनी, ९७०. स्वर्णप्रभा, ९७१. स्वर्गदा, ९७२. स्मरारिप्राणदात्री, ९७३. स्मृति, ९७४. स्मृतिगम्या, ९७५. स्मररूपा, ९७६. स्मरणोन्मादिनी, ९७७. सरसा, ९७८. सारसाचारसन्तुष्टा, ९७९. संसारसारसंसारा, ९८०. संसारनिस्तारकर्त्री, ९८१. संसारमूलशक्ति, ९८२. सर्वसंग्रामजयिनी, ९८३. सुमुखी, ९८४. सुभ्रूरुसुवोवीची, ९८५. सर्वव्याधिप्रशमनी, ९८६. सर्वारम्भ

समारम्भा, ९८७. सालसाङ्गी, ९८८. सर्वमुक्तिस्वरूपा, ९८९. हैमा, ९९०. हिमाञ्चलसुता, ९९१. हिता, ९९२. हरधी, ९९३. हारिणी, ९९४. हरिणी, ९९५. हारस्था, ९९६. क्षमा, ९९७. क्षोणी, ९९८. क्षोभस्वरूपा, ९९९. क्षुधाक्षीमूर्तिधारिणी, १०००.क्षयिणी ।

१००१. क्षयकर्त्री, १००२. क्षयकरी, १००३. क्षयङ्करी, १००४. क्षमङ्करी, १००५. क्षेममूर्ति, १००६. क्षमा, १००७. क्षान्ति, १००८. क्षया ।

हे अगस्त्य ! अष्टमी, नवमी, चतुर्दशी तिथि र मंगलवारमा उल्लेखित १००८ नाम पाठ गरेमा विशेष फल पाएर रुद्र समान बन्न पाइन्छ । गुह्येश्वरी देवीका यी नामहरू अभक्तहरूलाई नभन्नू ।

## १५३. गुह्येश्वर र गुह्येश्वरी महिमा

नेमुनिको साथमा तीर्थयात्रा गर्दै गएका विरूपाक्ष नेपाल पीठस्थित गुह्येश्वरीमा पुगे । बैशाख शुक्ल चतुर्दशीको रातमा उनले पञ्चोपचारले देवीको पूजा गरे र गुह्वेश्वरीदेवी र गुह्येश्वर लिङ्गको महिमा सोधे । नेमुनिले भन्नुभयो- हे विरूपाक्ष ! अदृश्य रूपमा बस्नुभएका देव-देवीको महात्म्य कसरी बताउँ ? यिनै देव-देवीबाट देवताहरूले वरदान पाएको प्रसङ्ग सुन । ब्रह्माजीले ब्रह्मापद, विष्णुले बैकुण्ठ, शंकरले सर्वव्यापकता, दिक्पालहरूले दिक्पालत्त्व गुह्येश्वरी र गुह्येश्वरकै अनुग्रहले पाएका थिए ।

परापूर्वकालमा एउटी नारी पतिलाई बाहेक पनि अरू पुरुषसँग रतिक्रीडा गर्थी । तर पति मरेपछि ऊ मृतपतिसँगै सती गई । त्यो पुण्यले ऊ राजपत्नी बनी तर पूर्वजन्मको पापले ऊ राजासँगै सुत्न पाउँदैनथी र राजाले हेर्न पनि मन पराउँदैनथे। संयोगवस त्यो नारी (रानी) ले गुह्येश्वरीको महिमा सुनी र त्यस महातीर्थमा स्नानगरी गुहेश्वर-गुह्येश्वरीको दर्शन र पूजा गरी । पति मेरो बसमा आओस् भन्ने कामना गरी । तत्काल उसले आकाशवाणी मार्फत सिन्दूर, गाजल, गहना लगाउनू भन्ने निर्देश सुनी । ऊ ती सबै आभूषण लगाएर साथीहरूसँग घर फर्कन लागी । त्यसैबेला

राजाको मन फर्कियो र रानीतिर आकर्षित भएर आलिङ्गन गर्न आए ।

ती सुन्दरी आभूषण लगाएकी नारीलाई देखेर इन्द्र पनि मोहित भएर हात समातेर स्वर्ग जाऊँ भन्न आए । तर उसले म पतिव्रता हूँ, श्राप दिन्छु भनेपछि इन्द्र लाज मानेर फर्किए । ऊ पतिसँग रमाएर राजसी सुख भोग गरेर बस्न थाली । मरेपछि स्वर्ग गई ।

यस्तै मिथिलामा एउटा व्यङ्ग नामको माछा मार्ने चाण्डाल थियो । ऊ ब्राह्मणको धर्म र सम्पत्ति देखेर आफूलाई धिक्कार्‍यो । त्यो चाण्डालले कुनै वैद्यको मुखबाट वाग्मतीको महात्म्य सुनेकाले वाग्मतीमै मर्छु भनेर गयो र प्राण पनि त्याग गर्‍यो । वाग्मतीमा प्राण त्याग गरेको पुण्यले ब्राह्मण भएर जन्मियो । तर, ऊ भ्रष्टाचारी ब्रह्मचण्डाल भयो । उसले पनि कुनै सज्जनको कुरा सुनेर आश्विन कृष्ण चतुर्दशीका दिन वाग्मती स्नान गर्‍यो र गुह्येश्वर-गुह्येश्वरीको दर्शन गर्‍यो । त्यति गर्ने वित्तिकै तत्काल देवदेवीको अद्भूत स्वरूपको दर्शन पायो र स्तुति गर्‍यो-

**ॐ गुह्येश्वर महादेव गुह्यरूप नमोऽस्तुते ।**
**गुह्येश्वरी महादेवी गुह्याख्यायै नमोऽस्तुत ॥ ६७**

यसरी स्तुति गर्दा-गर्दै दिव्य विमान आयो र उसलाई शिवलोक लग्यो ।

*यो महिमा पढे मात्र पनि शत्रुनाश भै धन, कीर्ति र आयु वृद्धि हुन्छ ।*

## १५४. मृगस्थली एवं वरपरका तीर्थहरू

नेमुनिसँगै तीर्थयात्रा गर्दै विरूपाक्ष नाना किसिमका रूख विरुवा भएको सुन्दर मृगस्थली आसपास पुगे र त्यस क्षेत्रको महिमा सोधे । नेमुनिले भन्नुभयो- वाग्मती किनारस्थित गुह्येश्वरी भन्दा माथितिर स्वयं ब्रह्माले जलभक्ष्यण गर्नुभएको ब्रह्मोदय तीर्थ छ। त्यहाँ जानेले मृत्युलोक जानुपर्दैन। त्यस्तै, सुन्दरीकातीर्थ, पार्वतीले स्कन्दकुमारलाई स्तनपान गराउँदा दूध भुँइमा परेर बनेको स्तनकुण्ड, उमाकुण्ड, शूलगंगातीर्थ, मृगकन्दरतीर्थ,

अगस्त्यवापी, सप्तर्षितीर्थ आदि त्यस क्षेत्रका अत्यन्त पवित्र तीर्थ हुन् । त्यस अतिरिक्त शिवले पशुरूप लिनुभएको स्थान मृगस्थली पनि छ । यो क्षेत्र अर्को पुण्यस्थल हो । ऋषिहरूले पनि सधैँ दर्शन गर्न खोज्ने पवित्र स्थलमा भृगुले तपस्या गरेर मुक्ति प्राप्त गरेका थिए । यस क्षेत्रको दर्शन मात्रले पनि पशुयोनिबाट छुट्कारा पाइन्छ । त्यहाँ गोखुरकतीर्थ, योगकुण्ड, स्वर्णधारा नदी पनि छन् । यसै ठाउँमा दक्ष प्रजापतिले यज्ञ गरेका थिए । त्यस यज्ञमा दक्षले माटाका मात्र पात्रहरू प्रयोग गरेको देखेर देवताहरूले खिज्याउँदा कुवेर मार्फत माटोका भाँडालाई स्वर्णपात्र बनाउन सकेपछि दक्षको जयजयकार भएको थियो । यस्तै यहाँको कोषोदक तीर्थ, सुन्दरीजल तीर्थ आदि पनि पवित्र छन् । मृगस्थलीलाई शिवको क्रीडास्थलका रूपमा पनि चिनिन्छ ।

## १५५. किरातेश्वर शिवलिङ्ग महिमा

विरूपाक्षले बैशाख कृष्ण अष्टमीका दिन श्रद्धापूर्वक रुद्रसहस्र तीर्थ स्नान गरेर किरातेश्वरलिङ्गको पूजा गरे । त्यसै रात उनले नेमुनिसँग महात्म्य सोधे । नेमुनिले भन्नुभयो- कुनैबेला कैलाशमा शिवपार्वती, ब्रह्मा, विष्णु, कार्तिकेयहरूका बीचमा सृष्टिप्रपञ्च बारे चर्चा चल्दा शिवले नारी र पुरुषको मैथुन धर्मद्वारा सृष्टि विस्तार भएको भन्नुभयो । त्यसबेला ब्रह्माले तीनै लोकको सृष्टि प्रपञ्च माता पार्वतीलाई थाहा छ, विष्णुको आँखालाई मुग्ध बनाउने र स्वयं शिव पनि मुग्ध बनाउन सक्ने योगमाया स्वरूपिणी माता पार्वती नै हो भन्नुभयो । ब्रह्माका कुरा सुनेर पार्वती मुस्कुराउनु भयो र शिवलाई हेर्नुभयो । त्यसबेला शिवले आफ्नो उपहास भए जस्तो गरेपनि थाहा नपाए जस्तो गरी कार्तिकेयलाई आफ्नो बाहुबलले स्थान रक्षा गर्नू भनी सबैलाई मोहित बनाएर श्लेश्मान्तक वनमा किरात रूप धारण गरी पुरै किरात पहिचानमा बस्न थाल्नुभयो । काँधमा वाण लिई हिँड्ने किरातरूपी शिवको पछाडि म्लेच्छ र अरू किरात हुन्थे । तिनीहरूको पापनाश गर्न शिव ती पशुहरूलाई मार्नुहुन्थ्यो ।

धेरै समयपछि पार्वतीलाई शिवको त्यो चरित्र थाहा भयो । पार्वतीले पनि किरातिनी रूप धारण गरी त्यहीँ पुग्नुभयो । त्यहाँ शिवले लिङ्ग स्थापना गर्नुभएको थियो । किरातिनी रूप पार्वतीले राती त्यसै लिङ्गको पूजा गर्नुहुन्थ्यो । कसले पूजा गरेछ भनेर किरातरूपी शिवले हेर्न जाँदा पार्वतीले पूजा गरेको थाहा पाउनुभयो र परस्परमा चिनाजानी गरी हजारौँ वर्ष त्यहीँ क्रिडा गरेर बस्नुभयो ।

शिवपार्वतीलाई नदेखेर देवताहरूले प्रशस्त खोजे । विष्णुले पशुरूप लिएर बसेको अड्कल काट्नुभयो । विष्णुको अनुमान सही हुने ठानेर इन्द्रादि देवता पनि ब्रह्मा विष्णुसँगै खोज्न त्यहीँ पुगे । पत्ता लगाए । त्यसपछि शिवले उनीहरूलाई पनि किरात रूप लिएर त्यहीँ बस्न लगाउनुभयो । यसै वनमा शिवले पार्वतीलाई भन्नुभयो- म सर्वज्ञ छु, तर मायाबाट मोहित हुन्छु । यो ज्ञान मलाई तिमी (पार्वती) बाटै भयो भनेर देवीको प्रशंसा गर्नुभयो । त्यो सुनेर पार्वतीले यो शक्ति हजुरबाट मैले वरदान स्वरूप पाएकी हूँ भन्नुभयो । त्यसपछि पार्वतीको आग्रहमा शिव किरात रूप छोडेर कैलाश जानुभयो ।

सुगाको जस्तो मुख भएको एउटा किरातले शिकार गरेको वस्तु चढाएर श्रद्धापूर्वक शिवको ध्यान र पूजा गर्दा शिवले उसलाई कैलाश लगेर गणको प्रमुख बनाउनुभएको थियो । त्यसैले हे विरूपाक्ष ! श्रद्धाले दिएको जे वस्तु पनि शिव स्वीकार्नुहुन्छ । हिमालय आदि पर्वतले पनि उहाँको सेवा गरेर इच्छापूर्ण गरेका थिए ।

*यो किरातेश्वर महिमा सुनेमात्र पनि पूजा गर्दा पाइने फल पाइन्छ ।*

## १५६. किरातेश्वर महिमा, अर्जुनलाई वरदान

किरातेश्वर शिवको दर्शन गरेपछि त्यहाँको महिमा बताइदिन अनुरोध गर्ने विरूपाक्षलाई नेमुनिले भन्नुभयो- धर्मराज युधिष्ठिरको सल्लाहअनुसार गुप्तरूपमा वनवासमा रहेका अर्जुन तीर्थयात्रा गर्दै किरातेश्वर आइपुगे ।

उनले त्यहाँ भएका अरू लिङ्गहरूको पूजा गरिसकेपछि युधिष्ठिरबाट सुनेका किरातेश्वरलिङ्गको पनि पूजा गरे। त्यसबेला एकै ठाउँमा फलफूल खाइरहेका किरातहरूमध्ये एउटाले अर्जुनलाई देखेर दया गरी खान बोलाए । तर अर्जुनले वीरताको घमण्ड मनमा राखी 'म लिङ्ग पूजा गर्न आएको मान्छेलाई नचिनेर बाँदरले जस्तो व्यवहार गर्ने तिमीहरू के भन्छौ ?' भनी होच्याए । त्यो सुनेर किरातहरू रिसाए र हाम्रा बाण सहन गर भनी वाण वर्षा गरे । अर्जुनले पनि किरातेश्वरलाई मनमा स्मरण गरी वाण हाने । दुबै पक्षको वीच युद्ध भयो । अर्जुनको वाण सहन नसकेर किरातहरू भागाभाग गरी शिव (किरातेश्वर) समक्ष पुगे ।

किरातेश्वर शिवजी नै अर्जुनसँग युद्ध गर्न थाल्नुभयो । शिवका वाण अर्जुनले सहन सकेनन् र एकछिन युद्ध विराम गरौँ भने । युद्ध विरामको समयमा अर्जुनले नाना किसिमका फूल चढाएर किरातेश्वरको पूजा गरे । आफूलाई पूजा गरेको देखेर वीर अर्जुनसँग शिव सन्तुष्ट हुनुभयो र उनले चढाएका फूल वस्त्र लगाएर लिङ्गबाट प्रकट हुनुभयो । साक्षात् शिवलाई अगाडि देखेपछि अर्जुनले नतमस्तक भएर स्तुति गरे। शिवले वरदान माग भन्नुभयो । अर्जुनले हारिएको राज्य फिर्ता र स्वर्गजान पाउँ भन्ने वरदान मागे । त्यसबेला किरातेश्वर शिवले अर्जुनलाई क्षत्रियतीर्थमा स्नान गर्ने उपदेश दिनुभयो। उपदेशअनुसार अर्जुन क्षत्रियतीर्थमा स्नान गरेर आफ्ना दाजुहरू भएको ठाउँमा गए। उनीहरूले पछि राज्य जितेर परम गति पाए।

हे विरूपाक्ष ! अब तिमीले भष्मगङ्गा कुण्डमा स्नान गर र भष्मेश्वर शिवको दर्शन गर ।

## १५७. भष्मेश्वर महिमा

नेमुनिको साथमा मुनिकै उपदेश अनुसार विरूपाक्षले भष्मेश्वरको पूजा गरे । पूजापछि महात्म्य बताइदिन अनुरोध गरेपछि नेमुनिले भन्नुभयो- स्वयं शिवले भष्मस्नान र भष्मधारण गरेपछि साक्षीरूपले भष्मेश्वरलिङ्गमा

नै रहन थाल्नुभयो । भुक्तिमुक्ति फल दिने यस लिङ्गमा देवताहरू पनि आएर दर्शन गर्न थाले ।

केरल देशमा ह्रस्व नामको वैश्य सधैँ धन जम्मा गर्न प्रयत्न गर्थ्यो । कहिल्यै कसैलाई दान दिँदैनथ्यो । संयोगवस त्यो वैश्य गंगा किनारमा मरेर विप्र कुलमा जन्मियो, तर दान नगरेकाले अत्यन्त गरिब बन्यो । पेट पाल्ने आधार केही नभएकाले ऊ चोरी गर्न थाल्यो । चोरी गरेको थाहा पाएर छिमेकी र आफन्तले उसलाई पिट्दै गाउँबाट पनि निकाले । त्यो वैश्य निशाचर जस्तो बनेर झन चोरी गर्न थाल्यो । एकदिन संयोगले त्यस चोरले काशी पुगेर पुराण सुन्यो । त्यहाँ उसले नेपालमा बग्ने वाग्मती नदी र भष्मेश्वर लिङ्ग बारे सुन्यो । त्यहाँ तीर्थ गर्दाको बैभव सुनेर धनी हुने लालसा राखेर ऊ भष्मेश्वर पुग्यो । त्यहाँ उसले एउटा पोको बोकेको जोगीलाई देख्यो र त्यो पोको चोर्‍यो । पर गएर के रहेछ भनेर पोको खोल्दा भष्म देख्यो र रिसाएर त्यहीँ भष्मेश्वरमा फालिदियो । आखिरमा त्यो चोर मर्‍यो । मर्ने वित्तिकै यमदूत लिन आए, तर शिवदूतहरूले यमदूतबाट खोसेर उसलाई भष्मेश्वरमा भष्म चढाई दर्शन गरेको भनेर शिवलोक लगे । ऊ ह्रस्व नामको श्रेष्ठ शिवगण भएर बस्न थाल्यो ।

हे विरूपाक्ष ! अब तिमी बत्सला देवीको पूजा गर । यहाँको पूजाले पत्नीप्रिय हुनेछौ । त्यसपछि जयमङ्गला देवीको पूजा गर । त्यसपछि तिमी भुवनेश्वरसँग बस्नुहुने भुवनेश्वरी देवीको दर्शन गर ।

## १५८. भुवनेश्वर महिमा

नेमुनिको उपदेशअनुसार विरूपाक्षले ज्ञानकुण्डमा स्नान गरेर भुवनेश्वर लिङ्गको पूजा गरे । त्यहाँ उनले त्यस लिङ्गको महिमा बारे सोधे । नेमुनिले भन्नुभयो- भुवन नामका कुनै राजा यहाँ आएर लिङ्ग स्थापना गरेर दिव्य हजार वर्षसम्म तपस्या गरी वरदान पाएर आफ्नो राज्यमा फिर्ता भएका थिए । उनै राजा भुवनले स्थापना गरेको हुनाले यो लिङ्गको नाम भुवनेश्वर

भएको हो । अब यो लिङ्गको महिमा सुन । मधुस्रवा नामकी वैश्य पतिको मृत्युपछि वेश्यावृत्ति गर्थी । उसको खराब व्यवसाय देखेर कुलको इज्जत जोगाउन दाजुभाइले गाउँ निकाला गरिदिए । घुम्दै ऊ काशी पुगी । त्यहाँ उसले पुराण सुनी र हिमालय र शिवक्षेत्र-नेपालको महत्व बारे थाहा पाई । ऊ शिवक्षेत्रमै पुगी र ज्ञानकुण्ड र वाग्मती स्नान गरेर भुवनेश्वरको पूजा गरेर बसी । त्यो पुण्यले मरेपछि त्यो वेश्या पार्वतीकी सेविका भएर बस्न पाई ।

यस्तै अरूको भित्री कुरा सुन्ने तर आफ्ना कुरा नभन्ने राजा तीर्थयात्रा गर्दै त्यहाँ पुगेका थिए । बाँदरको जस्तो अनुहार भएका ती राजाले आर्या (खर्बरिका) तीर्थ स्नान गरे । स्नान गर्ने वित्तिकै उनी मरे । उनलाई पनि शिवगण आएर शिवलोक लगेका थिए । यस्तै, एकजना ब्राह्मण पनि त्यहींको दर्शनले शिवभक्त भएका थिए ।

हे विरूपाक्ष ! अब तिमी रुद्रगारेश्वरको दर्शन गर ।

## १५९. रुद्रगारेश्वर लिङ्ग महिमा

सिद्धर्षि नेमुनिसँगै आएर विरूपाक्षले रुद्रगारेश्वरको दर्शन गरे । २ दिन त्यहीँ बसेर उनले लिङ्गको महिमा बताइदिन अनुरोध गरे । त्यो सुनेर नेमुनिले भन्नुभयो- रुद्रगारेश्वर लिङ्ग भगवान् शिवले आफैँ सुतेर आनन्द लिन स्थापना गर्नुभएको थियो-

**रुद्रेण स्थापितं पूर्वमेतल्लिङ्गं स्वयं द्विज ।**
**शयनाय स्वकीयाय रहः सुखेप्सया सदा ॥- ५**

यो लिङ्गको महिमा पनि सुन । शंकु नामको एउटा म्लेक्ष शिकार गरेर जीवन चलाउँथ्यो । एकदिन ऊ साथीहरूसँग शिकार गर्दै आउँदा बलाकेश्वर वनमा धर्मेश्वर लिङ्गको पूजा गरिरहेको देख्यो । उसका साथीहरूले त्यहाँ उसलाई पूजा गरेको कुरा सुनाउँदा उसले नसुने जस्तै गरी शिकार गरेर मासुको भारी बोकी घरतिरको बाटो लाग्यो । शिवलिङ्गको वे

वास्ता गरेको कारणले बाटैमा उसका दुबै आँखा बन्द भइ चल्न नसक्ने भएर बाटैमा बस्यो । त्यसबेला एकजना मुनिले देखेर दया गरी लिङ्गको नजिक लैजाने प्रयास गरे । त्यसैबेला उसले लिङ्ग दर्शन गर्न आएका अरू मुनिहरूले शिव मन्त्र जपेको र महिमा गाएको आवाज सुन्यो । कतै हिँडडुल गर्न नसक्ने त्यो पापी शंकुले पनि शिवनाम सुन्यो । ऊ आफू पनि शिवभक्तिमा लाग्यो । शिवको स्तुति र पूजा गरेर बस्यो । त्यसै रात उसले कुनै जोगी आएर कुण्डजल आँखामा छ्याप्दै लिङ्गमा बत्ती बाल्नु भनेको सपना देख्यो । भोलिपल्ट उसले मन्दिरमा बत्ती बाल्ने वित्तिकै उसका आँखा खुले । उसले लिङ्गलाई पनि देख्यो र दर्शन गर्‍यो । शिव उसकै अगाडि लिङ्ग मै अन्तर्ध्यान हुनुभयो । शंकुलाई त्यहीँ बसेर लिङ्ग सेवा गर्दा-गर्दै शिवदूत आएर कैलाश लगे ।

## १६०. पशुपति नजिकका लिङ्ग र वासुकिलाई शिवको वरदान

नेमुनिसँग तीर्थयात्रा गर्दै गएका विरूपाक्षले रुद्रगारेश्वरको महिमा सुनिसकेपछि मुनिसँग पशुपति वरपरका अरू लिङ्गहरू बारे पनि बताईदिन आग्रह गरे । उनको आग्रहअनुसार नेमुनिले भन्नुभयो- पशुपति महालिङ्ग हो, त्यस वरपर करोडौं शिवलिङ्ग छन् । ती लिङ्गमा तिलको दाना खस्यो भने पनि अँठिलो भएर बस्छ; भुइँमा झरिहाल्दैन । त्यहाँ गरेको दर्शनले सबै पाप नाशिन्छन् । पशुपति वरपरका सबै लिङ्गबारे बताउन सकिँदैन, तर पनि केही लिङ्गहरूका सम्बन्धमा म भन्दछु ।

पशुपति क्षेत्रमा ब्रह्मा, विष्णु, शङ्कर आदि स्वयंले पनि लिङ्ग स्थापना गर्नुभएको छ । ती लिङ्गको दर्शनले उहाँहरूकै लोकमा जान पाइने बताइएको छ । विभिन्न देव देवताहरूले स्थापना गरेका लिङ्गहरूमा ब्रह्माले ब्रह्मेश्वर, विष्णुले वैष्णवीश्वर, शिवले उग्रेश्वर, इन्द्रले शक्रेश्वर, सूर्यले अर्केश्वर, चन्द्रले चन्द्रेश्वर, अग्निले अग्नीश्वर, यमराजले कालेश्वर, निर्ऋतिले नैर्ऋतेश्वर, वरुणले वरुणेश्वर, वायुले पवनेश्वर, कुवेरले पौलस्त्येश्वर, स्कन्दले स्कन्देश्वर, गणेशले गणेश्वर आदि छन् ।

काशी विश्वनाथमा स्थापना भएको विश्वेश्वर, केदार नामका शिवले स्थापना गर्नुभएको केदारेश्वर, सिद्धेश्वरले स्थापना गरेको सिद्धेश्वर आदि पनि यस क्षेत्रका पवित्र पुण्यदायी लिङ्गहरू हुन्। यस्तै नीलकण्ठेश्वर, रुद्रकोटेश्वर, अविमुक्तेश्वर, महाकालेश्वर, गोकर्णेश्वर, दीप्तीश्वर, भद्रकर्णेश्वर, सुवर्णाक्षेश्वर, आद्येश्वर, मण्डलेश्वर, कालञ्जरेश्वर, हरिश्चन्द्रेश्वर, आम्रातकेश्वर, आम्रेश्वर, भालेश्वर, मुण्डेश्वर, भूतीश्वर, भवान्तकेश्वर, नकलीश्वर, ज्योतिर्लिङ्गेश्वर, व्यासेश्वर, अगस्त्येश्वर, नवग्रहेश्वर आदि पनि पाशुपत क्षेत्रका पवित्र शिवलिङ्ग हुन् ।

पशुपति क्षेत्रमा प्रशस्तै पवित्र कुण्डहरू पनि छन्। योगकुण्ड, कुरुक्षेत्रकुण्ड, कनखलकुण्ड, महेन्द्रकुण्ड, भीमकुण्ड, प्रयागमहाङ्कालकुण्ड, प्रभाषकुण्ड, नैमिषकुण्ड, ब्रह्मकुण्ड आदि त्यस क्षेत्रका प्रसिद्ध कुण्डहरू हुन् । यस्तै, हरिहर, विष्णु, अगस्त्य, सप्तर्षि आदि नामका अरू पनि अति पवित्र कुण्ड छन्।

एकपटक नागराज वासुकिले गरुडसँग डराएर पशुपति क्षेत्रमा आई लिङ्ग पूजा गरी तपस्या गरेका थिए। उनको तपस्याबाट खुशी भएर वासुकिलाई आफ्नो कण्ठभूषण र द्वारपाल हुने वरदान दिनुभएको थियो। वासुकिलाई जस्तै गरेर शिवले गणेश, नन्दी-भृङ्गी आदिलाई पनि शिवक्षेत्रको रक्षा गर्न र अन्तमा शिवलोक जाने वरदान दिनुभएको थियो । साथै, शिवले वासुकिको पूजा नगरी पशुपतिको पूजा निष्फल हुने पनि बताउनुभएको थियो-

**तस्मात् प्राक् वासुकिं भक्त्या पूजयित्वा विचक्षणैः ।**
**कार्या पशुपतेः पूजा जीवनं सार्थकं भवेत् ॥- ६५**

हे विरूपाक्ष ! पशुपति क्षेत्रको महिमा संक्षेपमा बताएको छु ।

## १६१. पशुपति लिङ्ग महिमा

पशुपतिका सम्बन्धमा भगवान् शिवले पार्वतीलाई बताएको महिमा-प्रसङ्ग नै स्कन्दले अगस्त्यलाई बताउनुभएको थियो । त्यही विषय यहाँ नेमुनिले

विरूपाक्षलाई भन्नु भएको हो । पार्वतीले एकपटक शिवसँग हजूरबाट उत्पन्न भएका प्राणीहरू कहाँ विलीन हुन्छन् भनेर सोध्नुभयो । शिव (पशुपति) ले भन्नुभयो- म बाहेकका जति पनि प्राणी र वस्तुहरू छन्, ती सबै मबाटै उत्पन्न भएका हुन् । तिमी पनि मबाटै उत्पन्न भएकी हौ । यसरी शिवले बताउँदा बताउँदै पार्वती शिवमा लीन हुनुभयो ।

यसैगरी शिवका फरक फरक मुखबाट निम्न देवदेवी उत्पन्न हुनुभएको थियो-

| | | | |
|---|---|---|---|
| माथिल्लो | ईशान मुखमा | - | सूर्य र चन्द्रमा |
| पूर्वको | तत्पुरुष मुखमा | - | ब्रम्हा |
| दक्षिणको | अघोर मुखमा | - | विष्णु र वायु |
| पश्चिमको | सद्योजात मुखमा | - | गणेश |
| उत्तरको | वामदेव मुखमा | - | पार्वती |

पार्वती जस्तै अरू सम्पूर्ण देवता र प्राणी पनि शिवमै विलीन भए । तीस हजार वर्षसम्म शिव मात्रै रहनुभयो । त्यसपछि शिवलाई सृष्टि गर्ने इच्छा जाग्यो र पहिले पार्वतीलाई सृष्टि गर्नुभयो । त्यसपछि विलीन भएकै मुखहरूबाट क्रमशः विष्णु, ब्रह्मा आदि देवताहरू पनि उत्पन्न भए । (ब्रह्मा, विष्ण,, गणेश, दुर्गा, सोम, जल, वायु, पृथ्वी, अग्नि सबै शिवांश हुन्) । सबैको उत्पत्तिको आधार शिव नै भएकाले शिवलाई जगदालय र सबै शिवमै लीन हुने भएकाले लिङ्ग पनि भनिन्छ । यसैले लिङ्ग दर्शनले हजारौं अश्वमेध र वाजपेय यज्ञको फल पाइन्छ ।

कम्बोज नगरको एउटा राजाले स्वर्ग पनि छोडेर पाशुपत क्षेत्रमा बस्न मन गरेका थिए । उनी जातिस्मरण तीर्थमा स्नान गरेको पुण्यले पूर्वजन्मको स्मृति भएर राज्य, पत्नी, सम्पत्ति सबै छोडेर हिमालयमा तपस्या गर्न जान लागे । पत्नी, पुत्र र मन्त्रीहरूले राज्य सुखको र गार्हस्थ जीवनको महिमा बताउँदा पनि चित्त नबुझाएर आफूले स्वेदज, अण्डज, उद्भिज,

जरायुज आदि अनेक योनि बिताउँदै आएको तर आफ्नो पारमार्थिक उद्धार मा पत्नी, राज्य, छोरा कसैले पनि सहयोग नगर्ने, हरेक जन्मको अनुभव भएको भन्दै मानेनन् र तपस्या गर्न गए ।

तपस्या गर्दा पनि पञ्चेन्द्रिय निग्रह गर्न नसके तपस्याको फल मिल्दैन । त्यसैले शुद्ध मनले घरैमा बसे पनि तपस्या बराबर हुनेछ भनेर संझाउँदा पनि मानेनन् र तपस्या गर्न गए-

**वनेऽपि दोषाः प्रभवन्ति रागिणां गेहेऽपि पञ्चेन्द्रिय निग्रहस्तपः ।**
**अकुत्सिते कर्मणि यः प्रवर्तते निवृत्तरागस्य गृहं तपोवनम् ॥- ७५**

तपस्यापछि पनि उनले वासुकि दर्शन गरेर पशुपति लिङ्गको विधिवत् पूजा गरे । त्यसबाट अन्तमा मुक्त भए ।

## १६२. वाग्मती किनारमा रहेका अन्य तीर्थ र फल

नेमुनिको उपदेशअनुसार वाग्मती स्नान गरिसकेपछि विरूपाक्षले नदी किनारमा भएका तीर्थ, त्यहाँ स्नान गर्ने दिन र पुण्यफल बारे सोधे । नेमुनिले निम्नअनुसारका तीर्थ र तिनबाट प्राप्त हुने तीर्थफल बताउन थाल्नुभयो-

| क्र.सं. | तीर्थ | स्नान गर्ने दिन | तीर्थ फल |
|---|---|---|---|
| १. | सेतुभिन्न | चैत्रशुक्ल अष्टमी | अन्य तीर्थभन्दा बढी पुण्य, रुद्रलोक |
| २. | गोपाल | चैत्रका दुबै द्वादशी | करोडौं गोदान फल, वनजन्तु भयमुक्ति |
| ३. | दामोदर | चैत्रशुक्ल एकादशी | विभिन्न जन्मका पाप नाश |
| ४. | सर्वौषधीरस | | रोगनाश, शिवलोक वास |
| ५. | भृगुपात गणेश | वैशाख शुक्ल तृतीया | अग्निष्टोम यज्ञफल |
| ६. | प्रमोद | चैत्र दुबै पक्षका द्वादशी | मरुतीर्थ र हरिद्वारभन्दा १० गुना बढी पूण्यध |

| | | | |
|---|---|---|---|
| ७. | कार्यनिर्मल | भाद्र शुक्ल षष्ठी | १० गाईदानको पुण्य र शिवलोक |
| ८. | इन्द्र | भाद्र शुक्ल षष्ठी | मनोकामना पुरा |
| ९. | पञ्चनद | चैत्रका दुबै अष्टमी | स्वर्ग प्राप्ति |
| १०. | काल | | कालपाश मुक्ति |
| ११. | मृत्युञ्जय | | अश्वमेध, १० गंगा स्नान |
| १२. | शंखमूल | बैशाख, कात्तिक, माघ | पञ्च पापनाश, अश्वमेध, स्वर्णदान आदि फल |
| १३. | अमरावती | भाद्र शुक्ल चतुर्दशी | आजन्मका पापनाश |

यस्तै विमलावती, निर्मलावती, वायुमती, योगकुण्ड, मणितीर्थ, ब्रह्मतीर्थ, क्षत्रीयतीर्थ, विष्णुतीर्थ, जयमङ्गला, आकाशभैरव, श्रीवत्सला, कोषोदक, कुवेर, गौरी आदि तीर्थहरूको पनि अत्यन्त महत्त्व छ । यी तीर्थहरूमा स्नान, दान आदि गरेमा भगवान् पशुपतिनाथको कृपाले उल्लेखित फलका अतिरिक्त भाग्यमानी समेत बन्न पाइन्छ ।

## १६३. वाग्मती किनारका तीर्थहरू

अरू पनि तीर्थहरूको नाम, स्नान गर्ने विशेष दिन र तीर्थफल बताउँदै नेमुनि भन्नुहुन्छ- कार्तिक कृष्ण अष्टमीमा मृगोदक तीर्थमा गरेको स्नानले सैयौं अश्वमेध यज्ञफल र शिवलोक पाइन्छ । यस्तै खर्वरिका तीर्थमा कार्तिक कृष्ण नवमीमा स्नान गरेमा नरलोकमा गरेका पाप नाश भएर रुद्रलोक पाइन्छ । यस्तै, निम्न तीर्थबाट निम्न फल पाईन्छ :

| क्र.सं. | तीर्थका नाम | तीर्थफल |
|---|---|---|
| १. | नारायण | विष्णु सायुज्य |
| २. | खर्वरिका | गोसहस्र दान |
| ३. | अगस्त्य | अगस्ति भवन |

| | | |
|---|---|---|
| ४. | नीलकण्ठ | कोटि गाईदान |
| ५. | वासुकि | नागभय मुक्ति |
| ६. | गोखर | सहस्र गोदान |
| ७. | भृगुपत्तन | अश्वमेध यज्ञफल |
| ८. | देवघट्ट | माघे संक्रान्ति स्नानले सर्व देवार्चन फल |
| ९. | ब्रह्मसहस्र | ब्रह्मपद |

ब्रह्मा, हरि र शिवले पनि वाग्मती स्नान गरी सन्तोष लिन सक्नुभएको थियो। हे विरूपाक्ष ! यस बाहेक पनि वाग्मती आसपासका रुद्रसहस्र, जिह्वालोल, अनन्त, भैरव, जलेश्वर, गुह्येश्वरी, विनायक, पशुगण, श्लेष्मान्तक, ताम्रचूड, उत्तरवाहिनी, चैलगङ्गा, हत्यामोचन (जहाँ शिवले ब्रह्महत्या पाप नाश गर्नुभयो), कैलाश, विष्णुपादुका, भृगुपत्तन, गोकर्णेश्वर, उत्तरगया, गदाधर, चन्द्रभागा, नारद, सप्तर्षि, कपोतगिरी, कान्तिभैरव, सुन्दरिका, ब्रह्म र सरस्वती आदि अनेकौँ पुण्यदायी तीर्थहरू छन् । वाग्मती संगमको नाम मात्र लिए पनि शिवलोकको फल पाइन्छ ।

नेपालस्थित पाशुपत क्षेत्रमा वगेकी वाग्मती र त्यस वरपरका तीर्थहरूको स्नान र तीर्थ सेवनले शिवलोकको वास पाइन्छ । यसरी विरूपाक्षलाई तीर्थयात्रा गराएर विभिन्न तीर्थको महिमा सुनाइ सकेपछि विरूपाक्षले पशुपतिको सेवा गरेर बस्न थाले । यस्तै, नेमुनिले वज्रजोगिनी माताको सेवा गरेर बस्न थाले ।

*यो तीर्थ महात्म्य सुनेमात्र पनि वाजपेय यज्ञगरेको फल पाइन्छ ।*

प्रकरण ५ समाप्त

# प्रकरण ६ - पाशुपत क्षेत्र वर्णन

## १६४. वाग्मती नदी महिमा

अगस्त्य मुनिले भन्नुभयो- हे स्कन्द ! हे कुमार ! हजुरबाट मैले पापनाशक नेपाल महिमा सुनें । अब मलाई वाग्मतीको महिमा बताइदिनुहोस् । अगस्त्यले वाग्मतीको महिमा बताउँदा रुक्ष नामको क्रोधी शिकारी पनि वाग्मतीकै कारण मुक्त भएको प्रसङ्ग सुनाउँदै भन्नुभयो- अनेकौं पशुपक्षीको शिकार गर्ने, शिकार गर्दा रोगी बालक केही वास्ता नगर्ने रुक्ष नामको एउटा म्लेच्छ शिकारी थियो । ऊ सधैं शिकार गरेर परिवार र मालिकलाई खुशी बनाउँथ्यो। एकदिन त्यसले कुनै शिकार फेला नपारेकाले आफूलाई धिक्कार्दै पाशुपत क्षेत्रमा गएको थियो; कार्तिक पूर्णिमाका दिन त्यहीं मर्‍यो। त्यसपछि चित्रगुप्तले उसले गरेका पापको कुण्डली यमराजलाई देखाएपछि यमदूतहरूले पिट्दै लगे। यमदूतको पिटाइ उसलाई  हात्तीलाई मालाले हिर्काए झैं भयो, यमदण्डको असर परेन । त्यो देखेर आश्चर्य मान्दै चित्रगुप्तले उसको पापकुण्डली पुनः यमराजलाई देखाए। यमराजले पनि उसका दोष देख्नुभयो, तर दण्ड दिन सक्नुभएन। पापीलाई पनि दण्ड दिन नसकेपछि यमराज, चित्रगुप्त र चण्ड आदि यमदूतहरू ब्रह्मासमक्ष गए र त्यसको कारण सोधे । ब्रह्माले एकैछिन ध्यानगरेर भन्नुभयो- हे यमराज ! म यो रुक्षको जन्म चरित्र बताउँछु, सुन्नुहोस्- अघिल्लो जन्ममा यो रुक्षले वितण्ड नामको साहुसँग ऋण लिएर तिर्न नसक्दा प्रशस्त पिटाई खायो । त्यसपछि ऊ विरक्तिएर पशुपति क्षेत्रमा गई शिवजीलाई गुहारी स्वर्णमय दरवारमा राजा भएर बस्न पाऊँ भन्दै वाग्मतीमा स्नान गरेर बस्न थाल्यो । वाग्मतीमा स्नान गरेकाले उसका पाप र अज्ञान नाशिए । ऊ चिताएअनुसार सम्पन्न राजा बन्न सक्ने भयो । ‘त्यस्तो पापी कसरी राजा हुनसक्ला र ? भन्ने चित्रगुप्तको प्रतिप्रश्नमा ब्रह्माले भन्नुभयो- वाग्मतीमा स्नान गर्ने जो कोहीका पनि सबै पाप नाशिन्छन् र ऊ नरनारायण स्वरूप हुन्छ -

**यो वा को वा नरस्तत्र वाग्मत्या जलसेचनात् ।**
**भविष्यति स चैवार्यो नरनारायणात्मकः ॥- ६१**

किनभने वाग्मती भगवान् शङ्करको मुखबाट निस्किएकी ब्रह्मसरस्वती हुन् । यसैले हे यमराज ! यसलाई छोडिदेऊ र बाँकी पापीमाथि शासन गर । त्यो सुनेर यमराज पनि वाग्मती स्नान गरेर यमलोक गएका थिए ।

त्यसपछि रुक्ष पनि धर्मदत्त नामको किरात भयो र विशालनगरको राजा पनि भयो । उसको धर्मकेतु, सूर्यकेतु, बलध्वज, चन्द्रकेतु, विश्वकेतु, सत्यध्वज, युद्धकेतु, यज्ञकेतु, रुक्मकेतु र बलकेतु नामका १० वटा वीर र ज्ञानी छोराहरू भए । उसले एकदिन काशीमा एकजना मुनिलाई भेट्यो । काशीको राजा कसरी हुन पाइन्छ ? सोध्यो । मुनिले उसलाई भने- तपस्या नगरी तिम्रो इच्छा पुरा हुँदैन, यसैले पाशुपत क्षेत्रमा बसेर वाग्मती स्नान गरी शिवको ध्यान गर । यो सुनेर ती राजाले बुद्धिक्षेम नामको मन्त्रीसँग सल्लाह गरी बलकेतु (छोरा) लाई राज्य दिएर पशुपति क्षेत्रमा गई शिवमा ध्यान लगाई तपस्या गरे । वाग्मती र सुन्दरी तीर्थमा स्नान गरे । वाग्मतीको **वाग्देव्यै जगतां धात्र्यै बरदायै नमोनमः - ९४** भनेर स्तुति गरे । स्तुतिबाट प्रसन्न भएर वाग्मतीले इच्छा पुरा हुने वरदान दिनुभयो । त्यसपछि उनले शक्राचल गएर रसिक नामक दूतमार्फत् त्यहाँका राजा शंकु माथि विजय गर्छु 'युद्ध गर्न तयार होऊ' भन्ने सन्देश पठाए । सन्देश पाएपछि शंकु युद्ध गर्न तयार भए । दुबै पक्षका बीच घनघोर युद्ध भयो । युद्धमा धर्मदत्तको जित भयो र उनी राजा भए । शंकु वनतर्फ लागे । राजा धर्मदत्त पनि विशालनगर बसी चण्डीकेश लिङ्गको सेवा गर्न थाले । वनमा बसेका शंकु केही समय पछि मरे । मरेपछि धर्मदत्त र शंकु दुबै मुक्त भए ।

## १६५. देवताहरू सत्यवतीपुरी (नेपाल) आएर फर्कनु

धर्मपूर्वक राज्य गरिरहेका वैशालाधिपति धर्मदत्तले एकदिन कार्तिक पूर्णिमाको रातमा नाना गीत नृत्यका आवाज सुने । के रहेछ भनी बाहिर

आएर हेरे। उनले अत्यन्त उज्याला आकाशबाट आइरहेका विमानहरू देखे। त्यसैबेला उनले अत्यन्त डरलाग्दो अनुहारको क्षेत्रपाललाई पनि देखेर डराए। हातमा भएको खड्ग त्यहीँ छोडेर भागे।

त्यसैबेला राजाले मार्कण्डेय ऋषिलाई देखे। ऋषिलाई प्रणाम गरेर डर लाग्दो मूर्ति कस्को हो ? सोधे। मार्कण्डेयले भन्नुभयो- त्यो डरलाग्दो मूर्ति शनि हो, उहाँ पशुपति क्षेत्रको रक्षाको लागि क्षेत्रपालको रूपमा रहनुभएको हो। उहाँलाई साथदिने नन्दी, भृङ्गी, गणेश, वासुकि आदि छन्, उनीहरूले चारै दिशामा पहरा दिन्छन्। उनीहरूको आज्ञा नलिई भित्रजान सकिँदैन।

त्यो सुनेर राजाले सोधे- ती ईश्वरको दर्शन कसरी हुन्छ ? त्यहाँ कसरी जान सकिन्छ ? मार्कण्डेयले भन्नुभयो- चर्मचक्षुले देख्न सकिँदैन। ज्ञानी, तपस्वीहरूले माता गुह्येश्वरीको अनुकम्पाबाट पशुपति पुरीमा प्रवेश गरेर शिवको दर्शन गर्न पाउँछन्। तपाईंलाई पनि दर्शन गर्ने इच्छा छ भने मन्त्र जपेर धर्मेश्वर शिवको सेवा गर्नुहोस्। त्यो सुनेपछि राजाले पनि दर्शनको इच्छा राखी कार्तिक पूर्णिमादेखि शिवको तपस्या गर्न थाले। उनको तपस्याबाट शिव प्रसन्न हुनुभयो र बरदान दिँदै भन्नुभयो- गुह्यचश्वरीको आराधना गर, त्यो स्वर्णमय पुरी (सत्यवतीपुरी) को पनि राजा हुन पाउँछौ।

त्यो वरदान पाएपछि राजा आफ्नो दरवार (विशालनगर) फर्किए। आफूले गरेका पुण्यलाई ६ अंश बनाएर छोरा, मन्त्री र प्रजाहरूलाई दिए। त्यसपछि छोरा सूर्यकेतुलाई राज्य दिएर गणेश, क्षेत्रपाल र गुह्येश्वरीको सेवा गर्नथाले।

उनले गुह्येश्वरीको विशेष भक्ति र स्तुति गरे। गुह्येश्वरी खुशी भएर स्वर्णमयी पुरीको राजा हुने वरदान दिनुभयो। अरूलाई प्रहार गर्नसक्ने तरवार पनि दिनुभयो। देवीबाट आशीर्वाद र तरवार पाएपछि राजाले मन्त्री र छोराहरूसँग सल्लाह गरेर स्वर्णमयी पुरीमा हमला गर्ने निर्णय गरी

स्वर्गबाट त्यहाँ अवतरण भएका देवताहरूसँग युद्ध गर्न लागे । त्यसबेला देवताहरूले पनि उनका वीर सैन्यहरूसंग निम्नअनुसार लडाई गर्न थाले :

इन्द्र - चन्द्रकेतुसँग

यमराज - विश्वकेतुसँग

वायु - जगत्केतुसँग

कुवेर - रुक्मकेतुसँग

इशान - धर्मकेतुसँग

धर्मदत्तका छोराहरूसँग देवताहरू धमाधम लड्न लागे । त्यो देखेर गणेश अघि सरे र धर्मदत्तका सेना माथि जाइलागे । गणेशको पछिपछि नन्दी, भृङ्गी पनि लागे । गणेशले आफ्ना सैनिकहरूबाट परास्त गरेको देखेर धर्मदत्तले शिवको पूजा गरे । त्यसपछि उनी गुह्येश्वरीको जल चढाएर गणेश लगायतका देवताहरूसँग लड्न लागे । गणेशले सूँडले राजालाई आकाशतिर फ्याँके । त्यसैबेला आकाशबाट योगिनीहरू बसेको विमान आयो । योगिनीहरूले राजालाई विमानमा राखेर देवताहरूलाई भने- यी र ाजा देवीभक्त हुन् । देवीभक्तलाई मार्न सकिँदैन । यसबाट अपमान हुँदैन, फर्क । त्यसपछि योगिनीहरूले राजालाई सुखपूर्वक राज्य गर्नू भनेर दरवारतिर पठाई दिए ।

त्यो देखेर देवताहरू पशुपतिसमक्ष गएर आफ्नो दु:ख निवेदन गरे । शिवले पनि धर्मदत्तले तपस्याको फल प्राप्त गरेको हो । अब तिमीहरू काशी गएर मसँग बस्नू **(तावन् मदाश्रमां काशीं गत्वाशु तिष्ठत ध्रुवम्- ११०)** भन्नुभयो । त्यसपछि देवताहरू स्वर्ग गए भने धर्मदत्त सुखपूर्वक हजार वर्षसम्म प्रजारञ्जन गर्दै अत्यन्त शोभायमान सत्यवतीपुरीको राजा भएर बसे ।

यसैबीच राजाले शङ्करको स्तुति गरे र ज्योतिर्लिङ्गको दर्शन पाए । ती राजाले वाग्मतीकै जल ल्याएर चढाई आफ्नो रौं संख्या बराबर धर्म गरेको कुरा चित्रगुप्तले आफ्नो डायरीमा लेखे । राज्य गर्दागर्दै राजामा त्यागको भावना

आयो । राज्य, सम्पत्ति र दरवार छोराहरूलाई दिएर सधैँ साँचो बोल्नू, सत्य पालन गर्नू, देवता, गाई, ब्राह्मणको आदर गर्नू भन्ने उपदेश समेत दिई वाग्मतीमा स्नान गरी नित्य शिवपूजा गर्न थाले ।

सत्य र धर्ममा अटल भएकाहरू नै पशुपतिको दर्शन गर्ने सौभाग्य र परमपद प्राप्त गर्दछन्-

**सत्येन धर्मे प्रचलन्ति मर्त्याः सन्त्यज्य मिथ्यादुरितं क्रमान्ते ।**
**पश्यन्ति लिङ्गे परमेश्वरस्य गन्तार एवाशु परं पदं वै ॥- १४४**

*यो अध्याय सुने-पढे मात्र पनि शिवलोक जान पाइन्छ ।*

## १६६. धर्मदत्तको शिवलोक यात्रा

पशुपतिपुरीमा राजा धर्मदत्तले एकहजार वर्ष सुखले धर्मपूर्वक राज्य गरे । एकदिन उनले राज्यमा हल्लाखल्ला भएको सुने । काशीमा बसेका देवताहरू काशीराजका कारणले त्यहाँबाट भाग्नु पर्दा सत्यवती (पशुपतिपुरी) मा आएका थिए । पशुपतिको जाज्वल्यमान अवस्था हेर्दै जाँदा त्यहाँका द्वारपालहरूले नगर प्रवेश गर्न दिएनन् । त्यसैबेला काशी–विश्वनाथले पशुपतिपुरीमा सहजै प्रवेश गर्नुभयो र लिङ्ग रूपमै बस्नुभयो । त्यो देखेर देवताहरूले आफूहरूलाई पनि प्रवेश गराउन माग गरे ।

त्यसबेला इन्द्रले देवताहरूलाई सान्त्वना दिँदै धर्मको कारणले धर्मदत्त बलिया भएर हामीलाई प्रवेश गर्न नदिएका हुन् भनी सूर्य, केतु, राहु, शनि, मङ्गल, पाँचवटा ग्रहहरूलाई पशुपतिका राजा र जनताको धर्मनष्ट गरी रोगव्याधि फैलाउँनू भनी पठाएका थिए । उनीहरू इन्द्रसमक्ष फर्किए र घटना बताए । त्यो सुनेर इन्द्र आफैं ब्राह्मणको रूपलिई रत्नमय नक्कली मोतीको माला बेचेर अधर्म फैलाउन खोजे । तर सकेनन् र लाज मान्दै फर्किए । त्यसपछि इन्द्रले भृङ्गी ऋषिलाई देवेच्छा पुरा गरेर आउन पठाए । भृङ्गी ऋषि भमराको रूप लिएर गए तर त्यहाँ अत्यन्त धर्मात्माको वास

भएकाले उनले पनि अधर्म फैलाउन सकेनन् । भमरो आफ्नो नगरमा घुमिरहेको देखेर राजाले मीठा मीठा वास्ना र रस भएको फल र फूल दिन लगाएर भमराको स्वागत र सेवा गरे । भृङ्गी त्यसै फर्किए ।

त्यसपछि देवताहरूले नारदलाई पठाए । नारदले राजा धर्मदत्तलाई भने- अब तपाईंको यस नगरमा राज्य गर्ने समय सकियो । यहाँ देवताहरू बस्न आइसकेका छन् । अन्न खाने मानिस र अमृत खाने देवता संगै बस्न सक्तैनन् । अब तपाईं यहाँबाट जानुहोस् -

**अन्नान्धसः सुधापाना न स्थास्यन्ति समं हि ते ।**
**तेऽन्नपुष्टाङ्गिनः पक्षे देवाश्चाऽमृतपायिनः ॥ - ८०**

त्यो सुनेर धर्मदत्तले भने- मलाई पशुपति र गुह्येश्वरीको कृपा एवं आफ्नो पराक्रमले यो राज्य प्राप्त भएको हो, छोड्दिन । नारदले आफूलाई राजाले भनेको कुरा ब्रह्मा, विष्णु, इन्द्र आदिलाई सुनाए । त्यसपछि विष्णुले गणेश र स्कन्दकुमारलाई धर्मदत्तका राज्यमा अधर्म फैलाउन पठाउनुभयो । उनीहरू गए र वाग्मती स्नान गरी शिव (विश्वनाथ, पशुपति) लाई आग्रह गरे । देवताहरू आएर युद्ध गर्न माग गरेपछि धर्मदत्तले पनि सैनिक तयार गरी युद्ध गर्न अघि सरे । पहिले धर्मदत्तका छोराहरू अघि सरे । देवताका तर्फबाट नन्दी, भृङ्गी, गणेश, क्षेत्रपाल, यमराज युद्ध गर्न गए । मयूरमा बस्ने स्कन्दले आकाशबाट शक्ति प्रहार गरे । धर्मदत्तका छोराहरूले देवताको प्रहारलाई निस्प्रभावी बनाइदिए ।

यसैबीच ब्रह्मा र विष्णुले शिवको आराधना गरी देवताहरूलाई पशुपति क्षेत्रमा बस्न र राजा धर्मदत्तलाई विशालनगर (उनको पुरानो राजधानी) पठाइदिन माग गरे ।

शिवले पनि आफ्ना भक्तहरूको कहिल्यै हार नहुने **(मम भक्ताश्च हे देवौ न प्राप्स्यन्ति पराभवम् - १२६)** भनेर प्रमथ गणहरूलाई राजा समक्ष पठाई एकहजार वर्ष पुरा भएकाले तिमी र तिम्रा जनता अब शिवलोक

जानेछन् भन्ने सन्देश दिनुभयो । तत्काल विमानहरू पठाएर धर्मदत्त र उनका प्रजाहरूलाई शिवलोक लैजाने व्यवस्था गर्नुभयो । त्यसपछि देवताहरू पशुपतिपुरीमा पसे ।

## १६७. मृगरूप शिवको आख्यान, पशुपतिपुरी महिमा

पशुपति क्षेत्र कसरी स्वर्णमयी बन्यो, त्यहाँको सेवनले को को मुक्त भए ? चतुर्वर्ग फल दिने कसरी भयो ? बताइदिनुहोस् भन्ने अगस्त्यको प्रश्नमा स्कन्दकुमार भन्नुहुन्छ- पशुपतिमा शिवलिङ्ग प्रकट भएपछि ब्रह्मा विष्णुले स्तुति गरेर शिवलाई स्वर्ग जान कर गर्नुभयो । शिवले उत्तर दिँदै भन्नुभयो- यो देवीको एकान्त स्थल हो र म बसेकाले तपस्थली बनेको छ । यहाँ सेवा गर्नेहरू मुक्त हुन्छन् ।

शिवको यो वचन पछि नै देवता, दिक्पाल चन्द्रमा सूर्य आदिले त्यहाँ आएर लिङ्ग पूजा गरी तपस्या गरेका थिए । यस क्षेत्रमा बस्दा चतुर्वर्गफल (धर्म अर्थ काम मोक्ष) प्राप्त हुने, मुनिहरूले वाग्मतीमा स्नान गरेर तपस्या गर्ने समेतका कारणले यो क्षेत्र स्वर्णमयी भनिएको हो ।

यहीँ बसेर मृगहरू कसरी मुक्त भए भन्ने बारे आख्यान सुन्नुहोस् । देवताहरु आएपछि पशुपतिपुरीमा केही आवाज पनि आउन थाल्यो । त्यहाँ चित्रलोम, सुलोम, हर्षलोम, सूक्ष्मलोम र चारुलोम नामका ५ वटा मृगहरू त्यहीँको सिद्धारण्य (मृगस्थली) मा बस्तथे । ती मध्ये चारुलो म बढी बुद्धिमान थियो । एकदिन चारुलोमले निदाउरो मुख बनाएको र उदासिन भएको देखेर अरू मृगहरूले कारण सोधे । अरूद्वारा यस वनमा अनिष्ट हुने संकेत हो भने हामी छोडेर अन्यत्रै जाऔँ भनेर सान्त्वना दिन खोजे । चारुलोमले स्तनकुण्ड (उमाको स्तनकुण्ड)को जल पियो र आफू दुःखित हुनुको कारण भन्न लाग्यो- हामीले यो वन छोड्नु हुँदैन । किनभने यसको महत्त्व धेरै छ, सुन । अंग नामको शहरमा हिरण्यद नामका दानी राजा थिए । उनी सधैँ सुन अन्न आदि वस्तु दान गर्थे । उनका रौप्यद

नामको मन्त्री थिए । ती राजाका चित्रलोम, सुलोम, हर्षलोम र सूक्ष्मलोम चार छोरा थिए । तिनीहरूकी पद्मिनी नामकी सौतेनी आमा अत्यन्त राम्री भएकीले राजा अरू रानीलाई भन्दा उनैलाई बढी मन पराउँथे । उनका कुरा काट्न सक्तैनथे । ती रानी भने आफ्नो छोरालाई राज्य दिने इच्छा र चिन्ता गर्थिन् । एकदिन रानीले राजालाई प्रभाव पार्न ढोका थुनेर कोठा भित्र बसिन् । राजालाई शर्त मान्नेभए मात्र ढोका खोल्छु भनेर अप्ठ्यारोमा पारिन् । राजाले 'हुन्छ' भनेपछि उनले सौतेनी छोराहरूलाई मारेर आफ्नो छोरालाई राज्य दिनुपर्ने माग राखिन् । राजा आश्चर्य र दुःखमा परे । तर वाचा हारेकाले र शर्त राखिसकेकाले गोप्य मानिसहरू द्वारा ४ वटा छोरालाई मार्न लगाई टाउका रानीको अगाडि राखिदिए । पद्मिनी रानीले ती टाउकाहरूलाई छुट्टा छुट्टै टपरीमा राखेर तिनका पत्नीहरूलाई फलफुल भनेर दिन पठाइन् । पत्नीहरू पार्वतीका भक्त थिए । पत्नीहरूले सासूले पठाएको फलफुल भनी श्रद्धा गरी पार्वतीलाई पूजा गर्दा समर्पण गरे र पति घर फर्केपछि प्रसाद खाउँला भनेर जस्ताको तस्तै राखे । आफ्ना भक्तहरूको दुर्दशा हुने देखेर मृतसञ्जीवनी विद्याशक्ति प्रयोग गरी पार्वतीले टपरीमा ढाकेर राखेका टाउकाबाट मरेकाहरूलाई जस्ताको तस्तै जीवित पारिदिनुभयो भने फलफूल भनेर राखिएका टाउकालाई नरीवलमा परिणत गरिदिनुभयो ।

चारुलोम भन्दै गए- घुम्दै घुम्दै हामीहरू विभिन्न योनी पार गर्दै यस वनमा आइपुग्यौं । यो तपोवनरूपी मुक्तिक्षेत्रलाई छोड्नु हुँदैन । चारुलोमको कुरा सुनेर अचम्म र आश्चर्य मानेका ४ भाइले सोधे- तिमीले पूर्वजन्मको वृत्तान्त जान्नुको कारण र अब हामी कहिले मनुष्य हुन्छौं ? सोधे । चारुलोमले भन्यो- देवीको स्तनरूपी अमृतले भरिएको जलपान गरेकाले मलाई पूर्वजन्मको ज्ञान भएको हो । त्यो सुनेर सबै मृगले त्यस कुण्डको पानी पिए । पिउने वित्तिकै उनीहरूलाई पूर्वजन्मको ज्ञान भयो । ज्ञान हुने वित्तिकै उनीहरू सबैले शिवलिङ्गको स्तुति गरे । त्यो देखेर प्रथम मृगशिव प्रसन्न भई मृगरूप मै आएर भन्नुभयो- जन्म मृत्यु र पुनर्जन्म हुँदै कर्म अनुसारको

फल सबैले भोग्नु नै संसारको नियम हो । नरदेह पाएर पनि सत्कर्म नगर्नेहरू पशु भएर जन्मन्छन् । वाग्मतीको जल अत्यन्त पवित्र छ । सबै तीर्थभन्दा यो तीर्थ र जल उत्तम छ । एकपटक ब्रह्मा र विष्णुले कुन तीर्थ महिमामय छ भनेर तुलामा राखेर जोख्दा वाग्मतीको जल अन्यत्र तीर्थको जलभन्दा सयगुना बढी गरुङ्गो देखेका थिए-

**एकतः सर्वतीर्थानी चैकतो वाग्मती जलम् ।**
**तुलितं धर्मदण्डेन ब्रह्मणा विष्णुना तथा ॥ - १२२**

**तेषां शतगुणं धन्यं वाग्वती सलिलं गुरु ।**
**तस्मादपि एवाधिक्यान् मद्योनिजं सुदुर्लभम् ॥ -१२३**

हे मृग साथीहरू ! पशुयोनितीर्थ, ऋषितीर्थ, सूर्यकुण्ड अत्यन्त पवित्र छन् । यी तीर्थमा स्नान गर्नाले पुनर्जन्म लिनुपर्दैन । यो सुनेर ती मृगहरूले पनि त्यहाँको पानी पिएर **(अजस्रञ्च सुखं पान पशुनां स्नानमीरितम्- १३२)** स्नान गरे । मानिसहरूले निराहार भएर स्नान गर्नुपर्छ भने पशुले स्नान गर्नु भनेको त्यहाँको पानी पिउनु हो ।

मृगरूपी शिव (आदिमृग) ले उदाहरण दिँदै भन्नुभयो- हे देवताहरू ! एउटा बाघ प्राणी हत्या गरेर बस्थ्यो । बुढो भएपछि त्यसले मार्गकृष्ण चतुर्दशीका दिन वाग्मती र पशुयोनी तीर्थको जल पिएर शिकार खोज्दै बसेको थियो । एउटा वाणधारीले उसलाई वाण हान्यो । बुढो बाघ मऱ्यो र मनुष्यदेह पाएर यसै वनमा शिकार गर्न थाल्यो । त्यहाँ मरेको पुण्यले मनुष्य बने पनि आचार सुधार नगरेकाले मरेपछि मान्छे र पशु हुने चक्र पार गर्दै थियो । यस जन्ममा मृग बनेको त्यसलाई मार्न लाग्दा शिकारीले पूर्वजन्मको ज्ञान भएको हुनाले भन्यो- अघिल्लो जन्ममा मैले तिमीलाई मारेको थिएँ । मर्न आँटेको मृगले भन्यो- तिमी उड्डिश नगरका शिकारी राजा थियौ । त्यसबेला ब्राह्मणको श्राप परेर अहिले शिकारी भएका हौ । मैले पनि राजसी बुद्धिले गर्दा टंकाश्रममा मृग मारेको थिएँ । ऋषिको श्रापले अहिलेको मृग जुनि पाएको हुँ ।

शिकारीले वाण हानेपछि मृग मऱ्यो । तर अर्को जन्ममा राजा भयो । राजा भएपछि उसले पञ्चतीर्थ स्नान गरेर मुक्ति पायो । यस्तै चित्रलोम पनि मरेपछि सुदर्शन नामको राजा भयो । अहिले त्यही सुदर्शन धर्मदत्त भएर जन्मिएको छ । जन्म र स्मरणसँग सम्बद्ध यो अध्यायको ज्ञानले परमधाम जान पाइन्छ ।

## १६८. बज्रनाभलाई ब्रह्माको वरदान

वाग्मती कसरी दह भयो ? अहिले कसरी नदी भयो ? भन्ने अगस्त्यको जिज्ञासामा स्कन्द भन्नुहुन्छ- यसबारे सुन्नुअघि यो इतिहास सुन्नुहोस् । वाणासुरका ३ भाइ छोरा थिए- बज्रनाभ, विराध र शंख । इन्द्रले हानेको बज्र लागेकाले बज्रनाभ नाम रहेको त्यो दैत्यलाई इन्द्रमाथि दमन गरेकोले इन्द्रनाभ पनि भनिन्थ्यो । चन्दन भराटेश्वर शिवको वरदान शंखासुरले पाएको थियो । यस्तै, विराधले पनि गोलोकेश्वर शिवको बरदान पाएको थियो । तिनीहरूकी प्रभावती नामकी अति सुन्दरी बहिनी थिई । प्रभावती कसैसँग विवहा गर्न चाहन्नथी, यसैले दाजुहरूले उसलाई अत्यन्त माया गर्थे । विशिष्ट किसिमको बगैंचा बनाइदिएका थिए । दाजुहरू वीर भएकाले उनी गण्डकीदेखि वाग्मती सम्मको क्षेत्रमा निर्भय भएर डुल्थिन् ।

वाणासुरकी पत्नी विम्बोष्ठीको गर्भबाट बज्रनाभ जन्मिएपछि इन्द्रका दायाँ आँखा फर्फराए । इन्द्रले वृहस्पतिसँग फर्फराउनुको लक्षण बारे परामर्श गर्दा उसँग युद्ध गर्दा परास्त हुने भएकाले आँखा फर्फराएको कारण बताए ।

अर्कातिर वज्रनाभले शुक्राचार्यसँग एकदिन सोधे- म इन्द्रभन्दा बलियो छैन, किन मेरो नाम इन्द्रदमन भएको ? यसले त मलाई उपहास जस्तो भएको छ । त्यो सुनेर शुक्रले उसलाई रुद्रेश्वरमा बसेर वाग्मतीमा स्नान गरी ब्रह्माको तपस्या गर्नू, ब्रह्मा खुशी भएपछि इन्द्रलाई जित्ने वरदान माग्नू भने । दैत्यले पनि शुक्रको उपदेशअनुसार गऱ्यो । वरदान पाएर ऊ आफ्नो राजधानी सुप्रभा फर्कियो ।

## १६९. इन्द्रदमनको विजय

ब्रह्माजीबाट इन्द्रविजय गर्ने वरदान पाएको इन्द्रदमन राजा भयो । उसले देवतालाई जितेर स्वर्गको राजा हुने इच्छा गरी कुष्माण्ड नामको दूतलाई इन्द्रलाई 'कि राज्य छोडेर भाग्नू, कि मर्नु' भन्ने खबर पठायो । त्यसपछि उसको र इन्द्रको बीचमा ठूलो युद्ध भयो । युद्धमा देवता र दानवको प्रशस्त नोक्सान भयो । युद्धमा इन्द्रको पराजय हुने देखेर मुक्तकेशलाई अगाडि लगाएर देवताहरू ब्रह्मासमक्ष गए ।

त्यसैक्रममा बज्रनाभ स्वर्गको राजा बन्छु भनेर अमरावतीतिर अघि बढ्न लाग्यो । त्यसैबेला अदृश्य रूपमा आकाशवाणी गरेर ब्रह्माले उसलाई पाताल जानू, मयले बनाएको सुन्दर ठूलो शहर छ, त्यहाँ बस्नू भनिदिनुभयो । बज्रनाभ पातालतिर लाग्यो । पातालमा जाँदा वासुकि आदि नागहरू दैत्यदेखि डराएर उपहार दिँदै भने- हजुरले पहिले नै जितिसक्नु भएकाले पाताल तपाईंकै राज्य हो, आनन्दसँग बस्नुहोस् । त्यसपछि त्यो वीर इन्द्रदमन मर्त्यलोकमा गयो र मय दैत्यलाई बोलाएर सुन्दर शहर बनाउन अह्रायो । मयले स्फटिक रत्न आदिको उपयोग गरेर भनेबमोजिमको नगर निर्माण गरिदियो । ऊ त्यसैमा आनन्द मानेर बस्न थाल्यो ।

## १७०.वाग्मतीमा बांध बांध्नु

राज्य गर्दा इन्द्रदमनले वहिनी प्रभावतीलाई मनोरञ्जन दिन भनेर वाग्मतीमा बाँध बाँध्न शंख दानवलाई अह्रायो र त्यसको सुरक्षा गर्न पनि शंखलाई नै खटायो । विरोधीहरूलाई त्यहाँ प्रवेश गर्न नदिनु भन्ने आदेश दिएर वहिनी प्रभावतीलाई आनन्दसँग जलविहार गर्न भन्यो । त्यसपछि इन्द्रदमन सयवटी सुन्दरीहरूसँग विहार गरेर राजसी सुखका साथ बस्न थाल्यो ।

## १७१. प्रभावतीलाई प्रद्युम्नसँग विवाह हुने पार्वतीको वरदान

वाग्मती तलाउ बनेपछि अत्यन्त शोभायमान भयो । त्यहाँ विभिन्न जलचर, हाँस, चखेवा आदि पनि बस्न थाले । त्यो सुन्दर तलाउमा प्रभावती आफ्ना साथीहरूसँग खेल्थिन् । एकदिन जलविहारकै समयमा उनले नारद ऋषिलाई भेटिन् र असल पति पाउन के गर्नुपर्छ ? सोधिन् । नारदले उनको आशय बुझेर भन्नुभयो- वाग्मती उत्पन्न भएको पर्वतमा बसेर भगवतीको आराधना गर्नू । त्यो सुनेर उनले भगवतीको आराधना गरी प्रसन्न बनाइन् । भगवती पार्वतीले कृष्णपुत्र प्रद्युम्नले तिमीलाई हरण गरेर लैजान्छन्, अत्यन्त सुन्दर पुरुष पाउँछ्यौ, भन्नुभयो ।

यसैबीच द्वारकामा प्रद्युम्नले वलिपुत्री प्रभावतीसँग सुखभोग गरेको सपना देखेर कृष्णको अनुमति लिई प्रभावतीलाई भेट्न गए ।

## १७२. कृष्णले छोराहरूलाई नेपालका तीर्थयात्रा गराउनु

एकदिन प्रद्युम्नले पिताजी श्रीकृष्णसँग शम्बरासुरको वध गरेको पाप नाश गर्न मलाई तीर्थयात्रा गर्न लैजानुहोस् भने । त्यो सुनेर श्रीकृष्णले तत्काल गरुडलाई बोलाई प्रद्युम्न, गद, साम्व आदि छोराहरूलाई साथ लिएर नेपालका तीर्थहरू अत्यन्त पवित्र छन् भन्दै जानुभयो र निम्न तीर्थहरू देखाउँदै स्नान र दर्शन गर्ने निर्देश गर्नुभयो । साथै भगवान्ले छोराहरूलाई तीर्थबाट स्वर्ग प्राप्ति, आफूमा लीन हुनपाउने, अश्वमेध यज्ञफल पाइने फल पनि बताउँदै नेपालका तीर्थहरू देखाउन थाल्नुभयो :

| | | | |
|---|---|---|---|
| कावेरी | विगस्ति | सिञ्जा | शतद्रु |
| सरस्वती | व्यासगङ्गा | गङ्गा | अलकनन्दा |
| त्रिविक्रमा | गोमती | शतरुद्रा | रेवा |
| काली गण्डकी | गङ्गा गण्डकी | कुमारी गण्डकी | भद्रावती |
| वैष्णवी गण्डकी | नारसिंही | ब्राह्म गण्डकी | गणेश कुण्ड |

| | | | |
|---|---|---|---|
| माहेश्वरी गण्डकी | नीलकण्ठ आदि २१ कुण्डहरू | दुर्गा गण्डकी | कोशी |
| नारायणी | चण्डिका, गण्डकी | शिवदूती, कोशी | कपर्दिनी, कोशी |
| वाराही | वासवी, कोशी | दुर्गा, तीर्थ | भीमतीर्थ |
| स्पृहातीर्थ | शचीतीर्थ | भोगतीर्थ | दोलाद्रि |
| रत्न तलाउ | शङ्ख तलाउ | रत्नावती | गन्धर्वजल |
| गोदावरी | चित्र तलाउ | चन्द्रावती | प्रभातीर्थ |
| व्याघ्रतीर्थ | रेवती | उशीरबीज तलाउ | धर्मगङ्गा |
| लुण्ठिश्रम | स्कन्द तीर्थ | नारसिंही | धर्मनदी |
| वाराही | वाग्मती | सप्तर्षि | लिङ्गमूर्ति शिव |

हे अगस्त्य ! मुञ्जवान पर्वतमा भष्म भएका कामदेवले पुनः शरीर प्राप्त गरेका थिए। वाग्मतीको स्नान मात्र गरेपनि म (कृष्ण) सायुज्य प्राप्त हुन्छ। **(वाग्मत्यां स्नान मात्रेण मद्देहोऽसौ भवेत् सुत- ५६)** ।

पिता श्रीकृष्णको उपदेशअनुसार प्रद्युम्नहरूले पनि तीर्थयात्रा गर्दै वाग्मती पुगेर स्नान र स्तुति गरे । भगवान् पनि एकरात हिमालयमै बस्नुभयो ।

## १७३. स्कन्द अगस्त्य संवाद निरन्तर

स्कन्द भन्नुहुन्छ- हे अगस्त्य ! चैत्रकृष्ण द्वादशीका दिन विहान उठेर भगवान् कृष्णले वाग्मती स्नान गर्नुभयो । त्यसैबेला वीणा बजाउँदै आएका नारदले भगवान्को स्तुति गर्दै भने- हे प्रभो ! सूर्यकेतु राजाले स्वर्गको कामनाले तपस्या गरेको धेरै काल भयो । उनकी छोरी चन्द्रावतीले प्रद्युम्नलाई पति वरण गर्न चाहेकी छन् । तर इन्द्रदमन राक्षसले चन्द्रावतीलाई हरण गर्न खोजिरहेको छ । साथै हे प्रद्युम्न ! उनलाई विवाह गर्नुहोस् । यस्तै वलिपुत्री प्रभावतीले पनि प्रद्युम्नसँग विवाह गर्न चाहेकी छन् । ती प्रभावती भनेको मधु, कामदेव जे पनि भन्ने हजुरकी पत्नी माधवी नै हुन् । उनी सुप्रभा

नगरमा बस्छिन्, उनलाई पनि विवाह गर्नुहोस् भनी प्रद्युम्नलाई थप एकरात त्यहीँ बस्न र भगवान् कृष्णलाई दोलाचलतिर जान सम्झाए । भगवान्ले पनि आफूलाई दोलाचल जानैपर्ने बताएर भन्नुभयो- प्रद्युम्नले वलिपुत्रलाई मारेपछि ती दुवै कन्यासँग विवाह गर्नेछन् । राजा सूर्यकेतुले पनि शिवलोक प्राप्त गर्नेछन् । मेरो चक्रको तेजले बाँध र पुल भत्काएर वाग्मती बग्ने छिन् र गङ्गामा पुगी मुक्ति पाउनेछिन् । त्यसपछि कृष्ण दोलाचलतिर जानुभयो । प्रद्युम्नले भाइहरूका साथ मुञ्जवान् पर्वतमा गई प्रभावतीको चाहना पूरा गर्नु जानुभयो । पार्वती प्रसन्न भएर उनको कामना पूरा गरिदिनुभयो ।

## १७४. प्रभावतीको सपना र प्रद्युम्नको नररूप

स्कन्दकुमार भन्नुहुन्छ- हे अगस्त्य मुनि ! प्रभावतीले चैत्रशुक्ल त्रयोदशीको विहान प्रद्युम्नसँग संभोग गरेको सपना देखिन् र डराएर रुन थालिन् । प्रभावती रोएको सुनेर सखी हंसीले सोधिन्- किन विहानै रुनुभएको ? के तपाइँले आफ्नो प्रियलाई भेट्नुभयो ? वास्तविक कुरा भन्नुहोस् । प्रभावतीले भनिन्- मलाई राती अत्यन्त सुन्दर प्रद्युम्न नामको श्रीकृष्णको छोरा आएर नानाक्रीडा गरेर सम्भोग सुख दिएर गयो । मेरो प्राण उसैसँग गइसक्यो, अब म के गरूँ, भन ? त्यो सुनेर हंसीले भनिन्- दुःख नमान्नुहास्, स्वप्नमा देखेको कुरा पहिलो प्रहरमा देखेको १ वर्ष भित्र, दोस्रो प्रहरमा देखेको ८ महिना भित्र, तेस्रो प्रहरमा देखेको ३ महिना भित्र, चौथा प्रहरमा देखेको आधा महिना भित्र र सूर्योदय कालमा देखेको १० दिन भित्र फल दिने हुन्छ ।

**स्वप्नस्तु प्रथमे यामे वर्षेण फलदायकः ।**
**द्वितीये चाष्टभिर्मासै स्त्रिभिर्मासैस्तृतीयके ।-१४**
**चतुर्थे चार्धमासेन लभ्यते स्वप्नजं फलं**
**अरुणोदयवेलायां दशाहेन फलं भवेत् ।-१५**

तपाईंले अरुणोदय कालमा सपना देखेकाले १० दिनभित्र फल पाउनुहुन्छ। हेर्नुहोस्, १० दिन भित्र ऊ तपाईंलाई खोज्दै आउँछ। दुर्वासाबाट मैले देवी मन्त्र पाएकी छु, आएन भने उपाय गरूँला ।

हंसीले त्यसो भनेपछि प्रभावती आश्वस्त भइन् र आफ्नो प्रियको प्रतिक्षामा बसिन्। त्यसैबीच प्रद्युम्न नटको रूप लिएर नाचगान गर्दै प्रभावतीको दरवार बाहिर आकर्षक नाचगान गर्नथाले। प्रभावती पनि हंसीका साथमा नाचगान हेर्न गइन् । प्रभावती तर्फका दैत्यहरू पनि नाचगान देखेर मुग्ध भए र नृत्य गर्नेहरूलाई हातका वाला नै उपहार दिन थाले ।

## १७५. प्रभावती - हरण

नृत्य देखाएपछि प्रद्युम्नले पाँचवटा कामवाण एकैपटक प्रहार गर्नुभयो । एउटा वाण पनि सहन गर्न कठिन मान्ने प्रभावती प्रद्युम्नका पाँच वाणबाट नराम्ररी घाइते भइन् र साथी हंसीलाई असह्य भएको वेदना पोखिन् । प्रभावतीलाई कामवासनाले सताएको थाहा पाएपछि प्रद्युम्न पनि नटसमूहबाट छुट्टिई भ्रमराको रूप लिएर प्रभावती बसेको ठाउँमा पुग्नुभयो। प्रभावतीलाई चुम्बन गर्नुभयो । त्यसबेला प्रभावतीलाई पनि कामोत्तेजना भयो, एकक्षण पनि एक युग जस्तो भयो (**कालो निमेषमात्रोऽपि युगायतेऽधुना प्रिय- २६)** । प्रद्युम्नले समागमको प्रस्ताव गर्नुभयो । तर प्रभावतीले विवाह नगरी कुमारित्व नाश गर्दा विभिन्न पाप र लोकलाज समेत हुने भएकाले गान्धर्व विवाह गरेर पाणी ग्रहण गर्ने प्रस्ताव गरिन् ।

यस अघि नै हंसीले भमराको रूप लिएर प्रद्युम्नलाई भेटी प्रभावतीसँग सम्पर्क गराएकी थिइन्। प्रभावतीको प्रस्ताव बमोजिम नै प्रद्युम्नले गान्धर्व विवाह गर्नुभएको हो । विवाहपछि प्रभावतीले सँगै द्वारका लैजान प्रस्ताव गरिन्। प्रद्युम्नले तिम्रो सुरक्षाको लागि राखिएका सैनिकले अवरोध गर्नेछन् भन्दा प्रभावतीले दुर्वासाबाट पाएको विद्या र माता पार्वतीको प्रसादले जुनसुकै रूप लिन सक्ने बताएपछि दुबैजना भ्रमराको रूपमा दरवार

बाहिर निस्किए । बाहिर आएर आ-आफ्नो रूप लिई नाना रूप लिएर आएका यादवहरूसँग विमानमा बसी द्वारका प्रस्थान गरे ।

## १७६. इन्द्रदमन (शक्रताप) ले कृष्ण र प्रद्युम्नलाई मार्ने कुरा गर्नु

प्रभावतीको हरण भएपछि दैत्यहरू दुःखित भए । त्यसैबेला नारद ऋषि पुग्नुभयो । दैत्यहरूले प्रभावती कस्ले हरण गऱ्यो ? सोधे । नारदले भन्नुभयो- 'धेरै ठूलो दरवार भित्र सुरक्षा सैनिकहरू पहरा दिएकी प्रभावतीलाई नर्तक रूपमा आउने दोलाद्रिमा बस्ने कृष्णका छोरा प्रद्युम्नले कामदेवको सहायताले हरण गरेर द्वारका लगेका छन्' । त्यो सुनेर शक्रताप रिसाउँदै कृष्ण, प्रद्युम्न, कामदेव र सबै यादवहरूलाई मारिदिन्छु भनेर क्रोधित भए । त्यो देखेर नारदले तिमी सक्तैनौ तर पनि युद्ध गरेर जित्न खोजेका हौ भने जाऊ, कौस्तुभमणि हरण गर, ल्यायौ भने तिमीहरू पराक्रमी हुनेछौ भनी आफू दोलाद्रि गएर विष्णुलाई दैत्यसँग भएका सबै कुरा बताइदिनु भयो ।

*यो अध्याय पढेमात्र पनि चोरको डर र युद्धमा हार खानु पर्दैन ।*

## १७७. कौस्तुभ मणि हरणगरी प्रभावती फिर्ता लैजानु

स्कन्द भन्नुहुन्छ- नारद गएपछि प्रद्युम्न समेतलाई मार्ने उद्देश्यले खड्ग लिएको इन्द्रदमनले तुरुन्त भाई दानासुर र राहुलाई बोलायो । इन्द्रदमनले दानासुरलाई घटना बताएर दैत्यको साख बचाउन जसरी भएपनि प्रभावती फिर्ता ल्याउनुपर्ने र त्यसको निम्ति तिम्रो मायावी विद्या प्रयोग गरी कृष्णको रूप लिएर रुक्मिणीको शयनागारमा जानू र कौस्तुभमणि र प्रभावतीलाई लिएर फर्कनू, म सँगै हुन्छु, भन्यो । यसैगरी उसले राहुलाई अहिल्यै चन्द्रमालाई ढाकेर उज्यालो आउन नदिनू भन्ने निर्देशन दियो । इन्द्रदमनको निर्देश बमोजिम सबैजना द्वारका गए र उद्देश्य पुरा गरे । लक्ष्यअनुसार कार्य सम्पादन गरेपछि कौस्तुभमणि र प्रभावतीलाई रथमा

हालेर हिँडे । राहुले चन्द्रमालाई छोडिदियो, उज्यालो भयो । दैत्यतर्फ सबै खुशी भए ।

यता, द्वारकामा रत्न र प्रभावती हरण भएकोमा कसले लग्यो भन्ने खैलाबैला भयो । त्यसैबेला नारद पुगेर इन्द्रदमनले लगेको हुनुपर्छ भनिदिनुभयो ।

नारदको कुरा सबैले पत्याए । भगवान् कृष्णले रिसाउँदै प्रद्युम्नलाई बोलाएर भन्नुभयो- तिमी ती दैत्यहरूलाई मार्न सक्छौ, जाऊ । मणि र प्रभावती फिर्ता ल्याउ; म पनि आउँछु । भगवान्ले नारदलाई यो खबर इन्द्रादि देवतातर्फ दिनु भन्नुभयो । नारदले इन्द्रलाई घटना र निर्देशन बताउने वित्तिकै इन्द्र पनि देवताहरूका साथमा दैत्यसँग युद्ध गर्न निस्किए । यसैबीच स्कन्दकुमार वाग्मतीको शिर वाग्द्वार पुगे र स्नान गरी ईश्वरीलाई प्रणाम गर्दै युद्ध रणनीति बारे सोच्न लाग्नुभयो ।

## १७८. प्रद्युम्नलाई वाग्मती देवीको वरदान

प्रद्युम्नले वाग्मतीको स्नान स्तुति गरेपछि वाग्मती प्रसन्न भएर देवीको रूपमा प्रकट भै वरदान दिँदै भन्नुभयो- हे प्रद्युम्न ! तिम्रा सबै कामना पुरा हुनेछन् । तर दैत्यहरूले ब्रह्माको वरदान पाएका छन् । त्यसैले सजिलै मार्न सकिँदैन । तिम्रो लक्ष्य पुरा गर्न पहिले मलाई थुन्न बनाएको बाँधको र क्षा गर्न बसेको शंखासुरको वध गर्नुपर्छ । त्यसपछि दानासुरलाई मार्नुपर्छ । यसैगरी शिवको वरदान पाएको कुम्भ दानवले म माथि फोहर गर्ने गरेको छ, त्यसलाई मार्नुपर्छ । त्यो पानीमा बस्छ, तर त्यसलाई पानीमा मार्न नसकिने भएकाले पानीबाट बाहिर ल्याएर चक्र प्रहार गरेर मार्नुपर्छ । त्यसबेला तिम्रा पिता कृष्ण पनि प्रसन्न बन्नु हुनेछ । इन्द्रदमन बलियो छ । सूर्यकेतु राजाकी छोरीलाई पत्नी बनाउने लालसाले त्यो दैत्य आउँछ, त्यसबेला तिमी (कामदेव) ले आफ्नो रूप नदेखाउनू, राजपुत्रीदेखि पनि आकर्षित नहुनू । शंखासुरलाई मार्न उसले सुरक्षा गरेको बाँध तोड्नुपर्छ । त्यसपछि म बग्नेछु र विष्णुका पाउबाट उत्पन्न भएकी गङ्गासँग मिल्नेछु ।

वाग्मती देवीबाट यस्तो वरदान पाएपछि प्रद्युम्न (कामदेव) प्रसन्न हुनुभयो

र वाग्मतीको मन, वचन र कर्म तीनै किसिमका भक्तिद्वारा स्तुति गर्नुभयो-

**वागीश्वरी महाभागे ! वाग्विभूतिप्रदे शुभे ।**
**त्रैलोक्यवन्दिते देवि ! नमामि चरणौ तव ॥-२०**

**सर्वेशि ! वाग्भवे पुण्यवागीशे वाक्प्रदे शिवे ।**
**वाङ्मनोऽगोचरे मातस्त्वदङ्घ्र्यब्जे नमाम्यहम् ॥ -२१**

त्यसपछि पुनः वाग्मती देवीले भन्नुभयो - तिमीले गरेको स्तुति जसले गर्छ, उसले पापनाश, युद्ध विजय गरी रुद्रलोक बस्न पाउँछ । यति भनेर वाग्मती देवी जलमै अन्तर्ध्यान हुनुभयो । प्रद्युम्न पनि प्राप्त बरदानको कार्यान्वयन गर्न तयार भए ।

त्यसैबेला चन्दन पर्वतको गुफाबाट काम पीडित दैत्य इन्द्रदमन सूर्यकेतुकी छोरीलाई हेर्न आयो । राजपुत्रीले उसलाई अस्वीकार गरिन् । राजपुत्रीकी सखी सुलोचनाले पनि दैत्यराजलाई विनासित्तिमा दोषी नबन भन्ने सल्लाह दिँदै कामदेवले पनि कन्या मन पराएको थाहा पाएर राजा सूर्यकेतुले तपाईंलाई दिनुहुनेछ भनिन् । प्रद्युम्न पनि त्यसैबेला विरहातुर दैत्य इन्द्रदमनसँग युद्ध गर्न अघि सर्नुभयो । प्रद्युम्न र दैत्यको युद्ध हेर्न देवताहरू पनि उत्सुक भएर आए ।

## १७९. शंखासुर वध

शंखासुरसँग युद्ध गर्न अघि बढेको प्रद्युम्न नेतृत्वको यादव सेना हातमा शस्त्रास्त्र लिएर उत्साहित भएर वाग्मती थुनेको बाँध भएको ठाउँमा पुग्यो र ध्वस्त बनाउन लाग्यो । यो खबर शंखका सुरक्षाकर्मीले दिने वित्तिकै शंखासुर दुलाबाट निस्कियो र भन्यो- 'पापी दुराचारी को हुन्, सबैलाई यमपुरी पुऱ्याइदिन्छु' । शंखासुर गर्जेको सुनेर प्रद्युम्नले भन्नुभयो- 'हिरण्यकशिपु लगायतका तेरा दैत्यवंशलाई नाश गर्नेको छोरा जसले शम्बासुरलाई मारेको थियो, त्यो अब तँलाई र तेरो भाइलाई मार्न आएको छ' । प्रद्युम्नको कुराले

शंखासुरले शत्रु आफैँ आएछन्, खुशी लाग्यो, भन्दै शस्त्रास्त्र वर्षा गर्न थाल्यो । प्रद्युम्नसँग गएका बलदेव, साम्ब आदिले पनि विभिन्न किसिमका शस्त्रास्त्र प्रहार गरे । धेरै वीर सेनाहरू हात, खुट्टा, टाउको नभएको अवस्थामा देखिन थाले । त्यसैबेला प्रद्युम्न धनुमा ताँदो चढाएर शंखासुरलाई मार्न अघि बढ्नुभयो । त्यसबेला आकाशवाणी भयो । त्यस वाणीले शंखासुरलाई शस्त्रास्त्रले मार्न सकिन्न, बाहुयुद्ध गर्नुपर्छ भन्ने सूचना दियो । आकाशवाणीअनुसार प्रद्युम्न शस्त्र छोडेर बाहुयुद्ध गर्न लाग्दा शंखासुर पनि बाहुयुद्ध गर्न आयो । पहिले शंखासुरले प्रद्युम्नलाई पछार्‍यो । तत्काल प्रद्युम्न उठेर शंखासुरलाई पहाडमा पछार्नुभयो । शंखासुरको प्राणपखेरू उड्यो । त्यसबेला देवताहरूले आकाशवाणी र पुष्पबृष्टि गरेर प्रद्युम्नको जय जयकार गरे ।

## १८०. दानासुर वध

शंखको वध गर्दा निस्किएको ठूलो आवाजले गर्दा विराध दैत्य पानीबाट बाहिर आयो । त्यसैगरी कौस्तुभमणि गलामा लगाएको कूर्म दैत्य पनि पहाड जस्तो रूप बनाएर वाग्मतीको पानीलाई हल्लाउँदै बाहिर आयो । दैत्यको काँधमा कौस्तुभमणि देखेर प्रद्युम्न रिसाउनुभयो र वाण प्रहार गर्नुभयो । वाण प्रहारबाट पीडित भएको कूर्म ठूलो स्वरले करायो र पुनः पानीमा पस्यो । त्यसैबेला प्रद्युम्नले वाग्मतीदेवीले भनेको वचन सम्झनु भयो र त्यसलाई कसरी पानी बाहिर ल्याउने बारे सोच्दै हुनुहुन्थ्यो, उसको भाइ दानासुर रिसाउँदै त्यहीँ आयो र तरवार उचाल्यो । प्रद्युम्नले वाण हानेर उसको तरवार २ टुक्रा पारिदिनुभयो । त्यसपछि उसले रूख उचालेर हिर्काउन थाल्यो । यता यादवहरू गुफातिर लुक्न गए । दानासुरले बलरामलाई प्रहार गर्‍यो । बलरामले त्यसको टाउकोमा हलोले हिर्काउनुभयो । उसको मुकुट भुइँमा झर्‍यो । दानवले यादवहरू पसेको गुफामा असिना, पत्थर, धुलो बर्सायो । त्यतिबेला मायावी प्रद्युम्नले आकाशबाट मोहनास्त्र र जृम्भणास्त्र प्रहार गरी दानासुरलाई पछार्नुभयो । बलरामले पानीमा लुकेको

कूर्मलाई हलोले तानेर पानी बाहिर ल्याउनुभयो र मुसल प्रहार गरी टाउको फुटाइ दिनुभयो । दैत्य पानीमा पछारियो । त्यो देखेर आकाशबाट देवताहरूले बलरामको जय जयकार गर्दै पुष्पवृष्टि गर्न थाले ।

## १८१. कुम्भोदर र निकुम्भ लगायत इन्द्रदमनका सेनाको वध

दानासुर लड्दाको ठूलो आवाजले बज्रनाभ हडबडाउँदै गुफाबाट बाहिर आयो । उसले कूर्म दैत्यसँगै रहेका यादवहरूलाई देखेर 'हे मूर्ख हो ! कसरी आयौ, तिमीहरू को हौ ?' जो जो भएपनि म मारिदिन्छु भन्यो । त्यो सुनेर प्रद्युम्नले पनि 'तैंले हामीलाई चिनिनस्, म तेरो वंशनाश गर्ने विष्णुको छोरा प्रद्युम्न हूँ भन्नुभयो र बलरामलाई पनि मेरा पिताको दाजु भनेर चिनाएर हामीहरू तँलाई मार्न आएका हौँ भन्नुभयो । साथै प्रद्युम्नले शंखासुरलाई आफूले र दानासुरलाई बलरामले पानीमा डुबाइदिएको जनाउ दिनुभयो । त्यो सुनेर इन्द्रदमनले पनि शत्रू नजिकै आएकोमा खुशी जनाउँदै वाण हान्न थाल्यो । त्यसैबेला बलरामले ओठ टोक्दै अरू पनि धेरै दैत्यको बध गर्नुभयो । त्यसैबेला गदाले कुम्भोदरको र निकुम्भको वध गर्नुभयो । शाम्बले महोदरलाई गदा प्रहार गर्नुभयो । निकुम्भ आदि दैत्य मारिएको दे खेर आकाशमा युद्ध हेरेर बसेका देवताहरूले पुष्पबृष्टि गरी खुशी मनाए ।

## १८२. इन्द्रदमन वध

भाइ लगायत धेरै सैनिकहरू मारिएपछि इन्द्रदमनले आकाशमा उफ्रँदै धुलो, हावा, पानी, आगो, असिनाको वर्षा गऱ्यो । सर्पहरूको पनि वर्षा गऱ्यो । दैत्यले वर्षाएका वस्तुहरूले यादवहरू निःसासिन थाले । यादवहरूलाई दैत्य र उसका सेनाले पर्वतको गुफामा लाम लगाए ।

दुष्ट दानव इन्द्रदमनको कृत्य देखेर कृष्ण आउनुभयो र गरुडलाई भन्नुभयो- दुःख परेकालाई सहयोग गर्नुपर्छ **(तारयेत् संकटाद् वीर स्वाप्तं वा शरणागतम् - ११)** ।

त्यसपछि श्रीकृष्णले जयन्तलाई पनि युद्ध गर्न उत्साहित बनाउनुभयो । कृष्णको आदेश पाउने वित्तिकै गरुडले सर्पहरू खाइदिए र पखेटाले दैत्यहरूलाई छिन्नभिन्न बनाए । चन्द्रमाले गरुडमाथि अमृत वर्षा गरे । त्यसपछि गरुड इन्द्रदमनतिर जाइलागे ।

दैत्यले पनि पहाड नै टुक्रिने बनायो । कृष्णले पनि शार्ङ्गधनु प्रहार गर्नुभयो । इन्द्रले वाण वर्षा गरे । सबैले एकै साथ वाणवर्षा गर्दा पनि बज्रनाभले इन्द्रलाई र ऐरावत हात्तीलाई लडाइदियो । त्यसैबेला भगवान् कृष्णले प्रद्युम्नलाई सुदर्शन चक्र दिनुभयो । बज्रनाभले पनि मलाई पहिले प्रहार गर्ने कता गए ? भनी देवताहरूलाई लल्कार्‍यो । त्यसैबेला प्रद्युम्नले सुदर्शन चक्र प्रहार गरेर इन्द्रदमनको टाउको काटिदिनुभयो । टाउको काटिएको दैत्य उफ्रँदै लड्न आयो । प्रद्युम्न पुनः अघि बढेर पुनः तरवार प्रहार गरी मारि दिनु भयो । त्यसपछि प्रद्युम्नले सुदर्शन चक्र कृष्णलाई फिर्ता गरिदिनुभयो । प्रद्युम्नको जय जयकार गर्दै आकाशबाट पुष्पबृष्टि भयो ।

## १८३. वाग्मती सहस्रनाम

अगस्त्यमुनि सोध्नुहुन्छ- इन्ददमनको बधपछि श्रीकृष्ण लगायतका यादवहरू द्वारका जानुभयो । त्यसबेला वाग्मती कसरी बगिन् ? त्यसक्षेत्रमा शिव र वाग्मतीको पूजा कसरी हुन थाल्यो ? बताई दिनुहोस् भनेपछि स्कन्दकुमार भन्नुहुन्छ- हे मुनि ! पृथ्वीमा ज्योतिर्लिङ्ग प्रकट भएपछि वाग्मती बग्न थाल्यो । ऋषि, ब्रह्मा, विष्णु आदि सभामा बसेका देवताहरूले पनि वाग्मतीको दर्शन गर्नुभयो । त्यसबेला नारद मुनिले ब्रह्मासँग वाग्मती बारे सोध्नुभयो । ब्रह्माले भन्नुभयो- शिवको शिरमा बसेकी वाग्मती आषाढ शुक्ल द्वादशीका दिन शिवकै मुखबाट प्रकट भईन् । त्यस्तै भाद्रको श्रवण नक्षत्रमा ब्रह्माबाट सावित्री र कार्तिकको रेवा नक्षत्रमा गायत्री पैदा भईन् । यी तीनै नदी वाग्मतीका रूपमा परिणत भए ।

वाग्मती अत्यन्त पवित्र भएकाले सबै किसिमका पाप नाश गरेर मुक्ति

दिन्छिन् । वाग्मतीको दर्शनभन्दा स्पर्श, स्पर्शभन्दा आचमन, आचमनभन्दा स्नानको महत्त्व बढी हुन्छ -

**स्मरणाद्दर्शनं श्रेष्ठं दर्शनात् स्पर्शनं वरम् ।**
**स्पर्शनादाच्मनं श्रेष्ठं स्नानं पाठक्रमान् मनोः ॥- १९**

हे नारद ! जलरूपा वाग्मतीको हजार नाम छन् । ती नामको पाठले मोक्षफल पाइन्छ। वाग्मतीका सहस्रनाम पाठ गर्दा -**अखिलविद्यावाग्रूपायै शिरसे नमः** मन्त्र भन्नू ।

**न्यास-** ॐ वागीश्वर्यै स्वाहा, ॐ सरस्वत्यै शिखायै वौषट्, ॐ शिवगङ्गायै विष्णवे कवचाय हुम्, ॐ वाग्मत्यै नेत्राभ्यां वषट्, ॐ वागीशायै फट् । - भनेर न्यास गर्नू ।

**विनियोग -** गायत्री छन्द, वागीश्वरी देवता, ऐं वीजं, क्लीं ह्रीं कीलक, शिवगङ्गा बुद्धि, ब्रम्हसरस्वती शक्ति हो भनेर धर्म, अर्थ, काम, मोक्षका लागि विनियोग गर्नू ।

त्यसपछि ध्यान गर्नू र निम्न हजार नाम पाठ गर्नू -

१. ॐ वाग्मती, २. वाग्भवा, ३. वाणी, ४. वागीश्वरी, ५. वचोवरा, ६. वागीशा, ७. बरदा, ८. ब्राह्मी, ९. वाग्विभूति, १०. भारती, ११. वागीशबल्लभा, १२. भाषी, १३. गोरूपा, १४. वाक्स्वरूपिणी, १५. वाग्रूपिणी, १६. चैतन्या, १७. वाक्वागीश्वरवल्लभा, १८. वाचोर्मिमालिनी, १९. वाहा, २०. अर्वाक-पापोर्मिनाशिनी, २१. वाक्देवेश्वरकण्ठस्था, २२. वाग्देवी, २३. वाग्वतीश्वरी, २४. वाग्भूषार्णप्रवाहा, २५. वागैश्वर्या, २६. सरस्वती, २७. अणिमा, २८. अरुन्धती, २९. अर्धा, ३०. अगैश्वर्यतारिणी, ३१. अशरीरा, ३२. अन्नरूपा, ३३. अर्धमात्रा, ३४. अघहारिणी, ३५. अतिसौम्या, ३६. अच्युता, ३७. अशोका, ३८. अर्चिता, ३९. अचलवाहिनी, ४०. अन्युग्रा, ४१. अचलसंभिन्ना, ४२. अक्षीन्ना, ४३. अच्छिन्नवाहिनी, ४४. स्वभक्तानन्दिनी, ४५. जीवान्तस्था, ४६. आनन्दा, ४७. अमृतवर्णाभा,

४८. आद्या, ४९. अनुनसमुद्‌भवा, ५०. आनन्दोर्मिप्रवाहा, ५१. अपांदेवी, ५२. पयोमयी, ५३. आकाशवाहिनी, ५४. आर्या, ५५. आकारा, ५६. इच्छा, ५७. शक्ति, ५८. इन्द्राणी, ५९. इन्दिरा, ६०. हरिवल्लभा, ६१. इप्सितार्थप्रदा, ६२. इन्दु, ६३. इङ्गितज्ञा, ६४. शिवप्रिया, ६५. ईश्वरी, ६६. ईशानी, ६७. ईश्वरमोदकारिणी, ६८. भुवईशानी, ६९. शाङ्करी, ७०. शान्ता, ७१. ईशानमुखसम्भवा, ७२. उग्रस्या, ७३. उग्ररूपा, ७४. उग्रवरप्रदा, ७५. उमा, ७६. उग्रार्धाङ्गनिषण्णा, ७७. उग्रशीर्षवतारिणी, ७८. उर्ध्वेश्वरी, ७९. उर्ध्वस्था, ८०. ऊनकिलिकषकारिणी, ८१. ऊशीरगन्धसम्प्रीता, ८२. उच्चवरप्रदा, ८३. अग्रणी, ८४. सर्वसंहारैकरूपा, ८५. उर्ध्वगतिप्रदर्शिनी, ८६. उर्ध्वगा, ८७. उग्रभार्या, ८८. उर्ध्वस्थानप्रदायिनी, ८९. ऋगात्मा, ९०. यजुरूपा, ९१. सामात्मा, ९२. अर्थवात्मा, ९३. ऋवर्णा, ९४. ऋद्धिस्तपिणी, ९५. ऋकारा, ९६. अदितिरूपिणी, ९७. ऋणहन्त्री, ९८. ऋतुत्सना, ९९. ऋकारमुखसम्भूता, १००. ऋवर्णात्मा,

१०१. लृकारसंस्तुता, १०२. अनेका, १०३. लृवर्णसेविता, १०४. अरि हा, १०५. एका, १०६. ऐकाररूपा, १०७. एकारा, १०८. मदनोत्सवा, १०९. एकारस्था, ११०. समा, १११. एकास्या, ११२. एकाधारा, ११३. वहुश्रिता, ११४. ऐकारवल्लभा, ११५. ऐन्द्री, ११६. ऐकारा, ११७. वामलो चना, ११८. यैकारात्मा, ११९. आम्नायसेविता, १२०. ऐन्द्रीगणप्रसेविता, १२१. ॐकारस्था, १२२. ॐकारा (प्रणवरूपा), १२३. ॐकारा (ब्रह्मा-विष्णु-रुद्र शक्तिरूपा), १२४. श्रुतिभूषणा, १२५. ॐकारवक्त्रसम्भूता, १२६. ॐकारापूर्वजप्रिया, १२७. और्ध्वरेतोऽर्चिता, १२८. और्वी, १२९. और्ध्वदेहफलदा, १३०. औत्तानपादसम्प्रीता, १३१. और्वसमा, १३२. उर्वशीप्रिया, १३३. अम्बिका, १३४. अम्बालिका, १३५. अनन्ता, १३६. अर्णवा, १३७. अर्ध्वशीर्षगा, १३८. अङ्कुशधारिणी, १३९. अम्बा, १४०. अन्नपूर्णा, १४१. अन्नकारिणी, १४२. अरुद्रवक्त्रसञ्जाता, १४३. अरूपा, १४४. शिववल्लभा, १४५. अप्रोक्ताचैनसांशास्त्री, १४६. अनङ्गारिविनो दिनी, १४७. कलाधारा, १४८. कलारूपा, १४९.कौमुदी, १५०. कालभैर

वी, १५१. कमला, १५२. कामिनी, १५३. काली, १५४. कुल्लुका, १५५. कुसुमप्रिया, १५६. कलावती, १५७. करालास्या, १५८. कैलाशस्था, १५९. कलानिधि, १६०. कामाख्या, १६. कुलकान्ता, १६२. कामदा, १६३. कामचारिणी, १६४. कामधेनु, १६५. कृषाङ्गी, १६६. कुञ्जरेश्वरी, १६७. कान्तिकाया, १६८.काञ्चीस्था, १६९. आलकाकुटवाहिनी, १७०. कुलवती, १७१. कुटिलाङ्गी, १७२. कोटराङ्गी, १७३. कपालिनी, १७४. कामेश्वरी, १७५. कङ्काली, १७६. कीर्तिदा, १७७. कामसुन्दरी, १७८. कामार्ता, १७९. कामरूपा, १८०. करुणा, १८१. कुलदेवता, १८२. कुलिशाङ्गी, १८३. कला, १८४. काष्ठा, १८५. कुमारी, १८६. कमलेक्षणा, १८७. कल्याणी, १८८. कार्चिता, १८९. कान्ति, १९०. कालरात्रि, १९१. कौशिकी, १९२. काम्या, १९३. अलकनन्दा, १९४. कुलधर्मप्रकाशिनी, १९५. कलुषघ्नी, १९६. कृपास्वच्छा, १९७. कृष्णा, १९८. कृष्णसमर्चिता, १९९. कान्तकल्लोललोला, २००. आढ्या,

२०१. कृपाकल्लोलशालिनी, २०२. खगेश्वरी, २०३. स्वरूपा, २०४. खगा, २०५. खगेन्द्रवाहिनी, २०६. खवर्णा, २०७. खड्गहस्ता, २०८. खेचरी, २०९. खेटकायुधा,२१०. खखोदरी, २११. खगैन्द्राभा, २१२. खेमणिद्युतिशोभना, २१३. खरद्रष्टा, २१४. खगास्या, २१५. खण्डपरशुवल्लभा, २१६. गजास्याम्बा, २१७. गुह्येश्वरी, २१८. गजेन्द्रदर्शनच्छवी, २१९. गजचर्मावृतजाया, २२०. गजाननप्रसूतिका, २२१. गौरी, २२२. गोदावरी, २२३. गङ्गा २२४. गन्धर्वगणसेविता, २२५. गणनीया, २२६. गणाध्यक्षा, २२७. गम्भीरनीरवाहिनी, २२८. गणमाता, २२९. गान्धारी, २३०. गगनमणिभूषणा, २३१. गोमती, २३२. गगनेशानी, २३३. गिरिजा, २३४. गिरिशप्रिया, २३५. गङ्गार्चिता, २३६. गायत्री, २३७. गिरिस्था, २३८. गिरिसम्भवा, २३९. गण्डकी, २४०. गरुडस्था, २४१. गोकर्णार्चा, २४२. गौतमी, २४३. धनभक्तिप्रिया, २४४. घोरा, २४५. धनामरप्रसेविता, २४६. घृताचीसेविता, २४७. घोरा, २४८. घोराग्र्या, २४९.अघोरवल्लभा, २५०. घनघनौघघोरास्या, २५१. घनपापविनाशिनी, २५२. घनस्वना, २५३. घना,

२५४. घोरा, २५५. घोरतरा, २५६. घनच्छवि, २५७. ङेश्वरी, २५८. घोरघोषा, २५९.घोरकिल्विषनाशिनी, २६०. चञ्चला, २६१. चारुवाहा, २६२. चण्डेश्वरी, २६३. चित्तवित्, २६४. प्रचण्डा, २६५. चण्डरूपा, २६६. चामुण्डा, २६७. चतुरानना, २६८. चपला, २६९.चण्डिका, २७०. चण्डी २७१. षट्चक्रान्तनिवासिनी, २७२. चारुचरा, २७३. चार्वङ्गी, २७४. चतुरा, २७५. चारुहंसिनी, २७६. चतुषष्ठीकला, २७७. चित्रा, २७८. चित्राङ्गी, २७९.चारुलोचना, २८०. कालिन्दी, २८१. चारुदेहा, २८२. चतुर्बाहु, २८३. चित्रभानुतनुप्रभा, २८४. चन्द्रभा, २८५. चन्द्रभागा, २८६. चैतन्या, २८७. चक्रधारिणी, २८८. छन्दोरूपा, २८९. अच्छवर्णाभा, २९०. प्रोच्छायाछन्नविग्रहा, २९१. छायासञ्छादितालोका, २९२. छकाराच्छन्नविग्रहा, २९३. छत्रसंछादिता, २९४. स्वच्छा, २९५. लाञ्छनोर्मिमयच्छवी, २९६. छन्दोमयी, २९७. श्रुतिच्छन्दा, २९८. इच्छात्मा, २९९. छिन्नसंक्षया, ३००. जगदानन्दिनी,

३०१. ज्वाला, ३०२. जम्बवत्यर्चिता, ३०३. अजिता, ३०४. जगत्प्रिया, ३०५. जितक्रोधा, ३०६. जगत्धीरा, ३०७. जितेन्द्रिया, ३०८. जाह्वभी, ३०९. जानकी, ३१०. जप्या, ३११. जननी, ३१२. जननन्दिनी, ३१३. जगद्धात्री, ३१४. जगन्माया, ३१५. जन्तुजन्मान्तराश्रिता, ३१६. जगद्वपु, ३१७. जगज्जीवा, ३१८. जातवेदा, ३१९. अपराजिता, ३२०. जयमूर्ति, ३२१. जगन्माता, ३२२. जनस्वान्तर्निवासिनी, ३२३. जाम्बूनूदप्रवाहा, ३२४. जया, ३२५. विजया, ३२६. अजया, ३२७. जगज्जीवमयी, ३२८. माता, ३२९. जयन्ती, ३३०. जगदुच्छ्रिता, ३३१. जीवेश्वरी, ३३२. जनैश्वर्या, ३३३. जीवेशादेशकारिणी, ३३४. झङ्केश्वरी, ३३५. झकारात्मा, ३३६. झङ्कारस्वनवाहिनी, ३३७. झर्झरानियतन्ती, ३३८. झङ्केशाद्धाङ्गहारिणी, ३३९. झषावतारसुप्रीता, ३४०. झषवर्गप्रसेविता, ३४१. झर्झरवसंक्षिप्ता, ३४२. झकाररूपतोषिता, ३४३. अट्टाट्टहासिनी, ३४४. कोटिकोटितरङ्गिनी, ३४५. करहाटाढ्यातटिनी, ३४६. अटवीक्षितिगामिनी, ३४७. हिमकूटतटोद्भूता, ३४८. कटकटकवाहिनी, ३४९. शङ्खताटङ्करम्यास्या, ३५०. निर्धनोद्यतटङ्किनी,

३५१. पीठेश्वरी, ३५२. पीठार्या, ३५३. पीवराम्बुप्रवाहिनी, ३५४. डाकीनी, ३५५. डमरुहस्ता, ३५६. डकारेशा, ३५७. डनादिनी, ३५८. डम्भहन्त्री, ३५९.भेरुण्डा, ३६०. डामरा, ३६१. डण्डवर्तनी, ३६२. ढरूपा, ३६३. ढस्वरा, ३६४. ढात्मा, ३६५. भङ्गाढ्या, ३६६. ढण्ढकारिणी, ३६७. ढक्कावाद्यस्वना, ३६८. वीचीदृढधारा, ३६९. दृढारवा, ३७०. प्रणवेशी, ३७१. प्रणम्या, ३७२. आर्या, ३७३. नम्या, ३७४. प्रणवसम्भवा, ३७५. तरङ्गिनी, ३७६. तरङ्गढ्या, ३७७. तन्त्रीतरलगामिनी, ३७८. तामसी, ३७९. तमोरूपा, ३८०. तमोगुणा, ३८१. तपपरा, ३८२. तीरवती, ३८३. त्रिरूपा, ३८४. तुष्टि, ३८५. तीव्रा, ३८६. अद्रिहा, ३८७. त्रयी, ३८८. तीव्रगा, ३८९.तीव्रभङ्गी, ३९०. तीव्रतोया, ३९१. तपोमयी, ३९२. दुस्तारा, ३९३. दुस्तरत्रात्री, ३९४. तारेशी, ३९५. ताररूपिणी, ३९६. तारिणी, ३९७. ताररूपा, ३९८. तरलतरवाहिनी, ३९९. तपोनिष्ठा,४००. त्रिमात्रा,

४०१. तपस्विनी, ४०२. त्रिलोचना, ४०३. त्रिदिवस्था, ४०४. त्रिधारा, ४०५. तारेश्वरी, ४०६. त्रिविक्रमा, ४०७. त्रिवर्गगामिनी, ४०८. त्रिस्था, ४०९. तत्वा, ४१०. त्रिपुरवासिनी, ४११. त्रिलोकात्मा, ४१२. त्रिलोकस्था, ४१३. ताटङ्किनी, ४१४. त्रैलोक्यतीर्थनन्दिनी, ४१५. तारस्था, ४१६. तारा, ४१७. त्रिशूलधारिणी, ४१८. त्रिमूर्ति, ४१९. तरणी, ४२०. तापा, ४२१. त्र्यक्षरा, ४२२. त्रिविधाङ्गिनी, ४२३. तीर्थबन्ध्या, ४२४. लसत्तीर्था, ४२५. तीर्थराज्ञी, ४२६. तीर्थदा, ४२७. तीर्थाद्या, ४२८. तीर्थजेष्ठा, ४२९. तीर्थार्या, ४३०. तीर्थवाहिनी, ४३१. तार्क्ष्यस्था, ४३२. तार्क्ष्यवन्द्या, ४३३. तार्क्ष्यार्या, ४३४. तार्क्ष्यवाहिनी, ४३५. स्थानस्था, ४३६. स्थण्डिला, ४३७. स्थिरा, ४३८. स्थाण्वीश्वरी, ४३९. स्थलाश्रिता, ४४०. मथुरा, ४४१. मथुरास्थात्री, ४४२. स्थानीयस्था, ४४३. स्थलास्थिरा, ४४४. ज्येष्ठा, ४४५. स्थविरा, ४४६. मन्था, ४४७. मैथिली, ४४८. प्रमथाधिपा, ४४९. दुष्कृतघ्नी, ४५०. स्पृहादोग्ध्री, ४५१. देवमाता, ४५२. दधिप्रभा, ४५३. देवता, ४५४. देवमूर्ति, ४५५. देवदेवप्रियोत्तमा, ४५६. देवदूती, ४५७. दीप्तास्या, ४५८. देवकी, ४५९. दैत्यनाशिनी, ४६०. द्वीपिचर्मावृता, ४६१. दाक्ष्या, ४६२.

दक्षयज्ञप्रमाथिनी, ४६३. दान्ता, ४६४. दारिद्रयनाशिनी, ४६५. दाक्षायणी, ४६६. दुर्गाहा, ४६७. दावाग्निदलना, ४६८. दक्षा, ४६९. दिग्वस्त्रा, ४७०. द्वादशानना, ४७१. दशभुजा, ४७२. दाक्षिण्या, ४७३. दण्डिनी, ४७४. दण्डवत्प्रिया, ४७५. दुरितघ्नी, ४७६. दया, ४७७. दुर्गा, ४७८. दुराधर्षा, ४७९. दिगम्वरी, ४८०. दीप्ता, ४८१. दाहप्रशमनी, ४८२. दुराराघ्या, ४८३. दारुणा, ४८४. अष्टादशभुजा, ४८५. चण्डा, ४८६. द्विपत्रवासिनी, ४८७. दया, ४८८. दक्षकन्या, ४८९. द्रवा, ४९०. दिव्या, ४९१. दिव्यरूपा, ४९२. दरीस्तावा, ४९३. दिव्यर्चिता, ४९४. दिव्याङ्गी, ४९५. देवसैन्या, ४९६. सुदीप्तिका, ४९७. दामिनी, ४९८. द्रव्यरूपा, ४९९. दानवघ्नी, ५००. दयाकरा,

५०१. दुर्गरूपा, ५०२. दुराराघ्या, ५०३. दुर्जया, ५०४. दुरातिक्रमा, ५०५. देवेश्वरी, ५०६. दयाशीला, ५०७. दिव्यमोक्षप्रदायिनी, ५०८. धीरा, ५०९. धीरप्रवाहा, ५१०. सुधा, ५११. धाराप्रवाहिनी, ५१२. धरित्री, ५१३. धारिणी, ५१४. धात्री, ५१५. धरणीधरवाहिनी, ५१६. धन्या, ५१७. धान्यधारा, ५१८. धिरा, ५१९. धारणा, ५२०. धरणीधरा, ५२१. धाराधरानना, ५२२. धैर्या, ५२३. धर्मात्मा, ५२४. धर्मरूपिणी, ५२५. धीरूपा, ५२६. धिषणा, ५२७. धात्री, ५२८. धूम्राक्षा, ५२९. धर्मविग्रहा, ५३०. ध्यानगम्या ५३१. निषिधेया ५३२. भ्यानानना ५३३. धराश्रिता ५३४. ध्यानरूपा ५३५. बुद्धध्याता ५३६.ध्यानस्था ५३७. ध्यानरूपिणी ५३८. ध्यानातीता ५३९. अमरध्याता ५४०. ध्यातव्या, ५४१. ध्यानतत्परा, ५४२. ध्यानेक्षणा, ५४३. धियाध्येया, ५४४. ध्यानमुखी, ५४५. ध्यानसंश्रिता, ५४६. धिरध्याता, ५४७. धराधाना, ५४८. धराध्येया, ५४९. विधायिनी, ५५०. नन्दिनी, ५५१. निराधारा, ५५२. निष्कला, ५५३. निर्गुणा, ५५४. नदी, ५५५. निलघनस्वना, ५५६. नग्ना, ५५७. नानाजातिनिवासिनी, ५५८. नागोपवीतिनी, ५५९. नाट्यनन्दा, ५६०. नृमुण्डधारिणी, ५६१. नीलद्यनाभेदहा, ५६२. निर्द्वन्द्वा, ५६३. नागनयिका, ५६४. नागेन्द्रदंतसंकाशा, ५६५. नरकनाशिनी, ५६६. नया, ५६७. निर्भया, ५६८. निर्भरा, ५६९. निष्ठा, ५७०. नारायणी, ५७१.

निरञ्जना, ५७२. निष्ठुरा, ५७३. निराकारा, ५७४. नारसिंही, ५७५. नोपमा, ५७६. निशीथिनी, ५७७. निशाहन्त्री, ५७८. नानादुःखनिवारिणी, ५७९.नर्मदा, ५८०. करतोया, ५८१. निष्कलङ्का, ५८२. नाशिनी, ५८३. शतद्रुसिन्धुसंवाहा, ५८४. नित्यानन्दविधायिनी, ५८५. त्रिनयना, ५८६. नृसिंहार्या, ५८७. नानाकारप्रवाहिनी, ५८८. पापघ्नी, ५८९.पावनी, ५९० पद्मा, . ५९१. पवित्रा, ५९२. पद्मपूजिता, ५९३. प्रज्ञारूपा, ५९४. प्रचण्डा, ५९५. पद्मस्था, ५९६. पद्मसम्भवा, ५९७. पद्माश्री, ५९८. पद्मिनी, ५९९. प्रीता, ६००. अप्रकटवासिनी,

६०१. परा ६०२. प्रीतिभक्ता, ६०३. पश्यन्ती, ६०४. परब्रम्हावतारिणी, ६०५. प्रभावती, ६०६. परात्या, ६०७. पद्मजा, ६०८. परमेश्वरी, ६०९.पातकघ्नी, ६१०. पराशक्ति, ६११. पञ्चमी, ६१२. पञ्चमारुता, ६१३. पञ्चात्मा, ६१४. पचतत्वा, ६१५. पञ्चतत्त्वस्था, ६१६. परापरा, ६१७. पञ्चपिठे श्वरी, ६१८. पूर्णा, ६१९. पूरका, ६२०. पञ्चमीप्रिया, ६२१. पूर्णिमा, ६२२. पूर्णरूपा, ६२३. पूर्णेश्वरी, ६२४. परात्परा, ६२५. फणन्द्रिभूषणा, ६२६. फेरु, ६२७. स्फटिकाभा, ६२८. प्रवाहिनी, ६२९. स्फोटा, ६३०. स्फोटप्रवाहा, ६३१. स्नातकस्फोटनाशिनि, ६३२. फणिहारा, ६३३. फलाढ्यार्हा, ६३४. स्फटिकार्णा, ६३५. फलप्रदा, ६३६. फेरुस्था, ६३७. फेरुरवा, ६३८. फेत्कारिणी, ६३९. प्रभा, ६४०. वैष्णवी, ६४१. वामरूपा, ६४२. वामेश्वरी, ६४३. वरप्रदा, ६४४. वामस्था, ६४५. वाहिनी, ६४६. वामा, ६४७. वामेशी, ६४८. वामलोचना, ६४९. वरेण्या, ६५०. वरदा, ६५१. बाला, ६५२. वरार्या, ६५३. वरदायिनी, ६५४. विमला, ६५५. विशालाक्षी, ६५६. विश्वाक्षी, ६५७. विन्दुवासिनी, ६५८. विश्वात्मा, ६५९. विरूपाक्षी, ६६०. विभवा, ६६१. विन्ध्यवासिनी, ६६२. बोधिनी, ६६३. वीरजा, ६६४. वीरा, ६६५. वीश्वयोनि, ६६६. वत्सला, ६६७. विश्वा, ६६८. सर्वसुधावीजा, ६६९. विशालाक्षा, ६७०. अमृतवाहिनी, ६७१. विद्याधरी, ६७२. विश्वात्मा, ६७३. वैखरी, ६७४. वामेकेश्वरी, ६७५. वेदरूपा, ६७६. वेदान्तरूपा, ६७७. वेदाङ्गवेदवल्लभा, ६७८. वाराही, ६७९. वासवी, ६८०. वाणी, ६८१.

वाराणसीनिवासिनी, ६८२. भवानी, ६८३. भववन्द्या, ६८४. भूमिस्था, ६८५. भूमिभूषणा, ६८६. भागीरथी, ६८७. भवाराध्या, ६८८. भवमाता, ६८९. भवेश्वरी, ६९०. भयावहा, ६९१. भवानन्दा, ६९२. भयङ्करी, ६९३. भयनाशिनी, ६९४. प्रभादेवी, ६९५. भगेशी, ६९६. भाविनी, ६९७. भूवनाशिनी, ६९८. भक्तिगम्या, ६९९. भीतिध्नी, ७००. भाष्करी,

७०१. भुवनेश्वरी, ७०२. भक्तिवरप्रदा, ७०३. भव्या, ७०४. भ्रामरी, ७०५. भगमालिनी, ७०६. भक्तितुष्टा, ७०७. भेरुण्डा, ७०८. भूक्तिदा, ७०९. भवतोषिणी, ७१०. भावना, ७११. भुवनेशी, ७१२. भक्तिशा, ७१३. भवलो चना, ७१४. भास्वद्वेहा, ७१५. भव्यास्या, ७१६. भावती, ७१७. भवरञ्जनी, ७१८.भूभूषणा, ७१९. भूतस्था, ७२०. भूमिभूषणवाहिनी, ७२१. भगवती, ७२२. भवात्मा, ७२३. भवदुःखप्रभञ्जनी, ७२४. भीमरूपा, ७२५. भवभ्रान्ति, ७२६. भव्या, ७२७. भव्योर्चितनना, ७२८. भीमादेवी, ७२९. शुभा, ७३०. भद्रा, ७३१. भीमा, ७३२. संक्षिका, ७३३. भूतधात्री, ७३४. भिमनिनादिनी, ७३५. भूतस्था, ७३६. भूतभाविनी, ७३७. माहेश्वरी, ७३८. मुञ्जवदद्रिसङ्गमा, ७३९. मशेखरी, ७४०. माहामारी, ७४१. मान्या, ७४२. महेशनन्दिनी, ७४३. महाज्योति, ७४४. महामेधा, ७४५. मायापुरी निवासिनी, ७४६. माताङ्गिनी, ७४७. मनोरूपा, ७४८. महाभूता, ७४९. मध्यमा, ७५०. मणिपूरकमध्यस्था, ७५१. मोहिनी, ७५२. विश्वमोहिनी, ७५३. महाधृति, ७५४. महाकाली, ७५५. मदिरा, ७५६. मन्दितानना, ७५७. महाधृति, ७५८. महासूक्ष्मा, ७५९. मद्युमती, ७६०. महोदरी, ७६१. मेनकागर्भजा, ७६२. मास्था, ७६३. मङ्गला, ७६४. सुमङ्गला, ७६५. मन्दहासा, ७६६. महादष्ट्रा, ७६७. मालिका, ७६८. मदालसा, ७६९. महोमखा, ७७०. मनोज्ञा, ७७१. मनस्तिनी, ७७२. मनोहरा, ७७३. मन्दाकिनी, ७७४. महाभद्रा, ७७५. मोक्षदात्री, ७७६.माधवी, ७७७. मातरा, ७७८. मन्त्ररूपा, ७७९. मन्त्रमाता, ७८०. मणिप्रभा, ७८१. मुद्राप्रिया, ७८२. मेरुस्था, ७८३. मन्त्रात्मिका, ७८४. मनोरमा, ७८५. मृगेन्द्राद्रिप्रवाहा, ७८६. महेशमुखसम्भवा, ७८७. मणिमती, ७८८. महावेगा, ७८९. मणिमुकुटसम्भवा, ७९०. याज्ञेयी, ७९१. यमुना,

७९२. ज्येष्ठा, ७९३. यज्ञमाता, ७९४. यशस्विनी, ७९५. यज्ञाङ्गी, ७९६. यागरूपा, ७९७. यज्ञरूपा, ७९८. यशोमयी, ७९९. यंत्रप्रिया, ८००. यंत्रभोक्तृ,

८०१. यशप्रिया, ८०२. यशोदागर्भसञ्जाता, ८०३. यशपूर्णा, ८०४. यशोबला, ८०५. यादवप्रसेविता, ८०६. याम्या, ८०७. यातुधानप्रपूजिता, ८०८. योगसारा, ८०९. युगाद्या, ८१०. योगेश्वरी, ८११. अयोनिजा, ८१२. योगीशा, ८१३. योगरूपा, ८१४. योगिनीसेविता, ८१५. योगिन्द्रहृदयाश्रिता, ८१६. योग्या, ८१७. योगीश्वरी, ८१८. युगास्थिता, ८१९. योगीश्वरास्यसम्भूता, ८२०. योगसिद्धा, ८२१. यशोमयी, ८२२. योगोद्भवा, ८२३. सुयोगार्या, ८२४. योगेनजलवाहिनी, ८२५. रसोत्तमप्रवाहा, ८२६. रुद्रहृद्रमणा, ८२७. रसा, ८२८. रम्भा, ८२९. रावणभूतिदा, ८३०. राजराजेश्वरी, ८३१. वरा, ८३२. रसवाहा, ८३३. रम्भोरू, ८३४. रसभोक्तृ, ८३५. रसप्रिया, ८३६. र ागप्रिया, ८३७. रसज्ञा, ८३८. रामा, ८३९. राधावतारिणी, ८४०. रमणी, ८४१. राधिकाराध्या, ८४२. राज्यदा, ८४३. राज्यराजिता, ८४४. राकिणी, ८४५. राज्यभोक्तृ, ८४६. रौद्री, ८४७. वरप्रदा, ८४८. रोहिणी, ८४९. र तिज्ञा, ८५०. रक्तपद्मस्था, ८५१. ऋद्धिरूपिणी, ८५२. रुद्रप्रिया, ८५३. रुद्री, ८५४. रथस्था, ८५५. रथगामिनी, ८५६. रत्नाङ्गी, ८५७. रक्तवासा, ८५८. रक्ताक्षी, ८५९. रक्तदन्तिका, ८६०. रत्नगृहा, ८६१. रत्नस्था, ८६२. र क्तपद्माश्रिता, ८६३. रसा, ८६४. लम्बोदरप्रसूता, ८६५. मृगालाञ्छनशेखरा, ८६६. लम्बिका, ८६७. नलिनोल्लासा, ८६८. लाकिनी, ८६९. ललितालका, ८७०. ललना, ८७१. ललज्जिह्वा, ८७२. ललिता, ८७३.लोहिताङ्गिनी, ८७४. लम्बोदरी, ८७५. सुलीलोगा, ८७६. लोलकल्लोलमालिनी, ८७७. लक्ष्मी, ८७८. लक्ष्मीप्रदा, ८७९. लक्ष्मा, ८८०. लक्षयालक्ष्यतरङ्गिणी, ८८१. लक्ष्मीरूपा, ८८२. लक्ष्मीस्था, ८८३. लक्ष्मीलक्ष्मावधिश्रिता, ८८४. वेणु, ८८५. वशंप्रिया, ८८६. ब्राह्मी, ८८७. बल्लकीवदनाप्रिया, ८८८. बालीशा, ८८९. बालिका, ८९०. बाला, ८९१. ब्रह्मस्वच्छोर्मिमालिनी, ८९२. ब्रह्मस्वा, ८९३. ब्रम्ह्मरूपा, ८९४. ब्रह्मेशी, ८९५. ब्रह्मपूजिता, ८९६. ब्राह्मी, ८९७. ब्रह्मातिता, ८९८. ब्रम्हेशाच्युतवन्दिता, ८९९. शिवेश्वरी, ९००.

शाम्भवी, ९०१. शिवावाहा, ९०२. शिवप्रिया, ९०३. शर्वेश्वरी, ९०४. शर्वाणी, ९०५. शान्ता, ९०६. शमना, ९०७. शक्तिरूपा, ९०८. शार्ङ्गिणी, ९०९. सर्वमङ्गला, ९१०. शतरुद्रा, ९११. शची, ९१२. सीता, ९१३. शीला, ९१४. शीलप्रदा, ९१५. शुभा, ९१६. शीलरूपा, ९१७. सुशीलस्था, ९१८. श्रीरूपा, ९१९. श्रीकरी, ९२०. शिवा, ९२१. श्रीमयी, ९२२. श्रीनिवासा, ९२३. श्रीमती, ९२४. श्रीधरार्चिता, ९२५. श्रद्धाप्रिया, ९२६. सदाश्रद्धा, ९२७. श्रद्धात्मा, ९२८. श्रुतिप्रिया, ९२९. श्रुतिप्रज्ञा, ९३०. शशाङ्गाभा, ९३१. श्रुतिरूपा, ९३२. शुचिस्मता, ९३३. श्रुतिनी, ९३४. श्रुतिनेत्र, ९३५. श्रुतिज्ञा, ९३६. श्रुतिपूजिता, ९३७. षट्पत्रपद्ममध्यस्था, ९३८. षट्चत्राधारसंस्थिता, ९३९. चतुःषष्ठीकलोपेता, ९४०. षष्ठस्वरी, ९४१. षडङ्गिनी, ९४२. षडास्यजननी, ९४३. षष्ठी, ९४४. षडानना, ९४५. षरूपिणी, ९४६. षोडशी, ९४७. षोडशाधारा, ९४८. षोडशाधारनिषङ्गिणी, ९४९. साक्षात्सारतरा, ९५०. सारा, ९५१. सत्त्वस्था, ९५२. सर्ववन्दिनी, ९५३. सात्त्विकी, ९५४. सत्त्वरूपा, ९५५. सर्वसत्त्वनिवासिनी, ९५६. संसारसारहा, ९५७. स्वाहा, ९५८. शुभङ्गा, ९५९. साररूपिणी, ९६०. संवर्तान्ता, ९६१. निमेषादि संवतसारवतारिणी, ९६२. सहस्रास्या, ९६३. सहस्राक्षा, ९६४. सावित्री, ९६५. शारदेश्वरी, ९६६. सर्वेश्वरी, ९६७. सत्यात्मा, ९६८. सर्वविद्या, ९६९. शाकिनी, ९७०. स्मृतिमयी, ९७१. सूर्यात्मा, ९७२. सर्ववर्णान्तसारिणी, ९७३. सवेन्द्रियाश्रिता, ९७४. सूक्ष्मा, ९७५. सर्वेन्द्रियाधिदेवता, ९७६. सिद्धात्मा, ९७७. सूक्ष्मरूपांशा, ९७८. सूक्ष्मस्था, ९७९. सोमभूषणा, ९८०. संग्रामजयदा, ९८१. पतिव्रता, ९८२. सृष्टिस्थितिविनाशिनी, ९८३. सर्वेशा, ९८४. सर्वरोगघ्नी, ९८५. सर्वग्रहविनाशिनी, ९८६. सदसद्रूपिणी, ९८७. सत्ता, ९८८. स्वस्तिरूपा, ९८९. सरस्वती, ९९०. ह्रदिनी, ९९१. हरवाग्जाता, ९९२. हरास्यहास्यनिःसृता, ९९३. हृत्पद्मवासिनी, ९९४. हृष्टा, ९९५. ग्रहराक्षसनिग्रहा, ९९६. हंसस्था, ९९७. हंसरूपा, ९९८. हंसमूर्ति, ९९९. हरप्रिया, १०००. हिङ्गुला,

१००१. हंसदेवी, १००२. हाकिनी, १००३. हरवल्लभा, १००४. हंसेश्वरी, १००५. हकारात्मा, १००६. हंसगति, १००७. हासिनी, १००८. हरवक्त्रोद्भवा,

यसबाहेक पनि वाग्मतीका थप नाम यसप्रकार छन् : -

१००९. क्षेणीश्वरी, १०१०. क्षमारूपा १०११.क्षणदेश्वरशेखरा, १०१२. क्षीणक्षेमङ्करी, १०२२. क्षोभिणी, १०२३. क्षितिवाहिनी, १०२४. क्षामोदरी, १०२५. क्षमा, १०२६. अक्षीणा, १०२७.. यक्षेश्वरी, १०२८. सुदक्षिणा, १०२९. क्षेमङ्करी, १०३०. क्षणपाङ्गी, १०३१. क्षौमाम्बरी, १०३२. क्षणप्रभा, १०३३. क्षेत्रज्ञा, १०३४. क्षेमदा, १०३५.ब्रह्मरूपा, १०३६. अक्षया, १०३७. अक्षयभृङ्गिणी, १०३८. क्षेत्रस्था, १०३९. क्षेत्रदेहा, १०३९. मोक्षदा, १०४०. क्षिप्रगामिनी, १०४१. मोक्षदायिनी, १०४२. क्षिप्रगामिनी ।

अन्य प्रचलित नामहरू :

१. हंसी, २. हरिवन्द्या, ३. हरिप्रिया, ४. हेमाभा, ५. हिमवत्पुत्री, ६. हिमकोटितपस्विनी, ७. हिमाद्रितुङ्गसाना, ८. हिमशीखरा ।

## १८४.कच्छपासुर वध र वाग्मती शुद्ध भएर वग्नु

इन्द्रदमनको वध र वाग्मतीको सहस्रनाम सुनेर प्रसन्न हुनुभएका नारद ऋृषिले शक्राचलबाट तुरुन्त भगवान् विष्णु बस्नुभएको वैकुण्ठधाममा पुगेर कृष्णको पूजा गर्नुभयो । नारदले ‘कृष्णसँग देवताहरू स्वर्गमा आनन्दसँग बस्न पाएका छन् भन्ने खबर सुनाउँदै वाग्मतीको अनुरोध र हजुरको आश्वासनअनुसार बाँध भत्काएर गङ्गासँग मिल्ने बनाइदिनु पर्‍यो’ भन्नुभयो । तत्काल भगवान्ले शुदर्शन चक्रले बाँध भत्काइ दिनुभयो । शंखासुरलाई देखेर प्रद्युम्नलाई पुनः सुदर्शन चक्र दिएर वीरप्पा र शंखलाई मार्न अह्राउनुभयो । गरुडले पखेटाले शंखलाई ऊ बसेका ठाउँको माथी हुत्याइदिए । त्यसैबेला प्रद्युम्नले शंखको बध गर्न भनेर घाटी काटिदिनुभयो र उसले राखेका रत्न लिन लाग्नुभयो । तर घाँटी काटिएपछि पनि त्यो दैत्यले

प्रद्युम्न माथि प्रहार गऱ्यो । त्यो देखेर इन्द्रादिदेवताले उसैलाई प्रहार गर्न लागे । भगवान्ले कूर्मको मृत्यू शिवको वरदानको कारणले प्रद्युम्नबाट मात्र हुन्छ भन्नुभएपछि प्रद्युम्नले मारिदिनुभयो । त्यसपछि प्रद्युम्नले दैत्यले राखेका रत्नहरू श्रीकृष्णलाई अर्पण गर्नुभयो । वाग्मती कलकल गर्दै वग्न थालिन् । प्रभावती र वाग्मतीको संगममा कृष्ण, इन्द्र, जयन्त, नारद सबैले स्नान गर्नुभयो । उहाँहरूले स्नान गरेको ठाउँ प्रमोदतीर्थका नामले सुप्रसिद्ध भयो । स्नान गरेपछि कृष्णले आफ्नो हातबाट मरेकाले कूर्म मुक्त हुनेछ भन्दै यो ठाउँ पवित्र कूर्माचल र कुर्माचलको तल गणेश बस्ने बताउनुभयो । नेपालका पवित्र तीर्थहरूमा कूर्माचल पनि अत्यन्त पवित्र बन्ने बताउँदै नेपाल स्थित यी तीर्थहरूको सेवाले र वाग्मतीको स्नानले जन्ममृत्यूको चक्रमा फस्न नपर्ने बताउनुभयो ।

## १८५. नेपालका तीर्थहरू

कूर्मासुरको वध र वाग्मतीको महिमा सुनिसकेपछि नारदमुनिले भगवान् श्रीकृष्णसँग नेपालमा भएका तीर्थहरू र तिनबाट पाइने सिद्धि समेत बताइदिन अनुरोध गर्नुभयो । श्रीकृष्णले भन्नुभयो- यहाँ साढे तीन करोड तीर्थहरू छन् । ती मध्ये महत्त्वपूर्ण ठूला तीर्थहरूको नाम सुन्नुहोस् । साथै ती तीर्थहरूमा स्नान गर्ने विशेष दिन र तीर्थफल पनि छुट्टाछुट्टै छन् । कुनै पनि तीर्थ जाँदा पहिले श्रद्धासँग भक्तिपूर्वक नमस्कार गर्नू -

| **तीर्थ** | **स्नान/पूजा गर्ने दिन** | **तीर्थफल** |
|---|---|---|
| माहेश्वरी | आश्विन शुक्ल नवमी | पुनर्जन्म नहुने |
| भैरव | चैत्र पूर्णिमा | हजार गाईदान |
| ब्रह्मपदी | श्रावण पूर्णिमा | हजार गाईदान |
| शिप्रास्नान | चैत्र कृष्णाष्टमी वा चैतको मङ्गलबार | लाख गाईदान |

| | | |
|---|---|---|
| हिमश्रवा स्नान | चैत्रशुक्लाष्टमी | सय गाईदान |
| रेविका | बैशाख कृष्ण द्वितीया | लाख गाईदान |
| पम्पा | जेष्ठ शुक्ल तृतीया | सय गाईदान |
| नीलकण्ठ (गोसाइकुण्ड) | श्रावण पूर्णिमा | पुनर्जन्म लिनु नपर्ने |
| सप्तकुण्ड | जेष्ठ शुक्ल तृतीया | परमपद |
| रुद्रपदी | चतुर्दशी | कोटी गोदान |
| दुर्गा (कोशी) | महानवमी | कोटी गोदान |
| रत्नश्रवा | आश्विन अमावस्या | सय रत्न र तुलादान |
| सूर्यदीप्ति | माघ शुल्कपक्ष वा संक्रान्ति | ग्रहणीडा मुक्ति |
| मणिचूडाचल | - | सर्व पापनाश |
| मणिह्रद | - | सर्व पापनाश |
| बज्रा | - | गर्भवास लिन नपर्ने |
| योगगङ्गा | - | गर्भवास लिन नपर्ने |
| आदिशक्ति | - | पापनाश |
| रत्नह्रद | - | शाङ्कर पद (शिवलोक) |

यस्तै नवधारा, उग्रतीर्थ, शचीतीर्थ, गन्धर्वतीर्थ, विश्वह्रद, चित्रह्रद, काले श्वर, कोटीश्वर, शंखमूल, वाग्मती, व्याघ्रतीर्थ, कनखल, शक्रह्रद, पशुपति, गुह्येश्वरी ८८ तीर्थ (**अस्टाशीतिषु तीर्थेषु - १००**) प्रमुख छन् । तिनमा वाग्मती विशेष पुण्यदायी छ । वाग्मती शिवको मुखबाट निस्किएको नदी मध्येमा श्रेष्ठ छन् ।

**वाग्मती सरितां श्रेष्ठा वाग्मती लोकपावनी ।**
**वाग्मती पूजिता देवै वाग्विभूति प्रलब्धये ॥- १०२**

**वन्देऽहं वाग्मतीं देवीं भक्तसन्देह तारिणीम् ।**
**रुद्रमुखोद्भवां श्रद्धां ब्रह्मवाणी सरस्वतीम् ॥- १०६**

यसरी भगवान् श्रीकृष्णबाट नेपालका तीर्थहरू बारे सुनिसकेपछि साम्ब, प्रद्युम्न (कामदेव), नारद सबैजना प्रसन्न हुनुभयो र कृतार्थता व्यक्त गर्नुभयो ।

*यो अध्याय सुने, पढेमात्र पनि तीर्थस्नान फल र इच्छा अनुसार पत्नी, पुत्र, संपत्ति आदि प्राप्त हुन्छ ।*

(नोट - ८८ तीर्थहरूको नाम मूल किताबमा छ)

## १८६. प्रद्युम्न-प्रभावती विवाह, दैत्यले लुटेका सम्पत्ति देखाइदिनु

नारदले भगवान् कृष्णलाई भन्नुभयो- दानवहरूको बध भएपछि सबै प्राणीहरू सन्तापमुक्त भएर बसेका छन् । मृगेन्द्र पर्वतका सूर्यकेतु राजा प्रद्युम्नलाई छोरी दिन प्रतिक्षा गरिरहेका छन् । हजुर त्यहाँ गएर प्रद्युम्नलाई उनकी छोरी प्रभावतीसँग विवाह गर्न निर्देश गर्नुपर्छ । त्यसपछि दैत्यहरूले स्वर्ग, मर्त्य र पातालबाट लुटेर लगेका मणिमाणिक्य आदि सम्पत्तिहरू देवताहरूलाई देखाइदिनुपर्छ । नारदको कुरा सुनेर भगवान्सहित सबैजना महेन्द्र पर्वततिर लाग्नुभयो । त्यसैबेला सूर्यकेतु राजाले पठाएको दूत सुमन्त्रले भगवान्सँग भेट्यो र राजाको छोरी दिने चाहना र प्रतिक्षाको सन्देश सुनायो । सन्देश सुनेर भगवान् कृष्ण सूर्यकेतु बसेको ठाउँमा पुग्नुभयो र प्रभावतीको विवाह प्रद्युम्नसँग गरिदिने बारे कुरा गर्नुभयो । कृष्णले भन्नुभएअनुसार प्रद्युम्न र प्रभावतीको विवाह भयो । उनीहरू आनन्दसँग बस्न थाले । प्रद्युम्नले प्रभावतीको मन्द हाँसो, शारीरिक सुगठन, मिलेका अग्ला स्तन आदि देखेर सरोवरको चखेवा, कमल आदिसँग तुलना गर्दै आनन्द लिनुभयो । भगवान्ले पनि त्यसै सुप्रभा नगरीमा १ महिनासम्म बसेर दैत्यहरूले स्वर्ग मर्त्य र पातालबाट लुटेर ल्याएका रत्नहरू देवताहरूलाई देखाइदिनुभयो ।

## १८७. भगवान्ले सबैलाई सम्पत्ति फिर्ता दिनु, इन्द्र स्वर्ग जानु

स्कन्दकुमार भन्नुहुन्छ- हे अगस्त्य मुनि ! देवताहरूलाई दैत्यले लुटेर जम्मा गरेका सम्पत्ति देखाएपछि भगवान्ले स्वर्ग, मर्त्य, पातालबाट लुटिएका सम्पत्तिहरू जो-जो र जजस्का थिए, ती तीलाई बोलाउनुभयो र पातालका नाग र रक्षकहरूलाई, मर्त्यलोकका राजाहरू र स्वर्गको इन्द्रका सम्बद्ध व्यक्तिले पाउन् भन्दै फिर्ता दिनुभयो । सम्पत्ति पाएर सबै प्रसन्न भएर फर्किए । बाँकी केही सम्पत्ति पनि भगवान्ले देवताहरूलाई बाँडिदिनुभयो । त्यसबेला भगवान्ले इन्द्रलाई दाजु ! भन्ने सम्बोधन गरेर तपाईंको प्रताप र वीरताले हामीहरूले शत्रुहरू दमन गर्न सक्यौँ भनी प्रशंसा गर्नुभयो । इन्द्र पनि भगवान्को प्रशंसा गर्दै हजुरकै अनुग्रहले म देवराज भएर बस्न पाएको छु, हजुर स्वयं ब्रह्मा विष्णु र शङ्कर हुनुहुन्छ। अब म निर्देशनअनुसार स्वर्ग गएर देवताहरूलाई सुख दिएर राज्य गर्दछु भन्दै विदा भए । जयन्त पनि कृष्णलाई प्रणाम गरेर निस्किए । नारद पनि वीणा बजाउँदै द्वारका पुग्नुभयो र यो सबै वृत्तान्त रुक्मिणीलाई सुनाएर भगवान्को स्वागतको लागि आरती गर्न सम्झाउनुभयो । त्यसपछि भगवान्ले सेनवंशी वैश्यराजलाई राज्य दिनुभयो । शहरका केटाकेटी, बुढाबुढी सबैलाई अब सुखसँग बस्नू भन्नुभयो । राजा वैश्यराज पनि देशवासीलाई आनन्दित बनाउँदै रानीहरूसँग राज्य सुखमा रहन थाले ।

## १८८. भगवान्कृष्ण सहित यादवहरू द्वारका जानु

सनतकुमार भन्नुहुन्छ- हे अगस्त्य मुनि ! भगवान् श्रीकृष्णले राजा, ऋषि, मुनि सबैलाई विदा गरिवरी वैश्यराजलाई त्यो शहर सुम्पने वित्तिकै ढुकुटीका बाँकी सम्पत्ति पनि यादवहरूलाई दिनुभयो र भन्नुभयो- हे दाजु बलराम ! हे शत्रुहन्ता प्रद्युम्न ! आ-आफ्नो सबै सम्पत्ति लिएर दिव्य विमानमा बसी अब द्वारका फर्कनुहोस् । भगवान्ले प्रद्युम्नलाई विशेष गरेर द्वारका र द्वारकावासीको रक्षा गर्नू भन्दै आफू दोलाचलमा बसेर पशुपतिको सेवा गर्ने इच्छा सुनाउनुभयो । भगवान्को कुरा सुनेर प्रद्युम्नले भन्नुभयो- द्वारकामा सबैजना हजुरको प्रतिक्षा गरेर बसेका छन् । एकपटक द्वारका

पुगेर फर्कनु उचित होला। भगवान्ले प्रद्युम्नको वचन स्वीकार्नुभयो र सबै यादवहरूका साथ द्वारका जानुभयो । द्वारकामा गर्ग आदि मुनि, नरनारी, रुक्मिणी, सत्यभामा, जाम्बवती, आदिले भगवान्को भव्य स्वागत गरे । केही दिन द्वारका बसेर भगवान् दोलागिरि फर्किनुभयो र पशुपतिनाथको सेवा गरेर बस्न थाल्नुभयो ।

हे मुनि ! मैले प्रद्युम्न विजयको प्रसङ्ग सहित नेपालको महिमा सुनाएँ। कोशी गण्डकी गंगा आदि नदी, बदरीकाश्रम, केदार, मानसरोवर, ब्रह्माश्रम समेतको महात्म्य बताएँ। हिमालय जस्तो पवित्र, धर्म-अर्थ-काम-मोक्ष चारै पुरुषार्थ फलदिने तपस्थल पृथ्वीमा अन्यत्र छैन -

**हिमवत्सदृशं पुण्यं तपः स्थानं घटोद्भव ।**
**नास्ति नास्ति रसामध्ये चतुर्वर्ग फल प्रदाम् ॥ -२४**

जसले नेपाल महात्म्य राम्रोसँग श्रवण गर्छ, जसले यो हिमवत् खण्ड स्कन्दपुराण विद्यालाई सम्मान र आदर गदर्छ, ऊ सबै पापबाट मुक्त भएर सपरिवार शिवकन्याहरूको स्वागत र सेवा प्राप्त गर्दै दिव्ययानमा बसेर शिवलोक जान पाउँछ। जसका शिखरमा देवताहरूको वास हुन्छ, जसका ज्वाईंछोरी शिव र पार्वती हुनुहुन्छ, जुन शिखरलाई ऋषिमुनिहरू छोड्दैनन्, त्यस्ता अद्भूत हिमालयको महात्म्य के बताउनु, कति बताउनु, अतः बताएरै सकिँदैन ।

**स्कन्दपुराण हिमवत्खण्डको नेपाली अध्यायगत संक्षिप्तीकरण समाप्त ।**

**ग्रन्थको अन्त्यमा मंगलाचरणको क्रममा उल्लेख भएका भगवान् शिवका १०८ नाम :**

१. शिव, २. भूतभव्यभावभावीभाववती, ३. मातृमानमेयकल्पनाजुषी, ४. भीमकान्तशान्तशक्तिशाली, ५. शाश्वत, ६. भास्वर, ७.शम्भु, ८. निर्निकेतननिःस्वभावमूर्ति, ९. निर्विकल्पनिष्प्रपञ्चसंविद, १०. निर्विवादनिष्प्रमाणसिद्धि, ११. निर्मल, १२. निष्कल, १३. वेधा, १४. पार्थिव, १५. गन्धमात्रसंविद्, १६. षडरस, १७. सामरस्यतृप्ति, १८. तेजस, १९. रूपतानिरूपिन्, २०. पावन, २१. सर्वभावसंस्पृशि, २२. नाभस, २३. सत्त्वमात्रसविन, २४. निर्गलन्मलव्यय, २५. पायी, २६. विश्वसृष्टिसौष्ठवैकमीढुष, २७. सर्वतप्रसारिपादसंपद्, २८. विश्वभागभोग्ययोग्यपाणि, २९. वाचकप्रपञ्चवाच्यवाची, ३०. नास्यगन्धसर्वगन्धवन्धी, ३१. रासन, ३२. षडदसोपसेवी, ३३. चाक्षुष, ३४. विश्वरूपसदृशी, ३५. कृत्तिवृत्तिवस्तुमत्रसंस्पर्शी, ३६. शब्दसंविदेकहेतुरूपी, ३७. तद्गुणत्रयविभागभूति, ३८. पुरुष, ३९. भोक्तृताभिमानी, ४०. नियत्रितानियामिनि, ४१. कामभेदकल्पनोपकल्पी, ४२. कर्तृताकलासृजे, ४३. वर्त्मनोपपादी, ४४. भोग्यसर्वबर्धनोपरागी, ४५. शुद्धबुद्धतत्त्वमात्ररूपी, ४६. दृक्क्रियाविकश्वरेश्वरात्मन, ४७. सदाशिव, ४८. वञ्चयवानवकार्धषट्कवृत्ति, ४९. सर्वमन्त्रसत्पदोपपादी, ५०. पञ्चधाकलाप्रपञ्चपञ्ची, ५१. सौरजैन बौद्धशुद्धभागी, ५२. भक्तिमात्रलभ्यदर्शन, ५३. गरीयसी, ५४. महीयसी, ५५. स्थवीयसी, ५६. तुभ्यमस्तवणीयसामणीयस्, ५७. मन्दराद्रिकन्धराधिशायी, ५८. जान्हवीजलोज्वलाभिजुटी, ५९. बालचन्द्रचद्रिककिरीटी, ६०. सोम सूर्यवन्निमात्रनेत्र, ६१. कालकूटकण्डपीठसुश्री, ६२. धर्मरूपपुङ्गवध्वज, ६३. भष्मधूलिशूली, ६४. त्रिशूली, ६५. सर्वकपोलमाली, ६६. कपाली, ६७. दैत्यगर्वमर्दी, ६८. कपर्दी, ६९. नित्यनम्रनाकी, ७०. पिनाकी, ७१. नागराजहारी, ७२.मन्मथप्रमाथि, ७३. पुल्मुश्, ७४. कामदेहदाहयुक्तिकारी, ७५. नागकृत्तिवासी, ७६. अवासी, ७७. भिषणस्मशानभूमिवासी, ७८. पीठशक्तिपीठकोपभेदी, ७९. सिद्धमन्त्रयोगी, ८०. वियोगी, ८१. सर्वदृकचतुर्नयाधिकारी, ८२. सर्वतीर्थतीर्थताभिधामी, ८३. साङ्गवेद

तादिवचारचारी, ८४. षट्पदार्थषोडषर्थवादी, ८५. साङ्ख्ययोगपञ्च रात्रपञ्ची, ८६. भक्तिमात्रसंस्तुत, ८७. शूली, ८८. विष्णु, ८९. जिष्णु, ९०. धन्वी, ९१. खड्गी, ९२. चर्मी, ९३. वर्मी, ९४. कर्मी, ९५. धर्मी, ९६. भामी, ९७. कामी, ९८. भोगी, ९९. तिष्ठत, १००. गच्छत, १०१. हेतु, १०२. सेतु, १०३. भव, १०४. शर्व, १०५. रुद्र, १०६. रुद्र, १०७. शङ्कर, १०८. गिरिश, १०९. भर्ग, ११०. शशिशेखर, १११. नीलगल, ११२. त्रिनयन, ११३. वामदेव, ११४. गिरिजाधव, ११५. माररिपु, ११६. देवदेव ।

यसबाहेक पनि शिवका थप नामहरू ग्रन्थमा समाविष्ट छन् ।

समाप्त

# पुराणको सान्दर्भिकता

**पुराणको प्राचीनता**

पूर्वीय वाङ्मयमा पुराणको प्राचीनतालाई वेदसँग अनुस्यूत गरिएको छ । वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, पुराण समकालीन र समकक्षी हुन् र यिनीहरू एकैसाथ आविर्भाव भएका थिए भन्ने कथनलाई अथर्व वेद संहिताको 'ऋचः सामानि छन्दांसि पुराणं यजुषा सह' (७१।७।२४) एवं अथर्व वेदको 'इतिहासस्य च वै स पुराणस्य गाथानां नारशंसीनां स प्रियं धाम भवति य वै वेदः' (१५६।१२) जस्ता वचनहरूले सिद्ध गरेका छन् *(संस्कृत साहित्यका इतिहास, वाचस्पति गैरोला, चौखम्बा विद्याभवन वाराणसी -१, पेज २८८) ।*

**पुराणको सामाजिक पक्ष**

यद्यपि पुराण वैदिक धर्म प्रतिपादक ग्रन्थ हुन् । तथापि ती सबैमा सामाजिक पक्षको प्रधानता छ; ऐतिहासिक घटनाको बाहुल्य छ । शिलालेख, दानपत्र, मुद्रा एवं ऐतिहासिक महापुरूष, तिनले समाजलाई दिएको उपदेश, निर्देशन, सुझाव, आदिका आख्यानहरूले पुराणहरू रूचिकर र समाजोपयोगी
बनेका छन् ।

**पुराणको उपादेयता**

सर्सर्ती हेर्दा पुराणलाई सुन्ने कथाका रूपमा लिइन्छ । कुनै पनि कुराको मनन नगरी त्यसभित्र छिर्न मन लाग्दैन र मनन गर्न पहिले सुन्नैपर्ने हुन्छ । यसैले ज्ञानलाई मननसँग जोड्ने सेतु श्रवण (सुन्नु) नै हो । सुने पछि बुझिने, बुझेको ज्ञानलाई जीवनमा लागू गर्न र सुनेका सकारात्मक विषयबाट समाजमा भएका विकृति हटाई लोकोपयोगी मार्गमा लाग्न प्रेरणा दिने भएकाले पुराणको सामाजिक महत्त्व बताएर सकिँदैन । सबै पुराणको अध्ययनले व्यक्ति र समाज स्वच्छ भइ अध्यात्मतिर अग्रसर हुन्छ ।

हजारौँ वर्ष अगाडि लेखिएका पुराणले कलियुगको वर्णन गर्ने क्रममा मानिसहरू बाबुआमाको उपेक्षा गर्ने, स्त्री, धन, रूप आदिलाई महत्त्व दिने र स्त्री जातिहरू केश प्रशाधनलाई सुन्दरताको द्योतक मान्ने हुन्छन् (भागवत पुराण द्वादशस्कन्ध १२ औँ अध्याय) भनेको तथ्य दिनानुदिन स्थापित हुँदै आएको यथार्थले पौराणिक सत्यलाई प्रमाणित गरिरहेको छ । त्यसैले पुराणलाई हरेक मानिसले आफुले गर्नुपर्ने र गर्न नहुने विषयको यकीन गर्ने आधारको रूपमा लिनुपर्दछ ।

## सत्य निरुपणको सूत्रग्रन्थ पढौँ,
## मनन गरौँ र शाश्वत बाटोमा लागौँ

- हामी सबैलाई थाहा छ, चर अचर सबै प्राणी र जगतको अन्त्य सुनिश्चित छ
- संसारभरका मानिस ऋषिमुनिकै सन्तान हुन्
- अन्त्यमा सबै एक्लाएक्लै र नाङ्गो भएरै मर्छन्
- हामी पुनर्जन्ममा विश्वास गर्छौं, सबैको कल्याणको कामना गर्छौं, ईश्वरीय सत्तालाई स्वीकार्छौं
- हामी अधिकांश गृहस्थ हौँ। ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ, सन्यासी, स्वदेशी, विदेशी, महिला, पुरुष जोसुकै र जहाँ सुकै भएपनि तत्तत् आश्रमको मर्यादा पालन गरेर धर्म, अर्थ, कामपछि मोक्षकै लागि इच्छुक हुन्छौँ।

**इच्छा पुरा गर्ने अचूक औषधी**

- लगनशीलता, ध्यान, शान्ति र अध्यात्मको सेवन।
- यी सबै कुराको प्राप्ति पूर्वीय दर्शन भित्रका वेद, पुराण, उपनिषद्, धर्मशास्त्रहरुबाटै हुन्छ।

यो तथ्यलाई मनन गरेर अध्यात्म ज्ञानलाई सुलभ बनाउन संस्कृतमा लेखिएका अठार पुराण लगायत अनेकौँ धार्मिक ग्रन्थहरुलाई नेपालीमा अनुवाद गरेर प्रकाशित गरेका छौँ। सबैले निःशुल्क समेत प्राप्त गर्न गरेर ***www.ushaeduhouse.com*** र ***Amezon Kindle*** बाट पनि पढ्न सकिने बनाएका छौँ। पढौँ र मनन गरौँ।

- अनित्य र भौतिक वस्तुतिरभन्दा परमार्थ सपार्ने शाश्वत वस्तुतिर लाग्न अध्ययनका लागि हामीलाई सम्झनुहोस्।